ISSN 2091 2013

# हाम्रो पुरुषार्थ

त्रैमासिक



किरण पुस्तकालय

तम्घास, गुल्मी




प्रसिद्ध वैज्ञानिक डा. महावीर पुनलाई किरण पुस्तकालयमा स्वागत



'गोर्खे' उपन्यासका लेखक गृष्म अविरलबाट १० थान उपन्यास किरण पुस्तकालयका लागि प्रदान



महेन्द्र माध्यमिक विद्यालय, तम्घास, गुल्मीका विद्यार्थीहरूद्वारा पुस्तकालयको बालकक्षमा आधुनिक प्रविधिसँगै अध्ययन




पुस्तकालयको वाचनालयमा विद्यार्थीहरू अध्ययन गर्दै साथमा पुस्तकालयका अध्यक्ष र अन्य पाठक



पुस्तकालयमा निर्मित बालकक्षमा पुस्तक अध्ययन गर्दै बालबालिकाहरू

# हाम्रो पुरुषार्थ

(त्रैमासिक)

❏ वर्ष : ५१   ❏ अङ्क : २   ❏ सम्पूर्णाङ्क : १०१   ❏ माघ–चैत, २०८०

**सम्पादक**

शशि पन्थी

**सह–सम्पादक**

दीन पन्थी

**सहायक सम्पादक**

भुवनप्रसाद अर्याल

**सहयोगी मण्डल**

गोपाल पन्थी

राधा पन्थी

हिमकला राना

ईश्वर वि.क.

**किरण पुस्तकालय**

तम्घास, गुल्मी (फोन : ०७९–५२०२८७)

सम्पर्क फोन नं. : ०७९–५२०२६०, ५२०४८३)

मो.नं. : ९८५११४८८०७, ९८४७५०६२८८

E-mail : hamropurushartha@gmail.com, shashipanthi9@gmail.com

Website : www.kiranpustakalaya.com

मूल्य : रु.१५०/-

*कम्प्युटर सेटिङ्ग : ईश्वर वि.क.*

*मुद्रक : सुशिला प्रिन्टर्स, गुल्मी ०७९–५२०४५०*

*E-mail : spgulmi 33@gmail.com*

आवरण : रेसुङ्गा महापोखरी परिसर

*काठमाडौं प्रतिनिधि*

**डा. दुर्गाप्रसाद अर्याल**
फोन नं. ०१-४८२०५९७

**डा. लक्ष्मीकान्त पन्थी**
फोन नं. ९८४९१४८३८५

**गोविन्दप्रसाद पोखरेल**
फोन नं. ९८४१८४९६६६

**भानुभक्त मरासिनी**
फोन नं. ९८४१७१३३३६

**ध्रुवराज पन्थी**
फोन नं. ०१४२७८६५१

**डा. कृष्ण भण्डारी "मुमुक्षु"**
फोन नं. ९८५६०३२४७७

*रुपन्देही प्रतिनिधि*

**गोपाल पन्थी**
फोन नं. ९८५७०३३३३८

**रुरु शर्मा**
फोन नं. ९८४७०९३०११

**कविता पन्थी**
फोन नं. ९८४७०३३९२४

**माधव गौतम**
फोन नं. ९८५१०१३२८१

*चितवन प्रतिनिधि*

**पूर्णप्रसाद अधिकारी**
फोन नं. ०५६-५२८१६०

*दाङ प्रतिनिधि*

**प्रा.डा. अर्जुनप्रसाद भट्टराई**
फोन नं. ९८६८६३०४६१

*पाल्पा प्रतिनिधि*

**कमल खत्री**
फोन नं. ९८४७३०८९०८

*पोखरा प्रतिनिधि*

**शङ्कर ज्ञवाली**
फोन नं. ९८५६०३१४४४

*विदेश प्रतिनिधि*

**महेश आचार्य**
सन्फ्रान्सिस्को, क्यालिफोर्निया, संयुक्त राज्य अमेरिका
फोन नं. +१७०२-४२८-५५४०

**डा. गोपालप्रसाद शर्मा**
के. २२/१८ पञ्चगङ्गाघाट
वाराणसी, उत्तरप्रदेश, भारत
फोन नं. ००९१८००५३११०७२

**शंकरप्रसाद शास्त्री**
गढी केन्ट, घुच्चुपानी रोड, अनारवाला
देहरादून, उत्तराखण्ड, भारत
फोन नं. ००९१९९७२०७४८४

**महेन्द्रकुमार लम्साल**
लेनकास्टर स्ट्रीट-२२
सिड्नी, अस्ट्रेलिया
फोन नं. ०६१४१२००१७६९

**विष्णु शर्मा**
पी. डब्लू. डी. कोलोनी
डिफू, कर्बी, एङ्गलोङ्ग, आसाम, भारत
फोन नं. ००९१३६७१२७३१८५

**सम्पादकीय**

# चिन्ताहरू

- पहाड भत्किरहेछन् । धुलो उडिरहेछ । धुलोसँगै उडिरहेछन् मान्छेहरू । हिलो बगिरहेछ तलतलै । सँगसँगै बगिरहेछन् हाम्रा सपनाहरू पनि । भाषण चलिरहेछ । लाग्छ, सत्य लुकिरहेछ । स्वाभिमान झुकिरहेछ ।

- बाटा बनिरहेछन् । बाटामा हिड्नेहरू भागिरहेछन् । पानीझैं जवानी पनि बगिरहेछ पहाडबाट । जवानी छैन गाउँमा । शुष्क, रुग्ण, उद्‌विग्न भएर पसारिएका छन् बूढा पहाडहरू । न यहाँ प्रेमका गीत सुसेल्ने बैंसालु छन् । न यहाँ भविष्य बोक्ने बलिया काँधहरू छन् । यहाँ त केवल अतीतका स्मृति, वर्तमानका आँसु र भविष्यका सुर्तामात्र छन् ।

- यहाँ न देश बनाउने स्वप्न छन् । न विचार छन् । न चिन्तन छन् । न चिन्ता छन् । न राष्ट्रका शान, मान र ध्यान छन् । न सभ्यता, संस्कृति र पहिचानका ज्ञान छन् । छन् त केवल सत्ताका तानातान छन् । अनन्त लालसा छन् । स्याल छन् । अहंकार छन् । ढोंग छन् । स्वाङ् छन् । देखेर जगत् हाँस्छ हामीलाई ।

- विकास भनेको फुल्नु हो, हाँस्नु हो । देशवासीको खुशीमा फुल्नु पर्छ विकास । गफ होइन विकास । तीन कोटी मुहारहरूमा झल्किनुपर्छ विकास । बालकका तोतेबोलीमा फुट्नुपर्छ विकास । युवाहरूका उत्साह र दक्षतामा देखिनुपर्छ विकास । पाकाहरूका शान्ति र सन्तोषमा देखिनुपर्छ विकास । विकास आकाशको फल होइन ।

- भत्किरहेछन् विधि र विधानहरू । लाग्छ यो एउटा नाटक हो । एउटा विद्रूपमय नौटंकी । जसमा नट, विट र विदूषक मात्र छन् पात्रहरू । जसले हँसाउछन् मात्र जगत्लाई । के यसरी नै चल्छ सधै ? कहाँ पुगिन्छ यस बाटोबाट ? अब सोच्नुपर्छ र सच्चिनुपर्छ । समय कसैलाई पर्खेर बस्दैन पनि।

–ooo–

# कुटुरो फुकाउँदा


| कति ? | के ? | कसको | कहाँ ? |
|---|---|---|---|
| **अन्तर्वार्ता** | | | |
| १. | अविराम यात्रा, अनुकूलता र ... | दीनानाथ शर्मा | १ |
| **लेख/आलेख/निबन्ध/समीक्षा/टिप्पणी** | | | |
| १. | जो मामै लोकगीतको विवेचना | डा. थानेश्वर अर्याल | ९ |
| २. | राम जन्मभूमि निरूपण (अयोध्यापुरी) | वेदप्रसाद पन्थ | २१ |
| ३. | भानुको जीवनी : रोचक कहानी | पुष्पराज पौडेल | ३२ |
| ४. | रविकृत रामायणको दार्शनिक पक्ष | प्रा.डा. कृष्णचन्द्र शर्मा | ४५ |
| ५. | सम्झनामा : तौलेश्वरनाथ प्रधान... | डा. रामराज पन्थी | ५२ |
| ६. | देवकोटाको आध्यात्मिक चेत | कृष्ण ज्ञवाली | ५६ |
| ७. | साहित्यसगरमा गुल्मीको गुलजार | विष्णु घर्ती 'भनभनेली' | ६५ |
| ८. | मेरो सम्झनामा योगी नरहरिनाथ | ओमप्रकाश अधिकारी 'बेफुर्सदी' | ९१ |
| ९. | शीतका थोपा-थोपा टिपेर एक दृष्टि | गंगा अभिलाषी | १०४ |
| **कथा/लघुकथा** | | | |
| १. | प्रायश्चित्त | नवीन प्रधान | ४३ |
| २. | आधारभूत न्याय | लीलाराज दाहाल | ९० |
| ३. | माइकको डुङ्गा | हरिप्रसाद भण्डारी | ९५ |
| **गीत/कविता/गजल/मुक्तक** | | | |
| १. | तीन छेस्का | दीन पन्थी | ९४ |
| २. | आग्रह | लोकहरि पाण्डेय 'क्षितिज' | ११० |
| **स्थायी स्तम्भहरू** | | | |
| १. | सम्पादकीय | सम्पादक | iii |
| २. | भेटघाट | हरिप्रसाद शर्मा | १ |
| ३. | अनुभव/अनुभूति | शशि पन्थी | ११२ |
| ४. | पुस्तकालय परिचय | यादवचन्द्र निरौला | १२१ |
| ५. | किरण पुस्तकालयको पातो | सचिव | १२४ |
| ६. | नौलो सृष्टि : सानो दृष्टि | अकिञ्चन | १२६ |
| ७. | यताउताबाट | अर्पण साप्ताहिक | १३१ |
| ८. | पाठक-प्रतिक्रिया | डिल्लीराज खनाल | १३२ |


ooo

# अविराम यात्रा, अनुकूलता र प्रतिकूलताको संगम हो, जीवन ।



✍ **दीनानाथ शर्मा**

*(दीनानाथ शर्माको जन्म वि. सं. २००३ साउन ४ गते बागलुङ्को अमलाचौर गहतेरामा भएको हो । उहाँका पिताको नाम शशिधर उपाध्याय र आमाको नाम यशोधा उपाध्याय हो । वि. सं. २०२२ देखि शिक्षण पेसामा लाग्नुभएका शर्माले वि. सं. २०३९ सम्म शिक्षण पेसा अँगाल्नुभयो । भूमिगत वामपन्थी राजनीतिमा लागेको आरोपमा शिक्षण सेवाबाट उहाँलाई तत्कालीन सरकारले वि. सं. २०३९ मा सेवाबाट हटायो । त्यसपछि उहाँ भूमिगत राजनीतिमा लाग्नुभयो । उहाँ वि. सं. २०४१ देखि २०४६ र वि. सं. २०५६ देखि २०६३ सम्म दुई पटक भूमिगत हुनुभयो । राजनीतिमा लागेर उहाँ शिक्षामन्त्रीसम्म बन्न पुग्नुभयो ।*

*दीनानाथ शर्माको साहित्यिक यात्रा वि. सं. २०२३ मा बनारसबाट सुरू भयो । उहाँ कथा, कविता र निबन्धका क्षेत्रमा कलम चलाउनुहुन्छ । उहाँका निबन्धात्मक कृतिहरूमा जीवनयात्रा र जीवन (२०६६), अक्षरको खेती (२०७१), यात्रा र अनुभूति (२०७२), हिउँ फुलेको रात (२०७२), कुलङ्गारकी आमा (२०७३) आदि रहेका छन् भने तरङ्ग कवितासङ्ग्रह (२०७०) पनि रहेको छ । लाखे पुलामी (२०८०) कथासङ्ग्रह पनि प्रकाशित छ । उहाँ हालसम्म पनि लेखन र राजनीति दुबै क्षेत्रमा उत्तिकै सक्रिय हुनुहुन्छ । उहाँसँग विविध विषयमा हरिप्रसाद शर्माले लिनुभएको अन्तर्वार्ता यहाँ प्रस्तुत छ । - सम्पादक)*

**१. साहित्य सिर्जनामा तपाईं कोबाट प्रेरित हुनुभयो ?**

❑ विद्यालयको शैक्षिक वातावरण, अतिरिक्त क्रियाकलापअन्तर्गत विशेष साहित्यिक कार्यक्रममा प्राप्त सानोतिनो प्रेरणाको प्रतीक पुरस्कार, नेपाली विषय पढाउने गूरू पूर्णप्रकाश नेपाल 'यात्री', हंसवाहिनी पुस्तकालयमा काम गर्ने अवसर, कक्षा आठमा पढ्ने बेला गोरखापत्रको ग्राहक बनेर नियमित

पत्रिका पढ्ने बानी र आफैभित्रको सिर्जनात्मक चेत आदि मेरा साहित्यिक यात्राका प्रेरणाको स्रोत हुन् ।

**२. तपाईंले कथा, कविता आदि लेख्नुभएको छ तर निबन्धहरू जति प्रचलित छन् त्यति अन्य विधाहरूमा निबन्धमा जस्तो फैलिन सक्नुभएन नि !**

❑ म सन् १९६७ मा बनारस पढ्न गएको थिएँ । धवलागिरि छात्रमण्डल गठन गर्न पहल गरें । त्यसको साहित्यिक मुखपत्र सिर्जना पत्रिका म आफैले सम्पादन गरें । त्यसमा प्रकाशित 'गुलाफप्रति' पहिलो कविता हो । अर्को वर्षको अङ्कमा पनि कविता प्रकाशित भएको थियो । करिब एक दर्जनभन्दा बढी साहित्यिक र राजनीतिक निबन्ध प्रकाशित हुँदा अहिलेसम्म 'तरङ्ग' तथा 'समयका छाल' भन्ने दुईवटा मात्रै कविता सङ्ग्रह प्रकाशित भएका छन् ।

मैले वि. सं. २०२०/२१ देखि लेख्दै आएका कथा र कविताका पाण्डुलिपि २०५८ सालमा सेनाले निजी पुस्तकालयमा आगो लगाउँदा सबै नष्ट भए । कथा सङ्ग्रह प्रकाशनका लागि टेकबहादुर थापाको चितवनस्थित प्रेसमा जनयुद्ध कालमा दिएको थिएँ । कथाकार हरिहर खनालले भूमिका लेखेर कृतज्ञ बनाउनुभएको पनि हो । प्रकाशित हुँदै गर्दा प्रेसमा सेनाले छापा मारेर जलाइदियो । जन्मन नपाई गर्भमा त्यो कृति विलय भयो । साठीको दशकपछि निबन्ध प्रकाशन हुन थालेका हुन् । साहित्यिक पत्रपत्रिकामा कथा कविता प्रकाशित हुँदै गरेका छन् । कथा सङ्ग्रह प्रकाशनको तयारी छ ।

**३. आफ्नो सम्पूर्ण सिर्जनात्मक सामर्थ्य निबन्ध विधामा मात्रै खन्याउनुको कारण के हो ?**

❑ निबन्ध विशेषतः आत्मपरक निबन्धमा स्वच्छन्द विचार र भावनाको उडान भर्न पाउँदा औधी आनन्दानुभूति हुन्छ । निबन्धमा पोखिन पाउँदाको मज्जा अर्कै हुन्छ । 'अक्षरको खेती'निबन्ध लेख्दा उतै (कता ?) हराए हराएजस्तो लागेको थियो ।

**४. निबन्धलाई प्रतिभाहीन लेखकले लेख्ने विधा भन्ने पनि छन् । तपाईं यो भनाइप्रति के भन्नुहुन्छ ?**

❑ निबन्धको मर्म केवल प्रतिभावान् व्यक्तिले मात्रै छाम्न सक्छ भन्ने मलाई लाग्छ । बहुआयामिक निबन्धका आफ्नै शैली र मौलिकता छन् । देवकोटाको 'लक्ष्मी निबन्ध सङ्ग्रह' नेपाली वाङ्मयको सर्वोत्कृष्ट सिर्जना मानिन्छ । वेकनका निबन्ध विश्वसाहित्यका सर्वोत्कृष्ट रचना हुन् । गद्य विधामध्येको

महत्त्वपूर्ण हाँगो हो, निबन्ध साहित्य । दर्शन, राजनीतिशास्त्र, विचार र दृष्टिकोणलाई कलात्मक रूपमा पस्किन्छ, निबन्ध साहित्यमा । त्यसैले प्रतिभाहीन कलमको उपज हो भन्ने लाग्दैन ।

**५. आफ्नो शिक्षण अनुभवका बारेमा बताइदिनुस् न !**

❑ अविच्छिन अठार वर्ष शिक्षण पेसामा समर्पित भएर प्रा.वि.देखि मा. वि.सम्मका आधा दर्जन विद्यालयहरूमा पढाएको मात्रै होइन । विद्यालय स्थापना र संचालनमा कतै सघाएँ कतै आफैं बनाएँ । निरंकुशताको अँध्यारो कालखण्डमा वामपन्थी राजनीतिक जागरणको बिऊ छर्दै सिंचन र मलजल गर्दै आएँ । अन्याय, विभेद र दमन आत्माले सहेन । विद्यालय संचालन र स्थापनाको क्रममा निरंकुश सत्तासितको सम्बन्ध अविस्मरणीय छ ।

शिक्षकको संगठनात्मक अधिकार र हकहित तथा वृत्तिविकासका लागि सङ्घर्ष गर्दै जाँदा नेपाल राष्ट्रिय शिक्षक संगठनको संस्थापक तथा बागलुङ जिल्लाको प्रथम अध्यक्ष भएर अगुवाई गर्ने अविस्मरणीय अवसर प्राप्त भएको थियो । म एक सफल र निर्भीक स्वाभीमानी शिक्षक हुँ । देशका लागि विचारको विनिमय र आत्मसमर्पण गरिनँ । त्यसैले २०३९ सालमा अठार वर्षको स्थायी सेवाबाट वर्खास्त गरेर राज्यले कायरता प्रकट गऱ्यो । गाउँमै बसेर विद्यालय स्थापना गरेर प्रधानाध्यापक बनें । राज्यसत्तालाई सह्य भएन । २०४२ वैशाख पहिलो हप्ता देशव्यापी वारेन्ट गरेर घर घेरा हाल्यो । त्यसपछि २०४६ सालसम्म कष्टसाध्य भूमिगत जीवन बिताउनु पर्दाको सङ्घर्षको सौन्दर्यानुभूति गर्ने अवसर मिलेको थियो । पटकपटक हिरासत र जेल जीवन बिताउँदाको आत्मगौरव गर्ने अवसर पनि मिलेको थियो । अतीतका ती दिन स्मरण गर्दा आनन्द लाग्छ ।

शिक्षण पेसामात्रै अभीष्ट थिएन । पंचायती निरंकुशताको विरूद्ध वामपन्थी जनमत बनाउने अभियान अन्तर्गत २०२३ सालमा बागलुङ जिल्लाको दक्षिण सर्कुवामा नेकपाको जिल्ला संगठन समिति बनाएर संचालन गर्दै आएको थिएँ । बागलुङ जिल्लाको कम्युनिष्ट पार्टीको संस्थागत विकासमा यो एउटा महत्त्वपूर्ण कोसेढुङ्गा थियो ।

**६. रुसी साहित्यकार निकोलाइ अस्त्रोभस्कीले आफ्नो 'अग्निदीक्षा' उपन्यासमा भनेझैं 'आफ्नो सम्पूर्ण जीवन देश र जनताको सर्वोत्तम हितका लागि काम गर्दागर्दै बित्यो' भन्न सक्नुहुन्छ ?**

❑ अवश्य पनि जीवनको पहिलो कालखण्ड शिक्षण, शिक्षक आन्दोलन र भूमिगत पार्टी निर्माणमा बित्यो । पंचायतको अन्त्यको लागि भएको ०४६/४७ को

आन्दोलनमा संयुक्त राष्ट्रिय जनआन्दोलनको गठन गरेर २०४६ साल चैत २४ गतेको नेपाल बन्द घोषणा मेरो आफ्नै भूमिगत सक्रियता र पहलमा भएको थियो । म पार्टीको इन्चार्ज थिएँ । बाबुराम भट्टराईलाई संयुक्त राष्ट्रिय जनआन्दोलनको अध्यक्ष बनाउन अन्य दलभित्र समेत पहल गरेको थिएँ ।

जनयुद्धको भरभराउँदो रापमा होमिएर एउटा युगको अन्त्य गर्ने अभियानमा योगदान पुऱ्याउन पछि परिएन । शान्तिवार्तालाई तार्किक निष्कर्षमा पुऱ्याउनका साथै संविधानसभाबाट संविधान बनाउने बेलाको पार्टीभित्र र बाहिरको वर्गसङ्घर्ष र अन्तरसङ्घर्षको बीचबाट संविधान घोषणा गर्ने अवधिसम्म नेतृत्वलाई सहयोग गर्दै जिम्मेवार ठाउँमा बसेर भूमिका खेलियो । योगदान पुऱ्याउन पछि परिएन । अहिलेसम्म राष्ट्र निर्माणको अभियान र पछिल्लो कालखण्डमा साहित्यसिर्जनामा अविराम र अविचलित लागिएकै छ । शेष जीवन विशेष साहित्यसिर्जना र जनहितमै समर्पित हुनेछ ।

**७. मार्क्सवादी दर्शन र वाम आस्थाका वैरीहरूले जनयुद्धलाई व्यक्तिहत्यामा सीमित गर्छन् । जनयुद्धको खास सौन्दर्य के हो ? एउटा निर्भीक स्रष्टाको हैसियतले जनयुद्धका बारेमा बोल्ने आँट गर्न सक्नुहुन्छ ?**

❑ वि.सं. १९९७ का अमर शहीदहरू शुक्रराज शास्त्री, दशरथ चन्द, धर्मभक्त माथेमा र गंगालालको रगत वि. सं. २००७ को परिवर्तनको निर्णायक प्रेरणा थियो । वि.सं. २००७ मा नेपाली काङ्ग्रेसले उठाएको हतियार व्यक्तिहत्या थिएन न त ! ०२८ को झापा विद्रोह वा नेकाले ओखलढुङ्गामा उठाएको हयितार व्यक्तिहत्या नै थियो । यी सबै लोकतन्त्रका लागि थिए । परिवर्तनका लागि थिए । तेह्र हजार माओवादीको हत्या राज्य पक्षबाट भएको हो । २ सय ४० वर्षको सामन्ती सत्ताको बुर्जा ढाल्नका लागि अन्तिम सङ्कल्पसहितको कुर्वानी जनयुद्धको सौन्दर्य हो ।"हुदैन बिहान मिर्मिरमा तारा झरेर नगए । बन्दैन देश दुई चार सपूत मरेर नगए ।" भन्ने कवि भूपीको कविताले परिवर्तनका लागि माटोले सपूतको रगत मागेका हुनुपर्छ भन्ने भुल्नुहुँदैन ।

व्यक्तिहत्या भन्नेको प्रतिगामी आग्रहले परिवर्तनका लागि सहादत प्राप्त गर्ने अमर शहीदको योगदानको अवमूल्यन गरेको छ । संघीय लोकतान्त्रिक गणतन्त्रको फूलबारीमा ढकमक्क फुलेका जाति, भाषा, धर्म र संस्कृति, लिङ्ग र समुदायका व्यक्तिको सम्मानजनक र समान स्वामित्व जनयुद्धको सौन्दर्य हो ।

**८. तपाईं आफैं मृत्युसँग पौंठेजोरी खेल्दै जनयुद्धमा होमिनुभयो । ती आँधीमय वर्षहरूमा तपाईंभित्रको स्रस्टाको हृदयमा कस्ता भाव तरङ्गहरू उत्पन्न भए ?**

❑ मुक्ति कि मृत्यु जीवनको अन्तिम अभीष्ट भएपछि अरू सबै कुरा गौण र महत्त्वहीन हुने रहेछ । वर्गसंघर्ष र वैचारिक संघर्षका आँधीमय तुफानी छालसित पौंठेजोरी खेल्दै र सफलता र असफलताको द्वन्द्ववादलाई आत्मसात् गर्दै अगाडि बढ्दाको सौन्दर्यानुभूति सायद थोरैलाई नै होला । ऊर्जा, उत्साह र सौर्यले ओतप्रोत जीवन कुनै प्रकारको भय र थकानभन्दा निकै माथि स्वच्छन्द आकाशमा उडेको थियो ।

**९. सक्रिय राजनीतिक जीवनले अनुभव र अनुभूतिको विशाल भण्डार अगाडि ल्याउँदा साहित्यकार दीनानाथ शर्मा जन्म्यो भन्दा सही हुन्छ ?**

❑ अनुभव र अनुभूतिको बीचबाट साहित्य सिर्जना हुने कुरा स्वाभाविक नै हो । सौन्दर्यचेत र कलाको रसायनले जीवन, व्यवहार, विचार र भावनालाई कुशल पारखीले जोडेर जनसमक्ष पस्किने गर्दछ । साहित्यिक सिर्जनाचेत र अविराम अभ्यासपछि मात्रै समृद्ध अनुभव सिर्जनाका रूपमा पस्किन सजिलो हुन्छ ।

**१०. तपाईंको जीवनको मूल्य, अस्मिता र अस्तित्वको निर्धारणमा जनयुद्धको अहम् भूमिकालाई स्वीकार्नुहुन्छ ?**

❑ मेरो जीवनका विभिन्न आयाममध्ये जनयुद्ध पनि एक हो । जनयुद्धपूर्व मैले चर्चेको जीवनसङ्घर्षले मलाई जनयुद्धमा होमिन प्रेरित गरेको थियो । जनयुद्धपूर्व पनि वर्गसङ्घर्ष र विचार सङ्घर्षको भट्टीमा खारिदैं र अनुभव हासिल गर्दै आएको स्मरण हुन्छ । म भित्रको विद्रोही अग्रगामी चेतले जनयुद्धमा होमिन प्रेरित गरेको थियो । सबै प्रकारका प्रतिकूलताविरूद्ध सम्झौताहीन सङ्घर्ष गर्दै अगाडि बढ्ने अविश्रान्त यात्री हुँ, म ।

**११. तपाईंका निबन्धहरू पढ्दा पूर्ववर्ती निबन्धकारका निबन्ध शैलीको खास प्रभाव परेको देखिएन । यसको कारण के होला ?**

❑ म देवकोटाको निबन्धबाट प्रभावित छु । मेरो कलम निबन्धलेखनमा बढी सल्बलाउने भएकाले निबन्धको अध्ययन र लेखन मेरो रूचिको विषय हो । अरूको नक्कल गर्न मलाई आएन । मेरो आफ्नै मौलिक शैली होला ।

**१२. नेपालीमा देवकोटापछिका सामर्थ्यवान् निबन्धकार कसलाई मान्नुहुन्छ ?**

❑ देवकोटापछि निबन्धकारहरू हृदयचन्द्रसिंह प्रधान, शङ्कर लामिछाने, बालकृष्ण पोखरेल, ताना शर्मा आए । तेजेश्वरबाबु ग्वंगका निबन्धमा

सांस्कृतिक चेतसहितको कलाबिम्ब भेटिन्छ । अभि सुवेदी, खगेन्द्र सङ्ग्रौला, राजेन्द्र सुवेदीसमेतका निबन्धले मलाई छुने गर्दछ । पछिल्लो पुस्ताका भूपिन, कुमारी लामा, श्रीओम श्रेष्ठ रोदन पनि उदीयमान निबन्धकार हुन् । मेरो सबैप्रति समान भावनात्मक सम्मान छ । शैली, प्रस्तुति र अभिव्यक्ति आआफ्नै हुनु स्वभाविक नै हो ।

**१३. तपाईंको पछिल्लो निबन्ध सङ्ग्रह 'एक सम्बोधन समयमाथि'मा 'कोरानाको कहर' जस्तो सपाट, रसहीन र विचारविहीन निबन्ध पनि समाविष्ट छ । लेखे जतिका सबै प्रकाशित गर्दा गम्भीर पाठकप्रति अन्याय हुँदैन ?**

❑ आत्मपरक निबन्धमा आत्मचेतनाले प्रधानता पाउनु स्वभाविक नै हो । निजात्मकता, हार्दिकता, सरलता निबन्धका विशेषता हुन् । वस्तु र घटना, त्रासदीपूर्ण घटनाले मनोभाव र मनोविज्ञानमा पार्ने प्रभाव कति गहिरो हुन सक्छ भन्ने कुराको उजागार गर्न यस प्रकारका घटना प्रसङ्गले पुष्टि गर्न सक्छ । स्वैरकल्पनाको उडान मात्रै होइन, गद्य साहित्य । साहित्यले जीवन बोल्छ । व्यवहार बोल्छ । मनोविज्ञान र मनोविश्लेषणको पारख गर्दछ । कोराना महामारीलाई सुरूका दिनमा मृत्युबिम्बका रूपमा चित्रण गरियो । विश्वमानव समुदाय मनोवैज्ञानिक रूपले कति क्षतविक्षत थियो भन्ने कुराको दशी बन्न सक्छन्, यस प्रकारका लिखतहरू । साहित्य अतीतको साक्षी र भविष्यको मार्गदर्शन पनि हो । लेखकको काम लेख्ने हो । तौलने त पाठकले नै हो ।

**१४. तपाईंका निबन्धहरूमा वैचारिक प्रखरता पाइन्छ । उन्नत, अग्रगामी र वैज्ञानिक विचारहरूले ओतप्रोत छन्, निबन्धहरू । पाठकको रूचिलाई निबन्धले तान्छन् तर भाषिक मिठास, विन्यास र सम्मोहक रूपकलाको दृष्टिले निबन्धहरू कमजोर लाग्छन् । तारानाथ शर्माको सम्मोहक भाषाबारे चिन्तन गर्ने कि ? भाषिक परिष्कार र कला पक्षमा धैर्यपूर्वक काम गरेर प्रकाशनमा जानु उपयुक्त हुँदैन र ?**

❑ सुझावका लागि धन्यवाद ! म भाषाशास्त्री, कलापारखी पनि होइन । प्रसिद्ध समालोचक वासुदेव त्रिपाठी, राजेन्द्र सुवेदी, प्रदीप नेपाल, माधव पोखरेल, लक्ष्मण गौतम समेतले निबन्ध राम्रा छन् भन्नु भएकाले म मख्ख परें । मेरो निबन्धलेखनलाई अझै परिष्कृत र परिमार्जन गर्न रचनात्मक सुझाव दिनुहुने पाठकहरू प्रति अभारी छु । सबै अग्रज र वर्तमान निबन्धकारलाई मैले दिलैदेखि सम्मान गर्छु । निबन्ध लेखनमा मलाई औधी मनपर्ने देवकोटा हो । ताना शर्माको 'बेलायततिर बरालिंदा' यात्रा निबन्ध अग्रस्थानमा छ । तर मेरो शैली आफ्नै प्रकारको छ ।

**१५. आत्ममूल्याङ्कन गर्दा तपाईं सफल राजनीतिज्ञ कि सफल साहित्यकार ?**

❑ जीवनको लामो यात्रामा धेरै उकाली, ओराली, कुइनेटा र घुम्ती पार गरियो । मैले आफूलाई कतै असफल भएको भेटिनँ । प्रत्येक असफलता र ठक्करहरू सफलताको कुञ्जी बनें । सङ्घर्ष जीवन बन्यो र सिर्जना सौन्दर्य । त्यसैले साहित्य र राजनीति मेरो विचारमा जीवन र सौन्दर्य बनेर सँगसँगै यात्रा गरेको अनुभूति हुन्छ ।

**१६. एक बलिदानी भावको राजनेता र संवेदनशील स्रष्टाले जीवनलाई कसरी परिभाषित गर्ला ?**

❑ अविराम यात्रा, अनुकूलता र प्रतिकूलताको संगम हो, जीवन । समयको प्रवाहसँगै जीवन सलल बगेको छ । वस्तु र चेतनाको टक्करबाट उत्पन्न छालसित पौडी खेल्दाको अनुभूति जीवन हो । जीवन हराभरा र रङ्गीन छ, आफैभित्र रमाउन सके, सौन्दर्यको फूलबारी सजाउन सके राजनीतिको रूखो बारीमा सिरू पनि फुल्न सक्छ । स्रष्टाको फूलबारी बहुरङ्गी फूलले सधैं हराभरा रहन्छ । फरक यत्ति मात्रै हो ।

**खान्छ ठक्कर जो चाँडै लामो जीवन मार्गमा**
**होसी कदम चालेर उही दौडन जान्दछ ।।**

भन्ने बालकृष्ण समको भनाइ र 'एक ठक्कर खाए सात बुद्धि आउँछ' भन्ने नेपाली उखानले प्रत्येक असफलताभित्र उज्ज्वल भविष्यको लालिमा पोतिएको छ भन्ने कुरा बिर्सन हुँदैन । प्रत्येक क्षण परिवर्तनको पर्खाइमा हुन्छ । राजनीति र साहित्य एक सिक्काका दुई पाटा हुन् । मलाई राजनीतिक कार्यकर्ताभन्दा साहित्यको विद्यार्थी हुने रहर जागेको छ ।

**१७. असी वर्षको छेउछाउमा हिंड्दै गरेको योद्धालाई मृत्युसँग डर लाग्छ ?**

❑ यस धर्तीमा टेक्दाको दिनदेखि नै जीवन र मृत्यु सँगसँगै सवार भएका छन् । त्यसैले मृत्युसँग डराउनुपर्ने केही छैन । जति समय बाँचिन्छ राम्रो काममा लगाउनुपर्छ भन्ने कुरा भुल्नु हुँदैन । 'मुहूर्तमपि जीवेत नर सुक्लेन कर्मणी' नीतिवचनलाई आत्मसात् गर्दै सक्रिय रहनु जीवनको सार हो भन्ने लाग्दछ । राम्रो काम गर्न उमेरले छेक्दैन । विचार बूढो हुँदैन ।

**१८. अब घरतिर फर्कौं न ! तपाईं, बागलुङको मान्छे । त्यहाँ न भानुभक्त छन् न सरूभक्त । धवलागिरि क्षेत्रमा चेतनाको खडेरी परेकै हो त ?**

❑ भानुभक्त विद्या आर्जन गर्न मूल्पानी गैरागाउँतिर बसेका थिए भन्ने इतिहास नर्बिसौं, बिना हराएको कस्तुरी बन्नु हुँदैन । करिब २३ सय वर्ष पहिले

जैमिनि ऋषिले जैमिनि घाटमा बसेर नाङ्गो आँखाले नक्षत्र हेरेर फलित ज्योतिषका सूत्रको रचना गरे । जैमिनि सूत्र नक्षत्र विज्ञानका क्षेत्रमा महत्त्वपूर्ण खोज थियो । पूर्वमीमांसा समेतका एघार कृति लेखेका थिए ।

बागलुङ कुनै बेला नालन्दा, माहिष्मती, तक्षशीला र काशीभन्दा कम थिएन । पर्वत राज्यअन्तर्गत बागलुङको मूल्पानी, ओखलढुंगा, गैरागाउँ विद्वान्, लेखक साहित्यकारको केन्द्र थियो । भानुभक्तभन्दा पुराना नेपाली भाषाका कवि वीरशाली पन्त यतै जन्मे । प्रेमनिधि पन्तका १६ वटा महत्त्वपूर्ण ग्रन्थ भएको कुरा डा.स्वामी प्रपन्नाचार्यले उल्लेख गर्नु भएको छ । 'कार्तविर्योदय' महाकाव्य लेख्ने सुकीर्तिदत्त पन्त शास्त्रार्थ गर्दै तक्षशीला, नालन्दा, काशी हुँदै मध्यप्रदेशको माहिष्मती पुगेर सबै भारतीय विद्वान्लाई पराजित गरेका थिए । उतै बसेर महाकाव्य रचना गरे । उनका पच्चीसवटा विभिन्न विधाका कृति प्रकाशित छन् । धवलागिरिको गौरवमय इतिहास भुल्नुहुँदैन ।

**१८. वीरशाली पन्तपछिका नेपाली साहित्यजगत्मा प्रभावशाली उपस्थिति जनाउने धवलागिरिका साहित्यकार कसलाई देख्नुहुन्छ ?**

❑ पछिल्लो कालखण्डका साहित्यकारमध्ये वीरशाली पन्तपछि भूपी शेरचन, मोहनबहादुर मल्ल, चन्द्रप्रकाश बाँनिया पनि यतैका हुन् । शास्त्रदत्त पन्तका दर्जनौँ कृति प्रकाशित छन् । प्रेम छोटा, काजी रोशन, सन्तु श्रेष्ठ, महेश प्रधान, लकाश पौडेल, नरबहादुर बिसी आदिका योगदानलाई भुल्न सकिदैंन । नयाँ पुस्ताका सर्जकको उपस्थिति पनि आशा लाग्दो छ । भूपिन व्याकुल, मोतीप्रसाद ढकाल, साधना प्रतिक्षा, जीवन शर्मा, सीता शर्मासमेतका प्रतिभा उदाउँदै छन् । धवलागिरि क्षेत्र साहित्यिक चेतनाका लागि हराभरा र रसिक छ। कवि, लेखक, कलाकार, साहित्यकार, उद्यमी व्यवसायी, संचारकर्मी के-को कमी छ ? लोकदोहोरी र लोकसाहित्यमा अब्बल छ यो क्षेत्र । धन्यवाद !

०००

**गुल्मी जिल्लामा आधा शताब्दीभन्दा लामो इतिहास बोकेको किरण पुस्तकालयमा तपाईंका कुनै प्रकाशनहरू छन् भने तुरुन्त दिन नबिर्सनुहोला ।**

*// लेख //*

# जो मामै लोकगीतको विवेचना

✍ **डा. थानेश्वर अर्याल**

**सह - प्राध्यापक : नेपाली शिक्षण विभाग**

**बुटवल बहुमुखी क्याम्पस, बुटवल**

## सार

*लोकसाहित्य लोकसंस्कृतिको एउटा रोमाञ्चक र महत्त्वपूर्ण अङ्ग वा शाखा हो । नेपाली लोकसंस्कृति र लोकसाहित्य दुबै पक्षको झल्को दिने एउटा गीत हो - 'जो मामै' । यस लेखमा प्रथमतः लोकसाहित्यको सामान्य परिचयसहित गुल्मी जिल्ला - लोकसंस्कृति र लोकसाहित्य, धार्मिक - आध्यात्मिक विषय वा साहित्य अनि ऐतिहासिक र विविध साहित्यिक दृष्टिले पनि परिचित रहेको तथा लोकसाहित्यका दृष्टिले त निकै प्रसिद्ध र सदा उर्वर रहेको कुरा सङ्क्षेपमा उल्लेख गरिएको छ । तत्पश्चात् उल्लिखित 'जो मामै' गीत र त्यससँग सम्बन्धित 'जिवेमामै' गीतको विषयगत साम्यताको तुलनात्मक अध्ययन पनि गरिएको छ । नेपाली समाजको मगर जातिमा मामाकी छोरी बिहे गर्ने प्रचलन पहिलेदेखि अहिलेसम्म पनि कतैकतै रहेभएको पाइन्छ । तदनुरूप 'जो मामै' गीतमा भानिजले मामासँग उनकी छोरी मागेको र मामाले भानिजलाई छोरी लाने नै भए खुसी बनाएर लैजान अनुमति दिएको कुरा उल्लेख गरिएको छ । नृत्यशैलीमा प्रस्तुत संस्कृतिबोधक प्रस्तुत लोकगीतको भाषा पनि जातिअनुकूल रहेको कुरा दर्शाउँदै नेपाली समाजको मगर समुदायमा पहिले मामाकी छोरी भानिजले बिहे गर्ने चलन रहेको थियो भन्ने कुरा गीतका आधारमा विवेचना गरिएको छ ।*

## लोकसाहित्यको परिचय

लोक शब्द 'लोकृ' दर्शने धातुमा 'घञ्' (अ) प्रत्यय लागेर बन्दछ भने 'साहित्य' शब्द 'सहित' ( सह्+इतच्, सह+क्त) मा 'ष्यञ्' (य) (आप्टे, ई. १९६९, पृ.८८३ - पृ. ११०४) प्रत्यय लागेर बन्दछ । अतः 'लोक' र 'साहित्य' दुई शब्दको समास भएर लोकसाहित्य शब्द बन्दछ । संस्कृतमा लोक शब्दको प्रयोग वैदिक कालदेखि नै स्थानबोधक अर्थमा र सामान्य जनबोधक अर्थमा प्रयोग हुँदै आएको पाइन्छ । ऋग्वेद, उपनिषद् र पुराणहरूमा लोकको अर्थ क्रमशः जीव, स्थान, जीवन, ईहलोक, स्वर्ग, मर्त्य र पाताल आदि लगाइएको छ । निरूक्तमा पृथ्वी र अन्य अन्तर्आदिलोक भनिएको छ । 'स्वस्थानी व्रतकथा'मा उँभोका 'भूर्लोक, भुवर्लोक, स्वर्लोक, महर्लोक, जनलोक, तपलोक र सत्यलोक', उँधोका 'अतल, वितल, सुतल, तलातल, रसातल, महातल र पाताल' (शर्मा, संस्करण ९८, पृ.४१) को उल्लेख गरिएको छ । श्रीमद्भगवद्गीतामा "अतोऽस्मि लोके वेदे च प्रथितः

पुरुषोत्तम :" (गीता, १५/१८, पृ.९५) भनेर जनता र स्थानका अर्थमा लिइएको छ अनि "लोकसंग्रहमेवापि संपश्यन्कर्तुमर्हसि" (गीता, ३/२०, पृ.२३) भनेर जनताका आदर्श व्यवहार र आचरणका अर्थमा लिइएको छ । भाषिक सन्दर्भमा पाणिनि, कात्यायन र पतञ्जलिले पनि लोक र वेद शब्दको अस्तित्व स्वीकारेको पाइन्छ । 'नेपाली बृहत् शब्दकोश'मा चौध भुवनका नामसहित ग्रहमण्डलका स्थान : सूर्यलोक, चन्द्रलोक आदि र देवताहरूका वासस्थान : शिवलोक, विष्णुलोक, ब्रह्मलोक आदि भनेर लगाइएको पाइन्छ' (पोखरेल र अरू, २०४०, पृ. : ११८८)। यिनै अर्थबोधक लोकशब्दलाई समयक्रममा हिन्दीमा प्रयोग गरिएको र नेपालीमा पनि अनुसरण गरिएको पाइन्छ ।

अङ्ग्रेजी भाषाको यस्तो अर्थ बुझाउने शब्द 'फोक' हो । अङ्ग्रेजी शब्दकोशहरूमध्ये ... 'फोक'को अर्थ : "साधारण व्यक्ति, जनसाधारण, जाति, मानिस, राष्ट्र, कौम, कथा, कहावत, कथानक, पारस्परिक विश्वास" (पृ.५३१) तथा ... "जनता, मानिस" (पाठक, ई. १९८२, पृ.२१२) भनेर दिइएको छ । यसरी अङ्ग्रेजी भाषामा 'फोक' शब्दले एकातिर साधारण जनसमुदाय वा जातिलाई बुझाएको पाइन्छ भने अर्कातिर सर्वसाधारण एवं राष्ट्रका सम्पूर्ण मानिसहरूलाई बुझाएको पाइन्छ । यसको अर्थ सामान्य र विशिष्ट दुबै तहमा लिइएको पाइन्छ । अतः अङ्ग्रेजीको 'फोक' र नेपालीको 'लोक' शब्द समानार्थी शब्दका रूपमा प्रयोग हुँदै आएका देखिन्छन् । 'लोक' शब्दले पौरस्त्य जगत्मा (पाश्चात्य जगत्मा फोकको समानार्थी) जनसामान्य भन्ने अर्थ दिन्छ भने जनसामान्यको साहित्य बुझाउन लोकमा साहित्य (हितेन सहितम् साहित्यम्) वा (सहितस्य भाव साहित्य) शब्द जोडेर लोकसाहित्य शब्द बनेको पाइन्छ । समयक्रममा यही लोकसाहित्य शब्दले जनसामान्य वा जनताको भावना भन्ने अर्थ बुझाउन थालेको पाइन्छ ।

लोकसाहित्य लोकसंस्कृतिको एउटा महत्त्वपूर्ण अङ्ग हो । यो रचनाकारले अनुभवका आधारमा रच्दछन् । रचनाकारको व्यवस्थित नियम पनि हुँदैन । रचनाकार वा कलाकारका रचनाको यथार्थ जानकारी पनि पाइँदैन । रचनाकार वा कलाकारले जुनबेला जे - जस्तो अनुभूति गर्छन् त्यसैलाई आफ्नो कलात्मक सीपमा समेटेर लयात्मक रूपमा व्यक्त गर्छन् । यसैबाट उनीहरूले आनन्द लिन्छन्, सन्तोष मान्छन् र मन शान्त गर्छन् । उचित समय र अवस्थामा गीत, गाथा र कथाहरू सुनाएर, सुनेर र प्रतिक्रिया दिएर ती वक्त ाश्रोताहरूले मन बहलाउने काम गर्छन् । बालबालिका, प्रौढप्रौढा, बाजेबज्यै र केटाकेटीहरूसमेत बेलाबेलामा कथा, गाउँखाने कथा, टुक्का, चुट्किला आदि सुन्ने - सुनाउने, गीत गाउने र नाच्ने काम गरेर मनोरञ्जन लिन्छन् । यसरी हाम्रो जीवनका हरेक क्षणक्षणमा लोकसाहित्यका सबै विधाहरू घुलमिल भएको पाइन्छ । यसर्थ

लोकजीवनका विभिन्न स्थिति र मानसिक अवस्थालाई सरल - सहज ढङ्गले लोकसमक्ष वाणीका रूपमा अभिव्यक्त गर्ने प्रकारहरू - लोकगीत, लोकगाथा, लोककथा, लोकनाटक, लोककविता र उखान टुक्का नै लोकसाहित्यका प्रमुख विधा हुन् ।

## 'जो मामै' गीतको सन्दर्भ

प्रस्तुत लेखमा विवेचित 'जो मामै' नामक गीत गुल्मी र पश्चिम स्याङ्जाका विभिन्न क्षेत्रमा गाउने गरेको पाइन्छ । यो समूहगायन र नृत्यशैलीमा प्रस्तुत गरिन्छ । हाल यो गीत गुल्मीको कालीगण्डकी गा. पा. १ को गिदुवा - पोडडाँडामा जन्म भई सत्यवती गा. पा. - २, पहाँदी - कठानीमा घर भई हाल तिलोत्तमा न. पा. वडा नं. - ३, मणिग्रामनिवासी दिदी चन्द्रकला अर्याल (पाण्डे) बाट प्राप्त भएको हो । उनका अनुसार यो गीत गुल्मी - गिदुवाको सेरोफेरो, ठूलो लुम्पेक र पश्चिम स्याङजाका लसर्गा - कोटाकोटमा गाइन्छ । यस लेखमा लोकसाहित्य र लोकगीतको सङ्क्षिप्त परिचयसहित यससँग सम्बन्धित 'जिवेमामै' गीतको पनि सन्दर्भगत चर्चा गर्दै यसै 'जो मामै' गीतको अध्ययन र विवेचना गरिएको छ ।

## अध्ययन विधि

प्रस्तुत लेखमा प्राथमिक स्रोतसामग्रीमा अनुसन्धानका क्रममा प्राप्त 'जो मामै' नामक गीतलाई लिइएको छ । द्वितीयक स्रोतका सामग्रीमा लोकसाहित्यसम्बन्धी अन्य कृति, शब्दकोश र विद्वान्हरूका कथनलाई राखिएको छ । द्वितीयक स्रोतसामग्रीको सङ्कलन पुस्तकालय विधिका माध्यमबाट गरिएको छ । सङ्कलन गरिएका सामग्रीको अध्ययन र विश्लेषणका लागि प्राथमिक स्रोतसामग्रीको मूल पाठलाई र द्वितीयक स्रोतका सामग्रीअन्तर्गतका कृति र कृतिकारका कथनलाई आधार बनाइएको छ ।

## विषयगत पृष्ठभूमि

गुल्मी जिल्ला आध्यात्मिक - धार्मिक दृष्टिले पनि प्रसिद्ध छ । यहाँ प्राचीन कालदेखि नै कैँयौं नरनारीले तपस्या गरेको जानकारी पाइन्छ । हाल 'रिडी' नामबाट प्रसिद्ध 'रुरु' प्राचीन कालमा भगवान् 'हृषीकेश'को निवासस्थान र 'रुरुकन्या' को क्रीडास्थल थियो (पौडेल, २०७९, पृ. २५९) । त्यो ठाउँ पहिलेदेखि अहिलेसम्म पनि तीर्थस्थलका रूपमा प्रसिद्ध छ । त्यहीँबाट कालीगण्डकीको उत्तरवाहिनी (उत्तर दिशातर्फ) को यात्रा सुरू हुन्छ । 'रुद्रगङ्गा' कालीगण्डकीमा मिसिएको ठाउँ 'रुद्रवेणी' र कालीगण्डकी गाउँपालिकाअन्तर्गतको

गिदुवाको सिरानमाथिको 'हिले - सिद्धस्थान', सत्यवती गाउँपालिका अन्तर्गतका 'सत्यवती' र 'थानीदेवता' रहेका प्रसिद्ध तीर्थस्थलहरू पनि छन् ।

गुल्मी, वीरवीराङ्नाका इतिहासले पनि प्रसिद्ध छ ।" गुल्मीकी राजकन्या विद्यालक्ष्मी रणबहादुर शाहकी प्रथम विवाहिता पत्नी थिइन् । उनी पछि राजराजेश्वरीका नामले प्रख्यात भइन् । ई. सन् १७९७ मा गीर्वाणयुद्धवीरविक्रम शाहको राज्याभिषेकपश्चात् रणबहादुर शाहबाट गीर्वाणको नायवी लिएर शासन गरिन् (शर्मा, २०३३, पृ. २४७) ।

गुल्मी, लोकसंस्कृति र लोकसाहित्यका दृष्टिले पनि निकै प्रसिद्ध छ । शिवप्रसाद पौडेलका अनुसार - "तत्कालीन राजा श्रीनन्द र उनकी बहिनीका गाथामा रचित 'श्रीनन्दको चाँचरी' गाथा निकै प्रसिद्ध छ । भुरेटाकुरे राज्यकालको गुल्मी धुर्कोटको 'सरूमै रानी' को कारूणिक गाथा पनि उत्तिकै प्रसिद्ध हुनाले गन्धर्वहरूले गाउँदै हिँडेको कुरा सर्वविदितै छ" (पौडेल, २०७९, पृ. २५९) ।

जनकलाल शर्माका अनुसार नेपाली साहित्यको प्राथमिक कालको निर्गुण भक्तिधारा (सन्तधारा वा सन्तसाहित्य) का प्रारम्भकर्ता शशिधर (वि.सं.१८०४ - १९०६) ले जोसमनी सम्प्रदायको मत प्रचार-प्रसारका निम्ति नेपालको पश्चिमतर्फ जाँदा गुल्मीको रेसुङ्गामा पुगी त्यहीँ कुटी बनाएर तपस्यामा लीन भएको कुरा जानकारी पाइन्छ । उनले नेपाली, सधुक्कडी र संस्कृत भाषामा 'सच्चिदानन्द लहरी', 'भजनसङ्ग्रह', 'अजपगीता', 'तत्त्वगीता', 'वैराग्याम्बर', 'पाखण्ड खण्ड अखण्ड' शब्द, गुरुपञ्जा जस्ता पद्य र गद्यका कृति लेखेका छन् (शर्मा, २०५२, पृ. ६ - १२) । यसरी धार्मिक - आध्यात्मिक, ऐतिहासिक र साहित्यिक दृष्टिले पनि गुल्मी साहित्यका अरू विभिन्न स्वरूप र आयामहरूबाट पनि परिचित छ । लोकसाहित्यिक दृष्टिले त निकै उर्वर र प्रसिद्ध छ ।

कृष्णप्रसाद पराजुलीका अनुसार "रोइला गीत पश्चिमाञ्चल क्षेत्रको गुल्मी जिल्लाबाट उत्पत्ति भएको मानिन्छ । यो गीत त्यहाँदेखि पूर्वका स्याङ्जा र कास्कीका विभिन्न ठाउँ तथा महाकाली क्षेत्रवरिपरि र अन्यत्र पनि गाइन्छ" (पराजुली, २०५७, पृ.१६२) ।"आँधीखोले रोइला गीतबारे केही कुरा'मा 'रोइला' र 'चुड्का' एकै हुन् । रोइला गुल्मीमा जन्मेर स्याङ्जाको आँधीखोलामा विशेष प्रचलित हुनाले यसलाई आँधीखोले रोइला पनि भनिन्छ" (शर्मा र लुइँटेल, २०६१, पृ. ९४) भनेका छन् । त्यस्तै चूडामणि बन्धुले रोइलाका बारेमा भनेका छन् - "मध्यपहाडी क्षेत्र पाल्पा, गुल्मी र स्याङ्जाका बाहुन, क्षत्री र मगरहरूका समाजमा रोइला निकै लोकप्रिय छ । रोइलामा स्थायी र अन्तराको भेद नहुने र ठाउँअनुसार यसका भेद भने हुने कुरा उल्लेख छ । स्याङ्जामा रोइला भनिने गीतलाई पाल्पामा कहीं कतै चुड्का भनिन्छ ।" (बन्धु, २०५८:, पृ. १३६) ।

यस कथनले पनि रोइलाको जन्म गुल्मीतिरै भएको बुझिन आउँछ ।

उनै पराजुलीका अनुसार "'सालैजो' नेपालका मध्यपश्चिमाञ्चल र पश्चिमाञ्चल भेगतिर बाह्रै महिना गाइने प्रसिद्ध गीत हो । यो 'सालीज्यू' भन्दाभन्दै सालैज्यू हुन गएको र यसै नामले प्रचलित रहेको भनेर कुसुमाकर न्यौपानेले ('सालैजो गीतको वर्गीकरण र परिचय, सिर्जना : ३/३, १०) भनेको कुरालाई पनि उल्लेख गरेका छन् । विशेषतः लुम्बिनी, धौलागिरि र गण्डकीमा यो गीत प्रचलित छ । गुरुङ र मगर जातिका युवायुवती वा बुढाबुढीले चाडपर्व, मेलाजात्रा र विभिन्न उत्सव आदिका समयमा गाउँछन् । कामकै बेलामा पनि भाका मिलाईमिलाई गाउँछन् । सालैजो हुन त एक किसिमको भाका हो तर यसले गीतकै रूप लिएको छ । पर्व, उत्सव र मेलापातमा हिँड्दाडुल्दा विनाव्यवस्था, विनानिश्चित ठाउँमा पनि गाइने यो गीत एउटाले गाउँदा अरूले छोप्छन् । स्त्रीपुरुष मिलेर पनि गाउँछन् । पुरुष समूहले पनि गाउँछन् । पुरुष एक्लैले पनि गाउँछन् । खासमा रोदी गाउँदा वा झाम्रे गाउँदा मादलका तालमा गाउँछन् । आजभोलि भने पुरानो पुस्ता विलीन हुँदै जाने र नयाँ पुस्ताले चासो नदेखाउने क्रम भने पाइन्छ ।" (पराजुली, २०५७, पृ.१६६ - ६७) । यसरी गुल्मी सालैजो गीतको पनि उद्भवस्थलको क्षेत्रभित्रै रहेको बुझिन्छ ।

चूडामणि बन्धुका अनुसार - "मध्य नेपालका गण्डकी, लुम्बिनी र धौलागिरिमा प्रचलित र ज्यादै लोकप्रिय सालैजो भाकाका विविध रूप छन् । यो एक्लै र दोहोरीका रूपमा पनि गाइन्छ । सामूहिक रूपमा गाउँदा महिलाहरूको समूहले बीचबीचमा टुक्का पनि दोहोऱ्याउने गर्दछन् । यो लामो र छोटो दुबैथरी भाकामा गाइन्छ /गाउँदछन् भन्दै पहाडी क्षेत्र गलकोटमा (बाग्लुङमा हुनुपर्छ - बन्धु) र अन्यत्र गाउने भनी न्यौपाने (१६७) र थापा (२०५१, ८१) का उदाहरण उल्लेख गरेका छन् (बन्धु, २०५८, पृ.१४४ - ४५) । यस कथनका आधारमा 'सालैजो' भाकाको उद्गमस्थल गण्डकी, लुम्बिनी र धौलागिरिअन्तर्गत नै पर्दछ र गुल्मी पनि यसै क्षेत्रभित्र पर्दछ ।

यस लेखको विवेच्य विषय 'जो मामै' गीत हो । यो गीत हरेक वर्ष बडादसैंका नवरात्रिमध्ये विशेषतः कालरात्रिका दिन साँझ वा रातिका समयमा नवयुवतीहरू दुई समूहमा बाँडिएर गाउँथे, नाच्थे । मैले त्यो गीत / नाच, गाएको र नाचेको बाल्यकालमा देखेसुनेको थिएँ । अहिले भने त्यसरी गाएको/नाचेको देख्न पाइँदैन । यो झैँ अन्य कैयौं गीत र नाचहरू सायद लोपोन्मुख अवस्थामा छन्, जुन नेपाली लोकसाहित्य तथा नेपाली भाषा र साहित्यको श्रीवृद्धिका लागि दुःखको कुरो हो ।

केशरजङ्ग बराल मगरकृत पाल्पा, तनहूँ र स्याङ्जाका मगरहरूको संस्कृति (२०६८) परिशिष्ट - मा 'जिवैमामा' शीर्षकको गीत छ । त्यस गीतमा मगरजातिमा प्रचलित विवाहको विषय उल्लेख छ । गीतअनुसार केटापक्षका मानिसहरू केटीका घरमा गई केटीका बाबुलाई भेटेर तिम्री शिला नामकी छोरी विवाह गर्न लेऊ । हामीले विवाह गर्न आउँदा सुँगुरका साप्रा, हण्डा (घ्याम्पो) कोदो, करचुलो, गाग्री, ताउलो, कोलु, तोरी, चौथाइ, मासै, झोता, रूपियाँ, ठेकी, गुनिया आदि विवाहमा आवश्यक पर्ने सामान ल्याउनेछौं भन्छन् । केटीका बाबुले वा बाबुपक्षकाले छोरी सानै छ दिन्नौं भन्छन् । केटापक्षकाले तिम्री छोरी (दुलही) पुतलीझैँ राम्री छन् । हाम्रा छोरा पनि चन्द्रमा र शुक्रझैँ उज्याला छन् भनेपछि केटीपक्षकाले/बाबुले तिमीहरूको दुलाहा झाँसे, माउखानेजस्तो छ भनी आरोप लगाउँछन् र छोरी दिन्नौं लुकाएर राख्छौं भनेपछि पुनः केटापक्षकाले तिम्री छोरी पँधेरामा, वनमा जहाँ गए पनि खोजेर, चोरेर लैजान्छौं भन्छन् । बाबुले पुनः आरीमा लुकाउँछौं भनेपछि केटापक्षकाले पुनः जहाँ भए पनि खोजेर, चोरेर लैजान्छौं भन्छन् । बाबुले पुनःभँडारमा लुकाउँछौं भनेपछि गीत टुङ्गिएको छ (बराल मगर, २०६८, पृ.२२५ - २२८) ।

यसरी यस गीतमा केटापक्षकाले छोरी मागेको र केटीपक्षकाले छोरी नदिएको अभिप्राय छ । यो नेपाली लोकगीतमा पाइने दोहोरी भाकामा गाइएको छ । संवादात्मक शैलीमा संरचित छ । केटापक्षकाका १४ फाँकी (गेडा) र ४२ पङ्क्ति तथा केटीपक्षका १५फाँकी (गेडा) र ४५ पङ्क्ति गरी जम्मा २९ फाँकी र ८७ पङ्क्तिमा संरचित छ । केटा र केटी दुबै पक्षकाले मिलेर गाउँदछन् भन्ने गीत सङ्कलकको कथन छ र त्यस्तै देखिन्छ पनि ।

विवेच्य विषय 'जो मामै' गीत हो । हाल यो गीत उपलब्ध भयो । दसैँका बेलामा दिदीहरू घरमा आएको बेला थियो । अनायास पहिलेपहिले त दसैँका नवरात्रिका दिनहरूमा बेलुकीबेलुकीका समयमा 'जो मामै' गीत गाइन्थ्यो/नाचिन्थ्यो भन्ने कुरा चल्यो । त्यत्तिकैमा ठूली दिदीले त खुरूखुरू गीतै गाउन पो थाल्नुभयो र पूरै गीत सुनाउनुभयो । गीतको सन्दर्भ/ प्रसङ्ग/ अर्थ पनि सबै भन्नुभयो । हामी गीत सुन्नेहरू जति (अरू दिदीहरू र घरपरिबारका सदस्यहरू सबै) थियौं, दङ्ग पनि पऱ्यौं, गीत सुनेर खुसी पनि भयौं र रमाइलो पनि भयो । पछि त्यही गीत दिदीलाई ठूलै समूह बनाएर गाउन र नाच्न लगाएँ र अर्थसहित लिपिबद्ध गरेँ । गीत यस्तो छ :

## जो मामै गीत

केटापक्ष (भान्जा) : जो मामै ! जो मामै ! तिमरी शिलकन्ने (कन्या) बिहे गर्न लेऊ,

केटीपक्ष (मामा) : बल भान्जै ! बल भान्जै ! हामरी शिलकन्ने गरिभैमा छन् (छिन्),

केटापक्ष (भान्जा) : जो मामै जो मामै तिमरी शिलकन्ने गरिभैमा भए पनि बिहे गर्न लेऊ,

केटीपक्ष (मामा) : बल भान्जै बल भान्जै हामरी शिलकन्ने एकु वर्षकी छन्,

केटापक्ष (भान्जा):जो मामै जो मामै तिमरी शिलकन्ने एकु वर्षकी भए पनि बिहे गर्न लेऊ,

केटीपक्ष (मामा): बल भान्जै बल भान्जै हामरी शिलकन्ने (कन्या) दुबै वर्षकी छन्,

केटापक्ष (भान्जा):जो मामै जो मामै तिमरी शिलकन्ने दुबै वर्षकी भए पनि बिहे गर्न लेऊ,

केटीपक्ष (मामा): बल भान्जै बल भान्जै हामरी शिलकन्ने (कन्या) तीनै वर्षकी छन्,

केटापक्ष (भान्जा) : जो मामै जो मामै तिमरी शिलकन्ने तीनै वर्षकी भए पनि बिहे गर्न लेऊ,

केटीपक्ष (मामा) : बल भान्जै बल भान्जै हामरी शिलकन्ने (कन्या) चारै वर्षकी छन्,

केटापक्ष (भान्जा) : जो मामै जो मामै तिमरी शिलकन्ने चारै वर्षकी भए पनि बिहे गर्न लेऊ,

केटीपक्ष (मामा) : बल भान्जै बल भान्जै हामरी शिलकन्ने पाँचै वर्षकी छन्,

केटापक्ष (भान्जा) : जो मामै जो मामै तिमरी शिलकन्ने पाँचै वर्षकी भए पनि बिहे गर्न लेऊ,

केटीपक्ष (मामा): बल भान्जै बल भान्जै हामरी शिलकन्ने (कन्या) छवै वर्षकी छन्,

केटापक्ष (भान्जा) : जो मामै जो मामै तिमरी शिलकन्ने छवै वर्षकी भए पनि बिहे गर्न लेऊ,

केटीपक्ष (मामा) : बल भान्जै बल भान्जै हामरी शिलकन्ने (कन्या) सातै वर्षकी छन्,

केटापक्ष (भान्जा) : जो मामै जो मामै तिमरी शिलकन्ने सातै वर्षकी भए पनि बिहे गर्न लेऊ,

केटीपक्ष (मामा) : बल भान्जै बल भान्जै हामरी शिलकन्ने (कन्या) आठै वर्षकी छन्,

केटापक्ष (भान्जा) : जो मामै जो मामै तिमरी शिलकन्ने आठै वर्षकी भए पनि बिहे गर्न लेऊ,

केटीपक्ष (मामा) : बल भान्जै बल भान्जै हामरी शिलकन्ने (कन्या) नवै वर्षकी छन्,

केटापक्ष (भान्जा) :जो मामै जो मामै तिमरी शिलकन्ने नवै वर्षकी भए पनि बिहे गर्न लेऊ,

केटीपक्ष (मामा) : बल भान्जै बल भान्जै लतारिर र रूवाइर नलैजाऊ,

ललाईफकाई खुसी राजीले लैजाऊ, खुसी बनाई लैजाऊ, खुसी बनाई लैजाऊ ।

*(स्रोत : गुल्मी, सत्यवती गा. पा. - २, पहाँदी (कठानी) घर भई हाल रूपन्देहीको तिलोत्तमा न. पा. वडा नं. - ३, मणिग्राम बस्ने चन्द्रकला अर्याल (पाण्डे) ।*

**सामूहिक रूपमा नाच्दै र गाउँदै गरेका तस्बीरहरू**







## गीतको विश्लेषण

नेपाली समाजमा मामाकी छोरी बिहे गर्ने प्रचलन मगर जातिमा र अरू कुनैकुनै जातिमा पनि पहिले भएको र अहिले पनि कतैकतै रहेको पाइन्छ । गुल्मी र पश्चिम स्याङ्जामा गाउँदै आइएको प्रस्तुत गीतको भाषा पनि जाति अनुकूल छ । गीतमा भान्जा पक्षकाले मामासँग तपाईंकी शील – स्वभावयुक्त छोरी दिनुहोस् भनेका छन् । मामा पक्षकाले पहिला हाम्री छोरी गर्भैमा छन् के दिऊँ भन्छन् । पछि जब छोरी जन्मेर क्रमशः १, २, ३, ४, ५ ६, ७, ८ हुँदै ९ वर्षकी किशोरी हुन्छिन् तब मामाले भान्जालाई छोरी लाने नै हो भने बलजफ्ती नलैजाऊ, खुसी बनाएर लैजाऊ भनेका छन् । यत्तिकैमा गीत अन्त्य हुन्छ ।

गीत जम्मा १३ फाँकी र २३ पङ्क्तिमा संरचित छ । गीतमा संवादात्मक शैली छ । नेपाली समाजको ठुलै जनसङ्ख्यामा रहेको मगरजातिको जातीय परम्परालाई प्रस्तुत गरेको छ । हिन्दू संस्कारअनुसार प्राचीनकालदेखि नै रजस्वला हुनुअघि कन्यादान दिने चलन रहेको पाइन्छ । तदनुरूप यस गीतमा हिन्दुधर्मानुसारकै रीतअनुसार रजस्वला हुनुअघि ९ वर्षको उमेर पुगेपछि भान्जालाई छोरी दिन मामा सहमत भएको देखिन्छ । यसले पनि प्राचीन कालमा रजस्वलाअघि नै कन्या दिने चलन थियो भन्ने पुष्टि गर्दछ । यसले हिन्दू संस्कारको एउटा महत्त्वपूर्ण पक्षलाई उद्घाटन गरेको छ । २०७२ को नेपालको संविधान र ऐन – कानुनअनुसार २० वर्ष पुगेपछि मात्रै छोरीमान्छेको बिहे गर्ने कानुनी अधिकार प्राप्त गर्नुले भने प्राचीन कालदेखिकै हिन्दूसंस्कारलाई अस्वीकार गरेको देखिन्छ ।

केशरजङ्ग बराल मगर भन्छन् मगरजातिमा दिदीबैनीका छोरालाई वा भानिजलाई छोरी दिने तथा मामाकी छोरी विवाह गर्ने चलन छ । यसलाई "मामाचेली र फुपू चेला" भन्दछन् । नेपालको उत्तरी भेगमा कसैकसैले त फुपूकी छोरी पनि विवाह गर्ने गर्दछन् तर स्याङ्जा, पाल्पा र तनहूँका मगरहरूमा भने यस्तो चलन पाइँदैन । यी ठाउँमा त "मामाचेली र फुपू चेला"को विवाहप्रथालाई पनि हतोत्साहित गरेको पाइन्छ । कसैले फुपूकी छोरीसँग अनैतिक सम्बन्ध राखेमा उसले कडा सजायँ भोग्नुपर्दछ र मामाभान्जी दुबै मुग्लान पस्नुपर्दछ । मामाकी छोरीलाई भने "बाटाकी साली" भन्ने गर्दछन् । पहिलेपहिले "बाटाकी साली"लाई हक लाग्छ भन्थे र मामाकी छोरी हुँदाहुँदै दिदीबहिनीका छोराले अन्यत्र विवाह गरेमा मामाहरूले बाटो बिराएको भनेर दण्ड दिने गर्दथे । पाल्पाका कुनैकुनै ठाउँमा अहिले पनि त्यसो गर्दछन् । मामाकी छोरी नभएमा मात्रै अन्यत्र विवाह गर्ने चलन पाइन्छ (बराल मगर, २०६८, पृ.६४) ।

तदनुरूप 'जो मामै' गीतको आशय पनि मगर जातिमा र अरू पनि कुनैकुनै जातिमा समेत मामाकी छोरी बिहे गर्ने प्रचलन पहिले थियो र अहिले पनि कतैकतै रहेको छ भन्ने कुरा देखिन्छ । गीतमा छोरी माग्ने वा छोरी माग्नेपक्षका मानिस सानो हुनुपर्छ भन्ने कुरा पनि देखाइएको छ । हाम्रो समाजमा भने अरू जातजातिमा यो कुरा मेल खाए पनि ब्राह्मण क्षेत्रीहरूमा त्यति मेल खाँदैन । उनीहरूमा मामाकी छोरी बिहे गर्ने प्रचलन त थिएन र छैन तर उनीहरू कसैकी छोरी माग्नुपूर्व वा पछि जुन समयमा पनि ठुलै हुन खोज्ने र गजधुम्म पर्न खोज्ने तथा ठालु बन्न खोज्ने प्रवृत्ति रहेको देखिन्छ ।

## गीतका विशेषता

यस गीतका विशेषताहरू यस प्रकार छन् :

(अ) ग्रामीण कथ्य भाषामा लोकसंस्कृतिको संरक्षण हुनु,

(आ) लोकभाका र शैलीमा लोकसंस्कृतिको संरक्षण हुनु,

(इ) मगर जातिमा (अरू पनि केही जातिमा) प्रचलित वैवाहिक प्रचलनको जानकारी गराउनु,

(ई) लोकगीत गायनसँगसँगै नृत्यका माध्यमले मनोरञ्जन प्रदान गर्नु

(उ) सहमतिको संस्कृतिलाई संवाहन गर्नु,

(ऊ) सरल, सरस र सहज भाषाशैलीको प्रयोग हुनु,

(ऋ) मगरजातिले बोल्ने भाषाको प्रभाव रहनु र गीतको रूपमा सबैबाट त्यही भाषा स्वीकार्य हुनु ।

## शब्द र अर्थ :

शील : राम्रो बानीबेहोरा, असल चालचलन, चरित्र, स्वाभाव, प्रकृति, अनुरक्त आदि अर्थ

कन्ने : कन्या

मामै : मामा

जो : ज्यू

वर्षे : वर्षकी

बल : एउटै बलोभित्रका, वंश, कुल परिवारभित्रका सदस्य

लतारी : लतारेर

रूवाइर : रुवाएर

बनाइ : बनाई, बनाएर

डेउ, देउ : लेऊ

## निष्कर्ष

गुल्मीमा लोकसाहित्यको शोधखोज, अध्ययन - अनुसन्धान र विश्लेषण गर्ने जुनसुकै अध्येता/अनुसन्धाता तथा लिखित साहित्यको उन्नतिमा योगदान पुऱ्याउने कवि, आख्यानकार, निबन्धकार, भाषाविद् वा भाषावैज्ञानिक अध्येताहरू उल्लेखनीय नै रहेभएको जानकारी पाइन्छ । ती सबै पक्षलाई चिन्तन - मनन गर्दा गुल्मीका साहित्यकार र साहित्यको समग्र अध्ययन गरेर साहित्येतिहास लेखन भइनसकेको देखिन्छ । त्यसो गर्न सकेमा गुल्मीको लोकसाहित्य र लिखित साहित्यको तस्वीर पाठकसमक्ष आउने थियो । प्रस्तुत लेख त विषयगत स्वभावअनुसार गुल्मीबाट साहित्यले पाएको ऊर्जा र लोकसाहित्यिक पृष्ठभूमिको सन्दर्भगत सामान्य उल्लेखसहित शोधखोजका क्रममा उपलब्ध 'जो मामै' गीतको विवेचना गरेर लेखिएको छ । 'जो मामै' र 'जिवैमामा' गीतको तुलनात्मक सन्दर्भगत अध्ययन पनि गरिएको छ । दुबैमा विषयगत साम्यता रहेको कुरा उल्लेख गरिएको छ । 'जो मामै' नामक यस गीतमा नेपाली समाजको मगर समुदायमा पहिले मामाकी छोरी बिहे गर्ने प्रचलन रहेको र भानिजले मामासँग छोरी मागेको तथा मामाले भानिजलाई खुसी बनाएर लैजान अनुमति दिएको कुराको चर्चा गरिएको छ । मगर जातिमा दिदीबहिनीका छोराले दाजुभाइका छोरी अथवा मामाकी छोरी विवाह गर्ने प्रचलनले सांस्कृतिक विवेचनासहित लेख टुङ्ग्याइएको छ ।

## सन्दर्भग्रन्थसूची

अधिकारी, विश्वप्रेम (२०७१), आँधीखोले लोकसाहित्य : प्रस्तुति र विश्लेषण, दो.सं., प्रकाशक : विजयकुमार अधिकारी ।

आप्टे, वामन शिवराम (ई.२००७), संस्कृत हिन्दी शब्दकोश. पुनर्मुद्रण, दिल्ली : मोतीलाल बनारसीदास पब्लिशर्स, प्राइभेट लिमिटेड ।

पराजुली, कृष्णप्रसाद (२०५७), नेपाली लोकगीतको आलोक, काठमाडौं : वीणा प्रकाशन प्रा. लि. ।

पाठक, आर. सि. (ई.१९८२), भार्गवस् कनसाइज डिक्सनरी अङ्ग्रेजी भाषाको हिन्दी संस्करण, वाराणसी : भार्गव बुक डिपो ।

पोखरेल, बालकृष्ण र अरू (सम्पा.), नेपाली बृहत् शब्दकोश, काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

पौडेल, शिवप्रसाद (२०७९), गुल्मीको इतिहासमा रविलाल थापा, सङ्घर्ष र प्रेरणाका प्रतिमूर्ति रविलाल पल्लवी थापा स्मृतिग्रन्थ, सम्पा. बुद्धबहादुर थापा, बुटवल : रवि - पल्लवी प्रतिष्ठान, पृ.२५९) ।

बन्धु, चूडामणि (२०५८), नेपाली लोकसाहित्य, काठमाडौं : एकता बुक्स ।

बराल मगर, केशरजङ्ग (२०६८), पाल्पा, तनहुँ र स्याङ्जाका मगरहरूको संस्कृति, दोस्रो संस्करण, काठमाडौं : अस्मिता बुक्स पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स (प्रा.) लि. ।

शर्मा, जनकलाल (२०५२), जोसमनी सन्त परम्परा र साहित्य, दो. संस्क, साझा प्रकाशन ।

शर्मा, बाबू माधवप्रसाद (मिति नभएको) श्रीस्वस्थानी व्रतकथा, वाराणसी : बाबू माधवप्रसाद शर्मा ।

शर्मा, बालचन्द्र (२०३३ ).नेपालको ऐतिहासिक रूपरेखा, चतुर्थ संस्करण, वाराणसी : कृष्णकुमारीदेवी ।

……., अङ्ग्रेजी - नेपाली शब्दकोश..पृ. ५३१ ।

………, (२०५५), श्रीपञ्चरत्नगीता, पच्चीसौं संस्करण, गोरखपुर : गोविन्दभवन - कार्यालय, गीताप्रेस ।

ooo

# राम जन्मभूमि निरूपण (अयोध्यापुरी)

✍ **वेदप्रसाद पन्थ**
**छत्रकोट - ४, टारीखर्क, दिगाम, गुल्मी**
**हाल : चन्द्रागिरि न.पा. - ७, बाणस्थली**

'वेदोनारायणः साक्षात्' 'वेद' स्वयं नारायण भगवान्को रूप हो ।' अर्थात् 'वेद' नै ईश्वर हो । वेद सबै धर्म र शास्त्रको मूल हो । ज्ञान र विज्ञानका सबै कुराहरू वेदबाटै सिद्ध हुन्छन् । वेदमा जुन ज्ञान छैन त्यो ज्ञान यो संसारमै छैन । वेद नै शिव हो भने शिव नै वेद हो । 'वेद' स्वयं शिव भएकोले यो ज्ञान र विज्ञान दुबै कुराको समष्टिरूप हो । वेदको ज्ञानले संसार चिनाउनेमात्र होइन यसले त आत्मा र परमात्मालाई पनि चिनाउन सक्छ । जुन कुरा विज्ञानबाट कदापि सम्भव हुँदैन । यसरी 'वेद' नै ज्ञान र विज्ञानको मुहान हो भन्ने कुरा सिद्ध हुन आउँछ । त्यसैले वेदको अनुसरण गर्नु वैदिक सनातन – धर्मावलम्बीहरूको मात्र कर्तव्य नभई अपितु संसारका सबै मानिसहरूको कर्तव्य हो ।

यही कुरालाई मनन गरेर आज विश्वका अति विकसित मुलुकहरू जापान, जर्मन, फ्रान्स, रूस र अमेरिका र चीनले पनि पूर्वीय आर्यग्रन्थहरू वेद, गीता, रामायण, महाभारत पुराण आदि हिन्दू धर्मिक ग्रन्थहरूको अध्ययन अध्यापन गर्न संस्कृतभाषाका महाविद्यालयहरू स्थापना गरेर आफ्ना सन्ततिलाई पढाउनुको साथै संसारमै सबभन्दा बढी अर्थात् करीब अढाइ करोडभन्दा बढी परिमार्जित शब्द भण्डार भएको भाषा हुनाले यही संस्कृत भाषामा निकट भविष्यमै कम्प्यूटर पनि बनाउँदै छन् ।

करोडौं वर्ष अगाडिदेखि संसारमा प्रचलित सृष्टिको आदि ग्रन्थ वेद र वेदले निर्देश गरेको धर्म वैदिक सनातनधर्मलाई अहिले हिँजो करीब २००० वर्षदेखि यता जन्मेका नवोदित धर्महरूले वैदिक सनातनधर्मको विरोध गर्दै अनर्गल प्रचारमा लागिरहेका छन् । अझ भन्ने हो भने शाम, दाम, दण्ड र भेदको नीति लिएर अगाडि बढिरहेका छन् । त्यसैले अहिले धर्मको नाममा अधर्म गर्नेहरूको संख्या निकै बढेको छ ।

संसारमा भएको अत्यधिक जनसंख्याको वृद्धि, वैदिक सनातनधर्ममा आएको विकृति र वातावरणीय प्रदूषणले गर्दा संसारका मानिसको जीवन पनि निकै तनावपूर्ण हुन गएको हुनाले संसार विनाशको मार्गतिर दौडिरहेको छ भन्न सजिलै सकिन्छ । यस्तो अवस्था सृजना भएपछि भगवान् श्रीकृष्णले गीताको अध्याय ४ श्लोक ७ मा भन्नुभएको छ –

**यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारत ।**
**अभ्युत्थानमधर्मस्य तदात्मानं सृजाम्यहम् ।।**

अर्थात् जब जब पृथ्वीमा वैदिक सनातनधर्मको विनाश भएर संसारका मानिसको जनजीवन नै अस्तव्यस्त हुन थाल्छ त्यस्तो अवस्थामा अधर्मको विनाश र धर्मको उत्थानको लागि म नयाँ अवतार लिएर आउँछु भन्नुभएको छ । हाम्रो वैदिक इतिहासले बताएअनुसार पृथ्वीमा अधर्मीहरूको बिगबिगी भएपछि भगवान् कृष्णले विभिन्न कालखण्डमा लिँदै आएका ९ नौ अवतार र ती अवतार लिएको समयमा गरेको कामको इतिहास हामीले जानिसकेका छौं । यसैगरी अब हुने कल्की अवतारबाट वर्तमान युगमा जन्मेका धर्मको नामका कलङ्कहरू सबै मासिने छन् ।

वास्तवमा भगवान् निर्गुण, निराकार, निरङ्कुश, परब्रह्म, सर्वव्यापी परमात्मा हुनुहुन्छ । उहाँले आफ्नो सृष्टिमा विकार आउन थालेपछि विभिन्न युगमा सगुण, साकार रूप लिएर आई संसारमा भएका विकार र मयल जति धोएर छोड्नुहुन्छ । त्यसरी अवतार लिने क्रममा त्रेतायुगमा भगवान् रामको नामबाट यही भारतवर्ष भित्रै अवतरित भएर थुप्रै काम गरेर जानुभएको इतिहास सबैले जानेका छौं । भगवान्ले अवतार लिएको ठाउँलाई वेदले बताएअनुसार महान् तीर्थको रूपमा मानेर वर्षैपिच्छे तीर्थयात्रा गर्ने प्रचलन छ ।

हामीले यहाँ यस लेख मार्फत त्रेता युगमा सगुण साकार रूपमा प्रकट हुनुभएका भगवान् रामको जन्मभूमि अयोध्यापुरी कुन ठाउँमा हो भन्ने कुरा विभिन्न ग्रन्थमा उल्लेख भएका प्रमाणहरूको आधारमा सबैको जानकारीको लागि प्रस्तुत गरेका छौं । सर्वप्रथम अयोध्या महात्म्यको अध्याय १ श्लोक १७ मा लेखिएको कुरा यहाँ प्रस्तुत गरिन्छ –

**किदृशीसा सदा मेध्याऽयोध्या विष्णुप्रिया पुरी ।**
**आद्या सा गीयते वेदे पुरीणां मुक्तिदायिका ।।**

अर्थात् – यो विष्णुप्रिया अयोध्यापुरीलाई विश्वकै प्रथम ग्रन्थ वेदले संसारमा भएका सबै मुक्तिदायी तीर्थहरूमा प्रथम धार्मिक तथा पुण्यमयी तीर्थ हो भनेर वर्णन गरेको छ ।

## राम, सीता र रावणको जन्मभूमि

रामायण भन्नेबित्तिकै रावणको चरित्र जोडिएर आउँछ । सीता, राम र रावणको कथा र परिचय नै रामायण हो । रावणको जन्म नेपालमै बाग्लुङ जिल्लाको पुलस्त्य आश्रम हाल (पुलहाश्रम) मा पुलस्त्य ऋषिका छोरा विश्रवा र उनकी पत्नी "सुमालि (जसलाई माल्यवान् पनि भनिन्छ)"की छोरी कैकसीबाट भएको

थियो । आफ्ना हजुरबुबा (ब्रह्माका छोरा पुलस्त्य)सँग शिक्षादीक्षा पाएका रावणका ग्रहहरू अति उच्चस्थानमा भएकोले सानै उमेरमा घर छोडी हिँडेका थिए । घुम्दै काठमाडौं पुगेका रावणले गोकर्णेश्वर नजिकैको गुफामा शिवको तपस्या गरेर शिवबाट वरदान पाएपछि सर्वशक्तिमान् भएर श्रीलङ्काको राजा बने । रावणको विवाह मन्दोदरीसँग भएको थियो र उनका इन्द्रजितजस्ता वीर छोरा पनि भएका थिए ।

यो श्रीलङ्कामा उनका पिता विश्रवाले आफ्नी धर्मपत्नी (भरद्वाज पुत्री) विन्दुवती तर्फका छोरा कुवेरलाई राज्य गर्ने अधिकार दिएर पठाएका थिए । ब्रह्माका पनाति कुवेर पनि अत्यन्त कुशल र ज्ञानी भएका हुनाले स्वयं ब्रह्माले पुष्पक विमान दिएका थिए । विश्वकर्माद्वारा निर्मित श्रीलङ्का शहर निकै सुन्दर पनि थियो । रावणले शाम दाम दण्ड भेदको नीति अपनाएर आफ्नो सौतेनी आमातिरका दाजु कुवेरको राज्य जबर्जस्ती हड्पेको थियो । कुवेरले आफूले भगडा नगरीकनै राज्य सुंपेको र धनको मालिक पनि भएका कारण ब्रह्माले स्वर्गमै अलकापुरी शहर निर्माण गरी त्यहाँको राजा बनाई राखेका थिए ।

"बृहद् विष्णुपुराणको मिथिला माहात्म्यमा" उल्लेख भएअनुसार सीताजीको जन्मकथा र स्थानको विवरण यसप्रकार छ : । रावणले तीनै लोकको मालिक हुने सपना देखेर काम गरिहेका थिए । यिनी राक्षसी चरित्रका निकै क्रूर शासक थिए र वैदिक सनातनधर्मीहरूलाई आफ्नो कर्म गर्नबाट वञ्चित गराउने र ऋषि महर्षिहरूबाट पनि जबर्दस्त कर उठाउने गर्न थाले । कर उठाउने क्रममा वनमा तपस्या गरी बसेका तपसीहरूलाई पनि कर तिर्न बाध्य पारेकोले उनीहरू सबैले आ–आफ्नो रगत निकालेर एउटा करण्डिका (सानो माटाको भाँडो वा मटुलो) भरी रावणका दूतहरूलाई बुझाउँदै भनेका थिए कि यो करण्डिका जुन देशमा रहन्छ । लामो समयसम्म त्यहाँ वर्षा नै नभएर सम्पूर्ण प्राणीहरूको जीवनचर्या अस्तव्यस्त भएर जानेछ ।

ऋषिहरूले यो कुरा रावणलाई पनि सुनाउनु भनेर दिएको हुँदा दूतहरूले उक्त करण्डिका रावणलाई बुझाउने समयमा यो कुरा पनि सुनाएका थिए । यो अपशकुनी कुरा सुनेपछि रावणले ती दूतहरूलाई उक्त करण्डिका कुनै टाढाको देशमा लगेर छोड्नू भनेर पुष्पक विमानमै पठायो । नेपाल देशलाई त्यस समयमा तपोवन नामले चिनिन्थ्यो । त्यहाँका तत्कालीन राजा जनकको राज्यमा पुऱ्याई राता रात भूमिमै खाल्टोमा पुरी छोडेर फर्केका थिए ।

त्यसपछि जनकपुरका सबै काम र कुरामा अपशकुनमात्र देखिन थाल्यो र धेरै वर्षसम्म वर्षा नभएर जनजीवन पनि अस्तव्यस्त भएपछि राजा जनकले याज्ञवल्क्यलगायतका ऋषि महर्षिहरू र विदुषीहरूसमेतको विद्वत्सभा बोलाएर छलफल गर्दा वर्षा गराउनको लागि सबैको सहमतिमा राजारानी नै मूलकर्ता

बनेर परमात्मासहित इन्द्रादि देवताहरू खुशी हुने महायज्ञ गर्ने र यज्ञ पूर्ण भएपछि यज्ञमण्डपमा मूल कर्ताले नै सुनको फाली भएको हलोले जोतेपछि सबै कुरा राम्रो हुन्छ भन्ने कुरा गरेर यज्ञ गर्ने स्थल र समय पनि निर्धारण गरे । यज्ञ सामग्री जुटाएर पूर्व निर्धारित समयमा यज्ञ सम्पन्न गरी राजा र रानी दुबैले सेता गोरु नारेर सुनको फाली भएको हलो जोत्न शुरू गर्दा पहिलो सियोमा नै हलोको फाली पहिले नै रावणका दूतहरूले गाडेर छोडेको करण्डिकामा गएर ठोकियो । त्यसैबाट एउटी बत्तीस लक्षणले युक्त पूर्ण चन्द्रमाजस्ती बालिका प्राप्त भइन् । यी बालिकालाई राजा जनकले रानी सुनयनालाई जिम्मा दिएर दरबारमै हुर्काए ।

एकदिन नारद मुनि आएर राजा जनकलाई भनेका थिए – यी बालिका साक्षात् आदिशक्ति जगत्जननीको रूपमा अवतरित भएकी छन् । यिनको नाम सीता हुनेछ । सीता वा सियोमा प्राप्त भएकी हुँदा सिया, जमिनबाट निक्लेकी हुँदा वैदेही र मिथिला राज्यमा उत्पत्ति भएकी हुँदा मैथिली पनि हुनेछ । यिनी सर्वशक्तिसम्पन्न लक्ष्मी हुनेछन् । यिनले राजकुलको कीर्ति बढाउने छिन् । यिनको विवाह भगवान् रामसँग हुनेछ । महाराज तपाईंले धनुष यज्ञ लगाई धनुमा ताँदो चढाउन सक्नेसँग मात्र सीताको स्वयम्वर हुनेछ भन्ने उर्दी जारी गर्नुहोला । यति भनेर नारदजी बिदा हुनुभएको थियो ।

सीताले पाँच वर्षकै उमेरमा राजाले बाहेक अरू कसैले चलाउन नसक्ने शिवधनु सारेर पूजाकोठी सफाइ गरेको देखी राजा जनक चकित भएका थिए । उनी बढ्दै गएपछि राजा जनकले उनको स्वयम्वरको लागि धनुषयज्ञको आयोजना गरेर संसारका सबै राजाहरूसँग खबर पुऱ्याए । स्वयम्बरमा उपस्थित सबै राजाहरू धनुमा तादो चढाउन असफल भएपछि अन्तमा भगवान् रामले शिवधनुमा ताँदो चढाउन सफल हुनुभयो । त्यो धनु भाँचिएर दुई टुक्रा पनि भयो । सबै देवगण र मनुष्यगणको हर्षको सीमा रहेन । आकाशबाट पनि भारी पुष्पवृष्टि भयो । अर्कोतर्फ धनु भाँचिएको कुरा थाहा पाएर पर्शुरामले मैले राजा देवरातलाई राख्न दिएको शिवधनु कसले तोडेको हो भन्दै विवाद गर्न आए पनि पछि श्रीरामलाई चिनेपछि शरणमा परी गएको प्रसङ्ग पनि अत्यन्त रोचक छ । यसपछि सीताले रामलाई स्वयम्बर (विजय) माला लगाइदिएकी थिइन् । यही मण्डपमा शिरध्वज (जनक) की छोरी सीता र शिरध्वजका भाइ कुशध्वजका छोरी, सीताका बहिनीहरू मान्डवी, उर्मिला र श्रुतकीर्तिसँग रामका भाइहरू क्रमशः भरत, लक्ष्मण र शत्रुध्नको स्वयंवर पनि यही मार्गशीर्ष शुक्लपञ्चमीका दिन भव्य वैवाहिक उत्सवका साथ सम्पन्न भएको थियो ।

हाम्रो देशको पूर्व, पश्चिम र दक्षिण तीनैतर्फ सीमा जोडिएको अत्यन्त नजिकको छिमेकी देश भारत हो । तर यसले कूटनैतिक मर्यादा विपरीत नेपाललाई हेप्ने र

यहाँका आर्थिक, धार्मिक र साँस्कृतिक सम्पदासमेतमा हस्तक्षेप गर्ने गरिरहेको छ । जस्तै वर्तमान समयमा रूपन्देही जिल्लाको लुम्बिनीमा भगवान् बुद्धको जन्म भएको कुरा संसारका सबै देशका बुद्धमार्गीहरूले स्वीकार गरेर यसैलाई पवित्र तीर्थभूमि मानी वर्षेनी तीर्थयात्रामा आउने र आ–आफ्ना देशको पहिचान झल्कने गरी बुद्ध स्तूपहरूसहित अनेक संरचना पनि निर्माण गरिरहेका छन् । भारतले पनि यहाँ एउटा स्तूप निर्माण गरेको छ । तर पनि लुम्बिनीदेखि तल सीमापारी आफ्नो भूमि पिपर्हवा भन्ने स्थानमा बुद्धको जन्मभूमि यहीं हो भनेर विभिन्न संरचना निर्माण गरिरहेको छ । यो सरासर झूट कुरा हो भन्ने जानेर कुनै पनि देशले विश्वास भने गरेका छैनन् ।

त्यसैगरी सन् १९५३ मे २९ मा संसारको सर्वोच्च शिखर सगरमाथामा चढ्ने प्रथम व्यक्ति नेपाली नागरिक तेञ्जिङ नोर्गे सेर्पा र न्यूजिलैण्डका नागरिक एडमण्ड हिलारी हुन् । यी दुईले उक्त दिन नेपाल र न्यूजिलैण्डका झण्डाहरू सगरमाथाको शिखरमा प्रथम पटक फहराएका थिए । सगरमाथा चढेपछि यो सगरमाथा शिखरमा पहिलो पटक आरोहण गर्ने नागरिक भारतकै हो भन्ने इतिहास रच्नको लागि भारतले नेपाली नागरिक तेञ्जिङ नोर्गे सेर्पालाई बोलाई दार्जिलिङ्मा पर्वतारोहणसम्बन्धी शिक्षण सँस्था स्थापना गरेर त्यहीं सँस्थाको प्रमुख प्रशिक्षक बनाई नागरिकतासमेत दिएर राखेको हो ।

यी दुई उदाहरण पछिल्ला हुन् भने धेरै पहिले देखि नै नेपालको चितवन जिल्लामा रहेको भगवान् रामको जन्मभूमि अयोध्यापुरीको नक्कल गरी दिल्लीको नजिकै फैजावादमा कृत्रिम अयोध्यापुरी बनाएर धार्मिक पर्यटनको विकास गरिरहेको रहेछ । यो अयोध्यापुरी नेपालकै चितवन जिल्लामा हो भन्ने कुरा स्कन्दपुराणलगायतका पुराणहरूसमेतमा उल्लेख भएका थुप्रै प्रमाणहरू छन् । ती प्रमाणहरूमध्ये केही प्रमाणहरू मात्र यस लेखमा निम्न अनुसार लेखी प्रस्तुत गरिएको छ ।

जब नेपालका तत्कालीन प्रधानमन्त्री के.पी.शर्मा ओलीले रामको जन्मभूमि चितवन जिल्लाकै माडीमा हो भनेर ठोकुवा गरी राम, सीता, लक्ष्मण र हनुमान्समेतको शालिक बनाएर २०७७ सालको राम नवमीका दिन रथयात्रा गरी अयोध्यापुरीका स्थानीय मानिसले ९ दिनमै निर्माण गरेको ऐतिहासिक राम मन्दिरमा स्थापना गरेका थिए । त्यसपछि भारत चिन्तित बनेर भारतीय सरकारको तर्फबाट तुरून्तै त्यहाँको अयोध्यापुरीमा उत्खनन गरी अनुसन्धान गर्ने काम गऱ्यो । तर रामसँग सम्बन्धित कुनै पनि प्रमाण भेटिएनन् । बरू बुद्धको दुई हजार वर्ष पुरानो शालिक भेटियो भन्ने सुनिन्छ । त्यसपछि भारत सरकार चुप लागेर बसेको छ र अहिले आएर कतिपय भारतीय पत्रकारहरूले पनि रामको जन्मभूमि नेपालमै हो भन्न थालेका छन् ।

चितवनको माडी अयोध्यापुरीमा रातीमा बत्ती बल्ने गरेको ठाउँमा त्यहाँका स्थानीयले उत्खनन गरेर हेर्दा भगवान् रामको नाम अङ्कित भएका थुप्रै इटा र केही सिक्का पनि भेटिए । त्यहाँका मानिसको भनाइअनुसार केही इटा पवित्र मानेर कतिपय धार्मिक व्यक्तिले उठाएर पनि लगेछन् । त्यसपछि रोकेर त्यहीं सुरक्षित गरी राखिएको छ । त्यसैगरी रामको नाम अङ्कित भएका सिक्काहरू भेटिएका छन् । ती सिक्काहरू अयोध्यापुरीकै कान्तिपुर भन्ने ठाउँमा 'गोपी गायक' नामका व्यक्तिको घरमा भेटिएका छन् र त्यहीँ नै सुरक्षित गरी राखिएका छन् । त्यसै गरी दक्षिणतर्फ जङ्गलका बीच पहाडको चट्टानमा एउटा मूर्ति छ त्यो मूर्ति पनि रामकै हुनसक्छ भनेका छन् । अप्ठ्यारो ठाउँमा रहेकोले झिक्ने काम भने भएको छैन । यहाँ उत्खनन र अनुसन्धान गर्नुपर्ने धेरै काम बाँकी छ । तर सरकारमा बस्नेहरू विदेशीको दलाली गर्ने र उनैको धर्म र संस्कृतिका अनुयायी भएकोले यस कामलाई महत्त्व दिएका छैनन् । हामीले विभिन्न ग्रन्थ पढ्ने र भ्रमण गर्ने गरेर रामको समयका अरू प्रशस्त प्रमाणहरू पनि प्राप्त गरेका छौं । जस्तै :– अयोध्यालाई वराहपुराणको १४४ औं अध्यायको २९ औं श्लोकमा **शालिग्रामगिरिर्विष्णुरहं सोमेश्वराभिधः** अर्थात् भगवान् विष्णुको शालिग्रामसँग सम्बन्ध राख्ने पर्वत सोमेश्वर पर्वत हो । यो पर्वत माडीको अयोध्या पुरीमा छ । वाल्मीकि रामायण अयोध्या काण्डको ३४ औं सर्ग श्लोक ५६ मा उल्लेख छ– **मया निसृष्टां भरतो महीमिमां सशैलखण्डां सपुरां सकाननाम्**, अर्थात् मैले नै सृष्टि गरेको, चारैतिर पर्वत र घना जङ्गलले घेरिएको यो (अयोध्यापुरी) मा भरतले वंशको मर्यादा राखी शासन गरून् भनेका छन् । चितवन जिल्लाको माडीलाई चारैतिर पहाड र घना जङ्गलले घेरेको हुनाले नै यसलाई उपत्यका पनि भनिदै आएको पाइन्छ । फैजावादी अयोध्यापुरीलाई त्यस्ता पर्वत र जङ्गलले घेरेको छैन ।

भगवान् जहिले पनि प्राकृतिक छटाले सिँगारिएको भूमिमा अवतरित हुनुहुन्छ भनिएको छ । त्यस्तो जमिन चितवन माडीमै छ । पुराणमा वर्णित उत्तर वाहिनी सरयु, घाघ्रा र अनार नदीसँगै पूर्व दिशाबाट आउने रेवानदी यसलाई हिमनदी पनि भनिन्छ । किनकि यो नदी त्रेतायुगमा देवघाट जहाँ नौवटी नदी (गण्डकी) को सङ्गम भएको छ । त्यहाँबाट गण्डकीको एउटा भाग अलग भएर पहाडको काछैकाछ बग्दै पूर्वतर्फ गएर त्यहाँका अरू नदीहरूसमेत समेटी फर्केर पश्चिमतर्फ आई अयोध्यापुरी क्षेत्रमै सरयु र घाग्रासँग मिलेर त्रिवेणीधाम वनेको छ । यहीं चक्रतीर्थ पनि छ । हामीले यहींबाट प्रत्यक्षरूपमा शालिग्राम चक्र पनि प्राप्त गरेका छौं । यस कुरालाई अनेक सोधखोजले पुष्टि गरिरहेको छ । सरयु (रियु) लगायत अनेक उत्तरवाहिनी नदीहरू यहीं भूमिलाई उर्वरा गराउँदै बगिरहेका छन् ।

माडीको दक्षिणमा पूर्व पश्चिम भएर खडा भएको सोमेश्वर पर्वत छ । पश्चिमतर्फ महेन्द्र र नाग आदि पर्वत छन् । यहीं गोद्दकधाम, परशुरामकुण्ड, वैकुण्ठताल, बाँदरभुला, नातनचुली, पाण्डवमन्दिर, देवीकुटी, भर्तृहरिकुटी, सोमेश्वरकालिका, विक्रमबाबा, अमृतधारा (रामले पानी खाने गरेको धारा), सहस्रधारा, अमृतकुण्ड, शनिमन्दिर कुण्ड, रतिकुण्ड, सिद्धपीठ, शिव मन्दिर, गया कूप, भैरव क्षेत्र, माण्डव्य आश्रम र स्वर्गद्वार आदि धेरै महत्त्वपूर्ण स्थलहरूले माडी नै राम जन्मभूमि हो भन्ने सन्देश दिएका छन् ।

माडी अयोध्यापुरीमा रहेका यी गाउँहरूका नामले पनि राम जन्मभूमि माडीकै अयोध्यापुरीमा नै हो भन्ने कुरा पुष्टि हुन्छ – जस्तै रामराज्यपुर, भगवान्पुर, हनुमाननगर, सीतापुर, गणेशनगर, शिवद्वार, देवेन्द्रपुर, पाण्डवपुर, लक्ष्मीवास, हरिनगर, गोपालनगर, गौरीनगर, स्वर्णपुर, कीर्तनपुर, कल्याणपुर, शिवराजपुर र ब्रह्मपुर आदि ।

शास्त्रले उत्तरवाहिनी र पश्चिमवाहिनी नदीलाई पवित्र मानेको छ । यहाँ दक्षिणतिरबाट बगेर आउने (उत्तरवाहिनी) घाँघर (स्कन्द पुराणमा घाघ्रा भनिएको छ) र अनार नदी त्रिवेणीधामभन्दा पहिले नै मिलेर आई पूर्वतिरबाट आउने रेवा र दक्षिणतिरबाटै आउने उत्तरवाहिनी सरयु नदीसँग मिलेर त्रिवेणी सङ्गम (धाम) बनेको छ । यसरी यहाँ पूर्व र दक्षिणबाट आउने पवित्र नदीहरूको सुन्दर सङ्गम भएको छ र त्यहाँबाट पश्चिम दक्षिण हुँदै नारायणी नदीको त्रिवेणीधाम नेर मिल्न जान्छन् । यो विशाल र पवित्र माडी उपत्यका अनेक प्रकारका प्राकृतिक सुन्दरताले भरिपूर्ण छ । यहींबाट हिमालको मनोरम दृश्य पनि देख्नपाइन्छ । वरिपरि घना जङ्गल र पहाडले घेरिएको हुँदा यहाँको वातावरणीय अवस्था पनि अति स्वच्छ छ । यहाँका पहाडमा गुफाहरूसँगै मनोरम झर्नाहरू पनि देख्न पाइन्छ । वाल्मीकि रामायणले अयोध्यामा थुप्रै पहाड र गुफाहरू भएको वर्णन गरेको छ । भारतले भनेको फैजावादी अयोध्यापुरीमा पहाड र गुफाहरू कहाँ पाउनु ?

चितवनको अयोध्यापुरी नै भगवान् रामको जन्मभूमि हो । सात मोक्षदायी पुरीमध्ये अयोध्यालाई सर्वोच्च मानिन्छ । अयोध्याको बारेमा अथर्व वेदले भन्छ – अयोध्यापुरीमा आठ चक्र र नौ द्वार छन् । त्यहाँ स्वर्गको ज्योतिले आवृत्त हिरण्मय कोश पनि छ । 'ऋग्वेदमा उत्तर वाहिनी सरयु नदीको वर्णन चौथो, पाँचौं र दशौं मण्डलमा उल्लेख गरिएको छ ।

अयोध्या शब्दमा ब्रह्मा, विष्णु, महेश्वर तीनवटै देवताको प्रतिनिधित्त्व भएको शास्त्रीय कथन छ ।

**अकारोब्रह्मरूपश्च यकारोविष्णुरेव च ।**
**धकारोरुद्ररूपश्च अयोध्या नाम राजते ।।**

अकार ब्रह्माको रूप हो, यकार विष्णुको रूप हो, धकार महेश्वरको रूप हो । त्यसैले अयोध्या भन्ने नाम नै ब्रह्मा, विष्णु र महेश्वरको समष्टि रूप हो ।

पुराणहरूमा अयोध्यापुरीलाई अतिपवित्र शहर भनिएको छ भने भुशुण्डि रामायणमा अयोध्यापुरीलाई मुक्तिदायिनी क्षेत्र भनिएको छ ।

यही माडी उपत्यकामै पूर्व पश्चिम भएर खडा भएको सोमेश्वर पर्वत छ । यसै पर्वतमा असली सोमनाथ सोम लिङ्ग सत्ययुगदेखि नै स्थापित छ । तर हामी नेपालीहरू आफ्नो कान नछामेर कौवाका पछि गुजरात पुग्छौं ।

वराहपुराण १४४ औं अध्यायको १६ औं श्लोकमा भनिएको छ –

**सोमेश्वरेति प्रख्यातं गण्डक्याः पावने तटे ।**
**सोमेन तत्र संस्थाप्य स्व नाम्ना लिङ्गमुत्तमम् ।।**
**वर्षाणां तु सहस्रं वै स्वशापस्य निवृत्तये ।**

गण्डकीका पवित्र किनारमा अवस्थित सोमेश्वर नामले प्रसिद्ध पर्वतका शिखरमा चन्द्रमाको श्रापबाट निवृत्त हुनका लागि शिवले कठोर तपस्या गरी आफ्नै नामको शिवलिङ्ग स्थापना गर्नुभयो ।

यति धेरै शास्त्रीय प्रमाण हुँदाहुँदै पनि तिनको गहन अध्ययन मनन र अनुसन्धान नगरी कौवाकै पछि दगुर्नाले शास्त्रमा उल्लेख भएको चितवनको माडी क्षेत्रमा रहेको अयोध्यापुरी धाम पछाडि परेको रहेछ । अब सत्य कुराको खोज अनुसन्धान गरेर हामीले आफ्ना महत्त्वपूर्ण धाम र ऐतिहासिक स्थलहरूको प्रचार-प्रसार गरी संसारमा छरिएर रहेका अरवौं वैदिक सनातनधर्मीहरूको माझमा पुऱ्याउन सक्नुपर्छ ।

हाम्रो यात्रा – हामीहरू ओखलढुङ्गा जिल्लाको जन्म हाल भक्तपुर निवासी उद्धवकुार घिमिरे, पाल्पा जिल्लाको जन्म हाल काठमाडौं निवासी मेरी श्रीमती लक्ष्मी पन्थ र गुल्मी जिल्लाको जन्म हाल ऐ.निवासी म वेदप्रसाद पन्थसमेत तीन जना संवत् २०७९ । ०२ । २५ मा काठमाडौंदेखि चितवनको अयोध्यापुरी (धाम)तिर प्रस्थान गरी पहिलो दिन बाढी पहिरो र जामका कारण सायं कालमा चितवन अयोध्यापुरी पुगेको हुनाले कुनै कुरा बुझ्न र अवलोकन गर्न मिलेन । त्यस दिन नैना श्रेष्ठको होम स्टेमा बास मात्र बस्ने काम भयो ।

अयोध्यापुरीमा धार्मिक पर्यटनको विकास हुन थालेपछि आजसम्म दुईवटा गेष्ट हाउस र १४ वटा होम स्टे सञ्चालनमा आएका रहेछन् । हामीले नैना श्रेष्ठबाट पनि अयोध्यापुरीको विषयमा केही कुराहरू बुझ्ने अवसर पायौं । साँझको बसाइ र खाना पनि राम्रो भयो । अर्को दिन बिहान नित्य कर्मपछि तीनपाङ्ग्रे रिक्सामा

यात्रा गरी मन्दिर दर्शन गर्न गयौं । हामी जाँदा पुजारी बुद्धि कुइँकेलले पूजा गरिसक्नुभएको रहेछ । हामीलाई राम्रोसँग दर्शन गराउनुभयो । उहाँसँगबाट थुप्रै कुराहरू बुझ्ने अवसर मिल्यो । उहाँसँगै बसेका गोविन्द (दृष्टिविहीन) गुरुङ्गले पनि त्यहाँको बारेमा थुप्रै जानकारी गराउनुभयो । यसपछि पूजारीसँग पुस्तक आदानप्रदान गर्ने र फोटा पनि खिच्ने काम गरेपछि पूजारीले हाम्रो स्वागतमा चियापान पनि गराउनुभएको थियो ।

यी निम्न कथानक कुराहरूबाट पनि चितवनको माडी नै राम जन्मभूमि हो भन्ने कुरा स्पष्ट हुन्छ –

१) रामसीताको विवाहमा भारतको फैजाबादी अयोध्यापुरीबाट चार दिनमा जन्ती (पैदल, रथ, घोडा) हिँडेर जनकपुर आउने कुरा सम्भव नै हुँदैन । जन्ती चार दिनमा अयोध्यपुरीबाट जनकपुर पुगेको कुरा अध्यात्म रामायणमा उल्लेख गरेको छ ।

२) राजा दशरथ र श्रवणकुमारको प्रसङ्ग स्याङ्जाको अन्धाअन्धी ताल (सरोवर) सँग जोडिएको छ । राजा दशरथ फैजावादको अयोध्यापुरीबाट शिकार खेल्न स्याङ्जा आउने कुरा पनि असम्भव नै हुन्छ ।

३) लक्ष्मणले सीतालाई एक दिनमा वाल्मीकि आश्रम नजिकै पुऱ्याएर छोडेको कुरा वाल्मीकि रामायणमा उल्लेख छ । वाल्मीकि आश्रम चितवन जिल्लामै भएकोले भारतको फैजावादी अयोध्यापुरीबाट एकदिनमा आउने र जाने संभावना नै हुँदैन ।

४) शत्रुध्न एक दिनमा वाल्मीकि आश्रममा पुगी बास बसेर त्यसपछि आठ दिनमा मथुरा पुगेको भन्ने कुरा अध्यात्म रामायणमा उल्लेख छ । भारतको अयोध्यापुरी र वाल्मीकि आश्रम भन्ने कुराले कतै पनि मेल खाँदैन ।

५) राजा दशरथको पुत्रेष्टि यज्ञ गराउने ऋष्यशृङ्ग ऋषिको आश्रम चतराधाम र तपस्थल गुल्मीको रेसुङ्गा भएको र देवघाटमा आई दशरथको पुत्रेष्टि यज्ञ गराएको भन्ने कुराले पनि भारतको फैजावादसँग मेल खाँदैन ।

६) फैजावादको अयोध्यापुरीमा बग्ने सरयु नदी पश्चिमबाट पूर्व बग्छ भने स्कन्द महापुराणमा उल्लिखित चितवन माडीमा बग्ने सरयु नदी दक्षिणबाट उत्तर बग्दछ ।

७) स्कन्दपुराणमा मानसरोवरको जल सरयु नदीमा मिलेको कुरा छ । पहिले मुस्ताङ् जिल्लाको दामोदर कुण्डलाई मानसरोवर भन्ने गरेको कुरा त्यहींका

जानकारहरू बताउँछन् । त्यही सरोवरको जल (काक– खोलाको नामबाट) बग्दै आई गण्डकीमा मिलेर काकविनी तीर्थ बनेपछि काली (कृष्णा) गण्डकी रुरुक्षेत्र हुँदै देवघाटमा त्रीशूलीमा मिलेर नारायणी भई नेपालकै अयोध्यापुरीमा बग्ने उत्तरवाहिनी सरयु नदीमा त्रिवेणीधाममा पुगेर मिलेको प्रत्यक्ष देख्न पाइन्छ ।

८) राजा जनकको धनुष यज्ञमा उपस्थित हुने रामका गुरुकुलका सबै महर्षिहरू – वशिष्ठ, भरद्वाज, विश्वामित्र, वाल्मीकि आदिको तपस्थल नेपालमै हुनुले रामायणकालीन घटनाक्रम नेपालमै घटेका थिए भन्न सकिने संभावना छ ।

९) वाल्मीकि रामायणमा वर्णित भौगोलिक, साँस्कृतिक, ऐतिहासिक प्रमाणहरू सामान्य उत्खनन गर्दा भेटिएका रामराज्यकालीन सामानहरूका आधारहरूसँगै सीता नदी र पाँच पाण्डव क्षेत्र, द्रौपदी इनार, सोमेश्वरगढी क्षेत्र, छरछरे धाम आदि पाण्डवसँग समेत सम्बन्धित धेरै कुराहरू यहीं जोडिन आएको अवस्था छ । अतः यो भूमि राम जन्मभूमि मात्र नभई पाण्डवभूमि पनि हो भन्न सकिने आधार (प्रमाण)हरू पनि भेटिन थालेका छन् ।

१०) गुरु विश्वामित्र जनकपुर धनुष यज्ञको निमन्त्रणामा रामेछापदेखि आफ्ना दुई शिष्य राम र लक्ष्मणलाई लिएर जनकपुर जाने क्रममा, गौतम ऋषिको तपस्थल काभ्रे जिल्लाको पनौतीमा गौतमकै श्रापबाट शिला बनेर रहेकी अहल्याको उद्धार गरेर जानुभएको कुरा पुराणहरू र रामायणमा पनि उल्लेख गरेको पाइन्छ । यस कुराले पनि अयोध्यापुरी नेपालको चितवन जिल्लामै हो भन्ने कुरालाई पुष्टि गर्दछ ।

११) राम वनवास प्रस्थान गर्दा तमसा नदीको किनार हुँदै गुहको राज्यस्थलमा पुग्छन् । त्यहाँ गङ्गानदी (नारायणी) पार गर्ने क्रममा केवट निषाद राजासँग भेट हुन्छ, निषाद राजाको राज्य नेपालकै त्रिवेणी धाम वा नजिकैको भारतको भैसालोटन पनि हुनसक्छ । किनभने तमसा नदी वाल्मीकि आश्रम नजिकै बग्दछ । यस कुराले पनि भारतको अयोध्यापुरीबाट तमसा नदी र नारायणी नदी तरेर चित्रकूट पर्वततिर जानेकुरा असम्भव नै हुन्छ ।

१२) तुलसीकृत रामायणअनुसार– श्रीराम, सीता र लक्ष्मणलाई मन्दाकिनी नदीका समीप रहेको चित्रकूट नाम गरेको पर्वतमा, वाल्मीकि ऋषिले छनोट गरेको ठाउँमा दुईवटा पर्णशाला बनाई फिर्ता हुँदा फेरि मेरा आश्रममा पाउ लागोस् है भनी विद्या भएका र गुह राजा पनि गंगा (नारायणी) नदी तरी

वारि आउँदा सुमन्त्र बेहोस भै बेला बेलामा हे राम ! हे लक्ष्मण ! हे सीतामाता ! भनी आर्त स्वरमा कराउँदै रहेको देखेपछि धैर्यधारण गर्ने सल्लाह दिएर अयोध्यातर्फ पठाएका थिए । यहाँ वाल्मीकि आश्रम, तमसानदी, चित्रकूट पर्वत, मन्दाकिनी नदी र निषादराज गुहको प्रसङ्ग जोडिएर आएको छ र यी सबै कुरा नेपाल भूमिमै भएकोले रामजन्मभूमि अयोध्यापुरी माडीमै भएको स्पष्ट हुन्छ ।

१३) भरत मामाघरबाट आएर बाबुको अन्तिम संस्कार गरी रामलाई भेट गर्न उनको खोजी गदै भरद्वाज ऋषिको कुटी देवघाटधाम (प्रयाग) मा पुगी ऋषिको निर्देशनअनुसार रामलाई भेट गर्न चित्रकूट पर्वततिर गएपछि रामसँग भेट गरेर फर्केको कुरा उल्लेख छ । रामले वनवासको क्रममा करीब ११ वर्षसम्म चित्रकूट पर्वतकै सेरो फेरोमा बिताएका भन्ने कुरा पनि उल्लेख छ । वशिष्ठ गुफा र सीता गुफा जस्तै भरद्वाज ऋषिको गुफा पनि गण्डकीतट (देवघाट) नजिकै रहेको र ऋषि आश्रमबाट भरतले नजिकैको चित्रकूट पर्वतमा रामलाई भेटी फर्केको भन्ने कुराले यो चित्रकूट पर्वत पनि नवलपरासी, चितवन वा तनहूँ जिल्लामा हो, रहेछ भन्न सकिन्छ । त्यसैले यसको पनि अनुसन्धान गर्ने काम भइरहेको छ । यी सबै प्रमाणहरूले अयोध्यापुरी धाम चितवन जिल्लाको माडीमै हो भन्ने कुरामा कुनै द्विविधा छैन ।

वर्तमान समयमा वैदिक सनातनधर्मको ह्रास भएर अति क्रूर, स्वार्थी र कुरूप समाज निर्माण भई सज्जन मानिसहरूलाई बाँच्न पनि धौ धौ हुन लागेको अवस्थामा यो पवित्र ग्रन्थ रामायण पढी रामको उदात्त चरित्रलाई ध्यान दृष्टि दिएर अनुसरण गर्न सके भगवान् रामले आफै गरेर देखाउनुभएको अनुशासन, कर्मपरायणता, गुरुभक्ति र सेवा, पितृ आज्ञापालन र सेवा, पारिवारिक सद्भाव, भ्रातृप्रेम, पत्नी र पतिप्रेम, भक्त र सेवकप्रति समभाव, सामाजिक सद्भाव, दुष्टलाई दण्ड र धर्मको उत्थान गरी स्वस्थ समाजको निर्माण गर्ने शिक्षा र प्रेरणा मिल्नसक्छ । रामायणबाट यही शिक्षा र ज्ञान प्राप्त गर्न सकिन्छ । सबैले एकपटक रामायण पढी भगवान् रामको उदात्त चरित्रको अनुसरण गरेर जीवनलाई सार्थक बनाऊँ ।

हाम्रो आह्वान – नेपालका धार्मिक एवं बौद्धिक नागरिकहरूले चितवन माडी स्थित अयोध्यापुरीको भ्रमण गरेर रामजन्मभूमिको विषयमा आफू विश्वस्त हुने र यस महान् तीर्थस्थलको प्रचार-प्रसार गर्ने काममा जुटौं ।
नोट–यस माडीक्षेत्रलाई चारैतिर पहाडले घेरेको हुँदा यहाँ सबैतिरबाट बग्ने नदीहरू छन् ।

ooo

*// आलेख //*

# भानुको जीवनी : रोचक कहानी

✍ **पुष्पराज पौडेल**
**भानु नगरपालिका - ८, तनहूँ**

भानुभक्त आचार्यलाई हामी नेपाली भाषाका आदिकवि भनेर चिन्छौं । तनहूँ जिल्लामा चुँदी रम्घाको शिखर कटेरीमा वि.सं. १८७१ असार २९ गते सोमबार (११ जुलाई १८१४) श्रावण कृष्ण नवमीमा उनी जन्मेका हुन् । उनका बारेमा धेरैले धेरै कुरा लेखेका छन् । उनको जन्म मृत्युको तिथि मिति जस्ता विवादहरू कविराज नरनाथ आचार्य र भानुकै नातिनी विष्णुमायाले सप्रमाण स्पष्ट पारेका हुन् ।

कौडिण्य गोत्रीय बाजे श्रीकृष्णबाट घरमा पाँच वर्षको उमेरमा माघ शुक्ल पञ्चमी (सरस्वतीपूजा)का दिन अक्षरारम्भ गरेर भानु पछि बाजेसँगै बनारस गए । संस्कृत साहित्यको शिक्षा प्राप्त गरे । विद्वान्हरूको संगतले उनको कवित्व शक्तिमा अझ वृद्धि भयो । जीवनको अन्तमा बनारसमै देहत्याग गर्ने उद्देश्यले बनारस गएका श्रीकृष्णको वि.सं १८८९ तिर त्यहीँ मृत्यु भयो । बाजेको देहान्तबाट दुःखित भानु १९ वर्षको उमेरमा नेपाल फर्किए । पाल्पामा सरकारी खरिदार पदमा जागिरे भएका बाबु धनञ्जय, आमा धर्मावतीदेवी र श्रीमती चन्द्रकलादेवीसमेत भानुको प्रतिष्ठित परिवार थियो । पहिलो श्रीमती सानैमा बितेपछि मानुङमा दोस्रो बिहे गरेका हुन् । भानु वास्तवमा पश्चिमपहाडका सम्पन्न परिवारका सिर्जनशील र सुन्दर व्यक्ति हुन् । नेपालका राष्ट्रिय विभूति यस्ता भानुको जीवनका केही रोचक कहानी यहाँ चर्चा गरौं :

## (१) घाँसीको प्रेरणा र घाँसीकुवा

२२ वर्षको युवा उमेरमा तनहुँकै बुल्दीखोलाको किनारमा रुखको छाहारीमा एक ठूलो ढुङ्गामा थकाइ मारेर उठेका भानुको घाँसीसँग भेट भयो । उनको ससुराली मानुङ जाने क्रममा बाटोमा पर्ने यो ठाउँमा घाँसीसँग उनको बातचित भयो । धनको गरीब भए पनि मनको धनी त्यस घाँसी (पन्थ ) आजन्म घाँसी नै हुँदा पनि कुवा खनेर कीर्ति राख्ने प्रयत्न गरेको कुराबाट भानु सोचमग्न बने । आफू धनी भईकन पनि केही गर्न नसकेकोमा पछुताउँदै कीर्ति राख्ने उपाय खोज्न प्रेरित भए । त्यसैले उनी लेख्छन्ः

**भर्‌जन्म घाँसतिर मन् दिई धन् कमायो,**
**नाम् क्यै रहोस् पछि भनेर कुवा खनायो ।**

**घाँसी दरिद्र घरको तर बुद्धि कस्तो ?**
**मो भानुभक्त धनि भै किन आज यस्तो !**

**मेरा इनार न त सत्तल पाटी क्यै छन्**
**जे धन् र चीजहरू छन् घरभित्र नै छन् ।**

**यस् घाँसिले कसरी आज दिएछ अर्ति**
**धिक्कार हो मकन बस्नु नराखी कीर्ति !**

पृथ्वीनारायण शाहलाई बिसे नगर्ची र बाटोमा बास तथा गास दिने बूढी आमाले राष्ट्रनिर्माणमा मार्गदर्शन गरे भैँ भानुलाई कीर्ति राख्न घाँसीले प्रेरणा दिए । धन्य ! छौ घाँसी । घाँसीले खनाएको घाँसी कुवा व्यास नगरपालिकाको दमौली नजीक पृथ्वी राजमार्गको छेउमा भानु घाँसी स्मृति पार्कमा आधुनिक रूपमा सुरक्षित छ । सम्मानस्वरूप भानु र घाँसी दुबैको सालिक त्यहाँ प्रतिस्थापन गरिएको छ ।

## (२) भ्रामक कुरा

एकातिर घाँसीलाई भानुले भेटेर प्रेरणा प्राप्त गरेका थिए भनिन्छ । अर्कोतिर त्यस बेला तनहूँमा घाँस बेच्ने चलन नै थिएन भन्ने पनि तर्क गरिन्छ । अनि, वास्तविक घाँसी कुवा त्यहाँ थिएन, अन्यत्रै थियो पनि भनिन्छ । आजभोलि त त्यहाँ घाँसी कुवा, पार्कसहित भानु र घाँसीको सालिकसमेत तयार भएको पाइन्छ । त्यसैले अध्येताहरूबाट त्यस्ता तर्कहरू सबै उडन्ते कुरा हुन् भन्दै तिनको खण्डन भएको पाइन्छ ।

## (३) आदिकविको पदवी

पृथ्वीनारायण शाहले नेपाल एकीकरण गरे, भानुभक्तले संस्कृतको रामायणलाई नेपाली भाषा र लयमा उतारे, सांस्कृतिक एकीकरण गरे । मोतीराम भट्टले भानुभक्तको जीवन चरित्र प्रकाशन गरी कविताको मर्म बुझेर लेख्ने पहिलो कविको दृष्टिले पहिलो सम्बोधन गरे आदिकवि । त्यस बेलासम्म खस भाषाले नेपाली भाषाको मान्यता नै पाउन सकेको थिएन । मानवतावादी बझाङ्गे राजा (हाल घोषित राष्ट्रिय विभूति) जयपृथ्वीबहादुर सिंहको परामर्शमा वि.सं. १९५८ मा श्री ३ महाराज देवशमशेर जबराले अबदेखि खस अथवा गोर्खे भाषालाई सबैले नेपाली भाषा भन्नू भनी इस्तिहार जारी गरेपछि पनि धेरै समय आदिकविको उपाधि चर्चा भएन । (प्राचीनकवि, आदिकवि, कविचक्र चूडामणि, सहजकवि, रसिक कविताभिलाषी, बुद्धिमान्, यथार्थवक्ता, पण्डितवर, सूरी, नेपाली जातिका

धर्मगुरु, आशुकवि, सामाजिक कवि, गुरुकवि, भक्तकवि, अनुवादक कवि, व्यङ्ग्यकवि, उत्थानकवि, आदि प्रतिनिधि कवि, परम्परावादी कवि, पाखे कवि, जनकवि, रोमाण्टिक कवि, यशस्वी जातीय कवि, नेपाली जातिका गुरु आदि ।) सबै उपाधि अब जुद्ध शमशेरको सहिछापपछि आदि कविमा समाहित भए ।

## (४) रोचक कुरा

वि.सं. १९९७ मा श्री ३ महाराज जुद्धशमशेर ज.ब.रा.लाई सरकारी स्तरबाटै कागजातसहित बिन्ती चढाइयो :

"तलबभत्ता केही दिनुपर्ने होइन, एउटा इज्जतसम्म मात्र हो; त्यो पनि मरिसकेको बाहुनलाई ।" मरिसकेको बाहुनलाई आदि वा सिङ्गो कवि जे बनाए पनि महाराजलाई कुनै आपत्ति थिएन । नबुझेर वा बुझेर "ल" भन्ने हुकुम दिएर सहीछाप ठोके । यसले भानुभक्त मरेको ७० वर्षपछि नै सही, उनलाई पक्कापक्की आदिकवि बनायो ।

## (५) अतिथि सत्कार

गजाधर सोतीका बारे भानुभक्तद्वारा लेखिएको टुक्रे व्यङ्ग्य कवितालगायतका तमाम विषयमा साना - ठूला टिप्पणी गरिएको पाइन्छ । यसमा उनले नेपाली समाजमा साँझका पाहुनालाई देवतातुल्य मान्ने परम्पराको अनुसरण गर्दै अतिथि सत्कार गर्नुपर्ने नैतिक शिक्षा दिन खोजेका छन् । एक पटक भानु हालको लमजुङ जिल्लास्थित मामाघर भोर्लेटारतिर जाने क्रममा होला सोती पसलनजिक रिस्ती तारूकामा आफ्ना मित्र गजाधरका घरमा साँझपख बास बस्न पुगे । गजाधर कामविशेषले अन्तै गएका रहेछन् । उनलाई नभेटेपछि बास बस्न दिनुको सट्टा उनकी श्रीमतीले भनेको कर्कश वचन र गरेको व्यवहारलाई नेपाली गृहस्थी चलनको मर्यादा उल्लघंन भएको भनी व्यङ्ग्य कस्छन् कवितामा :

**गजाधर् सोतीकी घरबुढी अलच्छिनकी रहिछन् ।**
**नरक जानालाई सबसित बिदाबादी भइछन् ।**

**पुग्यौं साँझ्मा तिन्का घरपिंढीमहाँ बास बसियो ।**
**निकालिन् साँझैंमा अलिक पर गै गुज्रान गरियो ।**

## (६) थप प्रसङ्ग

हुन त गजाधरकी एक्ली जहान मात्र घरमा थिइन्, तथापि उनले राम्रो बोली र व्यवहार त अवश्य गर्न सक्थिन् होला । गजाधरकी दुलहीको व्यवहार र कुरा त दुरूस्त हामीले थाहा पाउने कुरा भएन । भानुभक्तले जे लेखे, हामीले त्यही

बुझेका छौं । बास बस्ने वातावरण नभएपछि भोगेको सास्तीका कारण मित्र गजाधरले थाहा पाऊन् भनी कविता रचेर भानुले गाउँका केटाकेटीलाई भेला गराई सो कविता घोक्न लगाए । नभन्दै केटाकेटीले यस्ता रमाइला श्लोक कण्ठ गरिहाले र सुनाउँदै हिँड्न थाले । फलतः यो तथ्य गाउँघरमा सबैले थाहा पाए । सम्भवतः त्यसतर्फ आजसम्म पनि यो छाप मेटिएको छैन ।

## (७) संस्कृत रामायणको अनुवाद नेपाली श्लोकमा

१५ औं शताब्दीमा दक्षिण एशियामा नै खस साम्राज्यको पतनपछि संस्कृतको प्रभाव बढ्यो । पण्डित, गुरु र पुरोहित ब्राह्मणको युग सुरू भयो । संस्कृत भाषामात्र नभएर संस्कृति, भक्ति, ज्ञान र सभ्यताको खानी थियो । त्यस बेलाको नेपालको अवस्था हेर्दा अंग्रेजसँगको लडाइँले ब्यहोर्नुपरेको क्षति र वि.सं. १८७३ (सन् १८१६) को सुगौली सन्धिको कारण राष्ट्र नै दुई तिहाइमा खुम्चिनु परेको थियो । भानु त्यही परिवेशसँगै जन्मे र हुर्के । फलतः, उनको युग युद्धको राप र ताप छाडेर भक्तिको संसारतिर लम्कियो । संस्कृत भाषामा विधि र व्यवहार भए पनि सर्वसाधारणमा यसको पहुँच कम थियो । खस भाषामा शिक्षाको जग बसाले मात्र सबैको आकर्षण हुने कुरा भानुले बुझे । बोलीचालीमा खस भाषा नै प्रचलनमा थियो । साहित्यमा भने संस्कृत, उर्दू वा हिन्दीमा मात्र कविता लेखिने चलन थियो । संस्कृतमा ब्राह्मणले मात्र पुराणहरू पढ्न पाउने जमानामा **'एक् दिन् नारद सत्यलोक् पुगिगया लोक्को गरूँ हित् भनी...'** (शार्दूलविक्रीडित छन्द) बाट शुरू भएको रामायणको काव्ययात्रा अगाडि बढ्यो । यो लोक र परलोकको मार्मिक अवस्थाबोध भयो । वेदान्त ज्ञान र भौतिक जीवनलाई व्याख्या गरे । नेपाली जनजिब्रो र मन छुनसक्यो । संस्कृत भाषामा लेखिएको अयोध्याका राजा रामचन्द्रको जीवनमा आधारित कृति रामायणको पहिलो पटक नेपाली पद्यात्मक अनुवादले उनलाई भानुभक्तको रूपमा चिनायो । घरघरमा रामायणका पुस्तक राख्न, पूजा गर्न र श्लोक घन्काउन थालियो । नेपाली समाजमा बिहे बटुलोमा कविताको श्लोक दोहोरी (अन्त्याक्षरी)प्रतियोगिताको दरो जग बसाल्यो । मोतीराम भट्ट एउटा मित्रको बिहेको निम्तोमा जाँदा उनले त्यस्ता मार्मिक श्लोक जनजिब्रोले कण्ठै गरेर अन्त्याक्षरी प्रतियोगिता गरेको राम्ररी सुने । उनी जस्ता युवा अध्येताको लागि निकै चासोको विषय भयो यो । फलतः उनी भानुको जीवनी खोज र प्रकाशनमा लाग्न पुगे । भानुभक्तको जीवनी र उनको रचना रामायण बालकाण्ड पनि छपाएर भानुलाई चिनाउने काम गरे । त्यस बेलादेखि संस्कृतको बन्धनमा सीमित नरही सर्वसाधारणले नेपाली भाषा खुलेर पढ्न र लेख्न सक्ने अवसरको सिर्जना पनि भयो । नेपाली समाजका साथै साहित्यमा भानु सूर्य नै बनेर उदाए ।

## (८) थप प्रसङ्ग

भानुभक्त मर्नुभन्दा दुई वर्षअघि जन्मेका मोतीरामले भानुभक्तको जीवनचरित्र प्रकाशन गरी उनलाई चिनाए । साथीको बिहेमा जन्त जाँदा भानुभक्तले नेपाली भाषामा रचेको रामायणका श्लोकमा गाउँलेहरूले अन्त्याक्षरी प्रतियोगिता गरेको सुनेर र देखेर मोतीराम निकै प्रभावित भए । मोतीले खस भाषामा त्यस्तो पद्यानुवाद गर्ने व्यक्ति को र कस्ता रहेछन् भनी अनुसन्धान नगरेको भए, अनि भानुको जीवनी र बालकाण्ड रामयण प्रकाशन नगरेका भए शायद आज यस्ता राष्ट्रिय विभूति भानुभक्तलाई नै हामीले राम्ररी चिन्ने थिएनौं । लुकेका प्रतिभाको खोजी गर्न यस प्रकारका घटनाले राष्ट्र तथा साहित्यप्रेमी सबैको ध्यानाकर्षण गराउँछ । धन्य छौ युवाकवि मोतिराम भट्ट । त्यसैले त हाम्रा सम्मानित राष्ट्रिय विभूति बन्यौ, भन्यौं ।

## (९) भानुको सालिक र सम्मान

भानुभक्तको नामबाट स्थानीय निकाय, बाटोघाटो र विभिन्न शैक्षिक प्रतिष्ठानहरूको नाम राख्नु खुसीको कुरा हो । देशभित्र तनहूँ र काठमाडौंमा मात्र होइन प्रवासमा समेत उनको योगदानलाई साह्रै सम्मानका साथ लिइन्छ । नाति शिवभक्तको अनुहारका भानुको अर्धकदको सालिक सर्वप्रथम दार्जिलिङ्को चौरस्तामा २००६ सालमा नै नेपाली जातीय कविका रूपमा राखिएको थियो । सूर्यविक्रम ज्ञवाली, धरणिधर कोइराला र पारसमणि प्रधान (सुधपा) ले प्रवासबाट नेपालीभाषा र साहित्यको लागि खेलेको भूमिकामध्ये भानुको यो सम्मान एउटा ज्वलन्त उदाहरण हो ।

नेपालमा २०१६ साल असार २९ मा नेपाली शिक्षा परिषद्ले भानुको रामायण लेख्तै गरेको अर्धकदको बिर्खेटोपीयुक्त सालिक उनकै जन्मस्थानमा प्रतिष्ठापन गरेको थियो । नेपाल सरकारबाट भानुकै स्मृतिमा चुँदी बेसीमा भानु जन्मस्थल विकास समिति गठन भयो । यसले भानु जन्मस्थलको विकासका लागि काम गर्दै आएको छ । उनको पूर्ण कदको सालिक राखिएको छ त्यहाँ अभिलेखालय र पुस्तकालय अगाडि । नेपाल प्रज्ञा-प्रतिष्ठानले पूर्ण कदकै सालिक निर्माण गरेको छ । नेपालको पुरानो पाठशाला दरबार हाई स्कूलको प्राङ्गणअगाडि रानीपोखरीतर्फ फर्केको भानुको अर्धकदको सालिक धेरैले देखेको हुनुपर्छ । विद्यालय परिवार मात्र होइन, काठमाडौंको मुटुमा रहेको त्यो बाटो हिँड्ने नेपालीभाषा र साहित्यप्रेमीलाई त्यस सालिकले अमूक सन्देश दिइरहेको भान हुन्छ । प्रवासमा दार्जिलिङको कालिम्पोङ र सिक्किमको राजधानी गान्तोकमा पनि विशालकाय भानु उभिए प्रतिमूर्तिमा ।

नेपाल सरकारले स्थानीय तहको नयाँ संरचना गरी हाल उनको जन्मस्थान समेतलाई समेटी भानु नगरपालिका नामकरण गरेको छ । उनको नाममा सरकारले हुलाक टिकटको प्रकाशन गर्नु पनि राष्ट्रिय विभूतिको सम्मान हो । यता दार्जिलिङ्बासीहरूले आफ्नो भूमिमा स्थापित अर्धकदको भानु प्रतिमामा क्षति पुगेपछि पूर्णकदकै सालिक पुनःस्थापित गरे । उनीप्रति अगाध माया, आस्था र सम्मान जनाए ।

## (१०) रोचक कुरा

भानुको जिउडाल उनकै नाति शिवभक्तको थियो रे । भानुको तस्वीर नपाएपछि शिवभक्तलाई नै हेरी बाजेको मूर्ति बनाइएको रहेछ । सोही आधारमा भानुको प्रतिमा निर्माण र स्थापना हुन थाले । दार्जिलिंगमा पहिले स्थापना भयो । पछि रानीपोखरीमा स्थापित भयो । रानीपोखरीको बाजेको सालिक हातै नभएको भनेर उनकै नातिनी विष्णुमायाले हल्लाखल्ला गरेपछि हातभएका, पलैँटी मारेर बसेका भानुभक्त रम्घाको प्रतिमूर्तिमा देखा परेछन् । दार्जिलिंगको सालिकले आक्रमण भोग्यो । रम्घाको भानु सालिकले पनि २०३९ सालमा टाउको र दाहिने हातै बेपत्ता पारेर आक्रमण भोगेको हो । अहिले फेरि दार्जिलिंग (२०५३) र तनहूँको रम्घाबेसीमा पूर्ण कदकै सालिक ठडिएका छन् ।

## (११) भानु जयन्ती, घर पुनर्निर्माण तथा चलचित्र निर्माण

नेपालमा वि.सं. २०३४ देखि विशेष कार्यक्रमका साथ असार २९ गते हरेक वर्ष सरकारी तथा जनस्तरमा समेत भानु जयन्ती मनाउने प्रचलन शुरू भएको हो । नेपालबाहिर दार्जिलिङ्ग मात्र होइन सिक्किममा पनि पर्वको रूपमा भानु जयन्ती मनाइन्छ । दौरा सुरूवाल तथा गुन्यू चोलो लगाइन्छ । नर्सिंगा, दमाहा र ट्याम्को घन्किन्छ र जयजयकार गुञ्जिन्छ । आजभोलि देशविदेश जहाँ नेपालीहरू पुगेका र संगठित हुन सकेका छन्, त्यहाँ भानुजयन्ती मनाउने प्रचलन बढ्दो छ । खास गरी भारतको दार्जिलिङ, सिक्किम, आसाम, बनारस, देहरादूनका साथै अन्य मुलुकहरूमा भुटान, बर्मालगायत नेपालीभाषी रहेका पूर्वीय र पश्चिमी मुलुकमा विभिन्न कार्यक्रम हुने गर्छन् । भानुको नाममा यादव खरेलद्वारा निर्देशित चलचित्र निर्माण गरिएको छ । म्युजिक नेपालले सात काण्ड रामायणकै गीति सीडी प्रकाशमा ल्याएको छ । उता साहित्यकारहरूले भानुभक्तका विषयमा थप अध्ययन र चिनारीका काम गर्दै आएका छन् । शोध र ग्रन्थहरूको प्रकाशन हुन थालेका छन् । विशेषाङ्कहरू प्रकाशन गरिँदै आएका छन् । भानुका नाममा विद्यालय, पुस्तकालय, सडक तथा बाटोघाटो, अभिलेखालयको स्थापना आदि गरिएका छन् । यसरी भानुलाई नेपाली जातीय कविका रूपमा सम्झना गरिन थालेको छ ।

## (१२) रोचक प्रसङ्ग

राष्ट्रिय सम्मान तथा अन्तर्राष्ट्रिय ख्याति बोकेका नेपाली साहित्यका शिखर पुरुष भानु जन्मेको तनहूँको चुँदी रम्घाको डाँडोबीचमा खरको छाना भएको घर पुनर्निर्माण गरियो । बिडम्बना २०६० साल वैशाख ११ मा जंगल आगलागीको चपेटामा त्यो ऐतिहासिक घर जल्यो । एकातिर त्यसलाई पूर्वावस्थामा लाने प्रयास त छ तर अर्कातिर उनका शाखा सन्तानसमेत त्यो थात थलोबाट अन्यत्र बसाइ सर्ने क्रम पनि चलेकै छ । त्यसैले होला, आर्थिक र व्यवस्थापकीय कमजोरीका कारण भानुभक्तकै गाउँमा बत्तीमुनि अँध्यारो भएजस्तो लाग्छ । आभास हुन्छ कि कतै भानुको सम्झना औपचारिकतामा मात्र सीमित त हुने होइन ?

## (१३) भानुका कृति : अध्यात्म, शिक्षा, भक्ति र प्रकृति

महर्षि वाल्मीकिले लेखेको संस्कृत रामायणको नेपाली पद्यानुवाद मात्र होइन, भक्तमाला, प्रश्नोत्तरमाला, वधूशिक्षा र रामगीता भानुभक्तका पुस्तकाकार कृति हुन् । उनका फुटकर सबैजसो रचनामा समेत आध्यात्मिकता, भक्तिभाव, प्रकृतिर शिक्षा प्रचुर मात्रामा पाइन्छ । वास्तवमा, भानुको मौलिक गुण नै हो यो जस्तो लाग्छ । जनमानसले उनका कविता सरल, सरस, सहजै बुझ्छन् । कवि आफ्ना रचनाअनुरूप भौतिक जगत् नै सभ्य र भक्ति मार्गमा हिँडेको मर्यादित जीवन देख्न चाहन्थे । कडा शासनका बेला साहित्य सिर्जना कम जोखिमयुक्त थिएन । त्यसैले उनी जीवनयात्रामा कति ठाउँमा हास्य र व्यंङ्ग्यको सहारा लिएका छन् :

**एक् मन् चित्त लगाइ चाकरी गर्‍याँ, खूसी भयाछन् हरि ।**
**मान्माथी पनि भुक्तमान् थपिदिया, कैल्यै नछुट्न्या गरी । ।**

भानु कति ठाउँमा कठोर बन्छन् । नीति र रीतिलाई सही बाटोबाट पन्छन दिनुहुँदैन भन्ने उनको मान्यता बलियो बन्छ । कति ठाउँमा 'असल मुंग्रे केरा अनि दही हवस् बेस अमिलो' भन्दै गाउँले चलन यसरी कवितामा गाउँछन् । आफ्नो खानपिनका लागि सहज वातावरण बनाउँछन् । बाँदरले दुःख दिंदा बन्दुक फुत्काउनका लागि विद्वान्जनले लोहा बेच्नुहुँदैन भन्दै वस्तुतः आफ्नो स्वार्थ पूरा गर्न पनि खोज्छन् । कति ठाउँमा प्रकृति वा सौन्दर्यप्रेमी बन्छन् र बालाजु कविता वर्णनमा भन्छन् :

**कति दिनपछि मैले आज बालाजी देख्याँ**
**पृथिवी तल भरिमा स्वर्ग हो जानी लेख्याँ ।**

**यहाँ बसेर कविता यदि गर्न पाऊँ**
**खैँचेर इन्द्रकन स्वर्ग यहीं बनाऊँ ।**

यसरी कान्तिपुरी नगरीको सजीव र सुन्दर वर्णन धर्म र भक्तिको सबूद प्रमाण छ :

**चपला अबलाहरू एक्सुरमा**
**गुनकेशरीको फूल ली शिरमा ।**
**हिँडन्या सखीलिकन वरिपरि**
**अमरावती कान्तिपुरी नगरी ।।**

**रिसराग कपट् छल छैन जहाँ**
**तब धर्म कति छ कति यहाँ ।**
**पशुका पति छन् रखवारी गरी**
**अलकापुरी कान्तिपुरी नगरी ।।**

भानुका रचनालाई छोटकरीमा बुझाउने गरी पारसमणिको कविता यसरी बोल्छ :

**"भानुभक्त कविका कवितामा,**
**छैन के ? सब कुरा यिनमा छन् ।"**

कविका कृतिमध्येमा "वधूशिक्षा" (सन् १८३६) मा गृहकर्ममा छोरी, बुहारी र सासुससुराहरूलाई मार्गनिर्देशन गर्न लेखिएको तत्कालीन समाजमा नारीप्रतिको कठोर दृष्टिकोण बोल्दछ :

**हाँस्नुहुन्न कदापि नारीहरूले वेश्या हुन्या हाँस्तछन् ।**
**वेश्या ती नहऊन् तथापि घरको काम्काज् सबै नास्तछन् ।**

३३ श्लोकको यो रचनामा उनले १९१९ मा चुँदी बाङ्गे रहका मित्र तारापति पौडेलका घरमा सासूबुहारीबीच भएको दन्तबजानको घटना बोल्दछ । एउटा अतिथिको हैसियतमा भानुले बाङ्गे रहका मित्र तारापति पौडेलको घरको अवस्था नसुनेका, नबुझेका र नदेखेका भए वधूशिक्षाको सिर्जना हुने थिएन होला । सासूबुहारीलाई तालिम दिन काम लागोस् भनेर यसको रचना गरे । त्यसो नभएको भए त्यस बेलादेखिकै सासूबुहारीको दन्तबझानको यथार्थ काव्यमा देखिन्थेन र लेखिन्थेन होला ।

## (१४) अर्को प्रसङ्ग

कुनै व्यक्ति, अवस्था, प्रकृति र घटनालाई त्यत्तिकै नछाडी कवितामा कसीहाल्ने अनौठो बानी भानुभक्तमा पाइन्छ । आदर्श र भक्ति त उनको लक्ष्य थियो, समाजको यथार्थ चित्रण र जनमानसको बोली व्यवहारमा उनको ध्यान गइहाल्थ्यो । यतिसम्म भन्छन् कि नारीहरूले हाँस्न हुँदैन, हाँस्ने त बेश्या हुन्छे । पछि भानुलाई आफ्नै गृहलक्ष्मी (घरकी नारी) ले चुनौती दिएपछि कविता

परिमार्जन गरी मिलाएका रहेछन् : वेश्या लौ नहऊन् तथापि घरको कामकाज सबै नास्तछन् भनेर।

## (१५) भानु र गिरिधारी भाटको झगडा

भानुभक्तका छिमेकी गिरिधारी भाट हुन् । भानुले परिवार बालबच्चाको रेखदेख राम्रो गर्न उनलाई सुझाव दिए । उनले भने कहिल्यै भानुलाई मन पराएनन् । उनका कविता पनि राम्रो मानेनन् भनिन्छ । गिरिधारीले उल्टै आफूले बेचेको खेत भानुभक्तसँग फिर्ता मागेर मुद्दा हाले । बल प्रयोग गरेर भानुभक्तले खेत हातपारेका हुन् भन्ने गिरिधारीको दाबी थियो । भानुले उनैसँग कुराकानी गरे, मेलमिलाप गरी समझदारी कायम गर्ने कोशिस गरे तर गिरिधारी पटक्कै सहमत भएनन् । मुद्दा लड्न बाध्य भए । पञ्चन्यायसँग पनि सहमत हुन नसकेपछि अन्ततः भानुभक्त उच्च अदालत धाउनुपर्‍यो । भाटसँगको मुद्दाले गर्दा युवावस्थामा नै काठमाडौं आए र काम खोजे । मुद्दा अनाहकमा लम्बिएपछि ख्वामित् यस् गिरिधारिले अति पिर्‍यो भन्दै भानुभक्त मुर्मुरिन्छन् । भाटको नाम पनि लिन चाहेनन् । उनी यसरी कवितामा पोखिन्छन् :

**बिन्ती डिट्ठा विचारीसित म कति गरूँ, चुप् रहन्छन् नबोली**
**बोल्छन् ता ख्याल् गर्‍या झैँ अनि पछि दिनदिन् भन्दछन् भोलि भोलि**
**की ता सक्दिन भन्नु कि तब छिनिदिनु क्या न भन्छन् यी भोलि ?**
**भोली भोलि हुँदैमा सब घर बितिगो बक्सियोस् आज झोली ।**

## (१६) रोचक कुरा

सरकारी ढिलासुस्तीप्रति झटारो हान्नेदेखि लिएर सधैं तारेख मात्रै दिएर मुद्दाको किनारा नलगाउने न्याय व्यवस्थाप्रति तीखो व्यङ्ग्य प्रहार गर्दै भानु भोलिवादका कट्टर विरोधी देखिएका छन् ।

त्यसरी नै भाटसँग झगडा भयो, आफ्नो घरको छानाका भाटा पनि छानो नै उधारेर फाले । रिसले कसको लागि पो राम्रो हुन्थ्यो र ? भानुभक्तको रिस पनि कम्ती रहेनछ भन्ने पनि बुझिन्छ । यसबाट उनलाई क्षति नै भयो होला । जे भए पनि उनी कवितालाई प्रेम गर्छन् र समाजको ऐना सिद्ध गर्छन् ।

## (१७) जेल बसे, रामायण लेखे

पाँच महिना कुमारी चोकको जेलमा बस्न पुगेका भानुभक्तले पछि सफाइ पनि पाए । यता नेपाली साहित्यले भने उत्कृष्ट सिर्जना पायो रामायण महाकाव्यको रूपमा वि.सं. १८९८ देखि १९११ सम्ममा ।

यो समय भनेको नेपालको दरबारी षड्यन्त्रको उत्कर्षको बेला थियो । जंगबहादुरले शासन सत्ता हात पारेका, कोत र भण्डार खालजस्ता पर्वले तर्साएको बेला । निरंकुशतन्त्रको चरम सफलता थियो । जसको तरबार, उसको दरबार नै राज्यशक्तिको खेल थियो । लोग्ने मरेपछि स्वास्नी उसको लाससँगै चितामा जिउँदै जलाउने अमानवीय रूपमा सती जान बाध्य पार्ने चरम तथा कठोर प्रथाको भेल थियो । राज्यशक्तिको दुर्दशा बुझेर भक्तिमार्गतर्फ लाग्न समाज बाध्य थियो । राजा सुरेन्द्रको पालामा पहिलो मुलुकी ऐन ल्याई समाजमा रीतिस्थिति बाँधी धर्मकर्मप्रति रैतीहरू लागून् भनी भक्तिमार्गको कानुनी रूपरेखा खडा भयो । देशबासीलाई चेतनाबाट टाढै राख्ने बन्दोबस्तीको श्रीगणेश भयो । यसरी दुनियालाई शिक्षाबाट बञ्चितीको कठोर युग शुरू भएको बेला थियो । तथापि भानुले जेलमा आफ्नो अवस्था महाराजमा यसरी बिन्ती गरेर लेखी पठाए :

**रोज्रोज् दर्शन पाउँछु चरणको ताप् छैन मन्मा कछु ।**
**रात्भर् नाच् पनि हेर्छु खर्च नगरी ठूला चइन्मा मछु ।**
**लाम्खुट्टे उपियाँ उडुस् यि सँगि छन्, यिन्कै लहड्मा बसी ।**
**लाम्खुट्टेहरू गाउँछन् यी उपियाँ नाच्छन् म हेर्छु बसी ।।**

जेलमा रहँदा पनि यथार्थ वेदनालाई रमाइलो पारामा व्यक्त गर्ने भानुभक्त कविताको अन्तमा आफ्नो नाम थर भानुभक्त पण्डित लेख्थे । पण्डित बाजे दुःखलाई पनि सहजै पोख्न खप्पिस पाइन्छन् । अर्कोतिर आफ्नो गन्तव्यलाई जस्तै दुःखमा पनि छाडेनन्, लागिरहे सिर्जनामा । फलतः कुमारीचोकको जेलभित्र पहिलो खण्ड भानुभक्तीय रामायणको अधिकांश पद्य अनुवाद गरी अयोध्या काण्ड, किस्किन्धा काण्ड र सुन्दर काण्ड पनि सके । छोराको ब्रतबन्धका लागि केही समय जेलबाट मुक्ति पाउन माग गरी अर्को पत्र लेखे र छोटो समय मुक्ति पाए । ब्रतबन्ध सकेपछि बाँकी अवधि पूरा गर्न पुनः जेलमा फर्किए, युद्ध काण्ड र उत्तर काण्ड सके ।

## (१८) छोरालाई पढाउन चिठी

जेलबाट छुटेपछि गिरिधारीसँगको मुद्दाको तारिख धान्न काठमाडौंमा नै रहेका भानुले छोरा रमानाथलाई वि.सं. १९१५ (सन् १८५८ मा) लेखेको कडा चिठी होस् वा प्रकाशित तमसुकहरू र बिन्तीपत्रहरूमा शक्ति, भक्ति र बिन्तीका रूपमा समेत समाजको प्रतिनिधित्व हुन्छ । विशेषतः छोराले नपढेको कुरा सुनेर **म त्यहाँ आएपछि तेरा ज्यानको आशा नराखी लात मार्न्याछु, कि मरि सुख पाउन्याछस्, कि पढी सुख पाउन्याछस्** भन्ने व्यहोराको लामो चिठीबाट छोरालाई कडा सन्देश

दिएका छन्, श्रीमतीलाई पनि छोरालाई घोकेर पढ्न लगाउनेजस्ता ठोस जिम्मेवारी दिएका छन् ।

जतिसुकै कठोर चिठी लेखे पनि किनारमा थप हरफहरू लेखी श्रीमतीलाई छोराले राम्ररी पढेन भने साथ लगाई पठाउने मान्छे पाएमा चाँडै नै काठमाडौं पठाउने सल्लाह दिन्छन् । काठमाडौंमा पढाउने र आउँदा पहाड ल्याउने विचार पोख्छन् । पहाडमै पढे सबभन्दा राम्रो ठान्छन् । तसर्थ उनको भित्री मन चोखो, बाठो र प्रेमपूर्ण बुझिन्छ ।

## (१९) रामगीताको अनुवाद छोरालाई टिपाएरै पूरा

जेलबाट छुटेपछि आफू अशक्त भएकाले रामायणको बाँकी काममा ध्यान दिए । हितकारी मित्र सुब्बा धर्मदत्त ज्ञवालीको आग्रहमा रामायण उत्तरकाण्डको रामगीताको पद्यानुवाद गरे । त्यही रामगीताको लेखोट मोतीरामले प्राप्त गरेपछि रामकृष्ण वर्माले वि.सं. १९४७ मा वाराणसी (बनारस) अर्थात् काशीबाट प्रकाशन गरेका रहेछन् । साढे पाँचदशक (५४ वर्ष) मा असोज २६, १९२५ का दिन जलाश्रय लगेकै स्थान मर्स्याङ्दी नदीतट सतीघाट गाइथुनेमा देह विसर्जन गरे ।

रामगीता त रामभक्तिको नमुना नै हो । भानुभक्तीय रामायणको उत्तरकाण्ड (सातौं काण्ड) अन्तिम सिर्जना यही हो । भानुले वि.सं. १९२५ मा जीवनको अन्तिम समयतिर ओछ्यानबाट टिपाउँदै छोरा रमानाथबाट पूरा गराएरै छाडे । मोटा अक्षरमा रामगीतासहित रामायण नै छापिएको रहेछ तर त्यो पूर्ण संस्करण देख्न पाइएको छैन ।

## (२०) सार

जीवनमा उतारचढावका बीच र अन्ततः आफ्नो अशक्त अवस्थाका बाबजुद प्रतिभाशाली भानुभक्तले हजुरबुबादेखि पुत्र र मित्रहरूको समेत सहायताले आफ्नो छोटो जीवनमा नै जीवनको लक्ष्य पूरा गरे । शायद जेलको यातना र अस्वस्थकर वातावरण, मुद्दाको पीर र पटकपटक काठमाडौंसम्म धाउनुपर्ने परिस्थिति, अनि बनारस, काठमाडौं, पाल्पा, तनहूँ, लमजुङलगायतका विभिन्न ठाउँमा प्रायः हिँडेरै जानुपर्ने बाध्यता नहुँदो हो त भानु अझ धेरै बाँच्न सक्थे होलान् । नेपाली साहित्यमा थप कृति र रचना पक्कै सिर्जने थिए । जे भए पनि नियतिले भानुलाई नेपाली भाषाका आदिकवि बनाएरै छाड्यो । उनले नेपाल र नेपालीको शिर देश र विदेशमा पनि उँचो बनाउन योदान गरे ।

ooo

# प्रायश्चित्त

✍ **नवीन प्रधान**
**भोजपुर, देउराली**

अग्लाअग्ला चौदिवार, जंजीरले बन्द ढोका, त्यसमा पनि पहरा दिइरहेको सुरक्षित क्षेत्र...... । सबेरै शारीरिक अभ्यासमा तल्लीनरत एक समूह योगको प्रयासबाट आफ्नो सोंच र व्यवहारलाई परिवर्तन गर्न उद्धत भइरहेको स्थान अहिले - एउटा सुधारगृह बनेको छ ।

प्रातःकालीन प्रभातका पारिला किरणहरूमा आआफ्नो नित्यकर्ममा यताउता हस्याङफस्याङ गर्दै व्यस्त भइरहेका मानिसहरू देखिन्छन् । कोही ढाड सेकाएर सोचमग्न छन् त कोही रूँदै गरेका बच्चालाई पछ्यौरीले ढाडमा बाँधेर हल्लाउदै फकाइरहेका देखिन्छन् । नयाँ बिहानीसँगै नवजीवनको परिकल्पनामा यहाँका मानिसहरू यस दुःखद क्षणलाई अवसरको रूपमा साट्दै सुखद सपना बुनिरहेको आभासमा हुन्छन् ।

बन्द पर्खाल भित्रका यिनै गतिविधिका बीच करिब ७०/७२ वर्षका बुढा मानिस (शेरबहादुर) प्लाष्टिकका डोरीले जाल बुने जस्तै नाम्लो बुनिरहेका छन् । त्यस्तै छेवैका साथीले मुढा बुनिरहेका अनि कोही तानमा टोपी बुनिरहेका देखिन्छन् - कुनै घरेलु उद्योगमा झैं ।

यत्तिकैमा ती बुढामान्छे आफ्नो कामलाई थाँती राखेर, भित्तातिर हेर्दै केही शब्दहरू बरबराई रहेका छन् । नजिकैको भान्छा कोठाबाट कमिलाका लस्कर ताँतीबद्ध भएर दोबाटोमा गएर बाटो भुलेझैं केही यता त केही उता गन्तव्य खोजिरहेका छन् । त्यसैमध्येको एउटा कमिलाले आफूभन्दा ठूलो देखिने चिनीको ढिक्को पछाडि फर्केर तानेर ल्याँदैछ । बीचमै अर्को कमिलाले खोसे जस्तो गर्दै तानातान गरिरहेका छन् । हेर्दाहेर्दै ती कमिलामध्ये एउटा कमिलो चिनीको ढिक्कोसँगै पानी राखेको बाल्टीमा पर्यो । ती बुढा मानिस जुरूक्क उठेर चम्चाको सहाराले डुब्न लागेको कमिलोलाई चुकचुकाउदै उद्धार गर्न लागे ।

मैले सोधें- बुबा के गर्न लाग्नु भा'को ? बुढाको आँखामा आँशु ढलपलाएको प्रष्टै देखिन्थ्यो, तैपनि मुहारमा नक्कली मुस्कान फुस्काउदै भन्छन्- हेर्नुहोस् न बाबु चिनीको महत्त्व, सायद गुलियो भएरै मिठो र स्वादिलो मानिएको होला । यो कमिलोले यसैको लागि प्राण त्याग्यो - मेरो कथा जस्तै ।

बुढा मानिसले भक्कानिदै आफ्नो कथा सुनाउन लागे - खै ! बाबु यो चिनी अमृत भनौ कि विष ? यसले धेरैको ज्यान लियो । यसैका कारण कसैको घर परिवार विचल्ली परे - यो कमिलोको परिवार जस्तै । म पनि बाबु यसैका कारण तपाईको सामु छु । बुढाको भनाइ बुझ्न कठीन भयो । सायद यो चिनीको कारण कसैलाई चिनीरोग (डायवेटिज) लागेर मर्नु परेको हो कि ? भन्ने अड्कल काँटे तर कमिलाको कथा र उनको भावुकताप्रति आफैलाई विश्वास लागेन र सोधें - किन र बुबा ?

बुबाले भन्दै जानुभयो - कसैलाई के-को धन्दा, कसैलाई के-को मोह भने झै ... यस्तै घट्यो जिन्दगीमा । यो गरिबको जिन्दगी पनि नहुनु रै'छ । नाथे चिनी खानु पनि काललाई निम्त्याउनु पर्ने भयो । एक किलो चिनीको मूल्य एकसय दश रूपैया । यो खान पनि हामी गरिबलाई दशैं नै आउनु पर्ने ? घर परिवारलाई आङ ढाक्ने एकसरो कपडा चाहिने, म लोभी पापी बुढोलाई चिनी ... ।

बाबु, यही विषयमा बुढीको र मेरो ठाकठुक पर्‍यो । म पापीको हातमा काल बसेको रै'छ, मैले रिसाएर उनीलाई यसो धकेली दिए । उनी खम्रयाङ खुम्रूङ भरेङबाट खसेर बेहोस् भइन्, अन्त्यमा केही लागेन बाबु, म अपराधी यसै कारण आज यो जंजीरको गेट र चौदिवारभित्र प्रायश्चित्त गर्दै सजाय भोग्दै छु । अहिले ऊ झल्झली मेरो आँखामा आउँछे, म सहन नै सक्दिनँ - त्यो पीडा, उफ ! त्यही भुल्न आफ्नो हातमा भएको सिप नाम्लो बुन्छु, दाम्लो बुन्छु, आफू सरहका अरूलाई हेर्छु र मन बुझाउँछु । बुढेस कालमा मलाई काल पनि आएन । बुढा बरबराउदै आफ्नो कोठातिर सुक्कसुक्क गर्दै गए । पीडा र वेदनाले मन कुँडिएर आयो । आँसु टलपलाएर आँखा चिम्म गर्दै रोक्न खोजें तर सकिनँ । अन्ततः मैले कमिलो र उसको वियोगान्त कथामा सहानुभूतिका दुई थोपा आँसु झार्नै पर्‍यो ।

ooo

**हाम्रो पुरुषार्थका ५० वर्षका १०० अङ्कका सेटका केही प्रति विक्रीमा छन् । तपाईंलाई चाहिएमा तुरुन्त सम्पर्क गर्नुहोला ।**

# किरण पुस्तकालय

**तम्घास, गुल्मी**

**फोन : ०७९-५२०२८७**

# रविकृत रामायणको दार्शनिक पक्ष

✍ प्रा.डा. कृष्णचन्द्र शर्मा

## रामायणको सान्दर्भिकता

हिन्दू जीवन पद्धति, जीवनको उद्देश्य र जीवनमा गरिने कर्म, उपासना ज्ञान, ध्यान, पुरुषार्थ सबैको आधार श्रोत वेद ग्रन्थ नै हुन् । यी वेदहरू बृहदारण्यक उपनिषद् अनुसार ब्रम्हको श्वासबाट जन्मेका हुन् । अस्य महतो भूतस्य निश्वसितमेतद् यदृग्वेदो यजुर्वेदः सामवेदोऽअथर्वाङ्गिरस (४.५.११) । वेदका मन्त्रहरू ऋषिहरूको अनुभूतजन्य ज्ञान हो त्यसैले ऋषिलाई मन्त्रस्रस्टा भनिदैन, ऋषिर्मन्त्रद्रष्टा (उणादिसूत्र, ४.१३९, उद्धृत रेग्मी : वैदिक साहित्यको स्वरूप, पृ.१) । वेदवर्णित आदर्श समाजको उदाहरण ग्रन्थ हो रामायण ।

हिन्दु सामाजिक संरचनामा आदर्श राज्य, आदर्श समाज र आदर्श परिवारको उदाहरण रामायण हो यो सांस्कृतिक धरातलसित गाँसिएको छ भने पारिवारिक कलह, ईर्ष्या र खिचातानी, भाइभाइबीच झगडा र युद्ध, सामाजिक विग्रह र शासनमा कुटीलताको उदाहरण महाभारत हो, यो राजनीति कुटनीति र युद्धनीतिसित सम्बन्धित छ । राम र उनको परिवारले हिन्दू सामाजिक आदर्शको प्रतिनिधित्व गर्दछन् । आदर्श परिवारभित्र बाबुआमा र छोराछोरीबीचको सम्बन्ध, पति र पत्नीबीचको सम्बन्ध, भाइ भाइबीचको सम्बन्ध, दाजु भाइ र दिदी बहिनीबीचको सम्बन्ध, छरछिमेकीबीचको सम्बन्ध, समुदाय समुदायबीचको सम्बन्ध, एक राष्ट्र र अर्को राष्ट्रबीच सम्बन्ध ।

रामायणका काण्डहरूको विकास रामको जीवन कथासित गाँसिएको छ । वाल्मीकि रामायण, अध्यात्म रामायण, तुलसीदासको रामचरितमानस र नेपालीमा भानुभक्तको रामायणमा सात काण्डहरू रहेका छन् । तुलसीदासले युद्धकाण्डलाई लंकाकाण्ड नाम दिएका छन् । यी हुन् सात काण्डः बालकाण्ड, अयोध्याकाण्ड, अरण्यकाण्ड, किष्किन्धाकाण्ड, सुन्दरकाण्ड, युद्धकाण्ड (लङ्काकाण्ड) र उत्तरकाण्ड ।

## रविलाल शर्मा र रामायण

गुल्मी जिल्ला चारपाला क्षेत्रका रविलाल शर्मा कँडेलले राम कथा गाउँदै हिड्दा वर्षौ पछि समग्र राम कथाले भजन गायनको रूप लियो र यो पुस्तक आकारमा आयो । वास्तवमा यो पुस्तक लेख्ने ध्येयले जन्मेको होइन, रामभक्तले गाउँदै जाँदा एउटा लोक रामायण जन्म्यो । यो रविलालको श्रम भएको हुनाले यसको नाम रविकृत रामायण रहेको हो । दुर्गा साहित्य भण्डार, वाराणसीले

वि.स.२०५३मा यस पुस्तकको दोस्रो संस्करण छापेको फेला पर्छ । रविलालको आफ्नो सानो भूमिका रहेको छ । सातकाण्डको मूल पाठ शुरू हुनुभन्दा पहिला आफ्नो पुर्ख्यौली परिचय २० पङ्ति पद्यमा दिएका छन् र त्यसपछि १६ पङ्तिको पैला आरती ।। दोहा ।। दिइएको छ । त्यसपछि क्रमशः सात काण्डको मूलपाठ, अन्तमा एउटा भजन रहेको छ ।

रविलाल शर्मा कँडेलले काण्डहरूको विभाजनमा र विषयवस्तुमा भानुभक्तको मोडेललाई अनुसरण गरेको देखिन्छ । सातकाण्डे प्रत्येक काण्डको प्रारम्भमा एउटा रिटक दिइएको छ र त्यो बाजासहित गायनका लागि हो ।

## बालकाण्डको रिटक

न संझेर पो तो, राम संझे छ तो ।<br>
रामको लिनु नाम अरू छैन काम, न संझेर.......<br>
पृथ्वीलाई भारी के जन्मला पापी, न संझेर....

## अयोध्याकाण्डको रिटक

कैले आउला फेरि, नजाऊ बालै वन<br>
के कर्मको बार, सकल संसार । कैले.....

## अरण्यकाण्डको रिटक

१. छुट्नेछैन काम, बिर्सने छैन राम ।<br>
आत्मामा छैन ज्ञान, भक्तिमा छैन मन । छुट्नेछैन.....

२. मोहिनी मनको लाग्यो है, रामको अन्ते पायो ।<br>
मनहिचित्त चोरेर लायो, नबिर्साइनु थियो है । रामको अन्ते पायो है ।

३. सीता हरि लग्यो, मृग मारे राम ।<br>
मृग मारे राम, कैले लाग्नन् घाम

## किष्किन्धाकाण्डको रिटक

संझेर लेन मन राम, रामको भजन ।<br>
रामको भजन, को होला सज्जन । संझेर लेन.....

## सुन्दरकाण्डको रिटक

सीता मेरी राम्री, कौन बन गयौ ।<br>
माया जालको पीर, मन्मा छैन थीर । सीता मेरी....

## युद्धकाण्डको रिटक

१. सीतालाई संझेर राम, रामको मनको विरह ।

२. राम संझेर मोर्ने मन मेरो ।
यो जगतमा हेर के छर खै मेरो । राम संझेर....

## उत्तरकाण्डको रिटक

१. छैन कैल्ये पनि किन, सुबिस्ताको दिन ।
सुबिस्ताको दिन, आत्माको हुन्छ हिन । छैन...

२. किन माया मार्‍यौ, किन ल्यायौ वन,
किन ल्यायौ वन, कि बुझाउ मेरो मन । किन माया....

३. बोल न सौभाग्येनी, के सम्झेर रूने ।
के सम्झेर रूने, रोयेर न हुने । बोल न....

४. गये यो ज्यान जाला राम, नगरिए अज्ञान ।
नगरिए अज्ञान राम, गरिए रामको ध्यान । गये यो ज्यान्.....

सातकाण्डको पाठपछि आरतीका रूपमा अथ रामाष्टक प्रारम्भ
भजन एउटा "गर्भमा छँदा भनेको " ।

सातै काण्डमध्ये प्रत्येक काण्डको अन्तमा तल दिएका दुई पङ्ति दोहोर्‍याइएका छन् । त्यो संरचनाले फेरि गायनकै माग गर्दछ ।

मेरो वाणी प्रभुकी वार्ता, सुन्नेलाई तार्न पाम ।
राम राम राम राम, रामको सर्वकाम ।

यसरी समग्र रविकृत रामायणले गायनलाई महत्त्व दिएको छ र यो भजनको विशेषता हो यसरी यो कृति लामो भजनका रूपमा आएको छ । यसको महत्त्व गायनमा छ, केवल पठन आंशिक पक्षमात्र पूरा गर्छ ।

रविलालले एउटा राम भक्तका रूपमा समग्र रामायणको कथावस्तुलाइ एकतारे बाजा बजाएर गाउँदै हिंड्दा यो समग्र रविकृत रामायण विकसित भएको हो । यो एक हिसाबले लोकसाहित्य हो । रविकृत रामायणमा शास्त्रीय रामायणको कथानकलाई सरल लोकलयमा राखिएको छ । शास्त्रीय रामायणमा सयौं पृष्ठमा लामा लामा घटनाहरू दिइएका छन् तिनलाई रविकृतमा छोटा छोटा चुट्का जस्ता बनाएर प्रस्तुत गरिएको छ । धेरै ठाउँमा कविको स्थानीय भाषिकाको प्रभाव रहेको छ । लय मिलाउँदा कतै कतै वार्णिक संयोजन न मिलेको पनि छ ।

बालकाण्डमा राम, लक्ष्मण, भरत र शत्रुघ्नको बाल्यकाल र उनीहरूले गरेका लीलाहरू रहेका छन् । गुरु वशिष्ठले शिक्षा दिए, ऋषि विश्वामित्र रामलाई जङ्गल हुँदै जनकपुर लैजानु, खासगरी सीताको स्वयंवरमा राम सहभागी हुनु र परशुरामको धनु रामले तोड्नु । अध्यात्म रामायणमा शुरूमा अध्यात्म रामायणको महत्त्व बखान छ (अध्यात्म, बालकाण्ड १-६)भने भानुभक्तको रामायणमा कलिकालमा मानिसको मति बिग्रिन्छ के गर्ने भन्ने बारे नारदले ब्रह्मालाई सोधेको र पार्वतीलाई शिवले रामको महत्त्व बताएको कुरा छ (भानुभक्त, बालकाण्ड, १-१६) । यो सब विशद प्रसंगलाई रविलालले ल्याएका छैनन् ।

अयोध्याकाण्डमा कैकेयीले भरतलाई राज्य र रामलाई बनबासको दशरथ राजालाई बाचा गराइन् । तदनुरूप राम, लक्ष्मण र सीता वनतिर लागे, भरतले रामलाई भेट्दा सम्झाएर अयोध्या पठाए । जङ्गलमा कुटिया बनाएर बस्न थाले । अरण्यकाण्डमा सुपर्णखा प्रसंग, मारीचले मृगरूप धारण गरेर रामलाई भटकायो । बाण लाग्दा 'हाय भाइ लक्ष्मण !' भनी करायो, कुटियामा लक्ष्मणरेखा खिचेर उनी रामको सहायताका लागि वनभित्र पसे । त्यसैबेला जोगीरूप धारण गरेर भिक्षाका बहानामा रावणले सीता हर्‍यो, जटायुको प्रयास, राम विलापमा, रूख विरूवालाई सोद्धै हिडे । शबरीको प्रेम किष्किन्धा काण्डमा बालीलाई बाण हानी हत्या, सुग्रीवलाई राजा, उनका सहयोगले सीताको खोजी, हनुमान लंकातिर लागेको प्रसङ्ग छ । सुन्दरकाण्डमा हनुमान्‌ले विभिन्न अप्ठेरा पार गर्दै, समुन्द्रमाथि उडेर रावणको फूलबारीमा पुगेर सीतालाई रामको औंठी दिए । बगैचा ध्वस्त बनाए । लंका जलाए र रावणलाई मति सुधार्ने अर्ति दिए । फर्किएर आए पछि, रामले हनुमान्‌लाई काखमा लिए र ढेडुको मुख झोसिदिए । युद्धकाण्डमा रावणलाई धेरैले रामसित न लड्न सुझाव, रानी मन्दोदरीले राम विष्णुका अवतार हुन्, न लड, गल्ती स्वीकार गर भनेकी छन्, उसले कसैले भनेको मानेन । रामरावण युद्ध, रामको विजय, रावणको लक्ष्मणलाई अर्ति, विभीषणलाई लंकाको राजा, राम लक्ष्मण र सीता अयोध्या फिर्ता, राज्यारोहण, अयोध्यामा हर्ष आदि प्रसङ्ग छन् । अन्तिम काण्ड उत्तरकाण्डमा धोबीको आक्षेपलाई जनभावना मानी गर्भवती सीतालाई राजा रामले राज्यबाट निकाली वनबास गराए । वाल्मीकि आश्रममा सहारा, त्यही लवकुश दुई छोराको जन्म, पालनपोषण, रामले अश्वमेध यज्ञ गरी छाडेको घोडा लवकुशले समाते, युद्धमा सबैलाई हराए । रामसित चिनाजान भयो, सीताले अयोध्या फर्कन मानिनन् धर्तीसँग आश्रय मागिन्, धर्तीले फाटेर आश्रय दिइन् 'भूमिले देउहै बाटो, पृथिवीमा पाताल सिताजी (उका २६) । लवकुश अयोध्या गए, रामले पनि सरयू मार्फत् संसार छाडे (उका ३०) ।

## समावेस नगरिएको प्रसङ्ग

रामको सेना र लवकुशबीचको भीषण युद्ध शास्त्रीय रामायणमा लामो विवरण पाइन्छ तर रविकृत रामायणमा यस युद्धबारे खासै चर्चा गरिएको छैन ।

कविले आफ्नो भूमिकामा यस रविकृत रामायणको उद्देश्य "भगवद्भक्ति बढाउनु" भनेका छन् र पाठकप्रतिको उनको अपेक्षा रहेको छ "खुप प्रेमका साथमा भन्नु गाउनुहोला भन्ने आशा छ" ।

कविले आफ्नो गाउँठाउँ र परिवारको परिचय 'परिचय'शीर्षक अन्तर्गत दिएका छन् । आफ्नो गाउँका बारेमा भन्छन् "नेपाल राज्य गुल्मी जिल्ला, मौजे चार्पाला मध्ये । घर अर्बाथोक तोश बेग्रूङ । जिजु निलकण्ठ, बाजे डिलीराम, पिता इन्द्रमणि । आफू रविलाल एकतारे भक्ति कैरनशर्मा कढेल । आफूलाई उनी केही न जान्ने 'घाँसखानेजस्तो पशु' यो रामायण रामप्रतिको आस्थाको अभिव्यक्ति हो र "जानि नजानि शुद्ध अशुद्ध बिन्ती छ मेरो" । उनको दर्शन संक्षेपमा 'सब सपना' 'जन्मन मोर्न फेरि नपर्ने ' ।

## रविकृत रामायणका केही उल्लेख्य विशेषताहरू रहेका छन् :-

१. स्थापित शास्त्रीय ज्ञानलाई र त्यसको कथावस्तुलाई गाउँले शैलीमा भजनकारूपमा विकास गरेको ।
२. कविले आफूले यो गाउँदै गुल्मी, अर्घाखाँची र पाल्पाका धेरै मानिसलाई सुनाएर यो लोकसाहित्य बनिसकेको अवस्था ।
३. प्रत्येक पृष्ठमा दोहोर्‍याएर गाउँनका लागि छेपक दिइएको छ ।
४. यो गेय भएकाले यस क्षेत्रका धेरै मानिसको जनजिब्रोमा सुनिन्छ । खासगरी आजापूजाका बेलामा साँझमा भजन गाउँदा ।

## रविकृत रामायणमा जीवन दर्शनका विविध पक्षबारेका केही अभिव्यक्तिहरू

चारै दिनको जीन्दगी बित्दा दौडेर आउँछ काल (बालकाण्ड १) । (जीवनको अस्थिरता, छोटो समय त्यसपछि काल निश्चित छ) ।

विष्णु भन्ने पस्यो मन्मा रामको गरे महिमा (जनकः बाका, १७)

सर्पले भ्याउतो भ्याउताले डाँस गनती छैन कालको ।

आउने र जाने ठाँटि र पौवा, बासा एक बारको ।

भरखरै यहिं छन् भरखर छैनन्, सङ्ग दिन चारको । (रामले लक्ष्मणलाई : अयोध्याकाण्ड, १३)

मुखमा हेरी प्रेमले हाँसिन् जानत पाउँला साथ्मा (सीता : आदर्श जोडी, श्रीमान् श्रीमतिबीच सौहार्दता, बा.का., १८) ।

रामले परशुरामको धनुमा तादो चढाये र 'शेखी तोडे पाऊ परे' ।

पञ्चवटीमा सुपर्णखा : भोगको आशा/ कन्दर्पको ताप छुटाउ तिम्रै गर्छु सेवा (अर.का. ७)

रामचन्द्रले चौतारी, पिपल, ऐसेलु, केरा, सल्लोको रूख, जूका र जटायुलाई सीताबारे सोधनी (साधारण मान्छे जस्तो व्यवहार )

## रामले विलाप गरेका छन्, देवताको मानवीकरणको सुन्दर नमूना

सीता बिनु राम अतासी, आँखा अन्धाअन्धी
पाचउँ दिनको दिन बित्यो, खान बन्दाबन्दी ( अर.का.५८)
रामले तारालाई सम्झाउँदै शरीर र आत्माको भेद देखाउँछन् :
माया छ तिम्लाई शरीरको आशा, तही ं छ तिम्रो पति ।
निक्लेर जाने सजीव मै हूँ, कोसित जान्छेउ सती । ...
अगमको अपार लीला तिम्रा कल्ले के जानो र (कि.२१, २)

## सम्पातिले हनुमान्लाई

रामको औतार भयेछ बल्ल जटायु मेरो भाइ हो (कि.२८) ।
हनुमान्ले सीतालाई रामको औंठी दिएपछि
नेपाली समाज अनुसार महिलाको बायाँ र लोग्ने मान्छेको दाहिने आँखा फुर्नु राम्रो संकेतः
सीताबरण वामफर्केर आँखी, रामको दाहिने फुरो (सु.का. ९) ।

## हनुमान्ले रावणलाई रामका बारेमा भनेका

कस्की भार्या हरेर लिइस् बुझिस् मालिक मेरा
ई बचन अमृत होलान्, हरिस् न जानेर (सु.४१) ।
रामको विजय मुहूर्त, सुग्रीव साइत साखाजान
फौज चलाए लङ्कामा...(युद्धका.५)
रामेश्वर शिवको मूर्ति रामको कीर्ति देखोस् (युद्ध २२)
पानी बीनु मछेडी....देहबीनुजीव (युद्धका.६६) ।

## मन्दोदरीले विष्णुको अवतारबारे बोलेको

हयग्रीवले वेद लुटेर मत्स्यरूप धर्नु
कुर्मरूपले पर्वत मदानी......
राजा हुन् हिरण्यकशिपु, फूर्ति तपाईंकै सरी (पृ.६०, ६१) ।

## रावणबारे रामले लक्ष्मणलाई भनेका

चारजुग जान्ने रावणराजा अर्ति दिनेछ मीठो (युद्ध १७) ।

विभीषणले रामलाई संकेत दिए : रावणको नाभीमा अमृत
ज्योतिस्वरूप रावणराजा रामचन्द्रमै मिल्यो (युद्ध २२) ।

## सनत्कुमारले रावणलाई भनेका

रामका हातले मारेर मोर्न जन्मने छैन फेरि (उत्तरकाण्ड ११) ।
विषयले भरियेको जग, शरीरको आत्मा पनि निक्लेर जान्छ, तत्व विचारी हेर (उत्तरका.१-७)
माता मेरा पिता मेरा, मेरै सङ्गत साथी
मावली मेरा ससुराली मेरा, मोर्दा जङ्गल वासी । मेरो भन्नु झुट्टा ।
अज्ञान, माया, मोह, जाल ।

## सरल अभिव्यक्तिका धेरै उदाहरणमध्ये केही

जो जनि भन्छेउ सो त्यति दिम्ला, (अयोका.६)
सिन्का चिर नडले, अलछिन्का सडले, उठेर केलाउ सुपो, (अयोका.१८, १९) ।
सुपारीलाई काटेर दुइटा काँकडीलाइ चिर्नु
अमृत अचार खाएर विचार जस्ताको तस्तै हेर्नु, (अयो.का. ४२) ।
सीताले लक्ष्मण गइसकेपछि : सुखमा हुँदा लाखौ जाना, दुःखा छैनन् मेरा (अर.का. ४३)

## सन्दर्भ ग्रन्थसूची

आचार्य, भानुभक्त (२०७०), रामायण, सातौं संस्करण, ललितपुर : साझा प्रकाशन ।

अध्यात्मरामायण (२०७३) ४४औ संस्करण, गीता प्रेस, गोरखपुर : गोरखपुर ।

बृहदारण्यक उपनिषद्, शंकराचार्य भाष्य सहित, अंग्रेजी अनुवाद स्वामी माधवानन्द, १९३४, १५औ पुनर्मुद्रण २०१५, कलकत्ता : अद्वैत आश्रम ।

तुलसीदास, गोस्वामी (२०७३) रामचरितमानस, ११२ औ संस्करण, गीता प्रेस गोरखपुरः गोरखपुर ।

रेग्मी, ऋषिराम (२०७३), वैदिक साहित्यको स्वरूप, ललितपुर : हिमवत् आर्ष प्रज्ञा ।

शर्मा, रविलाल । (विसं २०५७), श्री रविकृत रामायण, वाराणसी : दुर्गा साहित्य भण्डार ।

ooo

# सम्झनामा : तौलेश्वरनाथ प्रधान पाठशाला

✍ डा. रामराज पन्थी
बुढानीलकण्ठ, काठमाडौं

हामीहरू सानै थियौ हाम्रो पहाड घर गुल्मी, धुरकोटबाट सबै जना आमा बुवा मदन दाइ, नन्दी दिदीलगायत मधेस तौलिहवा जाने भयौं । यो बसाइसराइ नभई पिताजी युवराज पन्थीको तौलिहवाको श्री तौलेश्वरनाथ संस्कृत प्रधान पाठशालामा सरकारी शिक्षकको रूपमा सरूवा थियो । पिताजीले यसअघि श्री जनउद्धार संस्कृत पाठशाला वाङ्ला अर्घाखाँचीमा अध्यापन गर्नुहुन्थ्यो । करिव ५६-५७ वर्ष अघि अर्थात् २०२३ साल मार्ग महिनामा हामीहरू कपिलवस्तुको तौलिहवामा झरेका थियौं । म केवल ४-५ वर्षको थिएँ हुँला । अलि अलि मात्र सम्झना आउँछ तर पछि थाहा हुँदै गयो । हाम्रो सात जनाको परिवार पिताजीको शिक्षकको नोकरीको सिलसिला हामीसँगै तौलिहवामा आएको रहेछ । उता गुल्मी धुरकोटमा सायद हामीहरू बसाइसराइ गरी तौलिहवा गएको भान भयो होला, यो स्वाभाविकै हो । हामी कपिलवस्तु जिल्ला अदालतनिर पं. गोपिराज अर्यालज्यू (फुपाजु)को घरमा बस्यौं भाडामा ।

त्यतिखेर तौलिहवामा चार वटा स्कूलहरू थिए । जस्तै : श्री तौलेश्वर नाथ संस्कृत प्रधान पाठशाला, श्री बुद्ध पद्य हाई स्कूल, यशोधारा हाई स्कूल र रत्नराज्य हाई स्कूल । यीमध्ये जेष्ठताका हिसावले श्री तौलेश्वरनाथ संस्कृत प्रधान पाठशाला वि.सं. १९७८ सालमा स्थापना भएको हो । तौलेश्वरनाथ संस्कृत पाठशाला कपिलवस्तुको प्रसिद्ध तौलेश्वरनाथ शिव मन्दिरको नामबाट नामकरण भएको हो कि जस्तो लाग्दछ । थप ऐतिहासिक कुरा मलाई जानकारी भएन । जे होस् यो पाठशाला पश्चिम नेपालको ज्ञानको ज्योति छर्ने मध्येको पुरानो पाठशालामा पर्छ । यो पाठशाला स्थापना गर्ने मध्येका पं. श्री रेश्मिराज अर्याल अग्रणी हुनुहुन्छ । उहाँ लगायत उहाँका भाइहरू पं. गोपिराज अर्याल, पं. चिरञ्जिवी अर्यालले पनि अध्यापन गर्नु भएको रहेछ । यस पाठशालामा अध्ययन अध्यापन गर्ने सबै विद्वान् र बडो निष्ठावान् हुनुहुन्थ्यो । पछिसम्म पनि पिताजीले हामीलाई यी कुराहरू सुनाउनु हुन्थ्यो ।

मलाई यस पाठशालामा अध्ययन गर्ने अवसर प्राप्त नभए पनि पिताजीको सानिध्यले गर्दा सबै कुरा थाहा हुन्थ्यो । त्यो पाठशाला र हाम्रो परिवारको सम्बन्ध अन्योन्याश्रित जस्तो थियो । त्यस पाठशालामा कक्षा ६ देखि पठनपाठन

प्रारम्भ हुन्थ्यो । त्यस पाठशालाका प्रधानाध्यापक व्याकरणका विद्वान् पुण्यप्रसाद अर्याल हुनुहुन्थ्यो । मेरा पिताजीले नेपाली, गणित, संस्कृत साहित्यका पाठ्यपुस्तक पढाउनुहुन्थ्यो । उहाँ सम्पूर्णानन्द सस्कृत विश्वविद्यालय बनारसबाट प्रथम श्रेणीमा धर्मशास्त्राचार्य हुनुहुन्थ्यो । छात्रहरू पिताजीप्रति श्रद्धाभाव प्रकट गर्ने उहाँले पनि विद्यार्थीलाई माया गर्नुहुन्थ्यो । मेरा दाइ डा.माधव पन्थीले यसै पाठशालाबाट २०२९ सालमा पूर्व मध्यमा उत्तीर्ण गर्नुभएको थियो । यसले गर्दा दाजीका सहपाठी र पिताजीका शिष्यको सम्बन्धले गर्दा हामी विद्यार्थीमाझ अझ नजिक भयौ । पिताजीको चाहना सायद अन्यत्र नै पढोस भन्ने थियो तर माधव दाजीले संस्कृत शिक्षाबाट आफ्नो भविष्य उज्वल देख्नुभयो र त्यही पढ्नुभयो । उहाँ मभन्दा २ वर्षमात्र जेष्ठ हुनुहुन्थ्यो तथापि तीक्ष्ण बुद्धिले गर्दा मैलेभन्दा निकै पहिलै पढाइ अगाडि बढाउनुभयो र सफल पनि हुनुभयो । यसमा पिताजीको अतुलनीय योगदान कहिल्यै बिर्सन सकिंदैन ।

म, दिदी राजु र बहिनी भाषालाई नजिकैको श्री बुद्ध पद्य हाइस्कूलमा भरना गरिदिनु भयो । हामीहरू तीनजना वयअनुसार अलग अलग कक्षामा पढ्ने भयौं । हाम्रो बारेमा पिताजीले भनेको अझै मलाई सम्झना छ, त्यो के भने जहाँ मैले अध्यापन गर्छु त्यहाँ यिनीहरूको बारेमा बेठिक मूल्याङ्कन हुन सक्छ तसर्थ मैले आफूलाई अलग गरेको भन्नुहुन्थ्यो । मैले पिताजीबाट अमरकोश लघुकौमुदी कण्ठ गरेको अझै सम्झना छ । उहाँले हामीलाई नजिकबाट निगरानी गरी राख्नु हुन्थ्यो । हाम्रो स्कूल बुद्धपद्यका प्रधानाध्यापक गोपालबहादुर सिंह र कक्षा शिक्षक पिङ्गलप्रसाद उपाध्यायलाई मेरो छोरो भनेर मूल्याङ्कन नगरी यथार्थ मूल्याङ्कन गरिदिन अनुरोध गरेको म स्कूलबाट निस्किएपछि थाहा पाएँ । पिताजीको कति दूरदृष्टि थियो अहिले सम्झेर उहाँप्रति कृतकृत हुन्छु म । मलाई उहाँले संस्कृत, नेपाली र गणितमा प्रत्यक्ष गाइड गर्नुहुन्थ्यो । संस्कृतको एक विषय मलाई ज्यादै सजिलो पनि भयो पिताजीको मार्ग दर्शनले । यसरी मैले वि.सं. २०३४ सालमा बुद्धपद्य हाइ स्कूलबाट पुरानो शिक्षा प्रणालीअनुसार S.L.C. उत्तीर्ण गरें ।

त्यस तौलेश्वरनाथ पाठशालामा पढ्न, आवासको व्यवस्था र निशुल्क भोजनको पनि प्रबन्ध गरिएकोले देशका टाढा टाढा जिल्लाबाट विद्यार्थीहरू पढ्न आउँथे । खाने र बस्ने निःशुल्क व्यवस्था स्थानीय गुठी, अथवा साहुमहाजनको दान दातव्यबाट चलेको जस्तो लाग्छ । यसलाई अलि व्यवस्थित गर्ने कार्य पुण्यप्रसाद अर्याल र युवराज पन्थीको पहलमा तत्कालीन बडाहाकिम टेकबहादुर रायमाझीबाट भएको जानकारबाट सुन्न सकिन्छ । मलाई सम्झना भएसम्म अहिले जहाँ विद्यालय स्थापना गरिएको छ त्यो शुरूदेखि नै यहीं ठाउँमा छ तर छात्रावास भने अदालत टोलमा सरकारी भवनमा थियो । पछि एकै ठाउँमा

विद्यालय र छात्रावास बनाइयो जसले गर्दा विद्यार्थीलाई अलि सहज भयो । यहाँ पढ्ने, बस्ने अधिकांश विद्यार्थीहरू ब्राहमण समुदायभित्रका पर्थे जहाँ भोजन ग्रहण गर्नु अघि नित्य सन्ध्यावन्दन गर्ने, प्रार्थना गर्ने, सात्विक कर्म पनि गर्दथे । भोजनमा प्रायः दाल भात तरकारी दिइन्थ्यो तर माछा मासु सायद तामसी भोजन भएकोले वर्जित थियो मेसमा । त्यस बेला अध्ययन गरेका अधिकांश विद्यार्थीहरू सकुशल आफ्नो यथायोग्य मान प्रतिष्ठाले जीवन यापन गरेका देखिन्छन् । मलाई विभिन्न कारणले आज पर्यन्त त्यस स्कूलमा अध्ययन गरेका केही विद्यार्थीलाई नजिकैबाट सम्झने अवसर मिलेको छ । त्यस पाठशालाबाट उत्पादन भएका कैयौ व्यक्तिहरू आफ्नो क्षमताअनुसार उच्च अध्ययन गरी नेपाल सरकारका उच्च प्रशासक भएका छन्, कैयौ विद्यावारिधि प्राप्त छन्, कैयौ विश्वविद्यालयका प्राध्यापक भएका छन्, कैयौ राजनीतितर्फ लागी देशलाई योगदान गरेका छन्, । मैले धेरै धरै संझिने मध्येका उहाँहरूः प्रा.डा. दुर्गाप्रसाद अर्याल, प्रा.डा. लक्ष्मीकान्त पन्थी, प्रा.डा. महादेव अवस्थी, नारायण ज्ञवाली, दिनेश पन्थी, तेजप्रसाद पौडेल, यदुप्रसाद पन्थी, पुरुषोत्तम पन्थी, फणिनारायण सिग्देल, प्रा.डा.धर्मराज अधिकारी, राजेन्द्र आचार्य, डिल्लीराज आचार्य, विष्णुप्रसाद आचार्य, बावुराम आचार्य, ऋषिराम आचार्य र गुणानिधि घिमिरे हुनुहुन्छ । गुणानिधि घिमिरे वयले हामी भन्दा पाको हुनुहुन्थ्यो र उहाँ हाम्रो घरको एक सदस्यको रूपमा हामीसँगै घरमा पनि बस्नुभयो । पछि पूर्वमध्यमाको परीक्षाको तैयारीको लागि छात्रावासमा जानुभयो उहाँप्रति अति गहिरो श्रद्धा छ मेरो । उहाँले हामीलाई अति माया गर्नुहुन्थ्यो । त्यस पाठशालाबाट आज १०० वर्ष व्यतीत हुँदा सयौं विद्यार्थीले आफ्नो विद्यार्थी काल बिताए तर विगत ४५ वर्षयतादेखि सानिध्य नभएकोले सबैलाई सम्झन सम्भव भएन ।

पञ्चायती व्यवस्थाको आखिरीतिर त्यस पाठशालाले प्रदान गर्दै आइरहेको निःशुल्क आवास (छात्रावास) र निशुल्क भोजनको व्यवस्था हटाएको देख्दा नरमाइलो लाग्यो । तौलिहवाको मात्र नभई सिङ्गो देशको धरोहरको रूपमा रहेको तौलेश्वर नाथ संस्कृत पाठशालाले अविराम ५०-६० वर्षसम्म पाएको सुविधा हरण हुनु दुःखद छ । यसले पाउने अनुदान समाज कल्याण परिषदबाट रोकिनु स्वयं तत्कालीन परिषद्का अध्यक्षको हैसियतले रानीको लागि लाजमर्दो विषय थियो । यो सबै इतिहासको गर्तमा गइसक्यो । जेहोस् जो नहुनु थियो त्यो भयो । पछि परन्तु यस विषयमा बहुदलीय व्यवस्थामासमेत चासो भएको नपाइनु झन् लाजमर्दो भयो । कपिलवस्तु जिल्लाबाट महत्त्वपूर्ण विभागीय मन्त्री भए प्रशासक समेत भए तर सुविधामा भने पूर्णविराम लागिरह्यो ।

त्यसबेला अध्यापन गर्ने सुयोग्य अध्यापकमा मेरा पिताजी युवराज पन्थी, पुण्यप्रसाद अर्याल, देवराज अर्याल, शेखरनाथ पन्थी, वामदेव ठाकुर, त्रिवेणीमणि त्रिपाठी, खिमानन्द ज्ञवाली, विष्णुप्रसाद ज्ञवाली, नरहरी पोखेल, मुरलीधर मिश्र, हरिराज अर्याल, विष्णुप्रसाद गौतमलगायत अरू धेरै हुनुहुन्थ्यो होला । मेरो संझनामा यति नै रह्यो छुट हुन गएकोमा क्षमा याचना गर्दछु ।

नयाँ शिक्षा योजना २०३१ सालमा लागु हुनुभन्दा पहिले र पछि पाठ्यपुस्तक र पाठ्यक्रम केही परिमार्जित भयो र शिक्षा प्रणाली पनि अलि परिवर्तन भयो । सायद त्यसपछि यसको नाम पनि तौलेश्वरनाथ संस्कृत माध्यमिक विद्यालय भयो । खेलकुद प्रतियोगिता, हाजिरी जवाफ प्रतियोगिता, हिज्जे प्रतियोगितामा यस स्कूलको सम्मानजनक उपस्थिति हुन्थ्यो । पदक शिल्ड प्रायः हात लागेकै हुन्थ्यो । हरेक प्रतियोगितामा मेरो चासो मेरो स्कूल र संस्कृत स्कूलको बराबरी नै हुन्थ्यो । नयाँ शिक्षा योजनापछि यस स्कूलमा सहशिक्षाको अवधारणा आयो र छात्राको अध्ययन गर्ने रूचि पनि बढ्यो । अहिले मैले सुनेको छु समावेसी शिक्षा पनि यस तौलेश्वर संस्कृत माध्यमिक विद्यालयले अङ्गीकार गरी सबै जात, वर्ण समुदायका बालबालिका यस स्कूलमा पढ्दैछन । अझ मुस्लिम समुदायका छात्र छात्रा समेतले अध्ययन गरेको देख्दा/सुन्दा अति राम्रो लाग्छ । कति ! उदार कति समावेसी छ हाम्रो संस्कार भनेर ।

अन्त्यमाः सय वर्ष व्यतीत गरे पनि यो स्कूल हाम्रो अगाडि इतिहास बोकेर उभिएको छ । यो कपिलवस्तु तौलिहवावासीका लागि गौरवको विषय र सिङ्गो लुम्बिनीको धरोहर हो, देशको पनि धरोहर हो । यस स्कूललाई प्रदान गरिएका सेवा सुविधाहरू पुनः प्रदान गरियोस् । विगतमा गुणस्तरीय पढाइ, राम्रो नतिजा र कर्मठ नागरिक उत्पादनमा, यस स्कूललाई धेरै धेरै शुभकामना !

ooo


काठमाडौं उपत्यकाभित्रका 'हाम्रो पुरुषार्थ'का स्थायी र आजीवन ग्राहक एवम् लेखक र कविहरूले भक्तपुर बसस्टप सामुन्ने बागबजार, काठमाडौंमा रहेको

**भण्डारी बुक्स एण्ड स्टेशनरीज**

**(फोन नं. ०१-४२४१४८५/२६०९०६)**

बाट आफ्नो प्रति बुझेर लैजानका लागि हामी अनुरोध गर्दछौं ।

**हाम्रो पुरुषार्थ (त्रैमासिक)**

// समीक्षा //

# देवकोटाको आध्यात्मिक चेत

✍ **कृष्ण झवाली**

महाकवि लक्ष्मीप्रसाद देवकोटा अप्रतिम र अनुपम साहित्यकार हुन् भन्ने कुरामा दुईमत छैन । उनका कृतिको स्वच्छन्दतावादी, मानवतावादी, प्रकृतिवादी, शृङ्गारवादी आदि विभिन्न धार र रूझानका बारेमा धेरै चर्चा-परिचर्चा, व्याख्या-विवेचना र समीक्षा-समालोचना भएका छन् तर उनको अध्यात्मप्रतिको धारणा, ईश्वरप्रतिको आस्था र आस्तिकताबारेको सोंचका सम्बन्धमा पनि प्रष्ट पर्यावलोकन र गम्भीर अनुशीलन हुनु जरूरी छ ।

महाकवि देवकोटा उच्च कोटिका विचारक र चिन्तक हुन् । उनका कृतिमा उनको चिन्तनको प्रौढत्व झल्किन्छ । उनको एउटै निबन्ध 'के नेपाल सानो छ?' मा विचारको प्रगल्भता र गहनता छताछुल्ल छ । उनका महाकाव्यद्वय 'शाकुन्तल' र 'सुलोचना' मा उनको कथावस्तु, भाषा, शैली, भाव र विचार निर्बन्धन दौडेका छन्–रेसमा कुदेको घोंडाजस्तै । शायद त्यही निर्बन्धन उन्मुक्ततालाई संकेत गरेरै होला, बीपी कोइरालाले "साहित्यमा म अराजक छु" भनेको ।

देवकोटामा मानवीय उदात्तता विपुलाकार छ । आफ्ना हरेकजसो कृतिमा उनले मानवतावाद–जसलाई हामी दया, करूणा, परोपकार, निर्लोभिता, सन्तोष, सहिष्णुता र समभावजस्ता मानवीय गुणहरूको समवेत स्वर मान्न सक्छौं–को सशक्त सन्देश दिएका छन् । यतिसम्म कि देवकोटाले नै आफ्नो सर्वाधिक प्रिय घोषित गरेको रचना "मुनामदन" मा पनि उनको त्यो भावना प्रष्ट रूपमा प्रकट हुन्छ । उनका यी दुई गीति पंक्तिहरू –

**"क्षेत्रीको छोरो यो पाउ छुन्छ घिनले छुँदैन**
**मानिस ठूलो दिलले हुन्छ जातले हुँदैन ।।"**

**र,**

**"हातका मैला सुनका थैला के गर्नू धनले**
**साग र सिस्नु खाएको वेश आनन्दी मनले"**

उनको मानवतावादी चिन्तनका शाश्वत र चिरन्तन अभिलेख बनेका छन् । पहिलोमा जातिगत संकीर्णताको तिरस्कार र सच्चा हृदयबाट उत्पन्न हुने प्रेम, स्नेह र सद्भावको प्रशंसा परिपोषित भएको छ भने दोस्रोमा सादगीपूर्ण र सरल जीवनशैलीको पक्षपोषण गरिएको छ । वास्तवमा यी मानव मूल्य-मान्यताका वाहक

र प्रवर्धक अभिव्यक्तिहरू नै देवकोटाको अध्यात्मचेतका बिम्ब र प्रस्थानविन्दु हुन् ।

तर, देवकोटाको आध्यात्मिक चेतको सुस्पष्ट झलक चाहिं उनको "यात्री" कविताले दिएको छ ।" ईश्वर बाहिर मन्दिरमा छैन, हाम्रो आफ्नै हृदयभित्र विराजमान छ" भन्ने सन्देशको शंखनाद गर्नुपूर्व सम्भवतः पाल्की चढेर मन्दिर जाँदै गरेको एकजना यात्रीलाई सम्बोधन गर्दै उनी भन्छन् –

**"कुन मन्दिरमा जान्छौ यात्री कुन मन्दिरमा जाने हो**
**कुन सामग्री पूजा गर्ने साथ कसोरी लाने हो**
**मानिसहरूको काँध चढी कुन देवपुरीमा जाने हो"**

'आफ्नो शरीर नै त हो मन्दिर, यसभित्रको ईश्वरलाई छोडेर अन्यत्र किन दौडिन्छौ' भन्दै उनी फेरि भन्छन्–

**"हाडहरूका सुन्दर खम्बा, मांसपिण्डका दिबार**
**मस्तिष्कको यो सुनको छानो, इन्द्रियहरूका द्वार**

**नसा नदीका तरल-तरंग, मन्दिर आफू अपार**
**कुन मन्दिरमा जान्छौ यात्री कुन मन्दिरको द्वार !"**

देवकोटाका यी पंक्ति पढ्दा मलाई आद्य जगद्गुरु शंकराचार्यको यो श्लोक याद आउँछ जसमा उहाँले साधकको शरीरलाई नै सम्पूर्ण तीर्थका रूपमा परिकल्पना गर्नुभएको छ । हेरौं त कति सरल, सुबोध र सुन्दर छन् यी हरफहरू –

**"काशीक्षेत्रं शरीरं त्रिभुवनजननी व्यापिनी ज्ञानगंगा**
**भक्तिः श्रद्धा गयेयं निजगुरुचरणध्यानयोगः प्रयागः ।**

**विश्वेशोऽयं तुरीयः सकलजनमनःसाक्षिभूतोऽन्तरात्मा**
**देहे सर्वं मदीये यदि वसति पुनस्तीर्थमन्यत्किमस्ति ॥"**

(काशीपन्चकम्)

अर्थात्, यो शरीर काशी क्षेत्र हो । त्रिलोककी जननी सर्वव्यापिनी ज्ञानरूपी गंगा यसमा प्रवाहित भएकी छन् । भक्ति र श्रद्धा गया तीर्थ हुन् भने स्वगुरुचरणमा समर्पित ध्यान प्रयाग हो । अनि शरीर र योसँग अध्यासप्राप्त प्राण, मन, बुद्धि, चित्त, अहंकार सबैको साक्षी, अन्तरात्मा, तुरीयस्वरूप भगवान् नै काशीपति विश्वनाथ हो । यसरी जब यसै शरीरमा नै सम्पूर्ण तीर्थहरू विराजमान छन् भने म अन्त किन र कहाँ दौडौं ?

देवकोटा पनि यसै वस्तुतथ्यलाई अनुमोदन गर्दै फेरि भन्छन्–

**'मनको सुन्दर सिंहासनमा जगदीश्वरको राज**
**चेतनाको यो ज्योति हिरण्मय, उसको शिरको ताज !**
**शरीरको यो सुन्दर मन्दिर, विश्वक्षेत्रको माझ ।'**

उनी फेरि अगाडि लेख्छन्–

**'भित्र छ ईश्वर बाहिर आंखा, खोजी हिंड्छौ कुन पुर ?**
**ईश्वर बस्दछ गहिराइमा सतह बहन्छौ कति दूर ?**
**खोजी गर्छौ हृदय लगाऊ, बत्ती बाली तेज प्रचुर'**

जगद्गुरु शंकराचार्यको शिव मानसपूजालाई व्यक्त गर्ने यो श्लोकले पनि त्यही त भन्छ । हेरौं त कति मनोरम छन् यी पंक्तिहरू–

**'आत्मा त्वं गिरिजा मतिः सहचराः प्राणाः शरीरं गृहं**
**पूजा ते विषयोपभोगरचना निद्रा समाधिस्थितिः ।**

**सन्चारः पदयोः प्रदक्षिणविधिः स्तोत्राणि सर्वा गिरो**
**यद्यद् कर्म करोमि तत्तदखिलं शम्भो ! तवाराधनम् ॥'**

अर्थात् हे शम्भो ! हजुर मेरो अन्तरात्मा रूपले मेरै शरीरमा अवस्थित चैतन्य ईश्वर हुनुहुन्छ । मसँग भएको जुन बुद्धि छ त्यो देवी पार्वती हुनुहुन्छ । यी मेरा पञ्चप्राण हजुरका सहचर वा अनुचर हुन् । म आफ्नो व्यावहारिक जीवनमा आइपर्ने जे-जे कर्म गरिराखेको हुन्छु त्यो सबै हजुरको पूजा-अर्चना हो । म जब निदाउँछु नि, हो, त्यो मेरो समाधि स्थिति हो । मेरो पदसञ्चार अर्थात् म जहाँ-जहाँ जान्छु, त्यो हजुरको प्रदक्षिणा हो । म जे-जे बोल्छु त्यो सबै हजुरको स्तुतिगान हो । त्यसैले हे आशुतोष शिव ! म जे-जे कर्म गर्छु त्यो सब हजुरकै आराधना हो ।

अब फेरि देवकोटातिरै फर्कौं । ईश्वर खोज्न कहीं जानुपर्दैन । तिमी मेहनतसाथ कर्म गर, पसिना बगाऊ, इमानदार बन, बस ! ईश्वर त्यहीं भेटिन्छन् । भन्दै उनी फेरि भन्छन् –

**'साथी यात्री बीच सडकमा ईश्वर हिंड्दछ साथ**
**चुम्दछ ईश्वर काम सुनौला गरिरहेको हात**
**छुन्छ तिलस्मी करले उसले सेवकहरूको माथ !'**

यस्तै भाव उनको "भिखारी" कविताका यी पंक्तिमा पनि भेटिन्छ–

**"बोल्दछ ईश्वर हृदय घुसेका घर-घर आँगन चारी**
**बोल्दछ आर्तध्वनिमा बोल्दछ, करूणामृत दिल भारी**
**युग-युगभरका आँसुहरूको सार अपार उतारी"**

वास्तवमा देवकोटाको परिश्रमप्रतिको मोह, कर्मप्रतिको विश्वास, सृजनशीलताप्रतिको आस्था, इमान, परोपकार र सदाचारप्रतिको निष्ठा, लक्ष्यको महानताको पक्षपोषण, र अन्तर्मुखिता र आध्यात्मिकताप्रतिको अनुराग उनका अरू कविता र अन्य कृतिहरूमा पनि छताछुल्ल छ । जस्तो "प्रश्नोत्तर" कवितामा जीवन-जगत्का गहकिला प्रश्नहरूको धाराप्रवाह निःसंदिग्ध उत्तर प्रस्तुत गर्दै उनी भन्छन् –

**"के हो अहो ! अमृत त्यो सुरदेव पान?**
**'सच्चा कमाइ गरिखानु' भनेर जान !**
**खोज्छन् सबै सुख भनी सुख त्यो कहाँ छ?**
**'आफू मिटाई अरूलाई दिनू जहाँ छ'**

**पाइन्न शान्ति किन हो कुन ठाउँ मिल्छ?**
**'तर्किन्छ त्यो रूखमुनि जुन साथ मिल्छ'**
**देखिन्छ ईश त्यो कुन मन्दिर पसेर?**
**'त्यो हाँस्छ शुद्ध मन आसनमा बसेर'**

**यस्तो रहस्यमय जीवन बुझ्नलाई**
**जानु कहाँ ? पढनु के ? गुरु को बनाई?**
**'फुल्दो गुलाबबिच ज्ञान अनेक फुल्छन्**
**उद्यानमा बस गई सब तत्व खुल्छन्'**

**कर्तव्य के छ जनको, यति छन् विरोध?**
**'नक्षत्र हेर नभमा दिलसाथ सोध'**
**के हो ठूलो जगतमा ? 'पसिना विवेक'**
**उद्देश्य के लिनु? 'उडी छुनु चन्द्र एक'**

माथिका हरेक पङ्ति उत्तिकै मननीय छन्, ग्रहणीय छन् । यिनमा दर्शनको गहिराइ, साहित्यको सहभाव र शृङ्गारिकता, जीवनको आदर्श र उद्देश्यको उदात्तता छताछुल्ल भएको छ । यदि अध्यात्म भनेको सद्गुण, सद्भाव,

अन्तर्मुखिता र सदाचारले ओतप्रोत सरल एवं स्वच्छ जीवनशैलीका साथ जीवनको अन्तिम लक्ष्य कर्म, भक्ति र ज्ञानको उत्कर्ष आत्यन्तिक अविनाशी शान्तिको प्राप्ति हो भने यी पङ्तिले देवकोटाको आध्यात्मिक चेतलाई स्पष्ट रूपमा उजागर गर्छन् ।

देवकोटाको ईश्वर प्रकृतिमा, प्राणीहरूमा, र तिनका पीडामा र करूणामा भेटिन्छ, न कि जीवनको निस्सार कृत्रिमतामा, निष्प्राण निर्मम आडम्बरमा र वृथा अभिमानमा । उनका यी सुन्दर सन्देशमूलक पङ्ति हेरौं–

**"सडक किनारा गाउँछ ईश्वर, चराहरूको तानामा**
**बोल्दछ ईश्वर मानिसहरूका, पीडा, दुःखका गानामा**

**दर्शन किन्तु कहीं दिंदैन, चर्म-चक्षुले कानामा**
**कुन मन्दिरमा जान्छौ यात्री, कुन नव-देश बिरानामा !"**

यी पङ्ति पढ्दा नाट्यसम्राट् बालकष्ण समको नाटक 'मुकुन्द इन्दिरा' को यो श्लोक याद आउँछ, जहाँ असीम दुःख र वेदनाको मारबाट प्रताडित मुकुन्दकी प्रेमिका इन्दिरा भन्छे–

**"दुःखीको घरमा मात्र तेरो वास हुने भए**
**हे ईश्वर! दया राखी मलाई अफ दुःख दे"**

वास्तवमा चाहे द्रौपदीको आख्यान होस् वा चाहे गजेन्द्रमोक्षको कथा होस्, आर्त अर्थात् दुःख र दीनताको निवारणका लागि अरू कसैलाई नगुहारी भगवान्लाई मात्रै गुहार्ने भक्तहरूको निश्छल र समर्पित पुकार सुन्नासाथ भगवान् दौडादौड गरेर प्रकट हुनुभएको प्रसङ्ग छ पुराणहरूमा । गीतामा पनि भक्तहरूको चार प्रकारले वर्गीकरण गर्दा आर्त, अर्थार्थी, जिज्ञासु र ज्ञानी भनेर बताइएको छ (७:१६) । "यात्री" कविताको बिट मार्दै उनी अन्तमा भन्छन् –

**"फर्क फर्क हे जाऊ समाऊ मानिसहरूको पाउ**

**मलम लगाऊ आर्तहरूको चहराइरहेको घाउ**
**मानिस भई ईश्वरको त्यो दिव्य मुहार हँसाऊ"**

देवकोटाका हरेक पद्य-पङ्तिमा स्वस्फूर्त सरलता, स्वच्छन्द शब्द-प्रवाह, अविरल अनवरूद्ध जल-प्रवाहजस्तै काव्य-वेग र गम्भीर मानवतावादी सन्देश त पाइन्छन् नै, म चाहिं आध्यात्मिकताको अति उच्चतम भावाभिव्यक्ति पनि भेट्छु ।

महाकविको यो वैचारिक धरातल वेदान्त दर्शनको मान्यतामा उभिएको छ । हाम्रो मनमा आएका सबै कुराहरूलाई थाहा पाउने, हाम्रो मनका हर वृत्तिहरूको प्रेरक

र प्रकाशक, शरीर, इन्द्रिय, प्राण, मन, बुद्धि, चित्त र अहंकार (जसलाई देहादि संघात भनिन्छ) बाट पृथक् तर ती सबैको साक्षीस्वरूप आत्मा नै वास्तवमा ईश्वर हो । गीतामा भगवान् कृष्ण पनि यही त भन्नुहुन्छ – "ईश्वरः सर्वभूतानां हृद्देशेऽर्जुन तिष्ठति । भ्रामयन्सर्वभूतानि यन्त्रारूढानि मायया ।।" अर्थात् ईश्वर सबै प्राणीका हृदयमा विराजमान हुनुहुन्छ र सबैलाई कालीगढले कठपुतलीलाई नचाएजस्तै नचाउनुहुन्छ । त्यो ईश्वर तपाईंको, हामी सबैको वास्तव स्वरूप हो, अर्थात् हामी नै देहादिसंघातबाट अलग ती सबैको साक्षी अन्तरात्मस्वरूप ईश्वर हौं, तर त्यो ज्ञान नभएको हुनाले हामी आफूलाई त्यही देहादि संघात ठानेर भ्रान्त धारणामा बसिराखेका छौं ।

देवकोटाका हरेक रचनामा अध्यात्मको छनक पाइन्छ, चाहे ती पद्य हुन् वा गद्य हुन् । त्यो छनक कहीं मूर्तरूपमा प्रकटित छ, कहीं मानवतावादको आवरणमा क्षिप्त छ । कविहरू यसै पनि भावुक हुन्छन्, कोमल हृदयका हुन्छन् । दुराचार, कठोरता, निर्दयता, निर्ममता उनीहरूका स्वभावमा पाइँदैन, छिटपुट अपवाद बाहेक । देवकोटा त झन् महाकवि थिए, जगत्प्रशंस्य अद्वितीय स्रष्टा । उनका फुटकर कविता, उनको गीतिकाव्य, उनका महाकाव्य, उनका निबन्धहरू सबैतिर कहीं न कहीं कुनै न कुनै रूपमा चेतना, चैतन्य, ईश्वर र अध्यात्मको सांकेतिक नै भएपनि उल्लेख छ, चर्चा छ । निबन्ध नै हेरौं । जम्मा ३७ वटा निबन्ध संगृहीत लक्ष्मी निबन्ध संग्रहको आरम्भ नै "श्रीगणेशाय नमः" निबन्धबाट भएको छ । आदरणीय समीक्षक चूडामणि बन्धु भन्नुहुन्छ–"महाकाव्य लेख्दा मंगलाचरण गर्ने विधान भएपछि निबन्धको संकलनमा यस प्रकारको मंगलाचरण किन नहुनु? देवकोटाले स्पष्ट रूपमा यहां विघ्नविनाशका निम्ति गणेशको नाम लिएको कुरा गरेका छन् ।" ("देवकोटा", पृ. ८६) ।

आफ्नो "कल्पना" शीर्षकको निबन्धका यी उक्तिहरू हेरौं, जसमा महाकविले सपनामा सरस्वतीको दर्शन पाएको रोमाञ्चकारी प्रसंग उल्लेख गरेका छन् –

"म सरस्वतीलाई आध्यात्मिक शक्तिको काल्पनिक प्रतिमा भन्ने विश्वासले हिन्दु संसारमा जिउन सक्तिनँ । मेरा निमित्त हंसवाहिनी माता त्यत्तिकै सत्य हुनुहुन्छ, जुन सत्यको चेतले र विश्वासले मैले कुनै दिन उहाँसँग सपनामा कुरा गरेंथें । उहाँले मलाई भन्नुभयो–"कविता लेख" । मैले उत्तर दिएँ - "म जान्दिनँ" । तब आफैले मेरा स्वर्गवासी पिताजीका हस्ताक्षर जस्तोमा रातो अक्षरले एक श्लोक लेखेर सुनाउनुभयो जो मलाई तत्काल कण्ठ आयो । आहा! त्यो श्लोक–सिर्जनाको वेदना! शायद दुनियाँले सत्यलाई सपनाको श्लोक भनेर नबुझिने हुँदा आश्चर्यको दृष्टिले हेर्ने थियो, तर मेरा निमित्त सत्यमा एक विशाल टुना रहन्थ्यो । म त्यहाँ अनन्तको अर्थ लाग्न नसक्ने बोली बराबर प्रेमले पढ्ने थिएँ, तर हाय ! मन्त्रभन्दा मसिनो र अर्थभन्दा गहिरो मेरो चार पङ्तिको दौलत मेरै बेपरबाहीले गुम भयो" ।

त्यसैगरी "साधुको माहात्म्य" निबन्धमा देवकोटा पूर्वीय सभ्यता, दर्शन र मूल्य-मान्यताको पक्षमा दरोसँग उभिएका छन् । उनको यो निबन्धमा "आधुनिक संसारको भौतिकवादी प्रवृत्तिको भ्रर्त्सना र आध्यात्मिक विचार र कार्यकलापको समर्थन छ" (बन्धु, पृ.९५) । देवकोटाका विचारमा "पाश्चात्य जगत्‌बाट सिक्नुपर्ने कुरा धेरै छन् तापनि हामी ऋषिमुनिका सन्तान भएकाले हामीमा पूर्वीय संस्कार जागा नै रहन्छ र रहनु पनि पर्छ" (पूर्ववत्) ।

"वैराग्य" निबन्धले पनि त्यस्तै विचार र सन्देश छोडेको छ । देवकोटाका विचारमा जीवनको निस्सारता र अनित्यताका बारेमा खालि किताब पढेर, प्रवचन सुनेर वा अरूको देखासिकी गरेर सच्चा वैराग्यको अनुभूति हुँदैन । यो त जीवनका अनेकन् तीता-मीठा भोगाइहरूलाई पर्गेल्दै र छिचोल्दै विषयभोगको क्षणभंगुरता र तिक्ततालाई " विषकुम्भं पयोमुखम्" को मर्ममुताबिक आत्मसात् गर्न सक्यो भने मात्र हुने हो । हो, कसै-कसैलाई जन्म-जन्मान्तरको वासनाको परिपाकबाट यो जन्ममा सानै उमेरदेखि पनि वैराग्य प्राप्त हुन सक्छ । निबन्धमा उनले यसैगरी बाल्यकालमै वैराग्यप्राप्त व्यासपुत्र शुकदेव मुनि र राज्यभोगको उत्कर्ष र अपकर्षको आरोहावरोहका शृङ्खलामा 'शृङ्गारशतकम्' र 'नीतिशतकम्' जस्ता कालजयी कृति लेखिसकेपछि जीवनको उत्तरार्धमा विरक्त भएर "वैराग्यशतकम्" रच्न पुगेका दार्शनिक राजर्षि भर्तृहरिको उल्लेख पनि गरेका छन् ।

भर्तृहरिको कुरा गर्दा उनको यो श्लोक निकै प्रसिद्ध छ जसले भन्छ –शरीर स्वस्थ छँदै र बूढो नहुँदै ईश्वरप्राप्तिको यात्रामा वा अध्यात्मपथमा प्रवृत्त भइहाल, नत्र पछुतो हुनेछ । के घरमा आगो लागिसकेपछि बल्ल कुवा खन्न थाल्नु बुद्धिमत्ता हो र?

**"यावत् स्वस्थमिदं कलेवरगृहं यावच्च दूरे जरा ।**
**यावच्चेन्द्रियशक्तिरप्रतिहता, यावत् क्षयो नायुषः ।**

**आत्मश्रेयसि तावदेव विदुषा कार्यः प्रयत्नो महान् ।**
**प्रोद्दीप्ते भवने तु कूपखननं प्रत्युद्यमः कीदृशः ।।"**

महाकवि देवकोटाको जीवनगाथा पढ्दा कता-कता उनलाई पनि यो श्लोकको मर्मले उद्वेलित गरेकोजस्तो प्रतीत हुन्छ । महाकवि जम्मा ५० वर्ष बाँचे, यसबीच उनले अगणित साहित्यिक कृति जन्माए । उनको यात्री कविता, जसको चर्चा माथि भइसकेको छ, उनी ३२ वर्ष हुँदा लेखिएको थियो । यसको अर्थ उनी युवावयमै अध्यात्मको गहिराइ–अर्थात् घट-घटवासी अन्तरात्मामै ईश्वरदर्शन–बुझ्नसक्ने भइसकेका थिए । तर जब उनी दुःसाध्य कष्टकर रोग क्यान्सरबाट थलिए र उत्तरोत्तर थलिंदै गए, उपचारले क्यैगर्दा पनि भेटेन र अन्तिम

अवस्थामा पुगे, तब २०१६ साल भाद्र १९ गते बिहान ७ बजेतिर उनले एउटा यस्तो कविता लेखे जसलाई उनको जीवनकालको अन्तिम कविता भनेर भनिएको छ । आर्यघाट नलगिंदै आफू उपचाररत शान्तभवन अस्पतालको शय्यामा बसेर लेखेको भनिएको "म शून्यमा शून्यसरी बिलाएँ" शीर्षकको यो कवितामा यही वैराग्यमिश्रित ग्लानि, पीडा र अनुताप व्यक्त भएको छ जसले देवकोटाको अर्ध - सुषुप्त भनौं वा अर्ध-जाग्रत आध्यात्मिक चेतना र आस्थालाई स्पष्ट रूपमा अभिव्यक्त गर्दछ । कविताको पूरै रूप यस्तो छ–

**संसाररूपी सुख स्वर्गभित्र**
**रमें रमाएँ लिई भिन्न चित्र**
**सारा भयो त्यो मरूभूमितुल्य**
**रातै परेझैं अब बुझ्छु बल्ल**

**

**रहेछ संसार निशासमान**
**आएन ज्युँदै रहँदा नि ज्ञान**
**आखीर श्रीकृष्ण रहेछ एक**
**न भक्ति भो ज्ञान न भो विवेक**

**

**महामरूमा कणझैं म तातो**
**जलेर मर्दो बिनु आश लाटो**
**सुकी रहेको तरूझैं छु खाली**
**चिन्ताग्नि तापी जल डाल्न फाली**

**

**संस्कार आफ्नो सब नै गुमाएँ**
**म शून्यमा शून्यसरी बिलाएँ**

देवकोटाको सही मानेमा अकालमृत्यु भयो । मात्र पचास वर्ष बाँचे, त्यो पनि गरीबीको कष्टकर जीवन । बाँचुन्जेल निशिदिन निरवच्छिन्न रूपमा साहित्य-साधनामा तल्लीन मात्र हैन आकण्ठ निमग्न भए । यति छोटो आयुमा पनि नेपालीभाषी साहित्यप्रेमी पाठकका लागि अगणित काव्यकृति छोडेर गएका सरस्वतीका अनन्य साधक यी महाकविको जीवनमा लक्ष्मीपूजाकै दिन जन्मेर पनि लक्ष्मीजीको कृपादृष्टि भने परेन । के लक्ष्मी र सरस्वतीको समान कृपादृष्टि संसारमा दुर्लभै हो त? यो प्रश्न अन्य कैयन् सच्चा र इमानदार कवि, स्रष्टा, लेखक र विद्वान्हरूको जीवनी पढ्दा पनि उब्जिने गर्छ ।

देवकोटाका बारेमा लेखिएका प्रमाणसम्मत ग्रन्थ पढ्दा थाहा हुन्छ- उनमा सृजनक्षमता अपार थियो । उनी घण्टौंसम्म कविता लेखिरहन सक्थे । गद्य होस्

वा पद्य जेमा पनि । नेपालीमा पनि अंग्रेजीमा पनि । अंग्रेजीका त कति प्रकाशितै हुन बाँकी छन् भनिन्छ । त्यसैगरी नेपालीमा पनि होलान् । जम्माजम्मी ४३ वटा नेपालीमा प्रकाशित छन्, तर अझै कति असम्पादित पाण्डुलिपिकै रूपमा पनि होलान् । किनभने देवकोटाको लेखन स्वस्फूर्त थियो, तर सँगसँगै अनियोजित (त्यसकारण अव्यवस्थित) पनि । महाकविको आशुकवित्वका बारेमा बन्धु (२०६७) लेख्छन्-

"(महाकविले) शाकुन्तल महाकाव्य तीन महीनामा, सुलोचना महाकाव्य दश दिनमा, कुन्जिनी खण्डकाव्य एक रातमा, ह्मेन्दु खण्डकाव्य एक दिनमा र मैना (काव्यसंकलन) पनि एकै दिनमा लेखे । उनले एक पटक चार घण्टामा पाँच कथा श्रुतिलेख गराए । उनी कवितामा कुरा गर्न सक्छु भन्थे । उनले धेरै पटक श्रुतिलेख गराएका छन् र मागेका बेलामा रोजी-रोजी कविता वा गीत लेखिदिएका छन् । भावविभोर हुँदा उनले तत्कालै कवितामा प्रार्थना गरेको उनका मित्रहरूले देखेका छन् । आशुकवित्वका अनेक अग्निपरीक्षामा उनी उत्तीर्ण भएका छन् ।" (बन्धु, २०६७)

देवकोटाको लेखकीय सन्देशमा मानवता छताछुल्ल छ । शैलीमा स्वच्छन्दता छ । भावमा प्रकृतिप्रेम र कल्पनाशीलता छ । तर यी सबैको अभ्यन्तरमा अध्यात्म छ, यद्यपि त्यो सर्वत्र पूर्णतः प्रस्फुटित छैन । मूलतः युवा उमेरमै लेखेको "यात्री" र अन्तिम अवस्थामा लेखेको "शून्यसरि बिलाएँ" ले उनको आध्यात्मिक मन-मस्तिष्क र विचार-गर्भलाई पर्याप्त रूपमा प्रतिनिधित्व गर्दछन् । हो, उनी धार्मिक अनुष्ठान र कर्मकाण्डमा अनुरक्त थिएनन्, पोशाक-परिधान हेर्दा नास्तिकसदृश देखिन्थे, सम्भवतः खानपान पनि पूर्ण सात्विक थिएन, अंग्रेजी पढे-पढाए र शुरूका केही वर्ष त्यसको प्रभावमा पनि परे, तर विचारका दृष्टिले, भावना, आस्था र विश्वासका कोणबाट, उनी पूरा आध्यात्मिक थिए । अंग्रेजीप्रतिको अनावश्यक र अत्यधिक मोह एवं तज्जन्य आडम्बरलाई त उनले आफ्नो चर्चित निबन्ध " हाइ हाइ अंग्रेजी" लगायत अन्य रचनामा गर्नु उपहास गरेका छन् ।

देवकोटाको अन्तिम कविता आफ्नो बितिसकेको जीवनलाई पछाडि फर्केर हेर्न चाहने जो-कोहीका लागि पनि प्रेरणादायी बनेको छ । कर्म, भक्ति र ज्ञानको शृंखलाबद्ध आध्यात्मिक जीवन-यात्रामा व्यवहार र परमार्थका बीच किंचित् मात्र पनि विरोध नहुने गरी पूर्ण समन्वय र सामन्जस्य कायम गर्दै जीवनको उत्तरार्धमा पश्चात्ताप र क्षोभको अनुभूतिबाट बच्ने हो भने समय हुँदै अध्यात्मको अनुशीलन र अभ्यास गर्दै रहनु परम श्रेयस्कर छ भन्ने सन्देश महाकविको समग्र जीवन-कथा, उनका कालजयी कृतिहरू र विशेषतः मरणावस्थाको कविताले दिएको छ । यो सन्देशको शाश्वततालाई सबैले ग्रहण गरौं ।

ooo

// लेख //

# साहित्यसगरमा गुल्मीको गुलजार

✍ **विष्णु घर्ती 'भनभनेली'**
**ठेगाना**

## जिल्लाको संक्षिप्त जानकारी

गुल्मी एउटा भौगोलिक नाम हो । यो हिजो पनि थियो, आज पनि छ र भोलि समेत रहिरहनेछ । राजनैतिक ध्येय प्राप्तिका लागि विभिन्न कालखण्डमा यसको क्षेत्र विस्तार वा संकुचन भएको पाउन सकिन्छ । साविक लुम्बिनी अञ्चलका छ जिल्ला र हालको लुम्बिनी प्रदेशका बाह्र जिल्लामध्ये उत्तरी सीमानामा अवस्थित गुल्मी एउटा पहाडी जिल्ला हो । बुटवलबाट ११५ कि.मि. टाढा सदरमुकाम तम्घास रहेको छ । बाइसी–चौबिसी राज्य सञ्चालन हुँदा आजको गुल्मीमा गुल्मी चारपाला, धुर्कोट, इस्मा र मुसिकोट गरी ४ वटा पर्दथे । १४ अञ्चल ७५ जिल्ला हुनुभन्दा पहिले बाग्लुङ र अर्घाखाँचीका केही भू–भागहरू समेत गुल्मीमा रहेका पाइन्छ । त्यसैगरी २००८ सम्म पाल्पाकै प्रशासनबाट सञ्चालित थियो भने २००९ मा गुल्मी र अर्घाखाँचीलाई छुट्टै एक जिल्लाको मान्यता दिइयो । २०१९ मा अर्घाखाँचीलाई छुट्टाइयो । २०२४ सम्म सहायक अञ्चलाधीश र २०२५ देखि प्र.जि.अ.को बन्दोबस्त गरियो । २०१९–०३२ सम्म ९७ पञ्चायत, ५ थुम (गुल्मी, पारगुल्मी, मुसिकोट, धुर्कोट र इस्मा) कायम गरियो भने २०३३ देखि ६६ र ०३६ देखि ७९ पञ्चायत अनि २०४७ देखि ७९ नै गा.वि.स बनाइयो । यस जिल्लामा अहिले जिल्ला समन्वय समिति तथा दुई वटा नगरपालिकासहित बाह्र वटा स्थानीय सरकार अन्तर्गत ९३ वटा वडा कार्यालयहरू रहेका छन् ।

प्राचीन कालदेखि नै प्रसिद्ध नेपालको चार धाममध्ये एक, पूर्वीय सभ्यताको एउटा महत्त्वपूर्ण केन्द्र रुरुक्षेत्र, पौराणिक, ऐतिहासिक, जैविक विविधता र प्राकृतिक सौन्दर्यले भरिपूर्ण तपोभूमि रेसुङ्गा क्षेत्र, मदाने लेक, टिमुरे लेक, दिब्रुङ दह, थाप्लेको लेक, कङ्के देउराली, सत्यवती, सालिमेदह, धार्मिक ऐतिहासिक स्थल रुद्रवेणी, कुर्घा मालिका, श्रृङ्गेश्वर मन्दिर, लिच्छवीकालीन चारपालाको शिवालय, शान्तिपुरको चक्रेश्वर, ऐतिहासिक दरबार र कोटहरू गुल्मी चारपाला दरबार, मुसिकोट, चन्द्रकोट इस्माकोट, धुर्कोट, प्रकृतिको अनुपम संरचना विचित्र गुफा, सिद्धेश्वर गुफा, अचम्मेश्वर गुफा, भृगुतुङ्गेश्वर, तम्घासदेवी, सिमलटारी शिवालय आदि समेत यसै किल्लामा रहेका छन् । गुल्मी लुम्बिनी प्रदेशको शैक्षिक, सांस्कृतिक एवं पर्यटकीय दृष्टिले अग्रणी जिल्ला हो । यहाँको साक्षरता दर ७५ प्रतिशत छ भने निजामती प्रशासन र शैक्षिक दृष्टिले देशकै अग्रणी जिल्लाभित्र पर्दछ । जिल्लावासीको औसत आयु ६८ वर्ष रहेको छ । नेपालमा पहिलो पटक

कफी शुरूवात गर्दै विदेश (जापान र कोरिया) मा सबैभन्दा बढी अर्गानिक कफी निर्यात हुँदै आएको छ ।

## साहित्यसगर

पूर्वीय साहित्य शास्त्रमा साहित्यको छुट्टै परिभाषा पाइँदैन । काव्यको परिभाषाभित्र नै साहित्यको परिभाषा सन्निहित रहेको पाइन्छ । नेपाली साहित्यको इतिहास भन्नाले नेपाली भाषामा लेखिएका साहित्यिक रचनाहरूको विकास क्रम र तीसँग विकास भएका लेखन शैली र तरिकाहरू हुन् भनिएको छ । साहित्यलाई शब्दकोषमा यसरी अर्थ्याइएको छः

साहित्य–ना.(सं.) १. सहित हुनाको भाव, गुण वा अवस्था, साथ रहेको स्थिति ।

२. कुनै देश वा जातिको व्यवहारिक वा भावनात्मक विषय सम्बन्धी ग्रन्थ, लेख, वाङ्मय आदि । ३. जीवनजगत्सँग सम्बद्ध विविध विषयमा सौन्दर्य, रूप, गुण, भावुकता आदिका दृष्टिले अभिव्यक्त हुने वा रचिने हृदयस्पर्शी लेख, ग्रन्थ आदि । ४. इतिहास, पुराण, पुराकथा वा समाज आदिबाट उपजीव्य वस्तु लिएर रस, छन्द, अलङ्कार आदिले यथासम्भव सजाई रचिएको गद्य वा पद्यकृति, काल्पनिक र भावुकतापूर्ण पद्यमय वा गद्यमय रचना (कविता, खण्डकाव्य, महाकाव्य, नाटक, कथा, उपन्यास आदि) । ५. परस्पर सापेक्ष पदको एउटै क्रियामा हुने अन्वय । ६. गद्य वा पध्यकृतिहरूबाट हुने रसको आस्वाद । साहित्यकार–ना.साहित्यका ग्रन्थहरू लेख्ने व्यक्ति, गद्य वा पद्यकृतिको रचयिता, कवि वा गद्यकार, लेखक । साहित्यानुरागी- वि.साहित्यमा अनुराग राख्ने, साहित्यप्रेमी । साहित्यिक–वि.सं.१ साहित्यसँग सम्बन्ध राख्ने, साहित्य सम्बन्धी । ना. २. साहित्यकार ।

गुल्मी जिल्लालाई साहित्य साधनाको माध्यमबाट हराभरा तुल्याउने मुख्य जिम्मेवारी विभिन्न विधाका सर्जकहरूमा रहेको छ । गुल्मीमा प्रवाहित पानी पिउनेहरू विद्या, साहित्य र सिर्जनात्मक कार्यहरूमा अग्र पंक्तिमा पुगेका छन् । इतिहासदेखि वर्तमानसम्म सिर्जनाको क्षेत्रबाट छाँटिएका छटाहरूलाई सर्सर्ती नियाल्ने प्रयास गरिएको छ । संस्कृतमा उल्लेख भएको "साहित्य, संगीत, कलाविहीन साक्षात् पशु पुच्छविषाणहीन ।" भन्ने वाक्यांशको मर्मलाई यस जिल्लाका अग्रजहरूले चिन्तन मनन गरी यस क्षेत्रमा प्रशस्तै पसिना बगाएको पाइन्छ । यस क्षेत्रमा अदम्य खालका सिर्जना तथा कृतिहरू निर्माण गर्ने थुप्रै विलक्षण प्रतिभाशाली मनिषीहरूको विचरण भएको देखिन्छ । उहाँहरूका सत्प्रेरणा आजपर्यन्त देशदेशान्तरमा अनुकरणीय तथा कालजयी रूपमा प्रज्ज्वलित भइरहेका छन् । संस्कृत साहित्यदेखि सूचना प्रविधिसम्म आइपुग्दा गुल्मेली स्रष्टाको छाप अब्बल नमूनाको रूपमा फेला परेको छ ।

## शैक्षिक अवस्था र साहित्यक संस्था

गुल्मीको शैक्षिक स्थितिलाई हेर्दा गुरुकुल शिक्षाको आरम्भ संस्कृत भाषाबाट भएको पाइन्छ । रेसुङ्गामा संस्कृत गुरुकुल पाठशाला सञ्चालनको अभ्यास भएको थियो । यो पाठशाला सञ्चालनमा योगी नरहरीनाथको विशेष भूमिका पाइन्छ । ऐतिहासिक तथ्य अनुसार जगन्नाथ अर्यालबाट वि.सं. १८३३ मा स्थापना गरिएको दलाने पाठशालालाई यस जिल्लाको पहिलो अनौपचारिक पाठशाला मानिएको छ । वि.सं. १९६८ मा औपचारिक रूपमा गुल्मीको रिडीमा संस्कृत पाठशाला र खिदिममा वि.सं. १९९२ मा हरिहर संस्कृत पाठशाला स्थापना भएपछि यस क्षेत्रको शिक्षामा केही सुधार भएको पाइन्छ । २००७ पश्चात् भार्से, तम्घास, रिडी र धुर्कोटमा चारवटा मिडिल स्कुलहरूको स्थापना एकै समयमा भएसँगै आधुनिक शिक्षाको प्रारम्भ भएको पाइन्छ । २०२५ मा सदरमुकाम तम्घासमा 'गुल्मी इन्टर कलेज'को स्थापना भई उच्च शिक्षाको ढोका खुलेको देखिन्छ । प्रकाशित 'गुल्मी समाचार' जिल्लाको प्रथम पत्रिका मानिन्छ । सोही वर्षमा आएको 'शैल-सन्देश' पत्रिकाले पनि साहित्यिक रूपमा अहम् भूमिका खेलेको देखिन्छ । त्यस्तै 'गण्डकी' (२०१९) 'हिमरश्मि' (२०२०), रेसुङ्गा (२०२२) र 'हाम्रो पुरुषार्थ' (२०३०) लगायत गुल्मीमा मासिक, द्वैमासिक, अर्ध वार्षिक र वार्षिक गरी हालसम्म ६५ वटाभन्दा बढी पत्रपत्रिकाहरू प्रकाशित भएको देखिन्छ । साथै सञ्चार क्षेत्रका अन्य माध्यमहरू एफ्एम्, रेडियो, टी.भी., अनलाइन, सामाजिक सञ्जाल आदि मार्फत पनि साहित्यको श्रीवृद्धिमा थप टेवा दिइएको देखिन्छ । त्यसैगरी विभिन्न स्थानमा सञ्चालित आश्रम, धार्मिक स्थल, विद्यालय तथा धार्मिक सांस्कृतिक अभियन्ताहरूको समेत अमूल्य योगदान रहेको अवस्था छ ।

## किरण पुस्तकालय र हाम्रो पुरुषार्थ

२०२५ सालमा सदरमुकाम तम्घासमा किरण पुस्ताकालय स्थापना भएपछि गुल्मीमा साहित्यिक गतिविधिले थप गति लिएको देखिन्छ । शशि पन्थीले आफ्नो घरमा संकलित निजी पुस्तकालयलाई शशिकिरण पुस्तकालयको रूप दिनुभएको थियो । पछि शशि नाम हटाएर किरण पुस्तकालय बनाइयो । जिल्लाकै ठूलो सार्वजनिक यस पुस्तकालयले २०२९ सालमा हाम्रो पुरुषार्थ प्रकाशन आरम्भ गरी पचास वर्षमा १०० वटा अङ्क प्रकाशित भइसकेका छन् । २०३३ देखि २०७९ सम्म आइपुग्दा विद्वत् वर्गबाट खोजमूलक, साहित्यिक, भाषिक, सांस्कृतिक, ऐतिहासिक, सामाजिकलगायतका पक्षमा संग्रहणीय बीस वटा कृतिहरू प्रकाशन भइसकेका छन् । त्यसैगरी २०३९ देखि २०८० सम्मको अवधिमा भाषा, कला, साहित्य, संगीत, संस्कार, सांस्कृति तथा समाज, इतिहास, प्रशासन, राजनीति आदि क्षेत्रमा राष्ट्रिय/अन्तर्राष्ट्रिय रूपमा विज्ञता प्राप्त गरेका एक सय तीन जना हस्तीहरूसँगको भेटवार्ता प्रस्तुत गरिएको छ । अर्कोतर्फ २०३१ देखि २०८० सम्म

साहित्यका विशेष क्षेत्रमा बीस वटा विशेषाङ्कहरू प्रकाशन भइसकेको स्थिति छ । यसरी हाम्रो पुरुषार्थ गुल्मी जिल्लाको मात्र नभई राष्ट्रकै विशिष्ट साहित्यिक पत्रकारिताको एउटा जीवन्त खुला ऐना बनेर रहेको छ । यसले नेपाली भाषा, कला, साहित्य, संगीत, संस्कार, संस्कृतिको संरक्षण र प्रर्वधनमा अतुलनीय योगदान गरेको अवस्था छ । गुल्मी जस्तो ठाउँमा रहेर अनवरत रूपमा साहित्य सेवामा तल्लीन आदरणीय शशी पन्थी श्रद्धा र सत्प्रेरणाका सदाबहार स्रोत हुनुहुन्छ । यसरी नियाल्दा साहित्यको सारा विषय वा क्षेत्रमा सूक्ष्मातिसूक्ष्म ढङ्गले खोतलेर उजागर गर्ने काम अरू कोही कसैसँग तुलनायोग्य देखिँदैन ।

## केशव पुस्तकालय, भनभने (नेटाखर्क)

२०२६ सालमा नारायण पौडेलको प्रेरणा र खिमानन्द पन्थीको सक्रियतामा नेटाखर्कको बचत घरमा केशव पुस्तकालयको स्थापना गरिएको हो । स्थापनाको ४/५ वर्षसम्म बडो व्यवस्थित गरी सञ्चालन भएको थियो । सोही समयमा अक्षर नचिन्नेलाई चिनाउने पनि गरिन्थ्यो । यस पुस्तकालयमा विभिन्न बौद्धिक जिज्ञासुहरूद्वारा सम, देवकोटा, लेखनाथ लगायतका कृतिहरु, धार्मिक ग्रन्थहरू र आधुनिक पुस्तकहरू गरी करिब ५००० जति आम्दानी बाँधिएको थियो । २०४०/०४१ साल पछि यसको अस्तित्वमा क्रमशः धमिरा लाग्दै गयो र अहिले इतिहासको रूपमा रहेको छ र हाल यहाँका पुस्तकहरू गाउँका जतातत्तै छरिएर रहेको पाइएको छ ।

## गुल्मी वाङ्मय प्रतिष्ठान

२०४९ तिर रामप्रसाद गौतम लगायतबाट यस प्रतिष्ठानको गठन गरी साहित्य र सिर्जनाका लागि जागरण तथा अनेक कार्यक्रमहरू गरिएको थियो भन्ने केही कागजातहरू किरण पुस्तकालयमा भेटिएका छन् ।

## आध्यात्मिक ज्ञान पुस्तकालय, सिमलटारी

अनौपचारिक रूपमा २०६५ र विधिवत् रूपमा २०६७ मा धनीश्वर (अर्जुन) अर्याल लगायतको सक्रियतामा दर्ता भएको आध्यात्मिक ज्ञान जागरण एवं वैदिक संस्कृति संरक्षण समाज नेपालले २०७९ सालमा पश्चिम गुल्मीको प्रसिद्ध स्थल मदाने र मालिकाको सिमलटारी योगिकुटीमा आध्यात्मिक ज्ञान पुस्तकालय स्थापना गरी सञ्चालनमा ल्याएको छ । यहाँ सकारात्मक सोचका अतिरिक्त वैदिक ज्ञानका सयौं पुस्तकहरू राख्दै टाढाटाढाबाट आउने ३०-३५ जना अतिथिहरूको लागि खाने बस्ने, अध्ययन गर्ने, ध्यान प्राणायाम तथा योग गर्ने सुविधा समेत मिलाइएको छ ।

## जोसमनी साहित्य समाज

२०७५ तिर धर्मराज पोखेलगायतका युवाहरूको सक्रियतामा साहित्यिक विशेष विभिन्न क्रियाकलापहरू केही वर्ष गरेको पाइन्छ ।

## साहित्य जागरण केन्द्र, रुरु

२०७५ मा काशिनाथ मिश्रित लगायतका युवाहरूको क्रियाशीलतामा भाषा, साहित्यका क्षेत्रमा विभिन्न गतिविधिहरू सञ्चालन गरेको देखिन्छ ।

## सगरमाथा साहित्य प्रतिष्ठान

२०७८ श्रावण १८ गतेका दिन दर्ता नं. ०१ मा यो संस्था जिल्ला प्रशासन कार्यालय गुल्मीमा दर्ता भएको हो । यसका लागि विदेशबाट जीवित खड्का मगर तथा इस्माबाट सुरेश अर्याल 'कान्छो' को पहल तथा विष्णु घर्ती 'भनभनेली' को समन्वय र सहजीकरणमा बीजारोपण भएको हो । यसले नवीनतम साहित्यका विधामा गुल्मीदेखि विभिन्न देशहरूमा स्मरणीय क्रियाकलापहरू सञ्चालन गर्दै आएको छ ।

## लुम्बिनी वाङ्मय प्रतिष्ठान, गुल्मी

२०७८ मा दीन पन्थीको संयोजकत्वमा गठन भई केही साहित्यिक क्रियाकलापहरू भएको र हालै भुवन अर्यालको संयोजकत्वमा पुनर्गठन भई सम्बद्ध संस्था र व्यक्तित्वहरूसँग समन्वय र सम्पर्क गरिएको स्थिति छ ।

## रेसुङ्गा साहित्य प्रतिष्ठान

...... यस प्रतिष्ठानबाट केही कृतिहरू प्रकाशन भएको अवस्था छ । ......

## विभिन्न प्रकाशनमा स्रष्टा र सिर्जना

विभिन्न वर्षहरूमा प्रकाशन भएका कृतिहरूमा गुल्मीलाई केन्द्रमा राखिएका भाषा, साहित्य सम्बन्धी विशेष खण्ड, आलेख वा अंशबाट लिइएको सर्जकहरूको नामथर, जन्मवर्ष, ठेगाना, पहिलो वा एउटा कृति र जम्मा संख्या, विधा र प्रकाशन वर्ष उल्लेख गर्दै यस सम्बन्धी पछिल्लो समयमा प्राप्त भएको विवरणलाई समेत अध्यावधिक गरिएको छ । त्यसैगरी पहिलो प्रकाशनमा समावेश विवरणहरू पछिल्ला प्रकाशनका विवरणमा दोहोरो नहोस् भनी हटाइएको छ ।

## गुल्मी परिचय, २०६२

१. अखिल थापा, २०२९, मलागिरी, डाइसनको घेरा, (कथासंग्रह २०५४)

२. अग्नि उपेक्षित (अग्निधर चन्द बोहोरा), २०२७, अग्लुङ (जनजागृतिको कोसेली, कवितासंग्रह, २०५८ लगायत ३ वटा)

३. अङगद गौतम, २०२२, बलेटक्सार (परशु प्रधानको कथाशिल्प, २०५३ लगायत २ वटा)

४. पं. उमनाथ पन्थी, प्रथम संस्कृत कवि, १९६४ धुर्कोट, पण्डितटोल, (गण्डकी गौरवम्, रामनामवैभवम् हृषीकेशाष्टकम्)

५. एस.वी.विवेक, विद्रोहको छाल, (खण्डकाव्य २०४३ लगायत ३ वटा)

६. कपिलमणि ज्ञवाली, २०१८, थोर्गा, (पञ्चतत्रका कथाहरू, २०५९ लगायत २ वटा)

७. कमलराज श्रेष्ठ, राजनीतिज्ञ, २००६ थोर्गा, उद्घोष (कविता २०६७ लगायत २ वटा)

८. कृष्णप्रसाद भण्डारी, २०२८, जोहाङ, सिर्जनाका फूलहरू, (कवितासंग्रह, २०५६ लगायत ३ वटा)

१०. कृष्णप्रसाद ज्ञवाली, १९९५ थोर्गा, कविता महोत्सव २०१८ मा प्रथम, (पीपलको छहारी, निबन्धसंग्रह, २०३२ लगायत २ वटा)

११. कृष्ण बहादुर कुँवर, अर्खले, (नेपालमा ग्रामीण बजारीकरण, २०६८ लगायत ९ वटा)

१२. कृष्ण ज्ञवाली, २०१९ रिडी, (कविता महोत्सव २०३८ मा प्रथम, फुटकर रचनाहरू)

१३. कुसुम ज्ञवाली, (फणिन्द्र) २०३०, रिमुवा, आँखा, (कवितासंग्रह, २०५२ लगायत २ वटा)

१४. खड्ग सेन ओली, २०२९, म्यालपोखरी, (बादलको गुफा, गजलसंग्रह, २०५४ लगायत २ वटा)

१५. खिमानन्द पोखरेल, २०१८, पराल्मी (मनका सुस्केरा (कविता) एकाङ्की नाटकहरू

१६. गणेश ज्ञवाली, २०१४, थोर्गा, (यो पानी कस्तो बेइमानी, निबन्ध संग्रह २०६०)

१७. डा. गोपालप्रसाद शर्मा, अर्खले, २०२८ (श्रुतिप्रयोगसंग्रह २०५६)

१८. जनार्दन घिमिरे, मुसिकोट, २०३४ (चुनौती कथासंग्रह, २०६१)

१९. जय बहादुर हितान, २००२, पौंदीअमराई, (नेपालको गृह नीति र प्रजातन्त्र, २०४८ लगायत २ वटा)

२०. जीवननारायण अर्याल, २०३१, सिर्सेनी, (डा. हर्षबहादुर बुढामगरः विगत र वर्तमान, २०५८)

२१. डा. टीकाराम पन्थी, १९९३, अर्खले, (रुरुवृत्तम्, २०२१, केही जनश्रुतिहरू, २०४१ लगायत संस्कृत भाषाका ८ वटा र नेपाली भाषाका ६ वटा)

२२. टेक बहादुर कुँवर, १९७६, अर्खले, (हाम्रो गुल्मीः मेरो अनुभव, २०५८)

२३. टेकराज उपाध्याय ज्ञवाली, १९६०, मानकोट, (विरहवाली, १९७५ कविता)

२४. ठाकुर शर्मा भण्डारी, २०१०, जुहाङ (गोनिष्क्रमणस्थलको महिमा, २०५२, अनुवादलगायत ५ वटा)

२५. दलबहादुर काउछा, तमघास, (लाहुरेको जीवन कहानी, २०६० उपन्यास लगायत ७ वटा)

२६. डा. दामोदर ढकाल, २०१३, जोहाङ, (भाषा, साहित्यका लेख रचनाहरू लगायत २ वटा पत्रिकाको सम्पादन)

२७. दीन पन्थी, २०१५ तमघास (नेपाली भाषाको परिचयात्मक व्याकरण, २०४८, पाल्पा गुल्मेली उपभाषिका-२०५८, हुटिट्याउँको मन (निबन्ध सङ्ग्रह) २०७६ लगायत ३ वटा)

२८. डा.दुर्गाप्रसाद अर्याल, २००९, मरभुङ रयाले (देवकोटाका दार्शनिक चिन्तन लगायत २ वटा)

२९. नारद गौतम, २०११, बलेटक्सार, (रमा, शोककाव्य, २०५१)

३०. नारायण पन्थी, २०१३, धुर्कोट, पण्डित टोला, (विनाशीर्षकका कविताहरू, २०५४)

३१. नारायणप्रसाद सापकोटा, २०२३, छापचौर, (तीन अञ्जुली, शोककाव्य, २०४९ लगायत २ वटा)

३२. नित्यानन्द पाण्डे, २०१०, तम्घास (मर्मपुराण, खण्डकाव्य, २०३५ लगायत ३ वटा)

३३. नीलाम्बर पन्थी, राजनीतिज्ञ, १९८४, धुर्कोट, वाग्ला, राजनीतिज्ञ (जीवनको गाथा, उपन्यास, २०५८ लगायत ५ वटा)

३४. प्रा.डा. पारसमणि भण्डारी, २०१२ आँपचौर, (सरल नेपाली शृङ्खलालगायत ३ वटा)

३५. प्रदीप ज्ञवाली 'शीतविन्दु', राजनीतिज्ञ, २०१९, बलेटक्सार, (सहयात्री, उपन्यास, २०४१ लगायत ६ वटा)

३६. प्रयागलाल श्रेष्ठ, १९८४, बलेटक्सार, (राष्ट्रिय योजनाहरू कता ? लगायत ८ वटा)

३७. बमबहादुर कार्की, घमीर, (लोकगायक, पानको पातलगायत ३५० बढी गीतहरू)

३८. भरतराज पीडित, २०२२, हर्मीचौर, (सीमाङ्कनका सम्पादकीय सीमाहरू, २०५७ लगायत ६ वटा)

३९. भाउ पन्थी (तिलकप्रसाद शर्मा खनाल), दिगाम, २०२१, (पलाँस, उपन्यास, २०२८ लगायत १४ वटा)

४०. भागवत ढकाल, २०२७, जोहाङ, (प्रकृति- प्रत्यय, २०५३ लगायत ३ वटा)

४१. भागीरथी श्रेष्ठ, २००५, रिडी, (मालती उपन्यास, २०३४ लगायत ८ वटा)

४२. पं.भीमकान्त पन्थी, विद्वत्मणि महाकवि, १९७८, धुर्कोट वाग्ला, (जगदम्बिकावैभवम्, महाकाव्य, २०५५ लगायत ३ वटा)

४३. भेषबहादुर कुँवर, 'प्रयासी' २००५, तम्घास, (बादल कवितासंग्रह, २०३१ लगायत २ वटा)

४४. मञ्जु थापा, २०२६, तम्घास, (सञ्चारमा नियाल्दा महिला लगायत ३ वटा)

४५. डा. मणिलाल शर्मोपाध्याय (वैदिक), अर्खले, १९४९, (सामवेदीय ब्राह्मणानां स्वरूप वैशिष्ट्यञ्च)

४६. मीरा बस्नेत, २०२२ सिमीचौर, (प्रजातान्त्रिक जन-आन्दोलनमा महिला वर्गको भूमिका, २०५४)

४७. मुकुन्दहरि शर्मा, शान्तिपुर, (विचारविन्दु, आत्मचिन्तन)

४८. मुकुन्दहरि ज्ञवाली, २००५, लिम्घा, (प्रतिक्षा, उपन्यास, २०४४ लगायत २ वटा)

४९. पं.यदुनाथ ज्ञवाली, १९७९, थोर्गा, (ज्ञानकुञ्ज, २०५८ दर्शनसाहित्य)

५०. यज्ञ शर्मा सूरि कोइराला, १८०० तिर, साधना स्थल रुरुक्षेत्र, (१९४० मा पुनर्लिखित चन्द्रसम्भव महाकाव्य २०५८)

५१. युवराज शर्मा गौतम १९४२ थोर्गा, (आत्रिवंश - शतक २०५९ लगायत अन्य ५)

५२. योगेश खरेल, दिब्रुङ, (कोपिला, उपन्यास, २०४५)

५३. रविलाल शर्मा कँडेल, १९६८, अमरअर्वाथोक, (रविकृत रामायण २०12 अघि)

५४. डा. रविन्द्र समीर, धुर्कोट वस्तु, २०३० (तेस्रो आँखा, लघुकथा संग्रह २०५३ लगायत १० वटा)

५५. रामप्रसाद पन्त, २०१०, बलेटक्सार, (विरानो बस्तीमा उपन्यास, २०४४ लगायत ७ वटा र सम्पादन ३ वटा)

५६. डा. रामप्रसाद ज्ञवाली, २०२४ थोर्गा (विवश आँसु, नाटक २०४४ लगायत १० वटा)

५७. रामबहादुर कुँवर (आर्.वी.कुँवर) , (मार्गबोध, लघुकथासंग्रह, २०४७ लगायत २ वटा)

५८. रूक्माङ्गत पन्थी, तम्घास, (श्रृङ्गी महात्म्य, १९८४)

५९. रूमानसिंह खत्री, बाँफकटेरी, २०३४, (गरिबको जिन्दगी, खण्डकाव्य, २०५९)

६०. रोमलाल गिरी, वाग्ला (गुल्मीको गौरव, २०५९ लगायत २ वटा)

६१. लक्ष्मण कँडेल, अमरअर्वाथोक (हृदयको रहस्य, गीति खण्डकाव्य, २०४३)

६२. डा. लक्ष्मीकान्त पन्थी, २००८, वाग्ला, (सजिलो कुण्डली फल, २०४० लगायत १० वटा)

६३. लालमणि भुसाल, 'अविलासी', बाँफकटेरी (गाउँले सुसेली, कविता संग्रह लगायत २ वटा)

६४. डा. विष्णुप्रसाद घिमिरे, मुसिकोट, (पाश्चात्य साहित्य सिद्धान्त, २०५७)

६५. विष्णु बस्नेत, तम्घास, (तस्वीर कवितासंग्रह २०५३)

६६. शशि पन्थी, २००९ (संस्थापकः किरण पुस्तकालय, सम्पादकः हाम्रो पुरुषार्थ लगायत दर्जन बढी सम्पादन)

६७. डा. शिवप्रसाद पौड्याल, २०२३, हर्दिनेटा, (नेपाली उखानको विषयात्मक अध्ययन, २०६० लगायत १६ वटा)

६८. शोभाकर, शर्मा ज्ञवाली, १९४४, थोर्गा, (ऐरावती भक्तिमाला, १९८० लगायत अन्य २)

६९. श्रीकृष्ण गौतम, १९९९, जुहाङ (घुम्टो भित्रको सयरंगी अनुहारः हुम्ला, २०४६ लगायत ६ वटा र सम्पादन २ वटा)

७०. सूब सेन, १९९६ बाँफकटेरी, (देशदर्शन, प्रथम खण्ड, यात्रासंस्मरण, २०३३ लगायत २ दर्जन)

७१. हरिप्रसाद अर्ज्याल, तुराङ, (श्रीमद्भागवत महात्म्य २०३८)

७२. हरिप्रसाद भण्डारी, २०१६, धुर्कोट वस्तु, (चिराग, लघुकथासंग्रह २०४७ लगायत १० वटा)

७३. प्रा.डा. हिरण्यलाल ज्ञवाली, २०१६ थानपती, (विसौनी कवितासंग्रह, २०५४ लगायत ६ वटा)

७४. हीरानारायण सापकोटा 'विदारक' २०२९, अर्लाङ्कोट, (त्यस्तो केटो मन पर्दैन, कथासंग्रह लगायत २ वटा)

७५. हेमराज झवाली, १९९५, मानकोट (भन्सार प्रशासनः एक विवेचना, २०५४ लगायत ७ वटा)

७६. ज्ञाननिष्ठ झवाली, २०३१, रुरु, (आख्यानकार विश्वेश्वप्रसाद कोइरालाः समालोचना, २०६१ लगायत २ वटा)

७७. ज्ञानेश्वर झवाली (देवेश्वर सरस्वती), १९८९, ग्वादी रुरुक्षेत्र, (रिडी महात्म्य, नित्यकर्म पद्धति लगायत ३ वटा)

## अन्य प्रतिभाहरू

होमराज सापकोटा, फोक्सिङ्, (कविता), काशीनाथ मिश्रित, (कविता) र माधव पन्त बलेटक्सार, (कविता) सी.वी. थापा, (उपन्यास), भानुभक्त न्यौपाने रामप्रसाद गौतम, वेदप्रसाद शर्मा, ठाकुरप्रसाद काफ्ले, ऋषिराम शर्मा घिमिरे, मुसिकोट, रूम्मागत अर्याल, जयप्रताप मल्ल नयाँगाउँ, धुर्कोट, गोपाल के.सी. वामीटक्सार, शिवकुमार झवाली, एकदेव झवाली र गोकर्णराज शास्त्री, थोर्गा, भागवत झवाली, मानकोट, पद्मप्रसाद पन्थी, गोकर्णराज श्रमिक, यदु पन्थी, नारायणप्रसाद पन्थी र कोविद पन्थी, तम्घास, निर्माया थापा, पौदीअमराई, खेम कोपिला, आँपचौर, माधव झवाली, झवा, मुकुन्द भण्डारी, हुँगा, बै.वी.पी. गौतम, (दिब्रुङ्), हीरा ए.सी. गणेश श्रीपाली, श्रीप्रकाश भलामी, ईश्वर अर्याल, गुणनिधि शर्मा आदि रहेका छन् ।

## गुल्मी परिचयकै व्यक्ति/व्यक्तित्व खण्ड

१. कुलचन्द्र गौतम, २००६ अमरपुर (संयुक्त राष्ट्रसंघको सहायक महासचिवसम्म पुग्ने प्रथम नेपाली, वरिष्ठ कुतनीतिज्ञ, आत्मकथा, २०७९ लगायत विभिन्न लेख रचनाहरू) ।

२. केशवराज पौडेल, १९८८ भनभने नेटाखर्क, अन्धा पण्डित, विलक्षण प्रतिभाका धनी, श्रीमद्भागवत, सिद्धान्त कौमुदी आदि कण्ठस्थ ।

३. प्रा.डा. बाबुराम पोखरेल, १९११ धुर्कोट अरौंदी, इतिहासपुराणका विशिष्ट विद्वान् (भए गरेका कुरा, आत्मवृतान्त, २०६३ लगायत साहित्य विशेष १० वटा लेखहरू) ।

४. पं. शुकदेव शर्मा झवाली, १९४४ रुरु, वेदान्त विशारद, श्रीमद्भागवत एकादश स्कन्ध रचना ।

५. श्रीपति भट्ट अर्ज्याल, १५२०-१५९५ (अनुमानित), तत्कालीन इस्मा राज्यका राजगुरु, व्याकरण काव्यकोश, ज्योतिष र तन्त्र विधाका मर्मज्ञ ।

६. सत्यदेवजी महाराज (केशव) २०१० बम्घा, महामण्डलेश्वर स्वामी, देश विदेशमा आध्यात्मिक प्रवचन ।

७. हेमनाथ उपाध्याय घिमिरे, १९४१, धुर्कोट लुङ्खर्क, नम्बरी पण्डित, वेदान्तमा पोष्टाचार्य, गुररभ्यर्थना र पुष्पाञ्जलि कृति

## गुल्मी जिल्लाका कवि र तिनका कविता कृतिको विश्लेषण (शोधपत्र), २०६९

### प्राथमिककालीन कविहरू

निर्गुण भक्तिधाराका शशिधर स्वामी गुल्मी जिल्लाको रेसुङ्गामा देखिएका प्रथम साहित्यिक स्रष्टा हुन् । यस जिल्लाको रेसुङ्गाको घना जंगलमा आत्म चिन्तन गर्ने शशिधर (१८०४-१९०८) का फाटफुट भजन उपदेश पाइन्छन् । यद्यपि भाषा र साहित्यको दृष्टिमा ती निम्न कोटिका ठहरिएलान् तर ती सन्त साहित्य परम्परामा महत्त्वपूर्ण बनेका छन् । हिन्दी साहित्यका कबिर जस्तै शशिधर बन्न पुगेका छन् नेपाली साहित्यमा । सन्त शशिधर जोसमनी सन्त परम्पराका प्रवर्तक थिए । यस कालका अन्य कविहरूमा महाप्रभु लक्ष्मीनारायण, योगकुमार, लीलाम्बर भुसाल यज्ञ शर्मा सुरि आदि देखा परेको पाइन्छ ।

### माध्यमिक कालीन कविहरू

माध्यमिक कालीन शृङगारिक प्रवृत्तिको प्रभाव गुल्मी जिल्लाका कविहरूमा पनि परेको छ । गुल्मी जिल्लाका कवि दधिराम मरासिनीमा यस कालको प्रभाव पर्नुका साथै श्रृङ्गारिक किसिमका कविता रचना गर्ने प्रमुख स्रष्टाका रूपमा देखा पर्छन । यस कालका गुल्मी जिल्लाका अन्य कविहरूमा रूक्माङगत पन्थी, शोभाकर शर्मा ज्ञवाली, गोविन्द मरासिनी र टेकराज उपाध्याय आदि देखा पर्छन् ।

### आधुनिककालीन कविहरू

गुल्मी जिल्लामा कविता लेखन कार्य प्राथमिक कालदेखि शुरू भएता पनि नेपाली भाषाका कविता लेखन आधुनिक कालमा मौलाएको पाइन्छ । यस समयका कविहरूमा भीमकान्त पन्थी, उमानाथ पन्थी, डा. टीकाराम पन्थी, लक्ष्मीकान्त पन्थी, लेखनाथ ज्ञवाली, हिरण्यलाल ज्ञवाली, रामप्रसाद ज्ञवाली, भेषबहादुर कुँवर, लक्ष्मण रिजाल, गणेश ज्ञवाली, रुद्र ज्ञवाली, नारद गौतम, प्रदीप ज्ञवाली, रामप्रसाद पन्त, ठाकुर शर्मा, युवराज शर्मा गौतम, सूर्यबहादुर सेन, काशीनाथ ज्ञवाली मिश्रित, लालमणि भुसाल, मुकुन्दहरि ज्ञवाली, कृष्णप्रसाद भण्डारी (मुमुक्षु), दुर्गा घिमिरे 'घायल' विश्वकर्मा, लक्ष्मीनाथ ज्ञवाली (सुमेरू), बलदेव पन्थी र जीवित खड्का मगर आदि रहेको पाइन्छ ।

## जिल्लाका कविहरू

१. काशिनाथ 'मिश्रित' ज्ञवाली, २०३०, बम्घा, (रक्सी, खण्डकाव्य, २०५१ लगायत २ वटा)

२. जीवित खड्का मगर, २०३५, बलिथुम, (अनुभूतिका चर्चाहरू, कविता संग्रह, संयुक्त २०६० लगायत १६ वटा)

३. महापण्डित दधिराम मरासिनी, १९३९, खिदिम (तत्कालीन गुल्मी), कवि व्यक्तित्वका धनी, ३ वटा कृतिहरू)

४. दुर्गा घिमिरे 'घायल', २०४२, बलेटक्सार, विश्वकर्मा, (विवशतामा कोरिएका शब्दहरू, कवितासंग्रह २०६१)

५. बलदेव पन्थी, २०३९, भनभने, (संवेदना हराएको सहर, कविता संग्रह २०६७ लगायत सम्पादन)

६. रुद्र ज्ञवाली, २०२०, ग्वादी, (निर्वासन कथा, २०५८ लगायत कथा, कविता, गजल, मुक्तक ८ वटा)

७. लेखनाथ ज्ञवाली, २०००, दिगाम, (दशैंको आशीष, कवितासंग्रह २०४६)

८. लक्ष्मणप्रसाद रिजाल, २०२३, बडागाउँ, (रेसुङ्गा महाकाव्य, २०६१ लगायत ३ वटा)

९. लक्ष्मीनाथ ज्ञवाली सुमेरु, सन् १९५९ थोर्गा, (समय आफै बोल्छ, कविता २०६०)

१०. महाप्रभु लक्ष्मीनारायण स्वामी, आबालब्रह्मचारी एवम् तपस्वी, १९१० देखि रेसुङ्गामै तपस्यामा रहेका, जंगबहादुरका छोरा ललितजंगले महाप्रभुको उपाधि दिएका, पछि जंगबहादुर पनि भेट्न आएका, ज्ञानयोगी, कर्मयोगी र लोकोपकारी, शास्त्र कुसुमामृतम् लगायत ३ वटा ।

११. सन्त शशिधर स्वामी, अर्घा मैदान (तत्कालीन गुल्मी), १८०४, रिजाल थरका यिनी १८३० तिर रेसुङ्गा शिखरमा आई तपस्यामा संलग्न, जोसमनि सम्प्रदायका प्रवर्तक गुरु, योग विधाका धुरन्धर र वेदान्त पण्डित, वाणोपनिषद् लगायत ६ वटा ।

## लोक संस्कृति स्मारिका, २०७३ र लाली गुराँस गुल्मी विशेष, २०७६

## लोक सिर्जना

समसामयिक लोक सिर्जनाहरू कालजयी बन्दछन् । कालजयी सिर्जनाहरू लोक जीवनका परिघटनाका रूपमा प्रतिविम्बित भई इतिहास बन्दछन् । लोक

सिर्जनाहरू जीवनका अन्तरङ्गसँग आत्मसाक्षीका रूपमा पनि खडा भएको पाइन्छ । लोक सिर्जनाहरूमा अनेक भाषा र आञ्चलिकता भए तापनि यस क्षेत्रको सिर्जना सर्वत्र स्थानहरूमा सर्वस्वीकार्य सरह भई फैलिएर रहेको छ । कुनै पनि यात्रा, महोत्सव, उत्सव, पार्टी, विवाह, पूजाआजा, मेलापर्वजस्ता कार्य एवम् विविध खालका संस्कार संस्कृतिहरूमा समेत लोक सिर्जनाको अनिवार्यता भइसकेको छ । यस कार्यले साहित्यलाई मलजल गर्दछ ।

लोक सिर्जनाका त्रिनेत्रः गुल्मीको सेरोफेरोमा सिमित लोक भाका वा लोक दोहोरी (सिर्जना)लाई रेडियो नेपालमार्फत सारा नेपालीका मनमनमा मृत्यु पर्यन्तसम्म अजर अमर बनाउन सफल मात्र होइन वीवीसी नेपाली सेवामार्फत अन्तर्राष्ट्रिय जगत्मा फैलाउन र टिकाउन सफल बमबहादुर कार्की निश्चल र निर्मल लोक भाका वा लोक दोहोरीका प्रखर सगरमाथा नै हुनुहुन्छ । उहाँको समीप र सान्निध्यमा धेरै प्रकारका लोक सिर्जनाहरूले हुर्कने, बढ्ने र पहिचानको अविस्मरणीय शान बनाउने सुनौलो मौका पाइरहेका छन् । त्यसैगरी लोकबहादुर क्षेत्रीले गाउँवेसी मेलैको कुरालाई टपक्क टिपेर मार्मिक लोकभाकामा जीवन्त बनाई सजाएका छन् । बलबहादुर नेपाली यिनै परिवेशमा पूर्णता दिनका लागि तल्लीन भएका छन् । गुल्मेली लोकसिर्जनाको सन्दर्भलाई सरसर्ती नियाल्दा बमबहादुर कार्की, लोकबहादुर क्षेत्री र बलबहादुर नेपालीलाई लोकलयका त्रिनेत्रका रूपमा लिइन्छ । यिनै तीन बहादुरहरूका । लोकसिर्जनाले गुल्मेली लोक सिर्जनाको बलियो जग स्थापित भइसकेको छ ।

## त्रिनेत्रका सहयात्री

यिनै त्रिनेत्रको हौसला, प्रेरणा र शानलाई अझ उच्च पार्नका लागि युवा पुस्ताहरू कम्मर कसेरै लागेको पाइन्छ । यस खालका लोक सर्जकहरूमा अनुराधा घर्ती, असिम महत, उज्ज्वल गिरी,एकदेव पौडेल, ओम ज्ञवाली, कल्पना कुसुम, कुसुम थापा, खुम खत्री, गोविन्द पन्थी, छन्द पाण्डे, ठाकुरप्रसाद काफ्ले, तिलक बस्नेत, तुल्सिङ् रणपछाई, दिनेश खड्का, नारायण वी.पी. परियार, पुरुषोत्तम भण्डारी (पूर्खे बा), प्रिया भण्डारी, बाबुराम पन्थी, बैकुण्ठ महत, भेषबहादुर कुँवर, मञ्जु पौडेल, महेन्द्र भण्डारी, यम खत्री, रामकुमार विष्ट, रामचन्द्र चन्द, राजेन्द्र पोखेल, रामप्रसाद पन्त, रामप्रसाद पाण्डे, रीतु थापा, लक्ष्मण खड्का, विकास थापा, विष्णुप्रसाद कँडेल, विष्णु श्रीपाली, शान्ता परियार, शिलु भट्टराई, सुशीला गौतम, सुशीला थापा, श्रीप्रसाद थापा, सन्तु थापा, सन्तोष के.सी., सीता राना, सुनिल थापा, हरि खत्री लगायत परेका छन् । यी लोकस्रष्टाका नामहरू केवल प्रतिनिधि पात्रहरू मात्र हुन् । मेरो चिनजानमा आउन नसकेका गुल्मेली लोकसर्जकहरू थुप्रै हुनसक्नुहुन्छ ।

## लाली गुराँस गुल्मी विशेष, २०७६

१. अजय पन्थी, तम्घास, (अस्तव्यस्त नेपाल, कविता, २०६५)

२. अर्जुन न्यौपाने, २०४१, रिमुवा, (अस्मिता, उपन्यास २०६३)

३. अर्जुनप्रसाद भट्टराई, बडागाउँ, (ग्रह विमर्श, ज्योतिष, २०६८)

४. ईश्वर बा, २०३४, जैसीथोक, (लेखनी जुर्मुरायो, कविता, २०५९ लगायत ३ वटा)

५. ईश्वरीप्रसाद ज्ञवाली, १९९२, दिगाम, (गंगा प्रार्थना, कविता, २०५८ लगायत २ वटा)

६. ईश्वरीप्रसाद पोखे्रल, तुराङ, (शासकीय सुधार, २०६३ लगायत ५ वटा)

७. ऋषिराम कँडेल (ऋषिकेशव भारद्वाज), २०१६ चारपाला हाल बाणगंगा कपिलवस्तु, (मनको तरङ्ग कविता, २०६३ लगायत ४ वटा)

८. ऋषिराम ज्ञवाली, १९७७ दिगाम, (ऋषिकृत भजनमाला, २०७४ लगायत १३ वटा)

९. डा. ऋषिराम शर्मा, २०१७ आँपचौर (सुगाको जन्मदिन)

१०. एकदेव ज्ञवाली, १९८५ थोर्गा, (आमा, दिदी बहिनी हो, कविता २०६०)

११. कपिल ज्ञवाली जिज्ञाशु, २०४४ रुरुक्षेत्र थोर्गा, (सिस्नुको साग, गजल, २०६४)

१२. कपूर ज्ञवाली, २००३, थोर्गा, (उरूचक्षु, गीति खण्डकाव्य)

१३. कमल पराजुली, अमरपुर, (इन्दिरा, उपन्यास, २०७६)

१४. कमलप्रसाद ज्ञवाली, २०२४ थोर्गा, (कर्म, आत्मकथा २०७६)

१५. केशरमणि पोखे्रल, १९९७, पराल्मी, (लिच्छवी कालीन नेपाल, २०५१)

१६. प्रा.डा. कृष्ण चन्द्र शर्मा, २०१७, बम्घा, (शब्द तरङ्ग, कविता लगायत ३ वटा)

१७. कृष्ण ज्ञवाली अन्जान, (परिभाषा, मुक्तक)

१८. गुणनिधि पन्थी 'गुनीबा' २००६ धुर्कोट भनभने बडाचौर, (मनको बह, कविता ०७३ लगायत अन्य ४ वटा)

१९. गोपाल के.सी. वामी, (हाम्रै गीत हाम्रै कविता, २०४४)

२०. चतुर्भुज आत्रेय, २०१३ दिगाम, (समर्पण, कवितासंग्रह लगायत ३ वटा)

२१. चेतोनाथ अर्ज्याल, १९५० मरभुङ रयाले, संस्कृत विश्वविद्यालयका पृष्ठभूमि, (कार्तवीर्य कवचम्, काव्य । संस्कृत, १९८३)

२२. जीवराज आश्रित १९९८, हरेवा, (जीवराज आश्रितका अभिव्यक्तिहरू, लेख संग्रह २०५३)

२३. टंकप्रसाद खरेल, २०११ आँपचौर, (बलिको बोको, हास्य कविता, २०७०)

२४. ठाकुरप्रसाद काफ्ले, धरमपानी, (गुल्मेली लोकलय २०२६)

२५. डिल्लीराज भट्टराई २०१७ आँपचौर, (समीक्षा र समालोचना, २०७५)

२६. डा. तिमोथी अर्याल, २०१७, सिमलटारी, (पढ्ने र स्मरण बढाउने वैज्ञानिक तरिका, २०५१ लगायत ६ वटा)

२७. तिलक भट्टराई अन्जान, अर्बेनी, (खबर सुनेर आएँ, गजल, २०६१ लगायत २ वटा)

२८. तिलक लामिछाने, २०२२ वामीटक्सार (सुन्तली, नाटक २०७५)

२९. तिला पन्थी २०१६, धुर्कोट नयाँगाउँ, (नव सिर्जना, कविता २०७१)

३०. थानेश्वर अर्याल, २०१८, हर्मीचौर (नवपल्लव, समालोचना लगायत २ वटा)

३१. दधिराम सापकोटा २००९ वामी, (दीपशिखा, खण्डकाव्य २०६३)

३२. दानबहादुर पुनमगर २०२२ हँसरा, (मगर पुजारी र देवस्थलहरू, २०५०)

३३. दीपक ज्ञवाली "दीप कदम", २०३२ बम्घा, (तस्वीरहरू, कविता, २०५० लगायत २ वटा)

३४. दुर्गादेवी पौड्याल, २००८, दिगाम, (नियात्राः यात्रा निबन्ध २०६७, लगायत ४ वटा)

३५. देवराज अर्याल, १९६९ मरभुङ रयाले, (आत्मस्थिति, २०२४)

३६. धनीश्वर पन्थी विश्वासी, हस्तिचौर, (अलपत्र जिन्दगी, उपन्यास २०६७)

३७. ध्रुवराज पन्थी, २०२१ धुर्कोट पण्डितटोला, बाँसुरी कविता २०६१)

३८. डा. नारायणप्रसाद पन्थ, २०३० दिगाम, (शिक्षाको परिचय, २०६२ लगायत ५ वटा)

३९. पं.परशुराम उपाध्याय पन्थी, १९७७, तम्घास, (तपोभूमि रेसुङ्गा धाम, २०६७)

४०. पुनाराम गिरी, २००४ अर्जे, (योग जागरण, भजन गीत, २०६६ लगायत ४ वटा)

४१. पूर्णलाल चुके, २०१२, वामीटक्सार हाल बाँके, (उषालाई पत्र लगायत ३ वटा)

४२. प्रतिष्ठा पौडेल, २०५६, रिमुवा, (माइ एक्स्पेरिएन्सेज् एण्ड ड्रिम, २०६९)

४३. प्रह्लाद पन्थी, २०५४ तम्घास, (कोपिलाका कोपिला, बालकविता, २०६७)

४४. डा. प्रेमनारायण अर्याल, २०११ (शिक्षाको सैद्धान्तिक आधार लगायत ३ वटा)

४५. बाबुराम घिमिरे २०३५ पौदी अरेवा, (गरिब खण्डकाव्य, २०५६)

४६. बालुमुकुन्द भण्डारी २०२०, बम्घा, (नेपाली पर्याय-विपर्याय कोश, २०५८)

४७. बिनबहादुर कुँवर, २०१६, धुर्कोट रजस्थल, अनेरास्ववियुको प्रारम्भिक इतिहास, २०४४)

४८. बोमबहादुर श्रीस, भार्से, (पुरातात्विक एवम् ऐतिहासिक महत्त्वका सम्पदा, २०७२)

४९. भेषराज सापकोटा, १९९१, भङ्कुवा हाल तानसेन, (सूक्तिशतकम्, काव्य, २०१५)

५०. मञ्जु ज्ञवाली, २०३२, दिगाम, (चंखे स्याल र लाइफ ज्याकेट, बालकथा, २०७१ लगायत ५ वटा)

५१. मधुसूदन पन्थी, २०३९ भनभने, आन्दोलनमा स्रष्टा सोध, २०६८ लगायत ५ वटा

५२. मधुसूदन भण्डारी, हुँगा, (प्राथमिक शिक्षा, २०६१)

५३. डा. माधवराज पन्थी, २०१४, धुर्कोट रजस्थल, (लोकतन्त्रः अपहरण र अवतरण, संयुक्त, २०६३ लगायत ३ वटा)

५४. मीन श्रीस मगर, २०२० भार्से, पश्चिमाञ्चल विकास क्षेत्रका मगर समुदायमा प्रचलित वर्तमान अवस्थाका चुनौतीहरू, २०६६ लगायत ३ वटा)

५५. मीना पन्थी प्रेरणा, २०४९, वाग्ला, (आशाको किरण, २०६९)

५६. मैना भण्डारी, चोरकाटे, (नारी वेदना, २०५२)

५७. युद्धवीर राना, सन् १९८१, दुबिचौर, (चिहान नपाएका तक्माहरू, सन् १९९५ लगायत ४ वटा)

५८. युवराज पन्थी, १९७९, धुर्कोट पण्डितटोला, (मानस रामायण, भक्तिकाव्य, २०५० दोस्रो संस्करण २०७९)

५९. योगकुमार, साधनास्थल रेसुङ्गा (साङ्ख्यविवृतिशास्त्रम्, १९३७)

६०. रमेशचन्द्र गौतम, सन् १९४६,थोर्गा, (थोर्गा महिमा, काव्य २०७०)

६१. रम्भा पौडेल 'रमा', २०२४, दिगाम, (बाबासँगका सम्फनाहरू, २०६९ लगायत ३ वटा)

६२. राधिका अर्याल ज्ञवाली, २००३, दिगाम, (तीजगीत संग्रह, २०७४)

६३. रूक्मागत अर्याल, तुराङ, (रामगीता, काव्य)

६४. रूपसिंह विश्वकर्मा, २०१९, पुर्तिघाट, (समय सन्दर्भ, कविता, २०६७)

६५. लक्ष्मीनारायण मरासिनी, १८४० तिर अर्घा-१९३९ रेसुङ्गा, (शास्त्रकुसुमामृतम् लगायत ३ वटा)

६६. ललिता "दोषी" २०१५, ललितपुर/अर्जै, (प्रेमको परिभाषा, कथा लगायत १० वटा)

६७. विमल गौतम, २०२२, जुभुङ (चाख्ने हो र ? मुक्तक, २०६५ लगायत २ वटा)

६८. विष्णु घर्ती 'भनभनेली', २०३४, भनभने, (भनभनेलीका तरङ्गहरू, २०६५ चालीस चक्र, २०७६ लगायत अन्य प्रकाशित ६ वटा र सम्पादन १२ वटा)

६९. वेदप्रसाद पन्थ १९९७, दिगाम, (नेपाल राष्ट्र बचाऊँ, प्रबन्ध २०७३ लगायत ११ वटा)

७०. शिवकुमार ज्ञवाली, थोर्गा, (ज्ञवाली वंशावली)

७१. शेखरनाथ पन्थी, १९९१, वाग्ला, (श्रीमद्भागवत चन्द्रिका, २०५९)

७२. षडानन्द ज्ञवाली शायिन्द्र प्रकाश, २०१४, लिम्घा, तीजको कोसेली, २०५० लगायत ३ वटा)

७३. साधना शाह, ग्वादी, (विधिको विधान, गजल, २०६८)

७४. सावित्रा आचार्य, २०२५ हरेवा, (ओफेलका तस्वीरहरू कविता २०७३)

७५. सीता सुवेदी पन्थी, २०३०, अर्घातोस/तम्घास, (पुतलीका साथी, बालकविता, २०६९ लगायत २ वटा)

७६. सी.बी.थापा, जुभुङ, (मायाजाल, उपन्यास)

७७. हरिप्रसाद ज्ञवाली, २००१, बम्घा, (देवभूमि नेपालका चारधाम, २०७० लगायत २ वटा)

७८. हिमलाल ज्ञवाली, २००५, भडकुवा/रिडी, (आफ्नै देश आफ्नै परिवेश, कविता २०७३)

## विवरण प्राप्त नभएका अन्य गुल्मेली लेखक साहित्यकारहरू

ध्रुवराज ज्ञवाली, आदित्यमान श्रेष्ठ, युवराज ज्ञवाली, सुदर्शन बलाल, गोकर्ण विष्ट, डा. महेन्द्र विष्ट, रामप्रसाद ढकाल, महेश्वर श्रेष्ठ, डा. बुद्ध थापा, डा. नारायण थापा, युवराज भुसाल, कुलानन्द ज्ञवाली, गणेश श्रीपाली, हीरा एसी, डा.गोकर्ण पन्थी, टंक पोखरेल, भुपाल पोखरेल, गोकर्णराज शास्त्री, लोकराज पन्थी, चिरन्जीवी भण्डारी, कुलचन्द्र गौतम, मुरलीधर पन्थी, चन्द्रकान्त पन्थी, सुरेश भुसाल, अरूण दर्लामी, डा. होमनाथ सापकोटा, खेमराज पुन, लोकराज पन्थी, मधुकृष्ण पन्त, नीलकण्ठ गौतम, जुद्ध वि.क., जंग नेपाली, रामकुमारी झाँक्री, बोमबहादुर खड्का, दीपक विश्वकर्मा, ज्ञानराज मरासिनी, चिन्तामणि फुल्देल आदि रहनुभएको छ ।

## भनभने महिमा, २०७६

१. एकदेव पौडेल (नेटाखर्क) एस.एल्.सी. दिइयो, लोक दोहोरी एल्वम् २०६३ लगायत अन्य ६ वटा

२. कपिलमणि के.सी. (टिमुरखर्क), स्वास्थ्य सम्बन्धी विभिन्न लेखहरू

३. कृष्ण 'किनारा' विश्वकर्मा (टिमुरखर्क), चिनो दियौ एउटा तस्वीर, गीति कविता, २०६५

४. गोविन्द पन्थी (बडाचौर), देशभक्तिका विभिन्न गीतहरू, आधुनिक नव गायक

५. चन्द्रकान्त पन्थी २००० -खहरेखोला), लोकलीला स्मृति ग्रन्थ, २०६९, पन्थी वंश ग्रन्थ, २०७३ लगायत अन्य ४ वटा

६. बाबुराम पन्थी (बडाचौर) पीपल छाँयामा, लोक दोहरी एल्वम् २०६१ लगायत अन्य ११ वटा

७. मुरलीधर शर्मा (गैराखर्क, घडेरी), दोस्रो स्वर्गद्वारी धाम असकुना २०७४ लगायत अन्य २ वटा

८. योगेश पन्थी 'संघर्ष' (गैराखर्क जन्चौर), बोल्दैछ देश यहाँ, कविता, २०७०

९. राजेन्द्र पोखरेल (बडाचौर), Non-Western Studiesm, २०६४ लगायत अन्य ५ वटा

१०. लक्ष्मीप्रसाद पौडेल (डाँडाखर्क), Rural Economics in Nepal २०५७ लगायत ७ वटा

११. लीलाधर पन्थी (बडाचौर), शैक्षिक गीति संग्रह २०६६

## कर्मचारी संगम, २०७७

१. पण्डित गोविन्दप्रसाद मरासिनी, १९४८ तम्घास काउले , हजार बढी सप्ताह पुराणवाचन, व्याकरणशास्त्र अध्यापन ।

२. आदर्श गुरु पं. घनश्याम पौडेल, खिदिम (तत्कालीन गुल्मी), १९६१, संस्कृत पाठशाला प्रारम्भ ।

३. पण्डित जगन्नाथ अर्ज्याल, मरभुङ,१९०७ भागवत कथावाचक ।

४. अग्रणी वैयाकरण पं. डिल्लीराज अर्ज्याल (पं.श्रुतधर) मरभुङ, १९३०, व्याकरणशास्त्री ।

५. वेद गुरु पं.धनञ्जय मरासिनी, १९७५, खिदिम (तत्कालीन गुल्मी), हरिहर संस्कृत पाठशालामा वेदाध्यापक ।

६. प्रसिद्ध ज्योतिष बहादुर सिंह ओली (नरबहादुर सेनओली) १९५०, मलागिरी, करिब ५० वर्ष ज्योतिषफलादेशको काम गरेका ।

७. कट्टर सदाचारी पं. मुक्तिनाथ पन्थी, १९५९ तम्घास, पुराणहरू, गीता, योगवासिष्ठ वाचन ।

८. प्रभु यदुकान्द, काठमाडौं, रिजाल थरका यिनी १९८३-२०२१ सम्म रेसुङ्गामा रही वैदिक र पौराणिक यज्ञ चलाएका ।

९. प्रथम वेद गुरु पं. यदुनाथ अर्ज्याल, गुल्मीचारपाला, यजुर्वेद ४० अध्याय कण्ठै ।

१०. पण्डित रश्मिराज अर्ज्याल, १९४३, इस्मा अमरभूमि, संस्कृत कवि ।

११. पं. रूक्मागत ज्ञवाली, ग्वादी १९८७ संस्कृत भाषाका ज्ञाता ।

उपसंहार स्वामी परमानन्द, २०२४ सालमा दिबुङ्को जंगलमा ध्यान गरी आश्रमस्थल बनाएका, कँडेल थरका यिनी बाग्लुङ बिहुँबाट आएका, २०२८ सालमा अर्लाङकोटदेखि रुद्रबेनीसम्मका अनेक ठाउँमा वेदवेदाङ्ग विद्यालय र आश्रमहरू सञ्चालन गरेका ।

**रूपन्देही स्रष्टाकेश, २०७९**

१. इन्दिरा पाण्डे, २०४५, उपल्लो तम्घास, (सगरमाथाको देश, कविता, २०५८)
२. केशवराज ज्ञवाली, २०३५ ग्वादी, (अर्को भोर, कथासंग्रह, २०७८)
३. कृष्ण घिमिरे, 'गाउँले' २०४८, मुसिकोट, (बीजारोपण, संयुक्त गजल संग्रह लगायत २ वटा)
४. कृष्णप्रसाद ज्ञवाली, २०१३, रुरुक्षेत्र-३, (जुनकिरी कविता, २०७२ लगायत २ वटा)
५. खोमा तरामु मगर, २०४०, ठूलोलुम्पेक, (सपनाको भञ्ज्याङ्तिर, निबन्धहरू, २०७६ लगायत ३ वटा)
६. गणेशपुण्य श्रेष्ठ, २००६, रिडी, (अतीतको पानाभित्र लुकेको वर्तमान, २०७०)
७. गीतारानी बलाल थापा, २०४२, फोक्सिङ, (बिर्सेका अनुहार आलेख)
८. गुरुदत्त ज्ञवाली, २०१४ ग्वादी, (बोक्सिनी आमा, कथासंग्रह, २०७१ लगायत ३ वटा)
९. गोकुल पोखेल, २०३९, पराल्मी, (दुई शब्द, गजल, २०६३)
१०. गोविन्द भण्डारी, २०२१ (फिलिङ्गो खण्डकाव्य, २०३६)
११. छवि ज्ञवाली, २०३८, थोर्गा, (एक मिनेट मौनधारण, कवितासंग्रह, २०५८ लगायत फुटकर)
१२. छविलाल विश्वकर्मा (दीपक), २०१६, भाडगाउँ, अर्खले, (अपहरणका २२५ घण्टा, २०६४ लगायत २ वटा)
१३. जीवलाल सापकोटा २०२२ मुसिकोट (सिर्जना-तिर्सना, कवितासंग्रह सन् २००९ लगायत २ वटा)
१४. टंकनाथ ज्ञवाली, २००५, (आमाविनाको घर शोककाव्य, २०७२ लगायत २ वटा)
१५. डा. ठानेश्वर अर्याल, २०१८, हर्मिचौर (नवपल्लव, समालोचना, २०६८ लगायत ४ वटा)
१६. डी.आर. न्यौपाने 'सूर्य', २०३७, अर्बेनी, (मुक्तक दर्पण, संयुक्त लगायत ५ वटा)
१७. डिल्लीरमण गौतम, २०३७, रुरुक्षेत्र-४, (विभिन्न फुटकर रचनाहरू)
१८. ध्रुवराज पन्थी, 'मिराज' २०५३, रेसुङ्गा-४, (गजल, मुक्तक र कविता)
१९. पारस राहादी मगर, २०५६, सत्यवती-३, (रक्षा गर खुकुरी, कविता, २०६३)

२०. पुरुषोत्तम पाण्डेय, २०४१, अश्लेवा, (मातृभूमिको आँसु, खण्डकाव्य, २०६२ लगायत ३ वटा)

२१. डा. बाबुराम ज्ञवाली, २०१४ ज्ञवा (जोइटिङग्रे कथा, २०३५ लगायत ९ वटा)

२२. महेश्वरप्रसाद श्रेष्ठ २०००, रिडीबजार, (मुक्तिनाथ, यात्रा संस्मरण, २०५४ लगायत ३ वटा)

२३. माधव गौतम, २०३२, रुरुक्षेत्र-४, (जलपरी बालकथा, लगायत २ वटा)

२४. मित्र 'उराठी' गौतम, २०३०, अमरपुर, (मेरो देश नेपाल हाँस्छ, गीत, २०६० लगायत ३ वटा)

२५. राजु अर्याल, २०४१, कुर्घा, (गजल, मुक्तक र लघुकथा)

२६. लक्ष्मण ज्ञवाली २०१४, दिगाम (किसान कवितासंग्रह, २०७८)

२७. लीलाधर पाण्डे, २०३२, हर्मिचौर, (शिरमाथि शिरफूल, मुक्तकसंग्रह २०७३)

२८. विष्णु विवश पोखरेल, २०४६, पराल्मी (कविता, गजल, मुक्तक, कथा)

२९. विष्णुहरि ज्ञवाली, २०२६, बम्घा, (समालोचना)

३०. शशि पन्थी, २०४७, हाडहाडे, (माटो, कवितासंग्रह, २०७७)

३१. शेखर विकल्प, २०४६, बलेटक्सार, हालः जापान, (अक्षरहरूको रङ, कवितासंग्रह, २०७०)

३२. सञ्जय काउछा मगर, हाडहाडे, (जिन्दगी कथासंग्रह, २०७६ र २ वटा फिल्म)

३३. सरला गाहा, २०३० पुर्तिघाट, (नजर, गीति एल्वम् २०७० लगायत २ वटा)

३४. सिर्जना खनाल, २०३४, धुर्कोट, (कविता)

३५. सुनिता प्रतिबिम्ब, २०४३, गुल्मीदरबार, (कविता)

३६. सुन्दर तरामु, २०३७, सत्यवती-२, (चेहेमीको चिनारी, २०६२ लगायत ३ वटा)

३७. हरि ज्ञवाली, २०२५, रुरुक्षेत्र-५, (नैतिकता र प्रजातन्त्र, लेख, समालोचना)

३९. हरिप्रसाद पौडेल, २०३३, मुसिकोट, (मेरो खोज, कविता, २०५३)

३९. प्रा.डा. हिरण्यलाल ज्ञवाली, २०१६, थोर्गा, (बिसौनी, कवितासंग्रह, २०५४ लगायत ६ वटा)

त्यसैगरी सिर्जनाका अन्य क्षेत्रहरू गायनतर्फ १७ जना, चित्रकलातर्फ ८ जना र नृत्य प्रशिक्षकतर्फ १ जना क्रियाशील रहेको अवस्था देखिन्छ ।

## विभिन्न व्यक्तित्वहरूबाट प्राप्त साहित्य साधकहरूको अन्य विवरण

(शशि पन्थी, दीन पन्थी, रुद्र ज्ञवाली, ऋषिकेशव भारद्वाज, काशिनाथ मिश्रित, विष्णुकुमार गिरी, डा.टंकप्रसाद पन्थ, मधुसूदन पन्थी, भुवन अर्याल, 'अकिञ्चन', मोहन ज्ञवाली, महेन्द्र पन्थी 'विप्लव', चिरञ्जीवी भण्डारी, गणेश घिमिरे, बलदेव पन्थी, खिम कुँवर, तुल्सीराम पन्थी)

१. अनन्त पन्थी, वाग्ला बडाचौर, (फुटकर कविताहरू)

२. अमृत पन्थी (अमृतशरण देवाचार्य) २०५२ भनभने, हालः घोराही दाङ (फलित ज्योतिष, शैक्षिक जागरण अभियान, ३० बढी पुराणवाचन)

३. ओमप्रकाश शाह, (फुटकर रचना)

४. कमला भण्डारी ढकाल, (मुक्तक, गजल)

५. खिम कुँवर, पुर्कोटदह (लेख रचना, शिक्षण विधि, २०६६ सहलेखन लगायत ४ वटा)

६. घनश्याम भण्डारी, २०३५, बम्घा, (बेहुली, उपन्यास लगायत २ वटा)

७. चन्द्रकान्त पन्थी, वाग्ला बडाचौर, (फुटकर रचनाहरू)

८. चिन्तामणि पन्थी, २०३४, भनभने, (लेख रचना, १-१२ पाठ्यसामग्रीहरू, २०६५ लगायत ४६ वटा)

९. चिरञ्जीवी भण्डारी, धुर्कोट वाग्ला, पूर्व सहसचिव (खोजमूलक लेख रचना)

१०. चुडामणि पन्थी, २०१४, तम्घास, (स्मृतिका झोंक्काहरू, २०८०)

११. जानकी ज्ञवाली गौतम, २०३३, बलेटक्सार (फुटकर कविता)

१२. डा. टंकप्रसाद पन्थ, दिगाम, (नयाँ नेपालको बाटो, संयुक्त, २०६४ लगायत ८ वटा कवितासंग्रह, समालोचना २ वटा र सम्पादन ५ वटा)

१३. ढुण्डिराज अर्याल, मरभुङ, (फुटकर कविता आदि रचना र संग्रह)

१४. ताराकिरण कुँवर, 'अविश्रान्त' २०४१ पुर्कोट दह, (क्षितिजबाट चियाउँदा, कवितासंग्रह, २०६७)

१५. तुल्सीराम पन्थी, २०१६, भनभने, खहरेखोला हालः काठमाडौं, (जीवनका पाइलाहरू, २०७९)

१६. तेजप्रसाद पन्थ, दिगाम (कविता)

१७. देवीदत्त ज्ञवली, रुरुक्षेत्र २ ग्वादी, (संस्मरण)

१८. देवेन्द्र कुँवर, २०१६, हाडहाडे, (हाडहाडे परिचय, २०४२ लगायत ३ वटा)

१९. नमोनारायण पन्थी, तम्घास, (फुटकर कविता)

२०. पुण्डरी अर्याल, तुराङ, हाल अमेरिका (संस्मरण, निबन्ध, कविता)
२१. प्रेमनिधि ज्ञवाली, पूर्व सचिव, रुरुक्षेत्र-२, (सरानघरे कान्छो, संस्मरण)
२२. फणीन्द्र ज्ञवाली, थोर्गा, (कान्तिपुरमा नियमित नीतिकथा)
२३. बामदेव क्षेत्री घिमिरे, पुर्कोटदह, राजनीतिज्ञ, (नेपालको अर्थ राजनीति, २०७५)
२४. बासुदेव घिमिरे वाग्ला, (फुटकर लेख रचनाहरू)
२५. बेणीमाधव ज्ञवाली, रुरुक्षेत्र-२, (फुटकर रचना र कृति सम्पादन)
२६. भीमकान्त 'भागवत' पन्थी, वाचनसम्राट्, धुर्कोट वस्तु, (१४ वर्षमै कविता रचना तथा धेरै कविता प्रतियोगितामा प्रथम, विभिन्न लेख रचनाहरू, पुराण वाचन)
२७. भुवन अर्याल 'अकिञ्चन', सिमिचौर, (कृति समीक्षा, नियमित स्तम्भ)
२८. भुवन आचार्य (फुटकर विविध रचनाहरू)
२९. मनबहादुर खत्री 'मनु', हस्तिचौर (गजल चालिसा, २०७७)
३०. महेन्द्र पन्थी 'विप्लव' भनभने, (समसामयिक कविता)
३१. मुकुन्द भण्डारी, २०२९, हुँगा, (नेपालमा प्राथमिक शिक्षा लगायत दर्जन बढी)
३२. डा. मुकन्दशरण शास्त्री, भनभने, बडाचौर हालः मथुरा भारत, मोनीबाबा आश्रम, गोवर्धन, (लेखरचना, धार्मिक, सांस्कृतिक प्रवचन)
३३. मोहन ज्ञवाली, २००९, साविक गुल्मी चिदिका, हाल : बाणगंगा कपिलवस्तु, (छल्काहरू, गीतकविता, २०७८ लगायत ४ वटा)
३४. युवराज भुसाल, बाँझकटेरी, बाँझकटेरी, २०१४ (हाम्रो भौगोलिक इतिहास, २०७८)
३५. राजेन्द्र पन्थी, २०३३, भनभने, हाल अमेरिका (समसामयिक लेख रचना)
३६. रेणुका पन्थी, थोर्गा, (प्यारो नेपाल, खण्डकाव्य लगायत ३ वटा)
३७. पण्डित रूक्माङ्गद ज्ञवाली, रुरुक्षेत्र २
३८. विष्णुकान्त पन्थी, वाग्ला बडाचौर, (फुटकर कविताहरू)
३९. विष्णुकुमार गिरी, २०३४ पौदिअमराई, हालः जापान, (२ वटा गीत रेकर्ड लगायत फुटकर मुक्तक, गजल, गीत, कविताहरू)
४०. 'चकित' विष्णुप्रसाद आचार्य, २०४८, मुसिकोट (सिन्दुर यात्रा कथासंग्रह २०६९)

४१. विष्णु भण्डारी, २०२०, धुर्कोट वस्तु, (विद्रोहको छाल, खण्डकाव्य, २०४३ लगायत १२ वटा)

४२. डा. विष्णु/कृष्ण/दान ब. जी.सी., धुर्कोट रजस्थल, (बासबहादुर जी.सी.: संस्मरण संगालो, २०८०)

४३. संगीता कुँवर, हस्तिचौर, हालः जापान, (कविता, गजल)

४४. सुमित्रा न्यौपाने, बम्घा, (आँखा र आँखाहरू)

४५. शकुन्तला ज्ञवाली, रुरुक्षेत्र २ ग्वादी, हाल अमेरिका, (मुक्तक, कविता, गीत)

४६. सुरेश अर्याल 'कान्छो' २०३४ इस्मारजस्थल, (सामुद्रिक छल्का गजलसंग्रह संयुक्त लगायत २ वटा)

४७. सरू ज्ञवाली, भटकुवा (गजल)

४८. हरि पोखेल, २०३२, भनभने, बडाचौर, हालः गढवा, दाङ, (पद्य कविता संग्रह, २०६८ लगायत ३ वटा)

४९. डा. हिमलाल पन्थी, २०१९, भनभने, हालः दाङ, (कर्णालीको गरिमा, खण्डकाव्य २०४२)

५०. हेमन्त गिरी 'तुल्सी', कुर्घा, हालः जापान (फुटकर कथा, निबन्ध र लेखहरू)

र अन्त्यमा

यस आलेखमा पूर्णता नभए तापनि सकेसम्म सबैलाई समेट्ने अधिकतम प्रयास गरिएको छ । प्रस्तुत सामग्री अध्ययनपश्चात् थप विवरणहरू प्रदान गर्नु हजुरहरूको पनि कर्तव्य हो भन्ने ठानिएको छ । यस कार्यमा हामी सदा समन्वय र सम्पर्कका लागि तत्पर नै छौं । जोश, जाँगर र उमङ्गले साहित्य र सिर्जनाको ताजलाई अझ अग्ल्याउँदै जान्छ । सार्थक मेहेनत र परिश्रमपूर्वक गरिएका सिर्जनालाई सजाउँन खोज्ने हस्तीहरूका हातहरू थप सिर्जनात्मक डोब पार्नमा व्यस्त छन् । लोकप्रिय साहित्यिक सिर्जनाहरू अजर र अमर भएर बसिरहने छन् । लोभ, लालच र ईर्ष्याविहीन सिर्जना साँच्चिकै लोकप्रिय बन्नेछन् । साहित्य र सिर्जनालाई बुझ्ने र सुहाउँदा सिर्जना गरी सबैतिर फैलाउँदै गएमा सुन्दर, सुशील र शानयुक्त अस्तित्व कायमै रहन्छ । गुल्मीमा कुदिएका सिर्जनात्मक पाइलाहरूलाई लोप हुन नदिने मुख्य आधार नै आजका हाम्रा साहित्यिक सिर्जनाहरू हुन् । आजका हाम्रा यस्तो साहित्यिक सिर्जनाहरू भोलिका दिनमा इतिहास बन्दछन् । यिनीहरूमा अझ चमकता ल्याउनु सबैको कर्तव्य र जिम्मेवारी हो । साथै यसभन्दा अझ कालजयी कृति निर्माण गर्ने हस्तीहरू जन्मदै जाऊन् र कृतिहरूको पंक्ति झन् अग्लिदै जाओस् भन्ने इच्छा पनि रहेको छ । यसरी,

साहित्य र सिर्जनालाई बुझौं, बुझाऔं, लोकका र लोकलाई सुहाउँदा साहित्य र सिर्जना सकेसम्म गरौं र सबैतिर फैलाउँदै जाऔं । लोकलाई लोप हुन नदिने मुख्य आधार नै लोक साहित्य र सिर्जनाहरू हुन् । त्यसैले यिनीहरूको समयमै संरक्षण र संवर्धन गर्नु नै हामी सबैको शान र मानलाई स्थापित गर्नु हो ।

## सन्दर्भ सामग्री


१. आचार्य, राजेन्द्रकुमार (२०७६) गुल्मेली स्रष्टा र सृष्टि : लाली गुराँस ( गुल्मी विशेष), लुम्बनी : लुम्बिनी वाङ्मय प्रतिष्ठान नेपाल ।

२. घर्ती, विष्णु 'भनभनेली', प्रस्तोता (२०६२) भनभनेको झलक, गुल्मी : भनभने गा.वि.सको कार्यालय ।

३. घर्ती, विष्णु 'भनभनेली' (२०७३) लोक सिर्जनामा गुल्मेलीको शानः लोक संस्कृति स्मारिका, गुल्मी : राष्ट्रि लोक तथा दोहोरी गीत प्रतिष्ठान ।

४. घर्ती, विष्णु 'भनभनेली', प्रधान सम्पादक (२०७६) कृति प्रकाशनमा भनभनेली स्रष्टाहरूः भनभने महिमा, रूपन्देही : भनभने (गुल्मी) सम्पर्क समाज ।

५. चुँदाली, कमला (२०६९) गुल्मी जिल्लाका कवि र तिनका कविताकृतिको विश्लेषणः शोधपत्र, काठमाडौं, त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र संकाय ।

६. प्रा.बालकृष्ण पोखरेल, निर्देशक (२०७७) नेपाली बृहत् शब्दकोश, काठमाडौं, दशौं संस्करण, नेपाल प्रज्ञा प्रतिष्ठान ।

७. पन्थी, डा.लक्ष्मीकान्त (२०७७) गुल्मी जिल्लाका वैदिक एवम् साहित्यिक क्षेत्रका विशिष्ट प्रतिभाहरू : कर्मचारी संगम, काठमाडौं, गुल्मेली अधिकृत समाज ।

८. पन्थी, शशि (२०६२) गुल्मीका केही साहित्यिक प्रतिभाहरू : गुल्मी परिचय, काठमाडौंः गुल्मेली समाज ।

९. पन्थी, शशि, सम्पादक (२०८०) हाम्रो पुरुषार्थ, गुल्मी : स्वर्णवर्ष शताङ्क, किरण पुस्तकालय ।

१०. पाण्डेय, पुरुषोत्तम (२०७९) रूपन्देही स्रष्टाकोश, लुम्बिनी वाङ्गमय प्रतिष्ठान, रूपन्देही : जिल्ला कार्य समिति ।

११. सेन, सूर्यबहादुर, सम्पादन संयोजक (२०६२) व्यक्ति/व्यक्तित्व खण्ड : गुल्मी परिचय, काठमाडौं : गुल्मेली समाज


ooo

# आधारभूत न्याय

✍ **लीलाराज दाहाल**
**बाग्मती-११, कर्मैया, सर्लाही**

रविना र महेश नजिकका साथी थिए । उनीहरू एक अर्कालाई खुब सहयोग गर्थे । एउटा प्राइभेट अफिसमा सँगै काम गर्ने । उनीहरू सामाजिक अभियन्ता पनि थिए । दुबै जना विवाहित थिए । उनीहरूको मित्रताबारे रविनाको पति र महेशकी पत्नीलाई पनि थाहा थियो । एकदिन अकस्मात् रविनाले फेसबुक लाइभ गरेर महेशलाई अपराधी करार गरी । पाँच वर्ष पहिले महेशले आफूलाई यौन दुर्व्यवहार गरेको भन्ने रविनाको भनाइले सनसनी फैलियो । यो समाचारले धेरैको ध्यान खिच्यो ।

"हैन, के भएको हो ? रविना र महेश त असाध्यै मिलेका थिए त । उनीहरूका साथीहरू छक्क परे ।

साथी-साथी भए पनि श्रीमान्-श्रीमतीभन्दा बढी मिलेका थिए । "रविनाकी साथीले भनिन् । एक्कासी उनीहरूबीच कसरी फाटो आयो ? कसैले भिउ पाउन सकेका थिएनन् । उनीहरूको अवस्था युद्ध मैदानमा उत्रिएका शत्रु मुलुकका सैनिकहरूको झैं भएको थियो ।

रविनाले महेश उपर कानूनी प्रक्रिया शुरू गरेको खबर पनि हावासरी फैलियो । उनीहरूका साथीहरूले विवाद सल्टाउन निकै प्रयास गरे तर सबै प्रयास व्यर्थ भए । कसैको केही सीप लागेन ।

दुबैको उत्तिकै बदनामी भैरहेको थियो । मान्छेहरू उनीहरूकै कुरा गरेर समय कटाउन थालेका थिए । "त्यो रविना त कस्ती हो । पाँच वर्ष अगाडिको घटनालाई लिएर अहिले तमासा गरेकी छे । हामी त उसका नजिकका साथी हौं यार ऊ माथि भएको यस्तो घटना बारे हामीलाई कहिल्यै केही बताइन । त्यो फटाहा महेशलाई त्यतिबेलै ठीक पार्नु पर्दैन ?" रविनाका महिला साथीहरूले दबाव सिर्जना गर्ने भनेर एकमतले निर्णय गरे ।

तर अकस्मात् रविनाको एक वक्तव्यमा लेखिएको थियो । "पटकपटकको छलफलबाट मैले आधारभूत न्याय पाएकी छु । त्यसैले आजै महेश उपरको आरोप फिर्ता लिएँ ।" उता महेशकी श्रीमतीले भने अचानक पतिको मोबाइलमा नसोचेको सन्देश देखी । मोबाइलको सन्देश अनुसार महेशको बैंक खाताबाट दश लाख रूपैयाँ झिकिएको थियो ।

ooo

# मेरो सम्झनामा योगी नरहरिनाथ

✍ **ओमप्रकाश अधिकारी 'बेफुर्सदी'**
**कावासोती - १६, तीनघरेचोक, डण्डा, नवलपुर**

दैनिकी लेख्नु राम्रो कुरा हो, तर सबैले लेख्दैनन् र लेखेका हुँदैनन् पनि । यदि मैले पनि लेखेको हुन्थें भने आज मैले ठ्याक्क तिथिमितिसहितको लेख तयार गरेको हुन्थें ।

मलाई थोरै मात्र के याद छ भने मेरो र योगीजीसँगको पहिलो भेट वि.सं. २०३८ सालमा सञ्चालित देवघाटको कोटिहोम महायज्ञमा भएको थियो । म त्यो अवस्थामा योगीजीले स्थापना गर्नुभएको "विश्वहिन्दू विद्यापीठ, पिपरामठ, धर्मनगर, वीरगञ्जमा अध्ययनरत थिएँ । यो विद्यापीठमा मेरो आफ्नै रहर, उत्सुकता र अध्ययनको रुचिले कुनै ठाउँबाट रन्किदै, भाग्दै र दौड्दै त्यहाँ पुगेको थिएँ । त्यहीं रहेकै बेलामा योगीजीबाट बोलावट भएर म देवघाटको उक्त यज्ञमा सहभागी हुने अवसर पाएको थिएँ ।

करीब एक महिनासम्म चलेको सो यज्ञबाट मजस्तो विद्यार्थी/जिज्ञासु व्यक्तिको लागि धेरै कुराहरू सिक्ने, जान्ने, बुझ्ने अवसर पाएको थिएँ । यो यज्ञको समापनपश्चात् म पुनः सोही विद्यालयमा फर्किएको थिएँ ।

तर पिताजीको चञ्चले ग्रहले घरको वासस्थानमा चञ्चलता ल्याएजस्तै मेरो ग्रहले पनि पढाइमा निकै उथुलपुथल नल्याइरहन सकेन । त्यसको करीब एक वर्षपछि उक्त विद्यापीठ छाडेर आफ्नो घरतिरको विद्यालयमा स्थानान्तरित हुन पुगे तापनि योगी नरहरिनाथज्यूको सान्निध्यबाट धेरै टाढा रहिरहन दिएन । कहीं कतै कुनै ठाउँमा कोटिहोमको आयोजना हुनासाथ म उहाँ पुगिहाल्दथें । अनि योगीजीले मलाई नजिकै राखेर प्रचार - प्रसार लेखाइ र अरू आवश्यक गतिविधिमा लगाइहाल्नुहुन्थ्यो ।

म कस्तो अचम्मको मान्छे ? अहिले पनि म आफैं छक्क पर्दछु । मेरो विद्यार्थी जीवनको प्रमुख उद्देश्य अध्ययन र कुनै न कुनै परीक्षाको सर्टिफिकेट प्राप्त गर्नु पर्ने थियो, तर मैले आफ्नो पढाइलाई कति लापर्बाही गरें ? कति बेहोशी बनें ? अब पछुताउनुको कुनै अर्थ छैन र विगतलाई कोट्याइरहनुले कुनै फाइदा दिंदैन पनि ।

योगी नरहरिनाथद्वारा सञ्चालित करीब ३ ओटा कोटिहोममा मैले सहभागी र सहयोगी हुने सुनौलो अवसर प्राप्त गरेको छु । ती ठाउँ र संवत्‌लाई मलाई प्राप्त प्रमाण - पत्रका आधारमा अङ्कित गर्न गइरहेको छु । जो यसप्रकार छ –

१) **विश्वकल्याण कोटिहोम**, देवघाटधाम, तनहूँ

२०३८ माघे सङ्क्रान्तिदेखि फागुन ७ गतेसम्म

२) **विश्वकल्याण कोटिहोम**, माइधार (कन्काई नदी किनार), झापा, मेची

२०४२ पौष १ गतेदेखि पौष २७ गतेसम्म ।

३) **विश्वकल्याण कोटिहोम**, दाउन्ने, विश्वकर्मा मन्दिर,

२०४८ फाल्गुन, महाशिवरात्रिदेखि चैत्र ७ गतेसम्म ।

उहाँबाट प्रदान गरिएका तीन-तीनवटा प्रमाणपत्रहरू हालसम्म पनि सुरक्षित राख्नुका साथै कुनै बेला उक्त प्रमाणपत्रहरू राखिएको फाइल खोल्ने अवसर हुनासाथ अश्रुपूरित नयनले नमन गर्दछु ।

कोटिहोमको अवसरमा धेरै जना प्रतिभाशाली लेखक, साहित्यकारहरूले उहाँको करकमलबाट आफ्ना कृतिका लागि दुईचार शब्दहरूको आशीर्वादात्मक शुभकामना प्राप्त गर्दै गर्दा मलाई पनि भित्रभित्रै लोभ लाग्यो । म झन् हरसमय साथैमा छु र पनि मैले शुभकामनाका शब्दहरू किन प्राप्त नगर्ने ? भन्ने लाग्यो र पिताजीले सङ्ग्रह गरिराख्नुभएको वि.सं. १८९१ फागुन ८ गते मङ्गलबारको जीर्णशीर्ण अवस्थाको पाण्डुलिपिलाई पुनर्लेखनका साथै शब्दहरूलाई समेत उहाँलाई देखाई पूरा गरी प्रकाशन गर्ने निक्योल गरिएको उक्त आयुर्वेद सार दर्पणमा योगीजीको पद्यात्मक शुभकामनाका शब्दहरू राख्न सफल भएको थिएँ । जो यसप्रकार रहेको छ :-

**आयुर्वेदक सार दर्पण छ यो केदारनाथोद्‌धृत**
**हुन्छन् वैद्य घरेलुका अनुभवी निःशुल्क सेवारत ।**
**हाम्रा छन् यि हिमालयी जडिबुटी हुन् प्राणिका जीवन**
**धेरै के म भनौं ? सहायक बनौं यो काममा सज्जन ।।**

योगी नरहरिनाथः, २०४९/१२/०७
कोटिहोमस्थली, विश्वकर्मा मन्दिर, नवलपरासी ।

योगीजीको प्रतिभा, विद्वत्ता र क्षमताको बारेमा मैले यहाँ उल्लेख गर्नु भनेको सूर्यलाई धिपधिपे बत्ती बालेर चिनाउन खोज्नुजस्तै हो । त्यसैले यस कुरालाई म

यहाँ त्यस्ता कुराहरू राखेर समय बर्बादी गराउन चाहँदिनँ । बरू त्यतिखेरको मेरो ढोंटे, अल्लारे र कच्चो बुद्धिले समेत अनुभव गरेको कुरा के हो भने उहाँ कुनै पनि प्रधानपञ्च, उपप्रधानपञ्च, मन्त्री, सांसद (तत्कालीन रा.प.सदस्य), वा राष्ट्रको कुनै पनि उच्च ओहोदाको व्यक्ति र ठूलाबडा, भद्रभलादमी नामधारी व्यक्तिहरूसँग रत्तिभर डराउनुहुन्नथ्यो । निर्भीकतासँग बोल्ने मात्र नभई लोभी, लालची र चाप्लुसीबाजहरूबाट धेरै टाढा मात्र रहनु भएन, उस्तै परे उनीहरूलाई Get Out (गेटबाट बाहिर) निकाल्नसमेत पछि पर्नुहुन्थेन ।

लोभी, लालची, तामसी, झोले, चम्चे, घुस्याहा, जँड्याहा, गँजेडीजस्ता व्यक्तिहरूबाट सदैव टाढा रहन ठाडो निर्देशन दिनुहुने योगीजीको कुरा अहिलेसम्म पनि मेरो मानसपटलमा ताजा नै रहिरहेको छ ।

हिन्दूधर्मका विरोधी र नास्तिकहरूलाई मेरो आश्रममा कुनै स्थान छैन भन्नुहुँदै यस्ता तत्त्वहरूलाई चारपाटा मुडेर गाउँ निकाला गरिदिए हुन्छ भन्नुहुने योगीजीले हिन्दूधर्म संस्कृति रीतिरिवाज र परम्परालाई अहिलेका अधिकांश नेताहरूले, धर्मका ठेकेदारहरू पश्चिमा मुलुकहरूको डलरमा बिक्री भएको विषय कोट्याउँदै देशलाई अधर्मतर्फ उन्मुख बनाइरहेको सन्दर्भमा अहिलेको यो अवस्था आइपुग्नुमा कति सान्दर्भिक, मार्मिक र दूरदर्शी विचार थियो र रहेछ भन्ने कुरा उक्त विचारहरू आज पनि सत्य साबित हुँदैछन् र निकै विचारणीय एवं मननीय रहेका छन् ।

उपर्युक्त तीन ठाउँका कोटिहोम महायज्ञका अतिरिक्त त्रिवेणीधाममा भएको कोटि महायज्ञमा समेत केही दिनको लागि सहभागी हुने अवसर प्राप्त भएको थियो । (पछि पिताजीले विशेषकारणवश बोलाउनु भएपछि कार्यक्रमको बीच - अवधिमैं छोडेर घर जानुपर्ने अवस्था आइपऱ्यो मलाई) ।

यस यज्ञमा सहभागी हुन टाढा - टाढाबाट पण्डितजीहरू पनि कोटिहोम यज्ञमा वरण भएर बस्ने मनशायले यहाँ आउनुभएको थियो । मलाई झल्झली सम्झना के छ भने योगीजीले यज्ञमा वरण हुन आउने व्यक्तिहरूलाई गायत्री - मन्त्र भन्न लगाउनुभएको थियो ।

गायत्री मन्त्र अरूले सुन्ने गरी भन्नुहुन्न, अरूलाई ठूलो स्वरले सुनाउन हुन्न भन्ने मान्यता बोकेका धेरै पण्डितजीहरूलाई अचम्मित पारेको थियो उक्त वातावरणले । माइकबाट ठूलो - ठूलो स्वरमा गायत्री मन्त्रको उच्चारण गर्नुहुन्थ्यो योगीजीले । पण्डितजीहरू एक - आपसमा मुखामुख गर्नुहुन्थ्यो - के गर्नुभएको होला योगीजीले भनेर ? यति हुँदाहुँदै पनि आमन्त्रित/उपस्थित/आगन्तुक गुरु/पण्डितजीहरूले योगीजीलाई मन्त्र उच्चारण गरेर सुनाउँदा धेरै ठाउँमा गल्ती

भएको औल्याउँदै पुनः घोकेर/याद गरेर/कण्ठस्थ पारेर आउन भन्नुभएको थियो योगीजीले । माइकबाट त्यस्तरी ठूलो स्वरमा उच्चारण गरेको सुनेको मात्रले नपुगेर पण्डितजीहरू नारायणी नदीको किनारमा बसेर दाह्रीजुङ्गा लट्टा मुसार्दै र हल्लाउँदै गायत्री मन्त्र कण्ठस्थ गरेको यो गोजेङ्ग्रोले देखेको थियो ।

अरूलाई नभन्नू है, नभने है, नसुनाउनू है भनेर कानमा फुकेको/फुकाइएका मन्त्र कति अशुद्ध याद गरिएको हुँदो हो ? जीवनमा त्यो उमेरसम्म व्रतबन्ध गराइएका बटुकहरूलाई कति अशुद्ध/अपूर्ण मन्त्र श्रवण गराएर बर्बाद पारिएको हुँदो रहेछ भन्ने कुरा पछिसम्म पनि अवश्य पाठ सिकाइरहनेछ भन्ने मेरो ठम्याइ छ ।

अन्त्यमा,

योगी नरहरिनाथ जयन्ती, हिमवत्खण्ड गौरव दिवसको सन्दर्भमा नेपाली भाषा साहित्यका अन्वेषक, सुधारक, चिन्तक, प्रवर्धकका साथै हिन्दूधर्म र संस्कृतिका अनन्य उपासक परम श्रद्धेय योगी नरहरिनाथज्यूप्रति श्रद्धासुमन व्यक्त गर्दछु ।

ooo

---

*// कविता //*

# तीन छेस्का

✍ **दीन पन्थी**
**तम्घास, गुल्मी**

एउटाले उँखु लगाउँछ
मलजल गर्छ
समय पर्खन्छ
काट्छ, बनाउँछ र बोक्छ
चिनीमिलमा पुऱ्याउँछ
पैसा पाउन्न
अनि सडकमा नारा लगाउन जान्छ ।

अर्कोले गाईंभैंसी पाल्छ
गोबर फाल्छ
घाँस काट्छ
पसिना झार्छ
दुहुन्छ
बोकेर डेरीमा पुऱ्याउँछ
पैसा पाउन्न
अनि सडकमा नारा लगाउन जान्छ ।

यस्तो सुशासन र न्याय संसारमा
कतै होला कि नहोला भनेर
हेर्न उडिरहेछन्
आकाशमा केही चील र कौवाहरू ।

ooo

# माइकको ढुङ्गा

✍ **हरिप्रसाद भण्डारी**
**धुर्कोट-५, वस्तु, गुल्मी**
**हाल : रूपन्देही**

पहिलोचोटि माइकको घरमा जाँदा उनले मलाई भित्तामा टाँगिएको उनको आफ्नै फोटो देखाएका थिए । उक्त फोटोमा उनले स्टिमर चलाइरहेको दृश्य थियो । त्यो बेला उनले भनेका थिए, "मिस्टर ह्यारी, यो मलाई असाध्यै मन पर्ने फोटो हो किनकि मैले जीवनमा धेरै वर्ष स्टिमर चलाएँ । त्यो पेशा सम्झिँदा अहिले पनि मलाई खुसी लाग्छ ।"

माइकको पेशाप्रतिको ममता देखेर म भावुक भएको थिएँ ।

मैले भेट्दा उनी सत्तरीको हाराहारीमा थिए र निवृत्त जीवन बिताइरहेका थिए । साथमा थिइन् उनकी श्रीमती मार्लिस, जुन उनीभन्दा दुई तीन वर्ष जेठी थिइन् । यी दुई दम्पतीबाहेक त्यो घरमा अरू कोही थिएन । छोराछोरीहरू आआफ्नो परिवारसहित अलग्गै बसेका थिए ।

वृद्ध उमेर, एक्लो जीवन तैपनि उनीहरू औधि खुसी देखिन्थे । बीचबीचमा बुढाबुढीहरू हाँसो ठट्टा गर्थे र एक्लै रमाउँथे । उनीहरूको त्यो व्यवहार देख्दा विदेशीहरू लामो समय सँगै बस्न सक्दैनन् भन्ने मेरो परम्परागत मान्यता वा विचार परिवर्तन हुँदै गइरहेको थियो ।

उमेरले फरक भए पनि उनीहरू हाम्रा छोरा र बुहारीका साथी थिए । यसै सिलसिलामा उनीहरूसँग हाम्रो परिचय र पारिवारिक सम्बन्ध कायम भएको थियो । फुर्सद भएको बेला उनीहरू हाम्रा घरमा आउँथे र हामीलाई फुर्सद भएको समयमा हामी उनका घरमा जान्थ्यौं । घर जाने आउने अचम्मको तरिका थियो । हामी उनीहरूलाई भेट्न जाँदा होस् वा उनीहरू हामीलाई भेट्न आउँदा होस् पहिले नै सल्लाह गर्नु र समय लिनुपर्थ्यो । त्यति मात्रै होइन कतिपय अवस्थामा कति समय बस्ने र के खाने भन्ने कुरा पनि पहिले नै निश्चित हुन्थ्यो । पूर्व जानकारी नगरी नगराई कसैको घरमा नजाने त्यहाँको चलन मलाई औधि मनपरेको थियो ।

एकदिन माइकले हामीलाई बिहान एघार बजे आउन निम्ता गरे । त्यो बेला दिउँसोको खाना खाने बेला हुन्थ्यो । 'माइकले हामीलाई खाना खान बोलाएका होलान्' भन्ने अनुमान लगायौं । त्यसैले घरमा सामान्य नास्ता खाएर गयौं ।

माइकको घरमा पुगेपछि कुराकानी सुरू भयो । खानाको त कुरै भएन । केही समयपछि माइकले भने, "मैले तिमीहरूलाई स्वादिलो कफी बनाएर खुवाउँछु ।"

त्यस्तै भयो, चिनी नहालेको कफी खाएर आयौं ।

हाम्रो घरमा आएको बेला एकदिन माइकले छोरासँग भने, "मिस्टर पवन ! तिमी बिजी छौ, तिम्रो बाआमालाई मैले मेरो गाडीमा घुमाएर ल्याउँछु । तिन चार दिनको प्याकेज । तिमी र तिम्रो बाआमा राजी छौ ?"

केही समयको छलफलपछि छोराले भने, "हुन्छ माइक, तिमीलाई धेरै धेरै धन्यवाद छ !"

त्यै बेला माइकले भने, "एउटा शर्त छ, त्यो के भने खाना र बासको पैसा तिमीले तिर्नुपर्छ । तेलको पैसा म लिन्न ।"

"हुन्छ माइक । के मार्लिस पनि सँगै जान्छिन् ?"

"हो पवन, हामी र तिम्रो बाआमा । मैले उनीहरूलाई मिसिसिपी नदीको उद्‌गम स्थल घुमाउँछु । फर्किंदा हामी डुलुथ आउँछौं र सुपेरियर लेकको किनारै किनार घुम्दै घर आउँछौं । त्यै बेला मैले तिम्रो बाआमालाई मेरो स्टिमर पनि देखाउँछु ।"

आश्चर्य मान्दै छोराले सोधेका थिए, "दश वर्ष पहिले चलाउन छोडेको स्टिमर भेट्छौ त ?"

"मैले जहाँ काम गर्थें त्यही ठाउँमा पुग्छौं । मेरो स्टिमर कसो नभेटिएला । अहिले पनि मलाई मेरा स्टिमरको निकै माया लागिरहेको छ ।"

"माइकलाई मेरो भन्दा पनि बढी माया लाग्छ स्टिमरको ।" हाँस्दै मार्लिसले भनिन् ।

मार्लिसको कुरा सुनेपछि माइकले कर्के नजरले मार्लिसका अनुहारमा हेर्दै भने, "होइन होला !" त्यो बेला उनीहरूको अभिनय सोह्र वर्षे जोडीको जस्तै थियो ।

त्यसपछि दुबै जना मिठो हाँसो हाँसे ।

त्यै बेला मीनाले भनिन्, "देख्नु भो त, लोग्नेस्वास्नीको माया कस्तो हुँदो रहेछ ।"

"के मैले कम माया गर्छु त तिमीलाई !" ओंठे जवाफ फर्काएँ ।

हामी नेपाली भाषा बोलेको देखेर माइक र मार्लिस अलमलिए । एकोहोरो तरिकाले मेरो मुखमा हेरे । मैले भने, "सरी माइक, हाम्रा बीचमा पनि माया प्रेमका कुरा हुँदै थिए ।"

त्यसपछि माइकले भने, "ए त्यसो भए ठिक छ ।"

बिहान सात बजे हाम्रो घरबाट हिँड्ने तय भएको थियो, उनीहरू ६:३० बजेतिर आए । हामी तयार हुँदै थियौं । उनीहरू भित्र आए र सोफामा बस्दै मेरी बुहारीसँग भने, "सपना ! के तिमी हामीलाई कफी खुवाउन सक्छ्यौ ?"

"अवश्य माइक, किन नसक्नु ।" यसो भन्दै बुहारी किचनतिर लागिन् । हामीले आफ्नो काम जारी राख्यौं ।

घरबाट हिँडेको करिब दुई घण्टा भएको थियो, रफ्तारमा गुडिरहेको गाडीको गति कम हुँदै गयो । केही समयमा माइकले गाडीलाई एउटा ग्यास स्टेशनको पार्किङमा लगेर रोके ।

"रेष्टरूम जाने होइन ?" यसो भन्दै उनी गाडीबाट उत्रे र भित्रतिर लागे । दुबै घुँडा अप्रेशन गरेर कृत्रिम पाङ्ग्रा हालेकी मार्लिस पनि सुविधासम्पन्न लौरो टेक्दै बडो जतनसाथ गाडीबाट उत्रिन् । उनलाई पछ्याउँदै हामी पनि भित्रतिर लाग्यौं । अमेरिकामा पेट्रोलपम्पलाई ग्यास स्टेशन भन्दारहेछन् र हरेक ग्यास स्टेशनमा सानो डिपार्टमेन्टल स्टोर तथा शौचालय आदिको व्यवस्था हुँदो रहेछ । केही हल्का खानेकुरा वा चिया कफी किन्न पनि पाइने अनि शौचालयको प्रयोग गर्न पनि पाइने हुँदा प्रायः यात्रुहरू ग्यास स्टेशनमै रोकिँदा रहेछन् ।

हामी शौचालयबाट फर्किएर गाडीमा आउँदा माइक पहिले नै आइसकेका र पहिले मार्लिस बसेको सिटमा बसेका थिए । चालक सिट खाली भएको देखेपछि मार्लिसले भनिन्, "मलाई थाहा छ माइक थाकिसके । केही समय मैले चलाउनुपर्छ ।"

मार्लिस चालक सिटमा बसिन् र गाडी चलाउन थालिन् । उनका खुट्टा देख्दा कसरी चलाउलिन् र भन्ने लागेको थियो तर माइकले भन्दा पनि राम्रो तरिकाले चलाउन थालिन् । उनको त्यो अवस्था देखेपछि मेरा मनमा कुरा खेल्न थाले, 'हामी नेपालीहरू छिटै आफूलाई बूढो भन्न र अशक्त सावित गर्न पछि पर्दैनौं तर मार्लिस पचहत्तरको हाराहारी पुगेर पनि आफूलाई सबल ठान्दै हरेक काममा अग्रसर हुन्छिन् । यिनी विदेशीहरू र हामीमा धेरै फरक छ । '

त्यसपछि मीनातिर हेर्दै भनेँ, "देख्यौ ?"

"देखेँ !" लामो सास फेर्दै उनले भनिन्, "यस्तै ठाउँमा जन्मेकी र यस्तै वातावरणमा हुर्केकी भए मैले पनि चलाउँथेँ । बीस वर्षको उमेरमा देखेकी थिएँ मैले यस्तो गाडी । त्यस्तो गाउँघर र भीरपाखामा जन्मेका हामीले कसरी चलाउनु ।"

मीनाको कुरा ठिक लाग्यो मलाई । उनको कुरा सुनेपछि म पनि विगतमा फर्कें । मैले पहिलोचोटि गाडी देख्दा मेरो उमेर पनि चौध पन्ध्र वर्षभन्दा कम थिएन । सुरूमा नजिकबाट गाडी देख्दा निकै डराएको थिएँ । नजिक जान पनि डर लागेको थियो । त्यो बेला टिभी पनि थिएनन् । स्क्रिनमा देख्ने कुरा पनि भएन । अहिले भने गाउँघर जताततै गाडी पुगेका छन् । अहिलेका बालबालिकाहरूलाई गाडी देख्न चौध पन्ध्र वर्ष कुर्नु पर्दैन ।

मार्लिसले तीव्र गतिमा गाडी चलाइरहेकी थिइन् । सडक सफा र खुला थियो । जाने तीन लेन र आउने पनि तीन लेन भएको हुँदा कतै गाडी जुध्छ कि भनेर डराउनु पर्ने अवस्था पनि थिएन । खाल्टाखुल्टी नभएका हुँदा गाडी हल्लिने वा उफ्रिने डर पनि थिएन । वरिपरि हरियो जङ्गल थियो । सुन्दर र शान्त वातावरणमा हामीहरू कुँदिरहेका थियौं । आकाशमा छिटफुट बादल लागेको भए पनि जाडो र गर्मी बराबर थियो । अर्को कुरा अलिकति गर्मी हुँदासाथ मार्लिस एसी लगाउँथिन् र चिसो हुँदासाथ तातो बनाउँथिन् ।

गाडी तीव्र गतिमा अगाडि बढिरहेको थियो । माइक घुर्न थाले ।

"कति छिटो निद्रा परेको हो !" हामीले कुरा गर्‍यौं । मार्लिस आफ्नै तालमा थिइन् । उनले हाम्रो कुरामा ध्यान दिइनन् ।

करिब एक घण्टापछि मार्लिसले पनि उसैगरी गाडीलाई एउटा ग्यास स्टेशनको पार्किङमा लगेर रोकिन् । अनि पछाडि फर्केर हाँस्दै भनिन्, "भोक लागेन ? अब लन्च खाऔँ ल ।"

माइकले एकथरी लन्च अर्डर गरे, मार्लिसले अर्कै थरी । हामी अलमलियौं ।

"के खाने ?" माइकले सोधे ।

के खाने खाने ? हाम्रो अलमल हटेन ।

मेरो कुरा बुझिन् क्यारे मीनाले र भनिन्, "मार्लिसले जे मगाउँछिन् त्यै मगाऔँ हामी पनि ।"

मलाई त्यही कुरा ठिक लाग्यो अनि माइकलाई सुनाएँ ।

टन्न दाल, भात, तरकारी, अचार खाएका हामीलाई त्यो खाना पटक्कै रुचेन । मीनाले पनि मुख बिगारिन् । मेरो घाँटीबाट पनि तल झर्न मानेन । पैसा परेको खाना फाल्नु पनि भएन । जेनतेन खायौं र बाटो लाग्यौं ।

मिसिसिपी नदीको मुहानमा पुग्दा बेलुकीको चार बज्दै थियो । हामी निकै रमायौं । अमेरिकाको विभिन्न राज्य हुँदै बग्ने र मेक्सीको हुँदै समुद्रमा मिसिने संसारकै लामो र ठूलो नदी मिसिसिपीको मुहान यही हो भन्ने कुरामा सुरूमा त पत्यार पनि लागेन तर पत्याउन जरूरी थियो किनकि माइक, मार्लिस र त्यहाँ रहेका विभिन्न सूचनाहरूले त्यही कुरा बताइरहेका थिए ।

घना जङ्गलको बीचमा एउटा ठुलो ताल थियो । तालमा विभिन्न थरी चराचुरूङ्गीहरू चिरबिराइरहेका थिए । त्यसै तालको एउटा छेउँबाट हाम्रो गाउँघरमा खोलाबाट खेतमा जाने कुलो जत्रो पानी कलकलको आवाज दिँदै बगिरहेको थियो, त्यही नै थियो मिसिसिपी नदीको मुहान । त्यो देखेपछि हामी औधि खुसी भयौं, फोटा खिच्यौं र रमायौं । हामी खुसी भएको देखेपछि माइक पनि खुसी भए । खुसी हुँदै उनले भने, "तिमीहरू खुसी भयौ ?"

"अवश्य माइक अवश्य, यसको लागि तिमीलाई धेरै धेरै धन्यवाद छ !"

मैले त्यसो भनेपछि उनी पनि खुसी भए । केही बेर हामीले खुसी साटासाट गऱ्यौं ।

साँझ बास बस्ने बेला भइसकेको थियो । मलाई दुई कुराको चिन्ता थियो । पहिलो माइकले कस्तो ठाउँमा बास बसाउँछन् भन्ने चिन्ता र अर्को साँझ के खाने होला भन्ने चिन्ता । यो कुरा मैले मीनालाई पनि सुनाएँ । उनले भनिन्, "जस्तो पर्ला पर्ला । एक दुई दिन नखाए पनि मरिन्न क्यारे । बरू एक गिलास वाइन खान पाए हुन्थ्यो । दिनभरिको हिँडाइले जीउ गलेको छ ।"

"हुन्छ, मैले माइकलाई भनुँला ।" मैले विश्वस्त पारेँ ।

सूर्यले पश्चिमी क्षितिज पार गरिसकेका थिए । सडक किनारमा रहेका पोलमा बत्ती बल्दै थिए । त्यस्तैमा माइकले चल्दै गरेको गाडी एउटा ठूलो घरको आँगनमा लगेर रोके । झ्यालबाट बाहिर हेरेँ । त्यो त मोटल पो रहेछ । त्यहाँ खान बस्न पाइने ठाउँलाई होटल र सुत्न मात्र पाइने ठाउँलाई मोटल भनिदो रहेछ ।

माइकले काउन्टरमा गएर कुरा नमिलाउँदासम्म हामी गाडीबाट उत्रिएर टहलियौं । केही समयपछि माइक आए र भनेँ, "आज यसैमा बस्ने ।"

एउटा कोठामा दुई दुई जना सजिलै सुत्न मिल्ने खालका दुईटा बेड थिए । भित्र पस्दै माइकले भने, "हामी चारै जना यसैमा सुतौं । छुट्टा छुट्टै कोठा लिँदा धेरै पैसा खर्च हुन्छ ।"

यो कुरा हामीलाई छोराले पहिले नै भनिसकेका थिए । त्यसैले आश्चर्य लागेन । एउटा खाटमा उनीहरू सुत्ने भए, एउटामा हामी ।

"खाना के खिलाउँछौ माइक ?" मैले सोधेँ ।

"नजिकै रेष्टुरेन्ट छ । त्यहाँ गएर हेरौं, जे पाइन्छ त्यही खाउँला ।" उनले भने ।

साँझको खानामा खासै समस्या परेन । त्यहाँ धेरै आइटम रहेनछन् । फ्राइ आलु र यस्तै नाम नसुनेको एउटा खानाको आइटम थियो । खाना खानुपूर्व मैले भनेँ, "माइक एक एक गिलास वाइन खाने इच्छा छ, पाइन्छ त ?"

"राम्रो कुरा, अवश्य पाइन्छ । म मगाउँछु ।" यसो भन्दै माइकले बेरालाई बोलाए ।

"तिमी खाँदैनौ ?" मैले सोधेँ ।

"म मुटुको बिरामी, उनी युरिक एसिडको रोगी, हामीले कम गरेका छौं ।" उनले भने । त्यसपछि मैले सम्झेँ, 'ए माइकले त मुटुको बाइपास सर्जरी पो गरेका छन् त !'

साँझको खाना पनि खासै मिठो लागेन । माइक र मार्लिसले पनि सबै खाएनन् । केहीबेरपछि माइकले बेरालाई बोलाए र यो सबै खाना प्याक गरिदिन भने । अमेरिकामा खाना फाल्ने चलन नभएको कुरा हामीलाई पहिलेदेखि नै थाहा थियो । कुनै होटलमा गएर खाना खाँदा बाँकी रहेको खाना हरेक अमेरिकनहरूले प्याक गरेर घर लगेको देखेका थियौं । त्यसैले त्यो कुरा आश्चर्य लागेन ।

अर्को दिन हामी सुपेरियर लेकको किनार पुग्यौं ।

लेखको सङ्लो पानी तरङ्गिदै ओर र पर गरिरहेको थियो । साना - ठूला छालहरूले हामीलाई स्वागत गरेको आभास हुन्थ्यो । गर्मीको मौसम भए पनि क्यानाडातिरबाट आएको चिसो हावाले हामीलाई चिमोट्दै थियो ।

हामी त्यहाँ पुग्दा बिहानको दश बज्दै थियो । आकाश सफा भएको हुनाले सूर्यका किरणले हामीलाई सिधै स्पर्श गरिरहेका थिए तर पनि चिसोको अनुभव यथावत् थियो ।

माइकले हामीलाई चारैतिर घुमाए । सुपेरियर लेकको वरिपरि व्यवस्थित शहर थियो र त्योभन्दा माथि हरियो वन । हरिया रुखहरूले वातावरणलाई सुन्दर बनाइरहेका थिए । त्यैबेला माइकले भने, "यहाँदेखि न्यूओर्कसम्म पानी जहाज वा स्टिमर चलाएर जान सकिन्छ । वरपर गर्नको लागि यो मार्ग अति नै उत्तम छ ।"

म प्रकृतिको अनुपम दृश्य देखेर रमाइरहेको थिएँ । त्यस्तैमा खुसी हुँदै माइकले भने, "मिस्टर ह्यारी मैले तिमीलाई भनेको ठाउँ यही हो । यही ठाउँमा मैले लामो समयसम्म स्टिमर चलाएको थिएँ र मेरा जवानीका दिन बिताएको थिएँ ।"

खुसी हुँदै उनले भने, "आऊ म तिमीलाई मैले फोटो खिचेको ठाउँ देखाउँछु ।"

त्यसपछि उनले मलाई एउटा म्युजियममा लगे, जहाँ पानी जहाजसँग सम्बन्धित धेरै सम्झनाहरू थिए ।

केही समयपछि भावुक हुँदै उनले भने, "मैले मार्लिसलाई विवाहको प्रस्ताव राखेको ठाउँ पनि यही नै हो ।"

त्यै बेला पचहत्तर वर्षे मार्लिसले भनिन्, "माइकले यो ठाउँलाई धेरै माया गर्छ । शायद मलाई भन्दा पनि बढी ।"

"ह्यारी उनले भनेको कुरा सत्य होइन, म मार्लिसलाई धेरै माया गर्छु ।"

माइकको कुरा सुनेपछि मार्लिस हाँसिन् मात्र कुनै प्रतिक्रिया दिइनन् । माइकले भनेको कुरा ठिक हो भन्ने कुरामा शायद उनी सहमत थिइन् ।

संवाद हुँदै थियो, प्रसङ्ग बदल्दै माइकले भने, "तिमीहरूलाई यहाँ ल्याउनुको मुख्य उद्देश्य मेरो स्टिमर देखाउनु पनि हो । म मेरो स्टिमरलाई धेरै माया गर्थें, शायद मार्लिसलाई भन्दा पनि बढी ।"

माइकले यसो भन्दा मार्लिसले मुख बिगारिन् । कर्के नजरले माइकतिर हेर्दै हानुँलाजस्तो गरिन् र हाँस्दै भनिन्, "यस्तासँग मैले चालीस वर्ष कसरी बिताएँ कुन्नि ?"

त्यै बेला माइकले फुर्र आवाज निकालेर मार्लिसलाई जिस्क्याए । मार्लिसले उसैगरी जबाफ दिइन् ।

माइक र मार्लिसको चर्तिकला मीनाले हेरिरहेकी थिइन्, उनका मनमा पनि केही बोलूँ भन्ने लागेछ र भनिन्, "देख्नु भो त श्रीमान् श्रीमतीको माया प्रेम कस्तो हुँदो रहेछ ?"

"तिमीलाई मैले कम माया गर्छु, माइकले मार्लिसलाई गर्ने भन्दा पनि बेसी । छाती चिरेर देखाउन मिल्ने भए देखाउँथैँ ।"

"कुरा मात्रै हुन् । लोग्ने मान्छेको जात कति स्वार्थी हुन्छ भन्ने कुरा मलाई थाहा छ ।"

मीनाको कुरा सुनेपछि मैले भनैँ, "म जत्तिको सज्जन र श्रीमतीलाई माया गर्ने मान्छे संसारमा कोही छैन होला ।"

मेरो कुरा सुनेपछि उनले मलाई प्याट्ट हानिन् र मुस्कुराउँदै भनिन्, "कुरा गर्न त कसैले सिकाउनु पर्दैन ।"

माइक नजिकै थिए, हामीले गरेका कुरा नबुझेर अलमल परिरहेका थिए । त्यै बेला मैले भनैँ, "सरी माइक ! हाम्रो कुरा तिमीले बुझेनौ क्यारे, हामी पनि मायाप्रीतिका कुरा गरिरहेका थियौं ।"

मेरो कुरा सुनेपछि उनले "ओ गुड !" भन्दै अगाडि थपे, "ल हिँड, म तिमीहरूलाई मेरो प्यारो स्टिमर देखाउँछु । केही समय मार्लिस र मीना यही बसून् ।"

यसो भन्दै माइकले दुबै जनाको अनुमति लिए र मलाई हातमा समाएर अघि बढे ।

तालको किनार र पानीमाथि सयौंको सङ्ख्यामा किसिम किसिमका डुङ्गा तथा स्टिमरहरू तैरिरहेका थिए । माइकले मलाई एक डुङ्गाबाट अर्को डुङ्गा हुँदै धेरै परसम्म पुराए । बीचबीचमा मध्यम खालका स्टिमर देखाउँदै उनी भन्थे, "मेरो स्टिमर यस्तै थियो, तर यो चाहिँ होइन ।"

त्यसपछि कुनै अपरिचित डुङ्गामाथि उभिएर वरपर हेर्दै भन्थे, "यतै कतै हुनुपर्ने ।"

उनले मलाई धेरै समयसम्म घुमाए तर आफ्नो डुङ्गा देखाउन सकेनन् ।

उनी निरास हुँदै गए । अघिको उज्ज्यालो अनुहार क्रमशः धमिलो हुँदै गयो तर पनि उनले आफ्नो स्टिमर खोज्ने प्रयास त्यागेनन् । उनले आफ्नो स्टिमरप्रति देखाएको माया देखेर मसमेत भावुक हुँदै गइरहेको थिएँ ।

अनुहारसँगै उनको आवाज पनि धमिलो हुँदै गइरहेको थियो । मन्द आवाजमा उनले भने, "बुझ्यौ ह्यारी, त्यही डुङ्गा देखेर मार्लिसले मलाई पत्याएकी थिइन् । मेरो सम्पत्ति भनेकै त्यही डुङ्गा थियो । त्यो नभएको भए मार्लिस मसँग विवाहको लागि राजी नहुन पनि सक्थिन् ।"

म केही बोलेको थिइनँ, उनैले भने, "मेरा साना-साना नानीहरू त्यै डुङ्गामा खेल्थे । छुट्टीको बेला सबैलाई ल्याउँथेँ र केही समय त्यसै डुङ्गामा राखेर घुमाउँथेँ ।"

भावुक हुँदै उनले भने, "उनीहरू ठूला भए र हामीलाई छोडेर गए । म बूढो हुँदै गएँ र एकदिन नचाहँदा नचाहँदै पनि मेरो प्यारो डुङ्गा अर्कालाई जिम्मा लगाएँ ।"

यसो भन्दै गर्दा उनले गोजीबाट रुमाल निकाले र आँखाबाट बग्दै गरेका आँसु पुछ्न थाले ।

"आज मैले मेरो डुङ्गा भेट्छु भन्ने ठूलो आशा गरेको थिएँ तर भेटिनँ । शायद अब कहिल्यै भेट्दिन होला किनकि म सधैँ यहाँ आउन सक्दिनँ ।"

माइकको डुङ्गाप्रतिको प्रेम देखेर अघि मार्लिसले भनेका शब्द मेरा कानमा गुन्जिन थाले । उनले भनेकी थिइन्, "माइकले मलाई भन्दा बढी माया आफ्नो डुङ्गालाई गर्छ ।"

माइकलाई हेर्दा हेर्दै म पनि भावुक बनेछु । मेरा आँखाबाट बगेका आँसुले मलाई ब्युँझाए । मैले पनि गोजीबाट रुमाल झिकेँ ।

चारैतिर घुम्दा पनि माइकले आफ्नो डुङ्गा भेट्न सकेनन् । उनको बोली क्रमशः बन्द हुँदै गयो ।

उनी चूप लागेको देखेपछि मैले भनें, "माइक फर्कौं ।"

उनले मेरो कुरा सुने कि सुनेनन् कुन्नि उनी बोलेनन् । मैले देखेँ, उनका आँखाबाट अहिले पनि आँसु बगिरहेका थिए ।

ooo

# शीतका थोपा - थोपा टिपेर एक दृष्टि

✍ **गंगा अभिलाषी**
**सिद्धार्थनगर, भैरहवा, रूपन्देही**

म्याग्दी जिल्लाको अन्नपूर्ण गाउँपालिका वार्ड नं. ५, पुर्ख्यौली थातथलो भई पाकिस्तानको लाहोरमा २००० साल पुस १३ गते जन्मिनुभएको अनि भैरहवा कर्मथलो भएका आदरणीय कवि डिबी पुनको तेस्रो कृति शीतका थोपा थोपा टिपेर (२०७८) फागुनमा विमोचन भएको थियो । भैरहवा निवासी म आज समयले धेरै टाढा बसे पनि यो कृति मलाई २०७९/८/८ गते प्राप्त भयो । मेरो भैरहवाका छिमेकी नानु नैना कार्की डिभी परेर कोलोराडो हामीसँगै बस्न आएकोले मगाएँ । यो कृतिमा "बहिनी गङ्गा अभिलाषीलाई यो पुस्तक माग भई आएको र पठाउन पाएकोमा अत्यन्तै हर्षित भएको छु" लेखेको देखेर मन हर्षित भयो । समयमा नै पढेर भ्याएँ । म समीक्षक नभए पनि पुस्तकबारे आफ्नो धारणा राख्न मनले घचघचायो ।

सिद्धार्थनगर नगरपालिकाबाट सेवा निवृत्त रविपथ मझेरी चोक निवासी आदरणीय कवि डिबी पुनको पहिलो कृति कुरा ताछेर हाइकुसंग्रह (२०६७) दोस्रो खडेरीका फूलहरू संयुक्त हाइकु संग्रह (२०७४), तेस्रो कृति शीतका थोपा-थोपा टिपेर कविता सङ्ग्रह (२०७८) प्रकाशित भएका छन् । हिजो मैले देखेको भैरहवा, कुरा निफनेर हाइकुसंग्रह प्रकाशनको ताँतीमा रहेका छन् ।

पुरस्कार तथा सम्मान : गङ्गा जनक साहित्य पुरस्कार २०७३, सामुहिक विद्यालय परिवार रूपन्देहीबाट भानुजयन्ती पुरस्कार २०७४, सुब्बेनी आमा रतनवाई प्रतिष्ठान बुटवलबाट पुरस्कार २०७४, अमरज्योति क्लब शान्तिनगर २०७८, सिर्जनशील साहित्यिक समाजबाट सिर्जनशील स्रस्टा सम्मान २०६८, सिद्धार्थ साहित्य परिषद् देवकोटा सम्मान २०७१ प्राप्त भएको छ । आबद्धता : आजीवन सदस्य जनमत काभ्रे, सिर्जनशील साहित्य समाज, प्रश्रित प्रतिष्ठान, संस्थापक अध्यक्ष - अमर ज्योति सांस्कृतिक परिवार, शान्तिनगर (२०२३ स्थापना) भैरहवामा आबद्ध भएर समाजसेवीको रूपमा नाम रहेको छ ।

यो पुस्तक जीवनदाता पूजनीय मातापिता र माइला छोरामा समर्पण गरिएको छ । आवरण कला केशवराज खनाल भैरहवा, मुद्रक आशीष अफसेट प्रेस भैरहवा, प्रकाशक प्रश्रित प्रतिष्ठान रूपन्देही, मुल्य रू. १०० । - तोकिएको छ । यो कृति भित्र प्रकाशकीय भूमिका ७ जना सहित्यिक विद्वान् मित्रहरूमा ५ जनाको शुभकामना अनि दुई विद्वान्हरूको समालोचना र लेखकीय विचार छन् ।

११० वटा रचनाहरू जम्मा ५८ पानामा अटाएको छ । त्यस्तै प्रकाशकीय भूमिका विद्वान् मित्रहरूका मन्तव्य लेखकीय विचार जम्मा नौ पानामा समेटिएको छ ।

शीतका थोपा-थोपा सूक्ष्मताको प्रतीक हो । शीतका थोपा थोपा गागरमा सागर भरिएको छ । उहाँका छोटा कविता आफ्नै ढाचाँमा र केही कविताहरूमा अणु साहित्यले ठाउँ पाएको छ । सबैभन्दा छोटो ४ हरफका ७ वटा, सबैभन्दा धेरै ५ हरफका २१ वटा, ६ हरफका १९ वटा, ७ हरफको १७ वटा, ८ हरफका ९ वटा, ९ हरफको ६ वटा, १० हरफका, १० वटा, १० हरफका, ११ हरफका छैन । १२ हरफका ५ वटा, १३ हरफका जम्मा ५ वटा र ताङ्का २ वटा रहेका छन् । आवरण कला सुन्दर छ ।

लगभग ४ दशकभित्रका जिन्दगीका भोगाइहरूलाई टपक्क शब्द र भावमा उतारेको अत्यन्तै सूक्ष्म रूपमा सरल, बोधगम्य, गाम्भीर्यता, मिठासपूर्ण विचार प्रस्तुत भएको छ । एकसय दशवटा कविताहरूमा चार हरफदेखि चौध हरफ मात्रको शब्दले कविता पूर्ण भएको छ । कविता रोचक घोचक भएर पाठकको मन प्रशस्त छोएको छ । समयको बोध, गरिबको व्यथा, पारिवारिक, सामाजिक, राजनीतिक, बेथितिप्रति अत्यन्तै धारिलो व्यङ्ग्य गरिएको छ । भाषा सरल र सभ्य छ । यो कविताको विशेषता भनेको पाठकले सोचे विपरीत हो । यो कुरामा होला कविको विचार भनेर मनले एउटा सोच्यो अन्तमा अरू नै विचारको खुलासा भइदिन्छ । कविको अर्को गजबको पक्ष भनेको व्यङ्ग्य हो ।

पाठकले पढेपछि एक पटक नहाँसी धरै पाइँदैन । यो कृतिमा १० वर्षे जनयुद्धको पीडा, गरिबको कथा व्यथा, छिमेकीसँग हुने गरेका व्यवहार, बालमनोविज्ञान, यौन मनोविज्ञान आदि रहेका छन् । आाफ्नै भाषा शैलीमा प्रस्फुटित कविताहरू मननयोग्य, मार्मिक, संवेदशील रहेका छन् । यो कवितामा साहित्य गोष्ठीमा हुने भएको बेथिति छिमेकीसँग हुने व्यवहार, भैली खेल्न आउनेले गर्ने ज्यादती पारिवारिक व्यथा अन्य हरेक बेथितिमा दरिलो झापड प्रस्तुत भएको छ । कवि डीबी पुन हृदयस्पर्शी मार्मिक र अत्यन्त व्यङ्ग्यप्रहारक कवि हुन् । कवि देशको बेथितिप्रति अत्यन्त दुःखी छन् । बेइमानी, भ्रष्टाचार दण्डहीनता, असुरक्षा, अन्धविश्वास, देशघात, नातावाद, कृपावाद, दलाली, जनघात आदिबाट देश विसंगतितिर गइरहेको छ । यसै घटनाक्रमलाई सरल भाषामा मर्मान्तक प्रहार भएको छ । यस कृतिमा ए हजुर र थैय शीर्षकमा दुईवटा कविता छन् । यो कृतिभित्र के कस्ता मन छुने रचनाहरू छन् उत्सुकता मेटाउन भने कृति नै पढ्नुपर्छ । यो कृतिभित्र थुप्रै मन छुने कविताहरूमध्ये केही कविताहरू जस्ताको त्यस्तै पस्केको छु । म २०२७ सालमा जन्मिएको केटाकेटीमा "यत्तियत्ति पानी गंगा रानी" भन्दै खेल खेलेको आज यो उमेरमा मेलम्ची कविता पढ्दा मेरो मन असाध्यै छोयो । मेरो हकमा ३० वर्षअगाडि सुनेको मेलम्चीको पानी काठमाडौं

सहरमा छताछुल्ल हुन्छ जुन अहिलेसम्म सफल भएको छैन । यसै प्रसङ्गमा छोटो मिठो व्यङ्ग्य प्रहार भएको कविता पढौं है -

पुल-पुलेसा भत्केर
कुर्दाकुर्दै उतै
बूढो भइछिन्
मेलम्ची बजै
यता,
काकाकुले काठमाण्डूमा
यत्ति यति पानी
गङ्गा रानी
खेल्दा - खेल्दा थाकिसकेछन्
नाति - नतिनाहरू (मेलम्ची बजै)

बाल मनोबिज्ञानमा आधारित व्यङ्ग्य (डेरा) कविता

घरिघरि
डेरा सरेको देखेर
मेरो सानो छोराले भन्यो
ए बा !
हाम्रो कति धेरै घर हगि ।

यस्तै अन्य मन छुने केही रचनाहरू :

ज्यादती कविता -
लौरौ समातेर
पर्खिरहेँ
सधै जसो कसलाई पनि
हकार्न लघार्न नपाउँदा
बेस्कनै नरमाइलो लाग्यो
उनीहरूसँग मैले नै
ज्यास्ती ज्यादती गरेँ कि
हरे, ती केटाकेटीहरू
कहाँ गए होलान्

आज त कोही पनि आएनन्
मेरो बगैँचामा आँप चोर्न ।

गणतान्त्रिक नेतामाथि सारै घत लाग्दो व्यङ्ग्य

देशै - सिंहदरबार छिरेपछि
नेतालाई
देशै
झलमल

बधाई कविता मनन गरौं है :-

बडो प्रसन्न मुद्रामा
हात मिलाउँदै
उसले भन्यो -
झनै नगिच हुने भइयो ।
अब
मर्निङ् वाक
जाने गरौंला सँगसँगै
बधाई छ मित्र
तिमीलाई पनि सुगरले छोएछ ।

हामीले समयमा काम गर्न नसकेकोमा रमाइलो प्रसङ्ग, शीर्षक कविताले यसो भन्यो :-

एकबारको जुनीमा
के बनेर देखाउने
यो दुनियाँलाई भनेर
जीवनभर गम्दा - गम्दा
अन्तमा भएछ बूढो मान्छे

यस्तै छिमेकीबारे लेखिएको कविता फर्केन घर :-

तेतैतेतै चर्न जाने
भाकेको रातो भाले
साँझ फर्केन घर ।
मुख बाराबार गरेको

छिमेकीको पनि यति खेर
के सारो मन पग्लेछ आज
कचौराभरि तातो तातो
कुखुराको मासु पठाएर ।

कार्यक्रमहरूमा आसनग्रहण गर्दा नाम कुरेर बस्दा आफ्नो नाम नआउँदाको व्यङ्ग्य कविता :-

अर्थ - माइकमा कान थापेर
आफ्नो नाउँ कुरेका
तर नाम नलिएका
कुनै गोष्ठीमा सहभागी
एक जना महाशय
खसाकखुसुक गर्दै थिए -
श्रोता दर्शकभन्दा
आसनग्रहण गर्नेहरू
दोब्बर तेब्बर जस्तोमा
सम्मानको के अर्थ

जातपात मान्नेलाई कविता यसरी बोल्छ :-

मै पनि झन्डै उस्तै उस्तै भएँ कि !
छोइछिटो मान्ने हातहरूका
पानी खान
इन्कार गरूँगरूँ झै लाग्छ ।

जन्मदिनबारे व्यङ्ग्य कविता पढौं है :-

हरेक वर्ष
मनाउँछु जन्मदिन
मासुभात खाएर
परको मृत्युलाई
अलिकता वर सारेर

यस्तै पाठकले सोचे विपरीत अभावबारे लेखिएको कविता मलाई गजबै लाग्यो

निर्दयी -

अझ केही ओकल्छ कि
भनेर
हातको औंलाका पोराहरू
दुखुन्जेल
निचोरै गरेर
टाटपरेको टुथपेष्टले
खुइयय ! सुस्केरा काढ्दै भन्यो
अहो कति निर्दयी हुँदो रहेछ
अभाव ।

यस्ता थुप्रै मन छुने कविताहरू यस सँग्रहभित्र छन् । यसको निमित्त पुस्तक नै पढ्नु पर्ने हुन्छ । अन्तमा एउटा मन छुने कविता - ठटाइरह्यो‌मा हेरौं

दैलो उघार्न नपाउँदै
फिस्स हाँसेर फर्कियो - सुख आग्लो ठोकेर बस्दा पनि
ठटाइरह्यो ढोका उही दुःखले

चट्ट छोटा मिठा कविता लेखेर श्रोता तथा पाठकहरूको हृदयमा बस्न सफल सरल कवि प्रत्येक पाठकलाई च्वास्स घोच्न सफल सशक्त व्यङ्ग्यकार हुन् ।

जसरी शीत स्वच्छ, सफा पवित्र र आकर्षक हुन्छ । यसरी नै पुन दाजुका छोटा कविता हृदयस्पर्शी, मार्मिक, आकर्षक र मननयोग्य छन् । आफू श्रवणशक्तिमा कमजोर भए पनि साहित्यिक माहोलमा धारिलो चोटिलो गर्भिलो व्यङ्ग्य कविता सुनाएर श्रोताको मनमस्तिष्कमा बस्न सफल कवि हुनुहुन्छ । उहाँका धेरै जसो रचनाले आफ्नै अनुभव र अनुभूतिलाई समेटेको महसुस हुन्छ । आफ्नै मौलिक भाषाशैलीमा कविता लेख्न सफल आदरणीय अग्रज कवि डिबी पुन दाजुलाई मेरो हृदयदेखि हार्दिक बधाई शुभकामना, सुस्वास्थ्य दिर्घायुका शब्दगुच्छाहरू अर्पण गर्दछु ।

अन्त्यमा प्रकाशनको मेसोमा रहेका उहाँका कृतिहरू उहाँकै जीवनकालमा प्रकाशन हुन सकून् शुभेच्छा व्यक्त गर्दछु । यसै कृतिको निमित्त भनेर मलाई सप्रेम लेख्न लगाउनुभएको शुभकामना सुरक्षित होला आशा गर्दछु । अब आउने एउटा कृतिमा अवश्य अटाउनेछ विश्वास गर्दछु । लेखकले मलाई लेख्न लगाएको शुभकामना नअटाएपछि आफ्नो भनाइमा मलाई "अच्चकाली सम्झँदै विशेष धन्यवाद" भनेर चार लाइन शब्द कोर्नुभएछ । यसको निमित्त धन्यवाद ।

ooo

# आग्रह

✍ लोकहरि पाण्डेय 'क्षितिज'

आकाश आकाश रहन्न
धरती धरती रहन्न
जबसम्म
मैले मेरै माटोको
गन्ध थाहा पाउन्न
अहँ
मस्तिष्कले
मैले फेरेको सासको
चालै पाउन्न
हत्केलाले मातृभूमिको स्पर्श
थाहा पाउँदैन ।

गुराँस, गुराँस रहन्न
चरा चराजस्ता रहन्नन्
डाँफे र मुनालका
पखेटा काटेर
देशकै छातीमा बज्र हानेर
अनि
मातृभूमिको छातीमा
लात हानेर
अहँ
कोही पनि
बहादुर बन्दैन ।

तिमीले ठान्यौ होला
शब्दवाण र वचनको बम
शक्तिशाली हुन्छ

जब तिमीले
आपसी गुट बुन्छौ
तब लुट निम्तिन्छ
गुट र लुटले
अहँ
समाज बन्नै सक्तैन
कहिल्यै सक्तैन ।

तिमी
झुटको खेती भित्र्याउने
व्यग्र प्रतीक्षामा छौ
त्यसैले
चाल्यौ होला
शकुनि र शिखण्डीचाल
तिमीले बनाएको लाहाको घरमा
हुलेर जबर्जस्ती
भन !
कहिले लगाउँछौ आगो ?

जल्दै नजल्ने
प्लावित हुँदै नहुने
आगो आगो होइन
नक्कली धृतराष्ट्रले जन्माएको
त्यो उग्र
र उच्छिृङ्खल
दुर्योधन हुनै सक्दैन
किनभने

यो कुरूक्षेत्र होइन
र होइन रणसङ्ग्राम !

खबरदार !
तिमीले
कुटील चाल
चाल्दै नचाल
भो ! अब अति भयो, .
तिमी जति जल्छौ
त्यति नै आफैं सिद्धिन्छौ
सत्य कहिल्यै डग्दैन
आदर्श डग्मगाउँदैन ।


हल्लाएर कसैले पृथ्वी
हल्लने होइन
तिमी कुनै
निर्मम आखेटक होइनौ
र होइनौ
पुण्डरीक पनि
ढुङ्गामा देवता देख्न
सकारात्मक दृष्टिकोण चाहिन्छ
सक्छौ देवता बन
तर
मानवरूपी दानव भने
कहिल्यै नबन ॥

ooo

**नेपालका सुप्रसिद्ध चार धाममध्येको एक ऐतिहासिक पवित्र तीर्थस्थल रुरुक्षेत्रको बारेमा विस्तृत जानकारी प्राप्त गर्न किरण पुस्तकालयद्वारा प्रकाशित 'हाम्रो पुरुषार्थ'को**

**रुरुक्षेत्र विशेषाङ्क**

**खोजी खोजी पढ्नुहोस् ।**



# व्यक्तिगत सम्पत्तिभन्दा सामाजिक सम्पत्ति ठूला छन् ।



✍ **नरप्रसाद श्रेष्ठ**
तम्घास, गुल्मी

*(नरप्रसाद श्रेष्ठ वरिष्ठ समाजसेवी हुनुहुन्छ । यस क्षेत्रको शैक्षिक, सांस्कृतिक, धार्मिक र सामाजिक उन्नयनमा उहाँको योगदान प्रशंसनीय छ । रेसुङ्गा बहुमुखी क्याम्पस, किरण पुस्तकालय, महेन्द्र मा.वि.जस्ता शैक्षिक संस्थालाई नेतृत्व दिएका श्रेष्ठ अनेक सामाजिक, धार्मिक संस्थाहरूको स्थापना, श्रीवृद्धि र संरक्षणमा अहोरात्र खट्ने व्यक्तित्व हुनुहुन्छ । यस्ता व्यक्तित्व ८४ वर्षीय समाजसेवी श्री नरप्रसाद श्रेष्ठसँग पुराना अनुभवबारे गरिएका कुराकानीको सारसंक्षेप यहाँ प्रस्तुत गरेका छौं ।- सम्पादक)*

**१. तपाईंको पारिवारिक पृष्ठभूमिबारे केही जानकारी पाउन सकिन्छ कि ?**

◆ म गुल्मीदरबार गाउँपालिका हालको वडा नं.-७, पहिले गुल्मी चारपाला गलामथोक उपल्लो हटियामा बुबा खड्गनारायण श्रेष्ठ र आमा कृष्णकुमारी श्रेष्ठको कोखबाट जन्म लिएको रहेछु । म डेढ वर्षको हुँदा बुबा बित्नुभएको रहेछ, आमा २०४४ सालतिर बित्नु भयो । आमा बित्नुभन्दा पहिले हाम्रो परिवारमा दुईवटी आमा हुनुहुँदोरहेछ । बुबाका सन्तान पाँच भाइ छोरामध्ये जेठा जनकलाल श्रेष्ठ, माइला रामप्रसाद श्रेष्ठ, साइँला गणेशप्रसाद श्रेष्ठ, काइँला बुद्धिमान श्रेष्ठ, कान्छो म नरप्रसाद श्रेष्ठ, दिदी विष्णुकुमारी श्रेष्ठ र बहिनी शिवकुमारी हुन् । एक फुपूको मधेस नवलपरासीमा विवाह भएको रहेछ । उहाँ पनि स्वर्गीय हुनु भएको छ ।

हामी नरप्रसाद श्रेष्ठ र श्रीमती शान्ता श्रेष्ठको दाम्पत्य जीवन २०१९ साल श्रावण १० गतेबाट प्रारम्भ भयो । हाल हामीबाट जन्म भएका छोरा २, छोरी २ छन् । यिनीहरूको नाम क्रमशः राजेन्द्रप्रसाद श्रेष्ठ, निर्मला श्रेष्ठ,

सरिता श्रेष्ठ र वीरेन्द्रप्रसाद श्रेष्ठ गरी चार जना छन् । यिनी ४ बाट १२ जना नाति १२ जना पनाती हामी २ समेत ३० जनाको परिवारका साथ हाल जीवन बिताई बसेका छौं । म र मेरी श्रीमती लेखपढमा कम भए पनि हाम्रा सन्तानहरू सबै शिक्षित छन् । सानो छोरा वीरेन्द्रप्रसाद श्रेष्ठको परिवार बेलायतमा छन् ।

## २. तपाईंको जन्म कहिले भएको थियो ?

◆ मेरो जन्म गुल्मी चारपाला उपल्लो हटियामा १९९७ साल जेष्ठ २२ गते भएको हो । नागरिकतामा भने मेरो जन्म १९९७ साल जेष्ठ ९ गते बुधबार भनेर लेखिएको छ ।

## ३. तपाईंको पालामा पढ्ने पढाउने के कस्तो प्रचलन थियो ? तपाईंले के कसरी शिक्षा आर्जन गर्नुभयो ।

◆ त्यस बेला स्कुल भन्ने नाम थिएन । पाठशाला हुन्थे । खिदिममा हरिहर पाठशाला थियो । रिडीमा पनि पाठशाला थियो । घरको आर्थिक स्थिति राम्रो भएका बनारस गएर शिक्षा आर्जन गर्थे । म १०/१२ वर्षको हुँदासम्म पनि राम्रो शिक्षा आर्जन गर्न सक्ने स्थिति थिएन । म एक डेढ वर्षको हुँदा नै बुबाको स्वर्ग भएको, दाजुहरू देशप्रदेश मधेसतर्फ गएका हामी ३ दाइभाइ, दिदी बहिनी थियौं, आर्थिक अवस्था नाजुक थियो । पढ्न नसक्नुको कारण यिनै समस्याले गर्दा म पछि परेको थिएँ । त्यस बेला २०११ अथवा २०१२ सालतिर संस्कृतको पाठशाला हालको दरबार ईश्वरी भगवतीको मन्दिरमा अर्घाखाँची चिदिका पिपलनेटीका पं. गुरु रेवतीरण अर्याल गुल्मी आएर पढाउन थाल्नु भयो । चण्डी वेद आदि, पढ्ने पाठशालामा मैले पनि सँगै बसेर अक्षर लेख्न पढ्न अङ्क अक्षर लेख्न क्रमशः ३ वर्ष पढेर सिकें माता भगवतीको कृपा र सरस्वतीका आशीर्वादले नेपालीमा लेखपढ गर्न सकेकोमा खुसी छु । मैले नपढेको हुँदा पढेका व्यक्तिलाई साह्रै सम्मान गर्दै आएको छु । तम्घासका स्कुल, क्याम्पस बोर्डिङ् आदिमा जहाँ भाइबहिनीले पढेका छन् । पुस्तकालय किताब हेर्न पत्रिका पढ्न आउँछन् । त्यसबेला मलाई पढेको जस्तो लाग्छ ।

## ४. तपाईं गुल्मी चारपालाबाट तम्घासमा कहिलेदेखि आउनुभएको थियो ।

◆ म २०१९ साल कार्तिक १९ गते तम्घास त्यसबेलाको लक्ष्मीपुर गाउँपञ्चायत वडा-१ बजारमा स्व. देवमनि पाण्डेको घरमा आएर डेरा गरेर बसें र त्यहाँ रेसुङ्गा नामको साधरण खान बस्न हुने होटल खोलेर पछि आफ्नो

निजीवास कच्ची खरको छानो लगाएर २०२३ सालसम्म बस्यौं । पछि त्यसमा कपडा पसल गर्‍यौं ।

## ५. तम्घास आएर कस्ता व्यवसायहरू गर्नुभयो ?

◆ पहिले शुरूमा १५ वर्ष साधरण होटल गरें त्यस पछि होटल छाडेर ३५ वर्ष कपडा पसल गरें २०७९ पछि छाडेर हाल, मेरो नाममा रहेको हाडवेयर व्यापार न्यू शैलजा नामको पसल छ ।

## ६. कुन व्यवसाय तपाईंका लागि सबैभन्दा उत्तम लाग्यो ?

◆ मलाई रेसुङ्गाको नाम रहेको दु:खमा सबैसँग चिनारी गराउने उपार्जन गरी खान पुर्‍याउने होटल पेसा नै राम्रो लाग्यो ।

## ७. व्यापार व्यवसायका साथै विभिन्न सामाजिक क्षेत्रमा पनि काम गर्नुभयो, तपाईंले गरेका महत्त्वपूर्ण सामाजिक कार्य के हुन् ?

◆ मैले गरेका सामाजिक काममा लक्ष्मीपुर गाउँपालिका पछि तम्घास गाउँ पञ्चायत भयो । त्यसको वडा-१ को अध्यक्ष पदमा ५ वर्ष काम गरें, तम्घास गाउँ पञ्चायतको २०३४ साल देखि २०३७ सालसम्म प्रधानपञ्च र २०३८ देखि २०४२ सम्म जिल्ला पञ्चायत क्षेत्र नं.१ को सदस्य भएँ । गुल्मी उद्योग वाणिज्य संघको अध्यक्ष, महेन्द्र उच्च मा.वि. सञ्चालन समितिको अध्यक्ष रहेर (१९)वर्ष सम्म सेवा गरें । रेसुङ्गा मा.वि. को सञ्चालक समितिको अध्यक्ष भई दुई वर्ष काम गरें रेसुङ्गा बहुमुखी क्याम्पसको स्थापनाकालदेखि सदस्य, कोषाध्यक्ष हुँदै सञ्चालन समिति अध्यक्ष भएँ । उपल्लो तम्घास मा.वि.को २०३६ देखि २०३७ सम्म अध्यक्ष भएँ ।

तम्घास बजारमा खानेपानीको प्रबन्धका लागि मैले योगदान गरेको छु । रेसुङ्गा तपोभूमिको विकासमा पनि यथासम्भव सहयोग गरेको छु । यस क्षेत्रको शैक्षिक, सांस्कृतिक, धार्मिक एवं सामाजिक उत्थान र संरक्षणको लागि मेरो पूरा सक्रिय जीवन व्यतीत गरेको यहाँलाई अवगतै छ ।

## ८. सामाजिक काम गर्ने प्रेरणा तपाईंमा कसरी जागृत भयो ?

◆ सामाजिक काम गर्ने प्रेरणा स्वर्गीय श्री गणेशप्रसाद मुडभरी पाल्पा पोखराथोक घरमा भएका गुल्मी वाणिज्य बैंकमा म्यानेजर भई आएका थिए । मलाई तपाईं वडा अध्यक्ष बन्नुभएको छ । पैसामात्र कमाएर नाम

आउँदैन अब तपाईंले सामाजिक काम गर्नुहोस् भनेका थिए । त्यो मलाई गायत्री मन्त्र नै भएको छ । सामाजिक काम भनेको के होला त्यो मलाई नपढेको, नजानेको, होटलबाट काम गरी जीवको निर्वाह गरेको सानो मानिसलाई यो समाजसेवा भन्ने के हो ? धेरै ठूलो जस्तो लाग्यो । हाल काम गर्दै जाँदा आज यहाँसम्म आएको छु । यो सबै यसभित्र तपाईंहरूको आशीर्वाद र भगवतीको कृपा हो । सेवा नै धर्म भन्ने नै मेरो मूल मन्त्र हो ।

**९. तपाईंले गरेका सामाजिक काममध्ये -कुन कामबाट, तपाई बढी सन्तुष्ट हुनुहुन्छ ?**

◆ मैले जसमा २३ /०२४ सालबाट सामाजिक काम गरें जे काम गरें, जहाँ हात राखें त्यहाँ भगवान्को कृपा भयो । सम्पूर्ण मैले गरेको कामबाट सन्तुष्ट छु । १. रेसुङ्गा बहुमुखी क्याम्पस २. रेसुङ्गा तपोभूमि ३. गाउँ पञ्चायत वडा अध्यक्ष लगायत गाउँ पञ्चायत, प्रधानपञ्च, जिल्ला सदस्य, मठमन्दिर आदिमा जे काम गरें सबै फल लागेको छ, हाल टिपेर खाँदै छु । यो तपाईंहरूको माया हो ।

**१०. तपाईंले राजनीतिक पदमा रहेर के काम गर्नुभयो ?**

◆ राजनीतिक पद नै सामाजिक पद पनि हो । पहिलाको राजनीति, धार्मिक, सामाजिकका लागि गर्ने थियो । म जिल्ला पञ्चायत सदस्य हुँदा प्रधानपञ्च हुँदा पनि सामाजिक शैक्षिक कामहरू नै गरें ।

**११. २००७ साल, २०१७ साल २०४६ साल २०६२ साल, ६३ सालका राजनीतिक घटनाहरू, देख्नुभयो । यी सबै घटनाहरू देख्दा र भोग्दा के कुरा बढी राम्रो नराम्रो लाग्यो ?**

◆ राष्ट्रिय कुरा धेरै गहिरोमा पुगेर केलाएर हेरे मात्र यथार्थ गर्न सक्लान्, नभए हामीले लागेको वाटरपुरुफ ज्याकेट जस्तो यसमा म अगाडि बढें र साल मिति छुट्याएर लेख्न असमर्थ छु । राम्रो मध्ये २००७ सालको आन्दोलन जनताको हितको लागि थियो जस्तो लाग्छ । नराम्रो दुःखद कुरा २०५८ तिरको दरबार घटना हो ।

**१२. पुराना दिनहरू र अहिलेका दिनहरू दाँजेर हेर्दा तपाईंलाई कस्तो लाग्छ नि ?**

◆ पुरानो भनेको पुरानो, हो, तर राम्रो वैज्ञानिक कुराकानी काम कारवाही, देश, विदेश आदि कुराबाट नयाँ कुरा राम्रो छ । त्यसमा अर्गेलाइँ नगर्न

पुर्ख्यौली नछाड्न भनेको कुरालाई ध्यानमा राखेर काम गरेमा पुरानो कुरा सुधार गरेर जाँदा नयाँ र पुरानो भेट हुँदा पुराना कुराहरू पनि सबै नराम्रा छैनन्, हाम्रो हिन्दु धर्म मठमन्दिर, पुराना संस्कृति, कुलका कुरा हिमाल पहाड जस्ताले चिनाएको हाम्रो देश नेपाल।

**१३. तपाईंले धेरै धर्मकर्ममा विश्वास राख्नुहुन्छ, अहिलेका मान्छेहरू उहिले उहिलेका कुरा खुईलिए भन्छन् । तपाईंको अनुभवले धर्मकर्मप्रति अनास्था गर्नेहरूलाई के भन्न चाहनु हुन्छ ?**

◆ मैले धर्मका कुरा गर्दा धर्मो रक्षति रक्षित भन्ने मन्त्रबाट सुरु गर्छु । रक्षति रक्षित भनेको धर्मको हामीले रक्षा गरे हामीलाई भगवान्ले रक्षा गर्नुहुन्छ । नभए भगवान्मा विश्वास नलिनेहरू कहिलेसम्म धन-दौलत, स्वास्थ्य, राम्रो, हुँदासम्म यो सबै कल्पना हो भन्छन् । तिनै मानिस आफूलाई दुःख पर्नासाथ लौ भगवान् ! भन्छन् । त्यसै कारणले धर्मविना १ इञ्च पनि अगाडि बढ्न सकिंदैन । हाल नेपालको मुक्तिनाथ क्षेत्रबाट, शालिग्रामको शिला, भारत अयोध्या धाम पुराई त्यसमा भगवान् रामको मूर्ति तयार गरी स्थापना गरी उद्घाटनसमेत भइसकेको छ । गुरुहरूबाट भनेका सुनेका कुरालाई मनन गर्दै ईश्वर खोज्न टाढा जानु पर्दैन आफ्नो साथ विराजमान हुनुहुन्छ त्यसैकारण हाम्रो परिवारले नेपाल, भारतका केही मन्दिरहरूको दर्शन गरेको संक्षेपमा लेखेको छु । नेपालमा ४ धाम गरेका छौं । भारतमा श्री माता वैष्णोदेवीको दर्शन, भगवान् कृष्णको वृन्दावनधामको दर्शन, भगवान् रामको अयोध्याधामको दर्शन, विन्ध्याचल माता भगवतीको दर्शन, त्यसपछि प्रयाग गंगाजमुना दर्शन श्री भगवान् तिरूपति विष्णुको दर्शन बैंगलोर भगवान् साई रामको दर्शन, भगवान् गोरखनाथ बाबाको दर्शन गरेका छौं । हाम्रो परिवारले जस्तो भगवान्को विश्वास गरेको छ सोही अनुसार कार्य भगवान्को तर्फबाट पनि भएको छ । एक दिन पनि दुःखको दिन भएन । भारतका रामेश्वर, कन्याकुमारीजस्ता तीर्थहरू पनि सपरिवार घुमेका छौं ।

**१४. तपाईंले जीवनमा धेरै दुःख-सुख भोग्नु भएको छ, सबै भन्दा ठूलो दुःख के भोग्नु भयो र सबैभन्दा ठूलो सुख के मान्नु भयो ।**

◆ दुःख बाल्यकालमा बाबु मर्नु, ठूला दाजुहरू बाहिर जानु घरव्यवहारमा खर्च गर्न आर्थिक स्थिति कमजोर हुनु, विधुवा आमाको काखमा बसेर दिन बिताउनु जस्ता दुःखका दिन थिए । आज ८४ वर्ष पूरा गरी २०८१

सालबाट (८५) वर्ष लाग्दासम्म धेरै पल्ट दुःखले छोए होला आखिरमा २०४४ सालमा आमा कृष्ण कुमारीको स्वर्गवासले ठूलो दुःख पुऱ्यायो । शुभ विवाहका दिन, व्यापारबाट राम्रो कमाइ हुँदा र राजा वीरेन्द्रले दिएको सेवापदक, गाउँ पञ्चायतको प्रधान, जिल्ला पञ्चायतको सदस्य हुँदा, सुख अनुभव गरेको छु । अझै राम्रो ठूलो सुख २०७९ साल मंसिर २० र २१ गते भएको ८४ पूजामा मलाई लागेको छ । किन भने चौरासी पूजा आफू खुसीले गर्ने पूजा हैन उमेर पुगेर १००० चन्द्रमाको दर्शन गर्न पाउनु, सबैसँग भेटघाट हुने दिन चौरासीपूजा नै ठूलो खुशीको दिन हो जस्तो लाग्यो । यो सबै इष्टमित्र दाजुभाइ कुलकुटुम्ब र ईश्वरको आशीर्वादले गर्न पाएकोमा खुशी छु ।

## १५. तपाईं आफ्नो पारिवारिक जीवनप्रति कति सन्तुष्ट हुनुहुन्छ ?

- म साह्रै सन्तुष्ट छु किनभने मैले चाहेपछि तीर्थ जान मन लाग्नासाथ कार्यक्रम बन्छ, दैनिक खान लगाउन घडीको टाइममा हुन्छ, साथमा छोरा राजेन्द्र, बुहारी, शारदा साथमा २४ घन्टा छन् । नाति निश्चल बुहारी निर्जा र पलाति पलातिनी हामी २ गरी यहाँ काठमाडौंमा ८ जना बसेका छौं सुविधा सम्पन्न छ ।

## १६. आफ्ना सन्तानहरूलाई भविष्यमा के कस्तो गरून् भन्ने आशीर्वाद दिन चाहनुहुन्छ ।

- हामी, छोरा र छोरी ४, नाति १२, पलाँती १२ समेत हामी ३० जनाको म बाचुन्जेल कसैको कपाल नदुखोस् भन्ने आशीर्वाद दिन चाहन्छु ।

हामीले गरी आएको मठमन्दिर सामाजिक कार्यमा अझ राम्रो गरून् सबैको अगाडि उभिन सकून् भन्ने र भगवान्प्रति भक्तिभाव राखून्, ईष्टमित्र भनेको लाख धन भनेको खाकको अर्थमा काम गरून् भन्ने मेरो आशा विश्वास छ । सबै मेरो अगाडि चिरञ्जीवी रहून् भन्ने भगवतीमा निवेदन गर्दछु । सबैको कल्याण होस् भन्ने आशीर्वाद दिन चाहन्छु ।

## १७. मानिसको जीवन के रहेछ ? के गर्नुपर्छ भन्ने सल्लाह दिनुहुन्छ ?

- मानिसको जीवन भन्ने बित्तिकै भगवान्‌को नाम आउँछ । भगवान् र मानिस धेरै नजिक रहेछन् कतै भगवान्‌लाई पनि जीवनमा मान्छे बन्न पाए हुन्थ्यो भन्ने कल्पना हुन्छ रे ! त्यसैले मानिसको जन्म भनेको दुर्लभ कुरा रहेछ ।

त्यसको कारण आफूले गरेर हुने आफ्नो सल्लाहबाट हुन सक्ने कार्यमा सम्लग्न भई भविष्यमा अमर रहने काम गर्नुपर्छ । घर व्यवहार नबिगारी घरको परिवारसँग राम्रो मिठास बोलीवचन सल्लाहबाट काम अगाडि बढ्दा राम्रो हुन्छ । सामाजिक काम सामाजिक स्थानहरूमा आफूसक्दो दान सहयोग गर्नु राम्रो हो । आखीरमा स्वर्ग भएर जाँदा पनि केही लगेको देखिएन । अन्तिममा जाने पापपुण्य मात्र हो, त्यसैले बाँचेसम्म भगवान्को नाम लिन उपयुक्त होला जस्तो लाग्यो ।

**१८. तपाईं किरण पुस्तकालयमा पनि धेरै लामो समय अध्यक्ष भएर, कार्य गर्नुभयो/अब पुस्तकालयको विकासको लागि के गर्नुपर्ला ?**

- पुस्तकालयका कुरा गर्दा तपाईंहरू हालको सञ्चालक समितिमा वरिष्ठ विद्वान् अनुभवीहरू हुनुहुन्छ मैले भन्नु केही छैन ।

  - पहिले किरण पुस्तकालयको जन्म श्री शशि पन्थीज्यूको घरको एकताले गोठबाट भएको रहेछ ।
  - त्यसपछि, चिदीचौर लाँकुरी मञ्चकै नजिक एकताले सानो घर अगाडि पाली भएको ढुङ्गाको छानो भएको त्यो भवन सैनिकले प्रयोग गरेको थियो । पछि त्यो प्रयागलाल श्रेष्ठले केही किताब राखेर पुस्तकालयको रूप दिएका थिए । पन्थीज्यूको १ नाले गोठबाट त्यहाँ सारियो ।
  - त्यस बखत डा. टीकाराम पन्थी समितिको अध्यक्ष हुनुहुँदोरहेछ ।
  - त्यसपछि श्री चेतनारायण मरासिनी अध्यक्ष हुनुभएको रहेछ ।
  - त्यस बेलासम्म किरण पुस्तकालयको न खाता थियो । न जग्गा थियो । पुस्तकालय पछि परेको देखियो । त्यसै बेला श्री शशि पन्थी दीन पन्थी अनि हामी बजारका १/२ जना गरी तिहारको भैलो खेल्ने सल्लाहअनुसार भैलो खेल्न घरदैलो गाउँ बजार सबै ठाउँमा घुमेर भैलो खेली केही रकम जम्मा भयो ।
  - त्यसपछि सञ्चालक समितिमा मेरो कार्यकाल शुरू भयो । म २०३५ सालमा प्रधानपञ्च पनि भएँ अब किरण पुस्तकालयको लागि जग्गाको रोल खेल्न मैले थालें र अहिले भएको पुस्तकालयको जग्गामा

सामुदायिक भवन बनाउने भनेर भनिएको थियो । त्यसपछि किरण पुस्तकालयलाई सो जग्गा प्राप्ति भएपछि पुस्तकालय भवन बनाउने तरखरमा लागियो । कतै भवन बनाउने रकम, सहयोग साधारण सदस्य आजीवन सदस्य बनाउनेतर्फ लाग्यौं । कतै सहयोग दाता खोज गर्‍यौं र करिब २ तले भवन तयार भयो । छानाको ढुङ्गा सबै हरिप्रसाद गौतम जुभुङबाट प्राप्त भएको हो । भूकम्पले भवनको जगैबाट नोक्सान हुने गरी चर्केर त्यहाँ बस्न जोखिम देखिएबाट हालमा माननीय गोकर्ण विष्टद्वारा नेपाल सरकारको बजेट करोडौं रूपैयाँको अनुदानमा नयाँ भवन बनी उद्घाटनसमेत भएर कार्य सञ्चालन भैरहेको छ । केही भाग नवील बैंकलाई सञ्चालन खर्च जुटाउने कार्यमा उक्त बैंकलाई भाडामा दिइएको छ । हालको भवन ४ तले पक्की छ हाम्रो लागि दरबार जस्तै छ ।

**१९. हाम्रो पुरुषार्थ पत्रिका प्रकाशनमा तपाईंको ठूलो सहयोग छ । यसलाई धेरै खर्च लागि रहेछ, भविष्यमा यसलाई निरन्तरता दिन के गर्नु पर्ला ?**

◆ पत्रिका सहयोग, आजीवन सदस्य, संस्थागत सदस्य, अक्षयकोष दाताहरू र केही चन्दा सहयोगबाट चलिरहेको छ । यसले ५० वर्ष पार गर्‍यो भन्ने हिजो जन्मदाता हालका अध्यक्ष शशि पन्थीज्यूबाट थाहा पाएँ ।

अब त यसलाई आधुनिक जमाना अनुसारको मेसिन, कर्मचारी, तपाईंहरू जस्ता विद्वान् भएको समितिबाट नयाँ जोस जाँगरका साथ अब यो पुस्तकालय अगाडि बढ्छ । चिन्ता छैन त्यसैमा अब केही आर्थिक रूसमस्या छ । रेसुङ्गा नगरपालिकाबाट वार्षिक सहयोग रकम प्राप्त भइरहेको छ । यो अवश्यै चल्न सक्छ, चल्छ । हाल यो संस्था ठूलो हुँदै जाँदामा म बूढो भएकोले म बाट काम हुन समर्थ नभएको हुँदा २०७६ मा छाडेको छु ।

**२०. अब तपाईंको इच्छा के छ ?**

◆ अब मलाई स्वार्थबारेमा भनौं भने व्यक्तिगत केही पनि छैन । सामाजिक कुरा हो भने मैले तथा हामीहरूले गरेका काम सदैव दीर्घरूपमा चलेको देख्न चाहन्छु । चाहे रेसुङ्गा क्याम्पस होस् चाहे महेन्द्र मा.वि. होस् चाहे रेसुङ्गा तपोभूमि होस् या चौतारा गौशाला होस् चाहे अर्जुन विद्यालय स्कुल बोडिङ होस् चाहे त्यो रेसुङ्गा माध्यमिक विद्यालय होस् , चाहे खानीगाउँ

सिद्धबाबा मा.वि., चाहे त्यो किरण पुस्तकालय हुन् यी संस्था शिक्षाका र केही धार्मिक कुरा हुन् । यिनीहरू सदैव फुलेका गुलाब जस्ता बनून् । धर्मकर्ममा हामीबाट सहयोग भएका मठमन्दिर सदैव सुगरसफाइ पूजापाठ भएको र टत्यहाँ घण्टा बजेको स्वर सुन्न इच्छा छ । प्रभुको लीला मेरो कर्मथलो गुल्मी जिल्ला तम्घास नगरपालिका वडा–१, बजारमा पर्छ । त्यसैले आज यहाँसम्म आउँदा रे.न.पा. वडा १ मा बसोवास व्यवसाय गरेको ६० वर्ष भयो त्यहाँको माया तथा त्यहाँको विरूवा रूखहरू माटो समेतले चिनेको हुँदा म मर्दा त्यही वडा नं. १ भगवती मन्दिरको पाउमा मर्नेछु र कालीगण्डकीमा दागबत्तीको इच्छा राखेको छु । मेरो इच्छा भगवान्ले पूरा गर्नेछन् भन्ने विश्वास छ ।

**२१. यहाँ नसोधेका तर तपाईंलाई समाज र देशका निम्ति भन्न मन लागेका केही कुरा छन्, भने छोटकरीमा भन्नुहोस् है त ।**

◆ त्यसरी नै तपाईं हाम्रो सहयोगमा तम्घासस्थान मन्दिर व्यवस्थापन समितिभित्र हिजोका दिन भगवान् सिद्ध, शिव मन्दिर, छत्र महाराज मन्दिर, सूर्यनारायण मन्दिर, भीमसेन मन्दिर, कृष्ण मन्दिर, सरस्वती मन्दिर, राम मन्दिर, विश्वकर्मा बाबा मन्दिरहरू छन् । भगवान्को कृपा हामीहरूको निरन्तरताले यो भएको हो । आजभोलि पाठपूजा साँझै बिहान चलेका छन् । आर्थिक अक्षयकोष रू.२२ देखि २४ लाख जति छ ।

म पदमा नरहे पनि सदा यी संस्थाको समुन्नतिको कामना गर्नेछु । व्यक्तिगत सम्पत्तिभन्दा सामाजिक सम्पत्ति ठूला छन् । देश ठूलो छ । देश र समाजका लागि काम गर्नु हामी सबैको कर्तव्य हो । देश नरहे हामी रहन्नौं ।

०००


# किरण पुस्तकालय

**तम्घास, गुल्मीलाई**

# आफ्ना प्रकाशनहरू उपलब्ध गराई सहयोग गर्नुहोस् ।

पुस्तकालय परिचय

# जनकल्याण सामुदायिक पुस्तकालय, इलाम

✍ **यादवचन्द्र निरौला**

## विषयप्रवेश

अमेरिकामा रहेको मिथ एण्ड माउण्टेन्स नामक पर्यटन प्रवर्धन गर्ने संस्थाले नेपालको सगरमाथा आधार शिविरलगायतका क्षेत्रमा पदयात्राका लागि सन् १९९० तिर एक टोली लिएर आएको थियो । त्यो टोलीमा एक जना सदस्ययका रूपमा डा. एन्टोनियो न्युवर समेत सामेल थिइन् । हिमाली क्षेत्रको पदयात्रा आफैमा एक रोमाञ्चक र साहसिक हुन्छ । यस्ता क्षेत्रमा जाँदा अनुभवी मार्गदर्शकका साथमा पदयात्रीले दैनिक उपयोगका लागि आवश्यक सामग्री ढुवानी गर्नका लागि भरिया



पनि साथमा हुनुपर्छ । तिनै न्युबरको भरियाका रूपमा सोलुखुम्बु जुनी बेसीमा स्थायी वासिन्दा आङ दोमे शेर्पाले काम पाएका थिए । करिब एक साताको पदयात्रामा सँगै रहँदा आङ दोमेको काम र स्थानीय आवश्यकताका बारेमा न्युबरलाई जानकारी हुन्छ । न्युबरले म तिमीमार्फत् तिम्रो समुदायलाई सानो सहयोग गर्न चाहन्छु, तिमीलाई के चाहिन्छ ? भनेर प्रश्न गर्नुभएछ । एक छिन सोचेपछि आङ दोमेले म्याडम, हाम्रो समुदायमा पढ्ने कुनै ठाउँ छैन त्यसैले साँच्चै सहयोग गर्ने हो भने एउटा सामुदायिक पुस्तकालय बनाउन सहयोग गरिदिनुहोस् । न्युबरका लागि आङ दोमेको यो माग अप्रत्याशित भए पनि पूरा गर्नै नसकिने खालको थिएन तर यसका लागि योजनाबद्ध काम र प्रतिबद्धताको खाँचो थियो । बोलेको त पूरा गर्नै पर्छ भनेर न्यूबरले अठोट गरिन् । यसका लागि काठमाडौं र अमेरिका फर्केर तयारी गरी नेपालमा रिड नेपाल नामक गैर सरकारी संस्था दर्ता गरिन् । पछि रिड ग्लोबल नामक संस्था अमेरिकामा ओर्लेर नेपालका विभिन्न जिल्लामा दिगो आयआर्जनको माध्यमसमेत पहिचान गरेर नेपालका विभिन्न जिल्लामा सामुदायिक पुस्तकालय खोल्ने अभियानको रिड नेपाल मार्फत् नेतृत्व लिइन् । आङ दोमेलाई गरेको बाचाअनुसार सोलुखुम्बुको जुनिवेसीमा पहिलो सामुदायिक पुस्तकालयको स्थापना सन् १९९१ मा भयो । यस पछि स्याङ्जा, मुस्ताङ, पाँचथरमा पनि पुस्तकालय स्थापना भए । यसैको निरन्तरताका रूपमा इलाम जिल्लाको साबिक बरबोट गाविसको बरबोटे बजारमा जनकल्याण सामुदायिक पुस्तकालयको स्थापना विसं. २०५३ सालमा भएर वि.सं. २०५६ सालदेखि सेवा सञ्चालन गर्न थालेको हो ।

## जनकल्याण सामुदायिक पुस्तकालय

वि.सं. २०४५ साल भाद्र ५ गते बिहान धरान केन्द्रविन्दु बनाएर गएको शक्तिशाली भूकम्पले इलामको बरबोटे बजारको डाँडामा रहेको अमर माध्यमिक विद्यालयको भवन पनि ढल्यो । डाँडामा रहेको विद्यालय भत्किएपछि अलितल गैरो र सम्म परेको जग्गामा विद्यालयको भवन निर्माण गरियो । पहिलेको जग्गा खाली नै थियो । यसै मेसोमा पुस्तकालयका लागि जग्गा खोजी भयो । विद्यालय र बजारबाट पनि नजिकै रहेको र भूकम्पपछि कुनै संरचना नबनाई त्यत्तिकै रहेको जग्गा पुस्तकालय भवन निर्माणका लागि उचित हुने सबैको रायका आधारमा विद्यालयसँग सहमति गरेर सो ठाउँमा पुस्तकालय भवन निर्माण गर्ने प्रस्ताव गरी रिड नेपालमा पठाइयो । रिड नेपाल, साविक बरबोटे गाउँपालिका र अमर माध्यमिक विद्यालयको समेत सहमतिका आधारमा यो पुस्तकालयको स्थापना भएको हो ।

स्थापनाकालमा पुस्तकालयको दिगो आयस्रोतका लागि कुटानी पिसानीमिलको सञ्चालन गरिएको थियो । करिब १० वर्षसम्म यसबाट प्राप्त आम्दानीले पुस्तकालय राम्ररी सञ्चालन भएको थियो । कुनै समय त यस्तो थियो जहाँ इलाम जिल्लाभरिबाट तेल पेल्नका लागि त्यही पुस्तकालयले सञ्चालन गरेको मिलमा नै आउनुपर्थ्यो । समयक्रममा कुटानीपिसानी मिल गाउँगाउँमा स्थापना भए । मानिसले खेती गर्न पनि छोडे । मिल चल्न छोड्यो । मिल नचलेपछि पुस्तकालयको आमदानी पनि घट्यो । अब के गर्ने ? पुस्तकालय व्यवस्थापन समितिले नयाँ जुक्ति निकाल्यो । एम्बुलेन्स सेवा सञ्चालन गर्ने । पुस्तकालयमा भएको अलिअलि पैसा, समुदायको अलिअलि पैसा जम्मा पारेर एम्बुलेन्स किनियो र सेवा सञ्चालन गर्न थालियो । यो उपायले काम गर्‍यो । पुस्तकालयको यो सेवा हालसम्म जारी छ ।

हाल यस पुस्तकालयमा करिब ५००० पुस्तक छन् । भएका पुस्तकको विषयअनुसार वर्गीकरण गरेर राखिएको छ । भूकम्पले भत्काएकै ठाउँमा अहिले विद्यालय भवन पनि बनाइएको छ । विद्यार्थी सङ्ख्या राम्रै छ । इलाम जिल्लाको नमूना विद्यालय पनि हो । तर पुस्तकालयले पाठक पाउन छोडेको छ । पाठक संख्या कसरी बढाउन सकिएला भनेर विद्यालय र पुस्तकालय नयाँ योजना बनाउँदै छन् । पहिले सिधै आम पाठकको पहुँच पुस्तकालयमा थियो । विद्यालयभवन बनेपछि विद्यालयको गेट हुँदै पुस्तकालय आउनुपर्दा अभिभावकलाई केही अप्ठेरो भएको छ । यसलाई हटाउन विद्यालयले तल सडकसँगै नयाँ भवन निर्माण गर्दै रहेछ । विद्यालय र समुदायलाई पनि सहज हुने गरी पुस्तकालयलाई नवनिर्मित भवनमा स्थानान्तरण गर्ने योजना रहेको छ ।

पुस्तकालयमा पाठक सङ्ख्या घटेसँगै पुस्तकालय खुल्ने र बन्द हुने समय पनि बिहान ७:०० बजेदेखि १०:०० बजेसम्म गरिएको छ । पुस्तकालयमा वाइफाई सुविधा उपलब्ध छ । एस्.ई.ई. र कक्षा १२ को परीक्षा दिएर बसेका विद्यार्थीलाई लक्षित गरेर निःशुल्क कम्प्युटर तालिमसमेत यस पुस्तकालयले सञ्चालन गर्दछ । विगतमा समुदायका अन्य सदस्यलाई पनि कम्प्युटर तालिम सञ्चालन गरेकोमा स्थानाभावका कारण हाल सञ्चालन गरिएको छैन तर निकट भविष्यमा कम्प्युटर ल्याब स्थापना गरेर सेवा पुनः सञ्चालन गर्ने योजना रहेको छ ।

नेपालबाट वैदेशिक रोजगारमा जाने व्यक्ति धेरै छन् । वैदेशिक रोजगारीमा जाने व्यक्ति नठगियून्, रोजगारदाता कम्पनी कस्तो हो ? के कामका लागि जान खोजेको हो ? लगायतका तलब, बीमा सुविधा, भीसा, पासपोर्टजस्ता सिफारिस गर्ने वडा, पालिका, जिल्लालगायतका कुन-कुन निकायमा जानुपर्छ ? भन्नेजस्ता प्रक्रियामा सहजीकरण गर्ने रिड नेपालको प्राविधिक सहयोग तथा अन्तर्राष्ट्रिय संस्था आइरेक्सको आर्थिक सहयोगमा दियो परियोजनासमेत यो पुस्तकालयले सफलतापूर्वक सञ्चालन गरिसकेको छ । पठन संस्कृतिको विकास गर्ने उद्देश्यले पुस्तकालयले हाजिरीजवाफ, चित्रकला, साहित्यगोष्ठीलगायतका विभिन्न कार्यक्रमहरू पनि समय समयमा सञ्चालन गर्ने गर्दछ ।

पुस्तकालयको दैनिक कार्य सञ्चालनका लागि नेत्र लुइटेल रहनुभएको छ भने पुस्तकालय व्यवस्थापनका लागि साधारणसभाबाट तीन वर्षका लागि निर्वाचित कार्य समिति रहने गरेको छ । वर्तमान कार्यसमितिमा देहायका पदाधिकारीहरू रहनुभएको छ :-

१. सटेन्द्र जवेगु - अध्यक्ष
२. निर्मला सज्जेल - उपाध्यक्ष
३. तीर्थ दुलाल - सचिव
४. जीतबहादुर कार्की - सह सचिव
५. दीपक ढुङ्गाना - कोषाध्यक्ष
६. हरि घिमिरे - सदस्य
७. नारायण श्रेष्ठ - सदस्य
८. तिलकुमरी देवान - सदस्य
९ सागरमणि घिमिरे - सदस्य

***इलामबाट सटेन्द्र जवेगु र नेत्रलुइटेलको सहयोगमा तयार पारिएको ।***

ooo

# ५६ औं पुस्तकालयसभाको अधिवेशन सुसम्पन्न

५६ औं पुस्तकालयसभाको अधिवेशन पुस्तकालयका अध्यक्ष श्री शशि पन्थीको अध्यक्षता र रेसुङ्गा नगरपालिकाका उपप्रमुख श्री अमृतादेवी कुँवरको प्रमुख आतिथ्यमा मिति २०८०/११/३० गते सुसम्पन्न भएको थियो । सो कार्यक्रममा विशिष्ट अतिथिको रूपमा रेसुङ्गा बहुमुखी क्याम्पसका क्याम्पसप्रमुख .श्री हरिबहादुर खत्री तथा रेसुङ्गा नगरपालिका वार्ड नं.८ का वडाध्यक्ष श्री निरन्जन थापा रहनु भएको सो कार्यक्रममा पुस्तकालयका उपाध्यक्ष वरिष्ठ साहित्यकार श्री दीन पन्थीले स्वागत मन्तव्य राख्नु भएको थियो ।

सभामा आ.व २०७९/०८० को यथार्थ आय-व्यय र २०८०/०८१ को लागि प्रस्तावित आर्थिक प्रतिवेदन कोषाध्यक्ष हिमकला रानाले प्रस्तुत गर्नु भएको थियो भने वार्षिक कार्यप्रगति विवरण र आगामी वर्षको कार्ययोजना सचिव चनकबहादुर कुँवरले प्रस्तुत गर्नुभएको थियो ।

किरण पुस्तकालयको विधान-२०७२ परिच्छेद-४ दफा-१३ 'क'मा व्यवस्था भए बमोजिम पुस्तकालय व्यवस्थापन समितिको निर्वाचनका निम्ति व्यवस्थापन समितिको मिति २०८०/११/२१ गतेको निर्णयानुसार श्री कृष्ण प्रसाद खनाल (निर्वाचन अधिकृत)को संयोजकत्वमा श्री हरिप्रसाद पन्थी र श्री कोपिला पोखेल सदस्य रहेको तीन सदस्यीय निर्वाचन समिति गठन गरिएको थियो । सो समितिले पुस्तकालय व्यवस्थापन समितिको अध्यक्ष -१ सहित चार सदस्यको निर्वाचन सम्पन्न गरेको थियो । जसमा अध्यक्ष श्री शशि पन्थी र सदस्यहरूमा श्री दीन पन्थी, श्री हिमकला राना, श्री चनकबहादुर कुँवर र श्री गोपाल पन्थी सर्वसम्मतरूपमा निर्वाचित हुनु भएको थियो ।

पुस्तकालयको विधानमा व्यवस्था भएअनुसारको ९ सदस्यीय समितिमा शैक्षिक संस्थाबाट श्री दानबहादुर के.सी , सामाजिक प्रतिष्ठित व्यक्तिबाट श्री शङ्करप्रसाद गौतम गरी २ जना निर्वाचित समितिबाट मनोनीत गरिएको थियो भने अन्य २ जना स्थानीय नगरपालिकाको प्रतिनिधिका रूपमा श्री ढुण्डिराज पन्थी र गैरसरकारी संस्था महासंघ सम्बद्ध संस्थाबाट श्री रेशम कुँवर प्रतिनिधित्व हुने गरी समितिले पूर्णता प्राप्त गरेको छ । यस समितिको कार्यकाल ३ वर्षको हुने व्यवस्था रहेको छ ।

पुस्तकालयमा कार्यरत करार कर्मचारीहरूको स्थायित्वका निम्ति कर्मचारी सेवा शर्त, सुविधा सम्बन्धी कार्यविधिको मस्यौदा निर्माण गर्न सदस्य श्री शङ्करप्रसाद गौतमलाई अनुरोध गरिएकोमा करार कर्मचारी अवकाश कोष कार्यविधि २०८० माघ महिनादेखि लागू हुने गरी मिति २०८०/११/३० गतेको बैठकले स्वीकृत गरेको छ ।

यस आर्थिक वर्षमा पुस्तकालयको इ-लाईब्रेरी पूर्वाधार विकास र विस्तारका निम्ति शिक्षा तथा सामाजिक विकास निर्देशनालय ,सामाजिक डिभिजन कार्यालय, पाल्पाबाट विनियोजित रकम रू. ५ लाखबाट पुस्तकालयमा बालबालिकाका निम्ति सुविधायुक्त बालकक्ष निर्माणका साथै शैक्षिक उपकरण खरीद गरिएको छ । यसबाट बालबालिकाको पुस्तकालयप्रतिको आकर्षण र ज्ञान आर्जन गर्न महत्वपूर्ण भूमिका खेल्ने विश्वास लिइएको छ ।

मिति २०८०/१२/१६ गते राष्ट्रिय आविष्कार केन्द्र नेपालका संस्थापक डा.महावीर पुन आफ्नो पुस्तक 'सम्झना, सपना र अविरल यात्रा' बिक्रि गरी संकलित रकमबाट वीरगंजस्थित बन्द भएको कृषि औजार कारखाना पुनःसञ्चालनका लागि गुल्मीमा आउँदा यस पुस्तकालयको अवलोकन गर्नु भएको थियो ।

यस पुस्तकालयमा वि.सं. २०५६ सालदेखि २०७७ सालसम्म अनवरतरूपमा ग्रन्थपाल पदमा रही सेवा गर्नु भएका रेसुङ्गा नगरपालिका वार्ड नं. १ क्याम्पसरोड निवासी श्री विष्णुप्रसाद खनालको मिति २०८०/११/२९ गते भएको निधनमा उहाँको योगदानको उच्च सम्मान गरी एक दिन पुस्तकालय बन्द गरी शोक बिदा गर्दै उहाँप्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गरिएको थियो ।

**- सचिव**

०००

**आफ्ना छोराछोरीहरूलाई पुस्तकालयमा लिएर गई पुस्तक, पत्र-पत्रिका पढ्ने बानीको विकास गर्न सहयोग गरौं ।**

# नौलो सृष्टि : सानो दृष्टि

## १. समय प्रश्न




कवि टंक पन्थद्वारा लिखित 'समय प्रश्न' कविता संग्रह अकिञ्चनको हातमा परेको छ । उनका यस अघि दुईवटा कविता संग्रह प्रकाशित भैसकेका छन् । उनका संयुक्त लेखनमा एउटा कविता संग्रह र पाल्पाली साइनो संग्रह पनि प्रकाशित छन् । विश्वेश्वरप्रसाद कोइरालाका कृति प्रवृत्तिमार्फत समालोचना विधालाई अगाडि बढाएका कवि पन्थले यस संग्रहभित्र एक वर्षको अवधि अर्थात् वि.सं. २०७७ साउनदेखि २०७८ साउनसम्म लेखेका १०८ वटा कविताहरूको हार तयार गरेका छन् ।

देशमा विद्यमान सत्ताप्रतिको लुछाचुँडी, तानातान, छलकपट र द्वेषलाई लक्षित गर्दै लेखिएको लान्छ खै कता ?" बाट संग्रहको आरम्भ गरिएको छ । संग्रहभित्रका शीर्षकले कविताको भाव संकेत गरेका छन् । अधिकांश कवितामा कविले युगजीवनका विविध सन्दर्भलाई समेटेका छन् । सभ्यता, संस्कृति, प्रकृति र नेपाली परिवेशभित्र कविका भावनाहरू दौडेका छन् । देशको गौरव गाथा विश्वमा नै फैलाउन चाहने कवि 'विश्वमा जग्मगाओस्' शीर्षकमा यसरी प्रस्तुत भएका छन् ।

**लागौं हामी नमाती विचलित नभई कर्मका मार्ग चुम्दै**
**आस्थाभित्रै सँगाली धवलित सुकिलो मूल्यका साथ रम्दै**
**आफ्नै माया जडेको परिचय अबको विश्वमा जग्मगाओस् ।**
**उम्दा त्यागी विरागी अगणित जनका आँतमा सल्बलाओस् ।**

*- विश्वमा जग्मगाओस्*

कविताभित्र दृढ आत्मविश्वास र सकारात्मक सोंच प्रस्तुत भएको छ । सभ्यता उर्ध्वगामी, हाम्रो निशान, मिलोस समानता, छ । विजय सपना, थालौं जीवनको यात्रा, नयनमा सजियून्, यो देशको निम्ति यस्तै प्रकृतिका कविता हुन् । कतै कविमा निराशाको भावना पनि प्रस्तुत भएको छ । व्याप्त छ दशा, रोयो मेरो कलम, विषाक्तै भयो, देखिन्न कोही यता छ उदास, विषम भो बाँच्नलाई, कहाँ


छन् वसन्त आदि यस्तै प्रकृतिका कविता हुन् । देशमा विद्यमान भ्रष्टाचारको सेट घाटसम्म पनि हुने नेपालको यथार्थलाई कवि यसरी लेख्छन् :-

**बोल्दछ नम्र भै घोट्छ पालिस**
**सेट हुन्छ रे माथिसम्म नै**
**भाग मिल्छ रे घाटसम्म नै ।**
**(घाटसम्म नै)**

कतै राजनीतिक विकृति र गैर जिम्मेवार नेतृत्वप्रति कवि व्यङ्ग्य गर्न पुग्छन् भने कतै राष्ट्रियताको रक्षार्थ सशक्त बन्न आह्वान गर्दछन् । छाडापन आयो, लाग्दै छ लाज, यो देशको निम्ति आदि यस्तै भावका कविताहरू हुन् । कवि श्रृङ्गारिक भावधारामा पनि त्यत्तिकै बगेका छन् । कीर्तन हो कि ? बिर्सने कहाँ ? नयन हरामी तिम्रो यस्तै प्रकृतिका कविता हुन् ।

१०८ वटा कविता गुच्छाको सुन्दर मालाका रूपमा तयार भएको कविता छन्दको सुन्दर फूलबारीसमेत बनेको छ । १०८ वटा कविता अलग-अलग प्रकारका छन्दमा नै रचेर कविले आफ्नो प्रतिभा प्रदर्शन गरेका छन् । समसामयिक भाव, सरल भाषाशैली, प्रकृतिको जीवन्त चित्रसँगै तदनुकूल विम्ब र प्रतीकको प्रयोगले प्रस्तुत संग्रह उत्कृष्ट बनेको छ ।

## २. चौध भुवन





वि.सं.२०४५ सालमा पहिलो कथा संग्रह पागल लिएर उदाएका सपूत कार्कीको दोस्रो कथा संग्रह २०८० को वैशाखकै शुभ साइतमा प्रकाशित भएको छ । भिन्न भाव बोकेका १४ वटा कथाहरूको आरम्भ नारी पीडा र व्यथाको भाव बोकेको कथा तिमी नै भन त मैनाबाट सुरू गरिएको छ । कथाक्रमको अन्तिम कथा भुस्याहा हो ।

यस संग्रहभित्रका कथाहरूले पारिवारिक सामाजिक राजनीतिक विषयवस्तुका माध्यमबाट तत्तत् क्षेत्रका विकृति र विसंगतिहरूको सजीव चित्रण गर्ने प्रयास गरेका छन् । सीमान्तकृत र गरिबीको रेखामुनि रहेका, नियतिबाट ठगिएका पात्रहरूको पीडालाई प्रस्तुत कथामा प्रस्तुत गरिएको छ । 'पुस्तक' फुलवाको विवाह, जस्ता कथामा दाइजो प्रथाले निम्त्याएका विकृति र विसंगतिलाई चित्रण गर्ने प्रयास गरिएको छ । नियतिद्वारा

ठगिएका पात्रहरूको मनोदशालाई पनि प्रस्तुत संग्रहभित्रका विभिन्न कथाहरूमा भएको पाइन्छ । कथाकार कार्कीले समाजका विविध क्षेत्रमा देखिएका विकृतिको चपेटामा परेका पात्रहरूलाई सहानुभूतिको दृष्टिले हेर्दै विविध पक्षबाट उभ्याएका छन् । निसाप, सगर, सूर्यौदय, संप्रेषण साहित्यिक मासिक पर्सेली मुहान, मधुपर्क, सगर साहित्यिक त्रैमासिक, हाम्रो मातृभूमि, अन्नपूर्ण पोष्ट, हिमालय टाइम्स, जस्ता राष्ट्रिय स्तरमा पूर्व प्रकाशित भैसकेका कथाहरूलाई एकीकृत गरेर कथाकरले प्रस्तुत संग्रह तयार पारेका छन् । घटनातन्तुलाई भन्दा वर्णनात्मक शैलीलाई बढी प्राथमिकता दिएर तयार परिएका यस संग्रहभित्रका केही कथामा कौतुहल तत्व समावेश छ भने कतै सोको अभाव पनि देखिन्छ । जे होस् कथाकार कार्कीको यो दोस्रो प्रयास प्रशंसनीय छ । आगामी दिनमा अझ स्तरीय कृतिको रचना हुँदै जाओस् शुभकामना !

### ३. बासबहादुर जी.सी. (संस्मरण संगालो)





वि.सं. १९८० असोज ४ गते गुल्मी जिल्ला साविकको धुर्कोट रजस्थलमा जन्मी २०७० सालमा ८५ वर्षको उमेरमा भक्तपुरको गठ्ठाघरमा ब्रह्मलीन हुनुभएका बासबहादुर जी.सी.को स्मृतिमा उहाँका सुपुत्रहरू डा. विष्णुबहादुर जी.सी. कृष्णबहादुर जी.सी. र दानबहादुर जी.सी.ले संकलन र सम्पादन गरी संस्मरण संगालोको प्रथम संस्करण २०८० प्रकाशित गर्नु भएको छ ।

आवरणसहित ३८० पृष्ठमा तयार पारिएको प्रस्तुत कृतिमा शुभकामना संस्मरण कविता, जी.सी. वंशावलीका साथै अन्तिममा पारिवारिक फोटाहरू समावेश छन् । सदरमुकामबाट धेरै टाढाको गाउँमा जन्मिएर साक्षर मात्र भए पनि बासबहादुरले समाजसेवा शिक्षा र राजनीतिका क्षेत्रमा दिइएको योगदानका विवरणहरू प्रस्तुत कृतिभित्र छन् । चारवटा अंग्रेजी भाषाका लेख र तीनवटा कवितासहित सबै लेखहरू बासबहादुरका सुकार्यहरूको स्मरण गर्दै आफन्तजन, इष्टमित्र र परिवारका सदस्यहरूद्वारा लेखिएका छन् । यस कृतिको पहिलो क्रममा रहेको मर्त्यलोकको अन्तिम रात र माओवादीको कुकृत्यले राजधानी पुगेको म शीर्षकको लेखमा बासबहादुरले २०५९ मंसिर १९ गते तत्कालीन भूमिगत माओवादीद्वारा भोगेको शारीरिक र मानसिक यातनाको पीडा एवं पुर्खादेखिको बिरासत हाम्रो घर धुलो र खरानीमा परिणत गरी दिएर गरेको सर्वस्वहरणको प्रसङ्ग स्वर्गीय बासबहादुरलाई परोक्ष रूपमा उपस्थित गराएर लेखिएको यस लेखमा आफ्नो

जन्मघर छोडेर भक्तपुरको गङ्गाघर जानुपरेको बाध्यात्मक परिस्थिति चित्रण गरिएको छ । बासबहादुरले स्वर्गलोकबाट मर्त्यलोकतर्फ गर्दै गरेको अतीतको समीक्षालाई कल्पनाद्वारा यथार्थको चित्रण गर्ने प्रयास भएको पाइन्छ । तस्वीर खण्डमा विभिन्न अवसरका पारिवारिक तस्वीरहरू राखिएका छन् । प्रथम र अन्तिमभित्री पृष्ठमा बासबहादुरले विभिन्न लेखकहरूसँग व्यक्त गरेका मननयोग्य उद्‌गारहरू छन् । पृष्ठ १० देखि २४ पृष्ठसम्म लेखकहरूका आँखामा बासबहादुर शीर्षक दिएर यसैभित्र व्यक्त विचारहरूको सारांश प्रस्तुत गरिएको छ । यसको पहिलो क्रममा ग्रन्थ नायककै मनोलापको प्रसङ्ग छ ।

यति बृहत् ग्रन्थभित्र बासबहादुरको जीवनवृत्त राख्न सकेको भए सुनमा सुगन्ध हुने थियो । त्यसैका अभावले कृति खल्लो भएको छ । संस्मरणलाई सकेसम्म आकर्षक, पठनीय र प्रभावकारी बनाउने प्रयास गरिएको छ । यस संस्मरणभित्र बासबहादुर जी.सी. ले आफ्नो जन्मस्थान र भक्तपुर सरी सकेपछि पनि समाजमा गरेका उल्लेखनीय कार्यहरूको इतिवृत्त प्रस्तुत गरिएको छ ।

## ४. पुराणमा के छ ?





कृषि विकास बैंकको प्रमुख कार्यकारी भई सेवानिवृत्त कुँवरको ११ औं कृति 'पुराणमा के छ ?' प्रकाशित भएको छ । धेरै जसो बैङ्किङ तथा वित्तीय क्षेत्रमा कलम चलाएका कुँवरले समाज, संस्कृति र प्राकृतिक परिवेशलाई समेत चित्रण गर्दै शिष्टाचार र सजगता, रमणीय पवित्र रेसुङ्गा जस्ता कृतिका साथै आफ्ना पितामाताको स्मरणमा गुल्मी ६ राज्यमा हाम्रा बाआबैसमेत प्रकाशित गरेका छन् ।

व्यासद्वारा रचित १८ वटै पुराणहरूभित्र बसेर तीभित्र रहेका गुह्यतम विषय सन्दर्भलाई खोतल्ने प्रयास गरेको तथ्य प्रस्तुत ग्रन्थका शीर्षकले बोल्छ । १८ वटा पुराणमा वर्ण्य विषयवस्तुलाई एउटै कृतिभित्र समेट्ने प्रयास गर्दै गागरमा सागर भर्ने प्रयास समीक्षक कुँवरबाट भएको छ । सामान्य मानिसले कल्पनासमेत गर्न नसक्ने विषय शीर्षकभित्र पसेर जुन खुराक पस्कने प्रयास समीक्षक कुँवरबाट भएको छ, त्यो प्रशंसनीय कार्य हो ।

१८ पुराणभित्रका प्रमुख प्रसङ्गहरूलाई विभिन्न उपशीर्षकभित्र उनेर यस कृतिलाई पूर्णता दिइएको छ । पुराणका कृतिभित्र पसेरभन्दा समीक्षक कुँवरले केही पुराणहरूमा रहेका विषय सन्दर्भहरू सामाजिक सञ्जालहरूको पनि सहयोग

लिएर जुटाएको कुरा उहाँका सन्दर्भ ग्रन्थ सूचीले देखाउँछ । १८ वटा पुराणहरू आफैमा एकसे एक विषय र भावका दृष्टिले अत्यन्तै ओजिला छन् । यस्ता कृतिहरूभित्र पसेर पुराणमा रहेका गुह्य पक्षलाई नेपाली भाषामा प्रस्तुत गर्ने जमर्को गर्नुहुने स्रष्टा/समीक्षक कुँवरलाई हृदयदेखि नै साधुवाद दिँदै आगामी दिनमा पनि अझ गहन अध्ययन र विश्लेषणसहित यस्तै कृति प्रकाशित गर्ने प्रेरणा मिलोस् यही शुभकामना छ ।

## ५. आलेख तथा पद्य संग्रह




गुल्मी जिल्ला हालको मदाने गाउँपालिका गैराखर्कमा जन्मिएका मुरलीधर शर्मा पन्थीले आलेख तथा पद्य संग्रहको दोस्रो संस्करण विवेक पन्थीको प्रकाशनमा प्रकाशित गर्नु भएको छ । यसभित्र १५ वटा कविता १५ वटा लेखहरूका साथै गीतहरू समेत समेटेर प्रस्तुत कृति तयार गरिएको छ ।

यस कृतिभित्र आफ्नो मनभित्र उब्जेका विभिन्न भावनाहरू कुनै गद्यात्मक लेख त कुनै गीतहरू संकलन गर्नु भएको छ । यसभित्र ३६ वटा लेखहरू छन् । कुनै लेखमा कविले आफ्ना दृष्टिकोण प्रस्तुत गर्नु भएको छ । कविता र लेखको संख्या बराबर छ ।

स्रष्टाले यस कृतिभित्रका लेखहरूलाई आफ्नै तरिकाले नामकरण गरेका छन् । कुनै विवरण, कुनै संस्करण कुनै विवेचना त कुनै व्यङ्ग्य विनोद आदि । तालमेल शीर्षकको लेखलाई समीक्षा नामकरण गर्नु भएको छ । स्रष्टाले आफ्ना मनमा उब्जेका भावनाहरू तर्कनाका रूपमा प्रस्तुत गरेका छन् । गीति लयका कविता र गद्य कविताहरू पनि यस कृतिभित्र छन् । स्रष्टाले वेदवाणीका सूक्तिहरू पनि भावानुवाद गरेर संक्षेपमा प्रस्तुत गरेका छन् । मानवीय जगत्का कुरीति अन्याय, अत्याचार आदिप्रति पनि स्रष्टाले आक्रोश प्रकट गरेका छन् ।

राजनीति क्षेत्रका विकृति विसंगति, तृष्णा, वासना, जीवनदर्शन आदि विषयवस्तुमा टेकेर रचना गरिएको प्रस्तुत कृतिमा आलेखहरू र पद्य रचना तयार भएका छन् । स्रष्टा पन्थीको लेखनी अझ खारिदै जाओस् आगामी दिनमा अझ उत्कृष्ट कृति जन्मदै जाऊन् शुभकामना !

**- अकिञ्चन**

ooo

## श्री ५ को शुभजन्मोत्सव समारोह

# किरण पुस्तकालयको आयोजनामा सुसम्पन्न

गुल्मी :

ढिलो गरी प्राप्त समाचारअनुसार श्री ५ महाराजाधिराज सरकारको ५२ औं शुभ जन्मोत्सव यहाँको किरण पुस्तकालयमा धुमधामसित मनाइयो । उक्त अवसरमा साहित्यगोष्ठीको आयोजना गरिएको थियो ।

गोष्ठीमा प्र.जि.अ.बाट स्वीकृत १६ वटा रचना पाठ गरेर सुनाइएको थियो । रचनामा प्रथम, द्वितीय र तृतीय भएका रचनाकार क्रमशः सर्वश्री बाबुराम सापकोटा, हेमराज सुवेदी र कृष्णबहादुरले पुरस्कार सहित प्रमाणपत्र प्राप्त गरेका थिए ।

गुल्मी जिल्ला पंचायतका सभापति श्री बैकुण्ठबहादुरको सभापतित्वमा भएको उक्त गोष्ठीमा पुस्तकालयका सचिवले श्री ५ मा दीर्घायु र आरोग्यताको कामना गर्दै नेपाल र नेपाली साहित्यले श्री ५ को नेतृत्व सदैव पाइरहोस् भन्ने कामना गरिएको थियो ।

उक्त समारोहमा स्थानीय प्र. जि. अ. को आदेशअनुसार सबै रचनाहरू पहिले जँचाएर पाठ गर्ने भनी भनिएकोले ती रचनाहरू जँचाइएको थियो । यी बाहेक तीन रचनाहरूलाई पाठ गर्ने अनुमति उहाँले दिनु भएन । उक्त रचनाहरूले पंचायती व्यवस्थाले शोषणरहित समाजको सृजना गर्ने उद्देश्यलाई पूरा गर्ने कुरामा जोड दिएका थिए । साहित्यले सामाजिक कुरीति, उत्पीडन, आदिलाई हटाएर स्वच्छ मार्ग प्रदर्शन गर्नु हो तर त्यस किसिमका लेख र कवितामा नराम्रो दृष्टिले हेरिँदा साहित्यमा स्वच्छन्द विचार पोख्न नपाएकोले स्थानीय चेतनशील युवकहरूमा व्यापक असन्तोष फैलिएको कुरा थाहा भएको छ ।

– ***साभार 'अर्पण साप्ताहिक'*** वर्ष ७, अङ्क ३, २०२८ असार १८ गते शुक्रबार

ooo

पाठक-प्रतिक्रिया

# हाम्रो पुरुषार्थ शताङ्क प्रथम भाग पढिसकेपछि

श्रीमान् सम्पादकज्यू,
हाम्रो पुरुषार्थ
किरण पुस्तकालय तम्घास, गुल्मी ।

किरण पुस्तकालयबाट प्रकाशन हुँदै आएको राष्ट्रियस्तर 'क' वर्गको साहित्यिक पत्रिका हाम्रो पुरुषार्थ स्वर्ण वर्ष शताङ्क (प्रथम भाग) सम्पूर्णाङ्क १०० पढन पाउँदा खुसी लाग्यो । यसको आवरण पृष्ठमा हाम्रो पुरुषार्थका वार्षिक, अर्धवार्षिक र त्रैमासिकका प्रथम अङ्कहरू (सम्पूर्णाङ्क १, ८ र ६०) लाई उल्लेखित गरिएको रहेछ । यसभित्र रहेका अन्तर्वार्ता–१ वटा, लेख / आलेख / निबन्ध – ६५ वटा, समीक्षा / टिप्पणी – २ वटा, गीत / कविता / गजल / मुक्तक – ९ वटा, संस्मरण–१ वटा र स्थायी स्तम्भहरू–२ वटा सहितले भरिएको जो ४८८ पेज लामो र आर्कषक अङ्क जसमा अघिल्ला अङ्कहरूको संक्षिप्त जानकारी र विषेश रूपमा हाम्रो पुरुषार्थकै बारेमा लेख रचनहरू लेखेको पाइयो ।

हाम्रो पुरुषार्थ र विद्वान् शशि पन्थी शीर्षकमा तेजनिधि पौडेलज्यू लेख्नुहुन्छ - शशि पन्थीज्यूकै नेतृत्वमा यो संस्थाको जन्म भएको र हाम्रो पुरुषार्थ अर्धवार्षिकबाट हाल त्रैमासिक रूपमा राष्ट्रकै स्तरीय पत्रिका बन्न सफल भएको कुरा उल्लेख गर्नुभएको छ । हुन पनि हो यस पुस्तकालय सञ्चालन, व्यवस्थापन तथा हाम्रो पुरुषार्थ नियमित प्रकाशनको लागि गुरुहरू शशि पन्थीज्यू र दीन पन्थीज्यूको ठूलो सक्रियाताका कारण सफलता प्राप्त भएको मैले महसुस गरेको छु । नियमित समयमा आफ्नो अङ्क प्राप्त गर्ने अपेक्षासहित अब प्रकाशनमा आउन लागेको १०१ सम्पूर्णाङ्क पर्खाइसहितको शुभकामनासमेत दिन चाहन्छु ।

**डिल्लीराज खनाल**
**रेसुङ्गा नगरपालिका–५, गुल्मी**
**आजीवन सदस्य - किरण पुस्तकालय, तम्घास, गुल्मी ।**

०००




५६ औं पुस्तकालयसभाको उद्घाटन गर्नुहुँदै प्रमुख अतिथि रेसुङ्गा नगर उप-प्रमुख अमृतादेवी कुँवर र पुस्तकालयका अध्यक्ष शशि पन्थी



५६ औं पुस्तकालयसभामा प्रकाशित प्रतिवेदनको अध्ययन गर्दै अतिथिज्यूहरू



५६ औं पुस्तकालयसभाको उपस्थिति

# मुखको स्वास्थ्यमा ध्यान दिऔं ।

## दाँत तथा मुखको रोगले मानवस्वास्थ्यमा गम्भीर असर पार्ने हुँदा

- चिनीयुक्त वा दाँतमा टाँसिने खालका खानेकुरा कम खाऔं,
- रेसादार खाना, फलफूल र हरियो सागसब्जी सेवन गरौं,
- फ्लोराइडयुक्त टुथपेष्टले दुई मिनेटसम्म दिनको दुईपटक ब्रस गरौं,
- खाना खाइसकेपछि राम्रोसँग ब्रस वा कुल्ला गर्ने गरौं,
- डेण्टल फ्लसको मद्दतले दाँतमा अड्किएको खाना निकालौं,
- सूर्तीजन्य पदार्थ तथा मद्यपान सेवन नगरौं,

नियमित रूपमा मुख तथा गिंजाको जाँच गराऔं, गम्भीर रोगबाट बचौं र बचाऔं ।

नेपाल सरकार

# विज्ञापन बोर्ड

बबरमहल, काठमाडौं


सुशिला प्रिन्टर्स, गुल्मी (५९०४५०)